त्रैमासिक बुलेटिन
दर्ता नं.: ३२/२०७५ पाल्पा

# हाम्रो तानसेन

वर्ष २, अंक ३, पूर्णाङ्क ७, २०७६ कार्तिक

**Our Tansen**

Quarterly Bulletin Vol.7 (Nov. 2019)



यस पटक:
तानसेन पाल्पाको संस्कृति र सम्पदा विशेष

तानसेन नगरपालिका TACT को आयोजनामा सम्पन्न नौमती (पञ्च) बाजा प्रतियोगितामा सहभागी एक टोली (माथि) र टुँडिखेलमा उपस्थित नागरिक (तल)
तस्विर: सुनिल कार्की (पत्रकार)



प्रकाशक:
तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा, ५ नम्बर प्रदेश, नेपाल

# तस्बिरमा तानसेन



रणउजीरेश्वरी भगवती रथयात्रा २०७६ का दिन जिल्ला समन्वय समिति पाल्पा प्रमुख दयाराज बस्याल, संघीय सांसद् सोमप्रसाद पाण्डेय, तानसेन नगरप्रमुख अशोककुमार शाही लगायत मन्दिर परिसरमा



रणउजीरेश्वरी भगवती रथयात्रा २०७६ का दिन मन्दिर परिसरमा नेपाली सेनाका प्रधान सेनापति, सांसद, सभासद्, नगरप्रमुख लगायत



तानसेन नगरस्तरीय राष्ट्रपति रनिङ्गशील्ड भलिवल प्रतियोगितामा महिला खेलाडीहरू

# हाम्रो तानसेन । OUR TANSEN

त्रैमासिक बुलेटिन (वर्ष २, अंक ३, पूर्णाङ्क ७, २०७६ कार्तिक) दर्ता नं.: ३२/२०७५ पाल्पा

पाल्पा जिल्ला हुलाक दर्ता नं.: १/२०७६-७७

**प्रकाशक**
तानसेन नगरपालिका, पाल्पा

**संरक्षक**
अशोककुमार शाही
(नगर प्रमुख)

**सल्लाहकार**
लक्ष्मीदेवी पाठक
(उपप्रमुख)
दामोदरप्रसाद घिमिरे
(प्रवक्ता)
डिल्ली राज बेल्बासे
(प्रमुख प्रशासकीय अधिकृत)

**प्रधान सम्पादक**
गोविन्द भट्टराई
(प्रेस सल्लाहकार)

**सम्पादन सहयोग**
लोचनप्रसाद तिमिल्सिना
(वडाअध्यक्ष,तानसेन-१०)
कमल राना
(वडाअध्यक्ष,तानसेन-१४)
कमला भण्डारी
(नगरसभा सदस्य,तानसेन-१३
सुनिता वैंजू श्रेष्ठ
(नगरसभा सदस्य,तानसेन-३)

**व्यवस्थापन सहयोगः**
दीपक विश्वकर्मा (कार्यपालिका सदस्य), विष्णुप्रसाद पौडेल (योजना तथा प्रशासकीय अधिकृत), भरतप्रसाद आचार्य (शाखा अधिकृत)

**कम्प्युटर टाइपः** माया सारु
**कम्प्युटर डिजाइनः** शरण भोछिभोया
**कला निर्देशकः** नारायणकाजी बाँडे
**मुद्रकः** गणेश इन्टरनेशनल, काठमाडौं



**सम्पर्क ठेगानाः** हाम्रो तानसेन, तानसेन नगरपालिका,पाल्पा
इमेलः hamrotansenbu@gmail.com, apalpali@gmail.com
सम्पर्क मोबाइलः ९८५७०६०७९९,९८४७३२६७६०



(हाम्रो तानसेनमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारसँग प्रकाशक र सम्पादकको सहमति अनिवार्य छैन ।)


## सम्पादकीय



- गोविन्द भट्टराई

### तानसेनको गहना संस्कृति र सम्पदा

प्रकतिले सिंगारिएको तानसेन नगरपालिकाका १४ वटा वडामा सयौं सम्पदा र संस्कृति निहित छन् । हिन्दू, बौद्ध धर्म मान्नेहरूको बाहुल्य भएपनि मुश्लिम र इसाई समुदायले समेत अल्पसंख्यक भएर उपेक्षित भएको अनुभूति गर्नु परेको छैन त्यो नै तानसेनको धार्मिक सहिष्णुताको सुन्दर पक्ष हो । परापूर्वकालदेखि मानिआएका धर्म, संस्कृतिको जगेर्नाका लागि स्थानीय सरकारले सक्दो सहयोग गरेको छ । जन्मदेखि मृत्युपर्यन्त आआफ्ना फरक संस्कार भएपनि नागरिकस्तरमा दुःखमा र सुखमा सहभागी हुने, सहयोग गर्ने प्रचलन तानसेनको धार्मिक सद्भावको अनुपम उदाहरण मान्न सकिन्छ । धार्मिक द्वन्द्वका खवर अन्यत्र सुनिए तर तानसेनमा त्यस्तो कहिल्यै भएको छैन र हाम्रो विश्वास छ, हुने पनि छैन । सांस्कृतिक विविधताले भरिएको सुन्दर नगरको रूपमा परिचित तानसेन देख्दा सानो छ तर जातीय, धार्मिक र साँस्कृतिक विविधताले विशाल छ । मादल, खैंजडी, सारङ्गी, मुजुरा, तबलाका तालमा नाच्छ तानसेन । रूरू, माण्डव्य, रणउजीरेश्वरी, अमरनारायण, गणेशधाम, लिपिनदेवीलगायतका मन्दिर, गुम्बा, मस्जिद र चर्चमा मानव अस्तित्व जोगाउन प्रार्थना गर्छ तानसेन । श्रीनगर, टुँडिखेल, गुफाचौरदेखि स्वाभिमानको गाथा गाउँछ हाम्रो तानसेन ।

शुरूमा नेवार समुदायको बाहुल्य रहेको सदरमुकाम तानसेनमा ग्रामीण भेगसमेत समाहित भएयता विभिन्न जातजातिहरू समेटिएका छन् । नेवार, मगर, ब्राम्हण, क्षत्री, दलित, मुसलमान लगायत विभिन्न जातजातिको साझा थलो तानसेन नगरपालिकामा ५० हजार बढी स्थायी बासिन्दा बसोबास गर्दछन् । भिन्न धर्म संस्कृति, रीति रिवाज चाल चलन परम्परा यहाँको विशेषता बनेको छ । रथयात्रा, जात्रा अनि नाच, प्रहसनको सदियौं पुरानो इतिहास छ तानसेनमा । तानसेन विगतमा कहिल्यै स्वाभिमान लिलाम गर्नेगरी झुकेन, राष्ट्रियताका सवालमा कहिल्यै चुकेन । बरू नागरिकतहमा हुने सानातिना मनमुटावका कारण, प्रतिभा पलायनका कारण अरू सहरले काँचुली फेर्दा तानसेनले फड्को मार्न सकेन, रैथाने माथि उठ्न सकेनन् ।

तानसेनले फड्को मार्न सक्छ संस्कृति र सम्पदाको संरक्षण गर्न सकेमा । तानसेनले समृद्धि हासिल गर्न सक्छ तानसेनका मौलिक कला, कर्म, साहित्य, विकास पत्रकारिता, धर्म, संस्कृतिमा भएका असल पक्षको जगेर्ना गर्न सके । पुर्खाको असल र स्वाभिमानी सीप, व्यवहारको अनुकरण गर्न सके तानसेनबासी समृद्ध बन्नेछन् । तानसेन जाऔं प्रकृति, संस्कृति र सम्पदासँग रमाऔं भन्ने उक्तिलाई साकार पार्नका लागि तानसेन सरकारसँगै तानसेनवासीले साझा संकल्प गर्ने बेला भएको छ, ढिला नगरौं ।

अब कुरा होइन काम गर्नु पर्दछ तानसेनका जनप्रतिनिधि, कर्मचारी र नागरिकले । कुरा धेरै गर्‍यौं हामीले, विभिन्न कालखण्डमा विभिन्न योजना बनायौं तर पुर्खाले विगतमा जति गरे त्यति हामीले गरेका छैनौं भन्ने यथार्थ स्वीकार्न हच्किनु हुँदैन । सोचका धनी नगरप्रमुख, उपप्रमुख लगायत जनप्रतिनिधिले नगरवासीको साथ र सहयोगमा कर्मचारी परिचालनसँगै आफूसमेत कर्मथलोमा खटेर पौरख देखाउने समय टल्न थालिसकेको छ । विलम्व नगरौं ।

हेक्का रहोस्, तानसेन नगरपालिका मदनपोखरा, गौडेपुल, राईडाँडादेखि अर्गलीसम्म फैलिएको छ । शीत्तलपाटी नारायणस्थानको संस्कृति र सम्पदा मात्र होइन ग्रामीण भेगका नागरिकले अवलम्वलन गरेको संस्कार र संस्कृति, गाउँ सहरमा रहेका सम्पदा सबै तानसेनका गहना हुन् । यिनको संरक्षण र सम्वर्द्धन तानसेन सरकार अनि नागरिकको समेत दायित्व हो । नेपाल भ्रमण वर्ष सन् २०२० को अवसरमा तानसेन एकपटक पुग्नै पर्दछ भन्ने सन्देश प्रवाह गरौं, पाहुनामैत्री बनौं । सरसफाइमा जुटौं । सन्ततिलाई संस्कार सिकाऔं । तानसेनलाई असल अनि महत्वपूर्ण पर्यटकीय गन्तव्य रहेछ भनेर चिनाऔं । जातीय, धार्मिक, साँस्कृतिक, भौगोलिकरूपमा विविध देखिएपनि तानसेनवासी हुनुको नाताले अनि सद्भाव र भातृत्व बोकेका कारण हामी एक छौं भन्ने मूलमन्त्र नबिर्सौं ।

*(प्रधान सम्पादक)*

संरक्षकको कलमबाट

# समृद्धिका लागि संस्कृति र सम्पदा हाम्रा असली गहना



– अशोककुमार शाही

तानसेन नगरपालिका संस्कृति र सम्पदाका हिसावले धनी छ तर समयअनुकूल संरक्षणमा हाम्रो सामर्थ्य पर्याप्त हुन नसकेको हामीले महसुस गरेका छौं । यद्यपि तानसेन नगरपालिका अर्थात् स्थानीय सरकारले मात्र नगरपालिका भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदा/धरोहर अनि संस्कृतिको संरक्षण गर्नु पर्दछ भन्ने आग्रहले मात्र पनि यो काम सम्भव देखिदैन । बरू नागरिकहरूको अपनत्व र सहभागिताबाट मात्र संस्कृति र सम्पदाको संरक्षण जीवन्त र दीगोरूपले सम्भव हुनसक्दछ भन्ने उदाहरण प्रशस्त भेटिन्छ । यसो भनेर नगर सरकार संस्कृति र सम्पदा संरक्षणको दायित्वबाट उम्कन खोजेको होइन नत कर्तव्यच्युत बन्न खोजेको हो बरू नागरिकको साथ, आड, भरोसा भने हामीले खोजेको पक्का हो ।


सांस्कृतिक हिसाबले तानसेनलाई कस्तो बनाउने ? तानसेनलाई कता लैजाने ? तानसेनवासीको इच्छा र चाहनामा भर पर्ने कुरा हो । तानसेनको समृद्धिमा रमाउने तथा दुर्गतिमा पश्चाताप गर्ने पनि हामी तानसेनवासी नै हौं । तानसेनको विकास र समृद्धिका निम्ति सहयोगका लागि अरूलाई आग्रह गर्न सकिन्छ, सहकार्य पनि अरूसँग गर्न सकिएला तर तानसेन समृद्ध बन्दा खुसी हुने अनि तानसेनको विकास ओरालो लाग्दा मन दुखाउने तपाई हामी नै हौं । अरूले त कुरा काट्ने न हुन् । होइन र ? त्यसो भए किन हामी सबै मिलेर संस्कृति र सम्पदाको शहर तानसेनलाई जीवन्त नबनाउने ? आउनुहोस् नगरसरकार, नगरबासीसँगै हातेमालो गरेर तानसेनलाई हराभरा र सुन्दर बनाऔं ।

हामीसँग प्रकृतिको अनुपम उपहार अर्थात ग्रामीण र सहरी जीवन समेटिएको सुन्दर तानसेन छ, यसलाई कुरूप हुनबाट जोगाऔं । प्लाष्टिकजन्य सामग्री प्रयोगलाई निरूत्साहित गरौं । कुहिने फोहरलाई मल बनाएर कौसी खेतीलाई प्रवर्द्धन गरौं । सार्वजनिक सम्पदा, विद्यालय, कार्यालय, घर, आँगन, टोल सफा राखौं । धुमपान, मद्यपान बहिष्कार गरौं । मान्यजनलाई आदरसत्कार, आफूभन्दा सानालाई माया, स्नेह गरौं । भिन्न धर्म,संस्कृतिका अनुयायीप्रति सदभाव राखौं । **परोपकार पुण्यायः पापाय परपीडनम्**ःको मर्म आत्मसात गरी अरूको उपकार हुने काम गरौं । नेपाल भ्रमण वर्ष २०२० लाई स्वागत गर्दै **तानसेन जाऔं प्रकृति, संस्कृति र सम्पदासँग रमाऔं** भन्ने नारालाई साकार पारौं ।

सामाजिक सद्भाव कायम राखौं । बालबृद्ध, फरक क्षमता भएकाहरूलाई सदैव सहयोग गरौं । स्वदेशी उत्पादनलाई प्रोत्साहित गरौं । हाम्रा राम्रा कलाकर्म, धर्ममा भएका असल अभ्यास, संस्कृतिका राम्रा पक्ष र सम्पदा हाम्रा गहना हुन् यिनको सदैव संरक्षण गरौं । पाका पुस्ताको असल व्यवहार र कर्मको अनुकरण गरौं, भावी पुस्तालाई जीवनोपयोगी ज्ञान, सीप हस्तान्तरण गरौं । कर्मशील बनौं अनि सन्तानलाई सक्षम र स्वाभिमानी बन्न बोली ब्यवहार र कर्मले उत्प्रेरित गरौं ।

**तानसेन जाऔं प्रकृति, संस्कृति र सम्पदासँग रमाऔं** भन्ने नारालाई सार्थक तुल्याउन तानसेनवासीले पाहुनामैत्री बोली ब्यवहार गरौं । नभुलौं, हिन्दू, बौद्ध, इसाई, मुस्लिम धर्मसम्प्रदायमा रहेका असल संस्कार, संस्कृति र सम्पदा हाम्रा अमूल्य निधि हुन यिनको संरक्षण तपाई हामी सबैको साझा दायित्व हो । यिनको संरक्षणसँग हाम्रो समृद्धि निहित छ । अतः समृद्ध तानसेनका लागि साझा संकल्प गरौं । समयमै सबै जुटौं, लागौं, तानसेनको समृद्धिका लागि विलम्ब नगरौं ! जय तानसेन, जय तानसेनवासी !!

*(नगर प्रमुख)*



# विषयसूची


| | | | |
|---|---|---|---|
| १ | पुर्खाले सिकाएको असल संस्कार, संस्कृति र परम्परा जोगाउने हाम्रो दायित्व | लक्ष्मीदेवी पाठक | ४ |
| २ | लिपिनदेवी मन्दिर र वारुखै | दामोदरप्रसाद घिमिरे | ५ |
| ३ | सीमित साधन स्रोतका भरमा समृद्धिका लागि प्रयासरत छौं | डिल्ली राज बेल्बासे | ६ |
| ४ | बहुसंस्कृतिको भण्डार तानसेन | झपेन्द्र जी.सी. | ७ |
| ५ | सभ्यता दीप बालौं | डिल्लीराज अर्याल | १३ |
| ६ | Tansen:tourists' Destination | Budddhi Prasad Sharma | १४ |
| ७ | संस्कृति र सम्पदाः तानसेन उठ्छ सर्वदा | टंकप्रसाद पन्थ | १६ |
| ८ | पाल्पा | पुष्कर अथक रेग्मी | २० |
| ९ | पहाडकी रानी | डा. शंकरप्रसाद गैरे | २१ |
| १० | संस्कृति र सम्पदाको संरक्षणमा नगरपालिकाको भूमिका | नारायणप्रसाद कोइराला | २३ |
| ११ | पाल्पाली साङगीतिक क्षेत्रको ठूलो नाच सोरठी | नीलकण्ठ न्यौपाने | २६ |
| १२ | तानसेन जाऔंः संस्कृति र सम्पदासँग रमाऔं | माधव अर्याल | २९ |
| १३ | पाल्पा तानसेनको दाफा भजनलाई संरक्षण गरौं | लालकाजी शाक्य | ३५ |
| १४ | कल्पना गरिएको रानी महल र देखिएको रानी महल | गौरीनाथ प्रधान | ३९ |
| १५ | नौमती बाजाको सकारात्मक सन्देश | प्रकाश नेपाल | ४६ |
| १६ | साइनो | धातानन्द शर्मा | ४८ |
| १७ | सम्झनामा कुलमणि देवकोटा | शालग्राम अधिकारी | ४९ |
| १८ | हाम्रो तानसेन | कमला देवकोटा | ५० |
| १९ | Buddhist Philosophy For Good Governance | Bishnu Paudel | ५१ |
| २० | पाल्पाको पहिचान | कृष्णकला भण्डारी कँडेल | ५३ |
| २१ | तानसेन नगरपालिकामा २०७६ कार्तिक मसान्तसम्म कार्यरत कर्मचारी विवरण | भरतप्रसाद आचार्य | ५४ |
| २२ | तानसेन पाल्पाको सांस्कृतिक सेरोफेरोमा मेरो अनुभव | किरण चित्रकार | ६४ |
| २३ | गौरवपूर्ण एवम् संघर्षशील इतिहास पुरुष पूर्णमान थैवसँग भेट | झपेन्द्र जी.सी. | ६५ |
| २४ | बाल अधिकार र बालसहभागिताको अभिवृद्धि | सगुन भट्टराई | ६७ |
| २५ | लोकनृत्य र शिक्षक विद्यार्थी सम्मानसहित तानसेनमा शिक्षा दिवस | | ६९ |
| २६ | द्वन्द्व सम्बोधनमा अग्रसर तानसेनका मेलमिलापकर्ताहरु | चुरामणि पोखरेल | ७१ |
| २७ | विविध गतिविधि | | ८० |
| २८ | तानसेन नगर कार्यपालिकाको आर्थिक वर्ष २०७५/०७६ को कार्तिक मसान्त सम्म भएको आम्दानी खर्च विवरण | | ८३ |
| २९ | पत्रपत्रिकामा तानसेन | | ८४ |
| ३० | तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति | | ८७ |
| ३१ | तानसेन नगरपालिकाद्वारा प्रकाशित हाम्रो तानसेन प्राप्ती पत्र | | ८८ |

# पुर्खाले सिकाएको असल संस्कार, संस्कृति र परम्परा जोगाउने हाम्रो दायित्व



- लक्ष्मीदेवी पाठक

तानसेन पाल्पा विगतदेखि नै असल संस्कृति र संस्कारमा चिनिएको नाम हो । घर परिवारमा हजुरआमा, हजुरबुबा, आमाबुबा, दाजुभाउजू लगायत समुदायमा मान्यजनबाट चालचलन, संस्कार र परम्पराका असल कुरा हामीले सुन्यौं । के गर्न हुन्छ, के गर्न हुँदैन ? भन्ने कुरा बाल्यकालदेखि नै हामीले घर परिवारमा सुनिआएका छौं र त्यसलाई ब्यवहारमा अवलब्वन समेत गरिआएका छौं ।

जसरी हाम्रो समाजमा विभिन्न जातजातिको उपस्थिति छ त्यसरी नै वर्षभरी नै विभिन्न चाड पर्व आआफ्नै ढंगले मनाउने प्रचलन रहेको छ । तीजमा दाजुभाइले दिदीबहिनी खोज्ने अनि तिहारमा दिदीबहिनीले दाजुभाइ खोज्ने परम्परा जीवित छ । दशैंमा टाढाटाढाबाट मान्यजनको हातबाट टिका र आर्शीवाद थाप्न परिवारमा जुट्ने चलन छ । वैशाखे, साउने र माघे संक्रान्ति मनाउने चलन छ । चण्डी पूर्णिमा, बुद्ध पूर्णिमाको महत्व आफ्नै ठाउँमा छ । धर्म सम्प्रदायअनुसार फरक भएपनि पछिल्लो समय दशैं, तिहार, बुद्धपूर्णिमा, छठ, ईद, क्रिसमस पर्व पनि साझारूपमा मनाउने अभ्यास नेपालमा भएको पाइन्छ । धर्म, संस्कृति, संस्कार, चालचलन, रीतिरिवाजका असल पक्षको जगेर्ना गर्नु पर्दछ र गलत प्रवृत्तिको बिरोध गर्दै सुधारका लागि हामीले आवाज उठाउनु पर्दछ ।

पहिले महिनावारीका बेला आराम गर्नुपर्छ भनेर महिलालाई छुन हुँदैन बार्नुपर्छ भनियो होला । कालान्तरमा महिनावारी भएकालाई नकारात्मकढंगले व्यवहार गर्न थालियो । कुरा बुझेपछि अहिले महिनावारी नियमित प्राकृतिक चक्र हो भन्ने तथ्य धेरैले मनन गरेर महिनावारी भएका महिलालाई पोषिलो खानेकुरा खान दिन, आराम गर्न दिन थालिएको छ । यद्यपि अहिले पनि कतिपय ठाउँमा छाउपडी प्रथा कायमै छ । हामीले संस्कृति, संस्कार, चालचलन, परम्परामा भएका ब्यवहार विज्ञानसम्मत छन् छैनन् अर्थात् त्यसले समाजलाई अग्रगतिमा लान मद्दत गर्छ वा अधोगतिमा लान्छ भन्नेबारेमा विश्लेषण गरेर ती कुरा कायम राख्ने वा छाड्ने निर्णय गर्नुपर्दछ ।



यतिबेला तानसेन पाल्पा लगायत नेपालभर आन्तरिक र बाह्य क्षेत्रबाट पाहुनाहरू घुमफिर गर्न आउने क्रम बढेको छ । हामीकहाँ आउने पाहुनालाई सम्मानजनक बोली ब्यबहार गर्नु पर्दछ भन्ने कुरा हामीले बुझेका छौं तर ब्यवहार त्यस्तो गरेका छैनौं कि ? आफै मनन गरौं । हाम्रा सन्ततिलाई सिकाऔं । अतिथि देवो भवः भनेर हामीले परिवारमा, समुदायमा, विद्यालयमा सुनेको कुरा ब्यवहारमा उतार्न सक्नु पर्दछ । तब न हाम्रा सन्ततीले सिक्नेछन् ।

तानसेनमा आउने पाहुनाहरूले यहाँको संस्कृति, धार्मिक ऐतिहासिक सम्पदा हेरेर अहा कति राम्रो ! क्याबात तानसेनबासी । भनेर भन्न सक्ने अवस्था कायम गर्नु तानसेन नगर सरकारसँगै सम्पूर्ण नगरबासीको समेत साझा दायित्व हो । पुरुष-महिला सबैले घरआँगन, कार्यालय, बिद्यालय परिसर सफा राखौं । पाहुनाको मन जित्न सकिएन भने छिः यस्तो ठाउँमा फेरि किन आउने ? भन्ने पर्न सक्छ तसर्थ यसबारे पहिले नै सतर्क बनौं । पहिले हामी सभ्य बनौं अनि सन्ततिलाई सभ्य बनाऔं ।

*(उपप्रमुख तथा न्यायिक समिति संयोजक, तानसेन नगरपालिका)*

# लिपिनदेवी मन्दिर र वाख्खै



- दामोदरप्रसाद घिमिरे

बन्दीपोखरा सामाकोट निवासी चौधरी गुनबहादुर अमात्यले बि.सं. २०१३ सालमा स्थानीय जनताको सहयोगमा लिपिनदेवी मन्दिर स्थापना गराएका हुन् । यो मन्दिरमा बडा दशैंको कोजाग्रत पूर्णिमाको दिन वाख्खै (सरायँ) जात्रा लाग्ने गर्दछ । घटस्थापनाको दिन बिधिवत् जमरा राखेर नौं दिनसम्म ब्राम्हणबाट चण्डीपाठ तथा मगर पुजेरीबाट नित्य पूजा गर्ने गरिन्छ ।



कोजाग्रत पूर्णिमाको दिन फूलपाती जमरा रातो डोलामा राखेर मगर कुमार केटालाई डोला बोकाएर बाजागाजा सहित खुँडा तरबार एकआपसमा जुधाउँदै "वाख्खै डुमडुम ह्वा" को गुन्जनसहित मन्दिर तीन फन्का परिक्रमा गरेर मन्दिरको पश्चिम तर्फको समथर मैदानमा जोसिला युवाहरूले युध्दकला प्रदर्शन गर्दछन् । जोगेपानी डाँडामा रहेको बोलपानी कुँवामा फूलपाती सेलाएपछि यो जात्रा सकिन्छ । यहाँ मेला भर्न आउनेहरूले मेला लागेका बेलामा सक्खरखण्ड, पिंडालु, सुन्तला आदि स्थानीय उत्पादन बिक्री गर्दछन् ।

मन्दिरमा भाकल पुरा भएपछि हाँस कुखुरा तथा बोकाको बलि तथा माना चामलको रोट पकाएर चढाउने गरिन्छ । यो मन्दिरमा बालाचतुर्दशीको दिन सतबीज छर्ने चलन छ ।



मन्दिरको नाममा भएको ६ रोपनी जग्गाको घाँस बिक्रीबाट उठेको रकम र भेटीबाट मन्दिरको बार्षिक पूजा चल्दै आएको छ ।

यो बर्ष मन्दिर छेउको पौवा जिर्णोद्धार गर्नका लागि प्रदेश सरकारले रु ५ लाख सहयोग गरेको छ । साथै स्थानीय (तानसेन) सरकारले संरक्षणको लागि चासो ब्यक्त गरेको छ ।

दुई बर्ष पहिला चौधरी गुनबहादुर अमात्य का छोरा दिपक अमात्यले आफ्नो निजी खर्चबाट मन्दिर जिर्णोद्धार गराएकाहुन् ।

*(प्रवक्ता, तानसेन नगरपालिका)*

*दुबै तस्विरः पत्रकार सुनिल कार्की*

# सीमित साधन स्रोतका भरमा समृद्धिका लागि प्रयासरत छौं



- डिल्ली राज बेल्बासे

तानसेन नगरपालिका ऐतिहासिक नगर हो र यसको आफ्नै विशेषताका कारण सबैतिर परिचित छ । कुनैबेला हालका प्रदेश ५ र ४ मा पर्ने विभिन्न जिल्लाबाट तानसेनमा शिक्षाआर्जनका लागि सयौं विद्यार्थी आउने गर्दथे । त्रिभुवन बहुमुखी क्याम्पस तानसेनमा पढेका जनशक्ति अहिले मुलुकका नीति निर्माण तहदेखि सामाजिक जीवनका महत्वपूर्ण क्षेत्रमा क्रियाशील रहेका छन् । शिक्षा, स्वास्थ्य र पर्यटनको नारा बोकेको तानसेन प्राकृतिकरूपले मनोरम छँदैछ त्यसमा यहाँको संस्कृति र सम्पदाले ओज बढाएको पाइन्छ । तानसेनको सुन्दरता र गरिमा कायम राख्दै समृद्धि हासिल गर्न जनप्रतिनिधिसँगै नगरबासी र कर्मचारीहरू समेत लागेका छौं ।



तानसनेवासीको इच्छा, चाहना र आकाङ्क्षा अनुरूप नतिजा ल्याउन हामी प्रयासरत छौं । हामीसँग रहेको सीमित साधनस्रोतका भरमा चाहेअनुसार समृद्धि हासिल हुन समय लाग्ला तर इमान्दार प्रयास भने जारी रहने नै छ । स्थानीय सरकारको रूपमा रहेको तानसेन नगरसरकारले नगरप्रमुखको नेतृत्वमा ग्रामीण तथा सहरी क्षेत्रका नागरिकको चाहनालाई यथोचित सम्बोधन गर्नेगरी पछिल्लो समय विकास योजना तर्जुमा तथा कार्यान्वयनमा जोड दिएको छ ।

इतिहासले पुष्टि गर्दछ तानसेन विगतमा समृद्ध अनि आत्मनिर्भर थियो । स्वाभिमानी तानसेनवासीले पुर्खाको गौरव कायम राख्नका लागि निरन्तर लाग्न सकेमा पुनः समृद्ध तानसेन सपना सार्थक तुल्याउन सम्भव छ । त्यसका लागि वडातहदेखि आवश्यकतामा आधारित विकास योजना तर्जुमा गर्ने, समयमै मितव्ययी ढंगले कार्यान्वयन गर्ने तर्फ जनप्रतिनिधि, कर्मचारी र नागरिकको समेत महत्वपूर्ण भूमिका रहन्छ । मुख्यतः जनप्रतिनिधि र नगरवासी यही रहनुहुने हुँदा अझ बढी सरोकार राख्नुपर्ने देखिन्छ यद्यपि कर्मचारीहरू अन्यत्र सरूवा हुनसक्ने भएतापनि यहाँ रहुन्जेल इमान्दार प्रयास गर्नुपर्दछ ।

तानसेनमा अहिले कर्मचारीको रूपमा आएपनि विगतमा शिक्षाआर्जनका सिलसिलामा म तानसेन बसेको सम्झना छ । भविष्य निर्माणको आधार शिक्षा आर्जनका लागि त्यसबेला म जस्तै हजारौं विद्यार्थी देशका विभिन्न भागबाट तानसेनमा जुटेका थियौं । अहिले तानसेन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा आउनुपर्ला भनेर मैले सोचेको थिइन यद्यपि तानसेनले त्यतिबेला ममा आकर्षण जगाएको भने थियो ।

तानसेनमा जति रहन्छु मैले जनप्रतिनिधि नेतृत्वको सोच, पारित योजना र तानसेनवासीको सपना साकार पार्न इमान्दार प्रयास हरदम गर्ने नै छु । तानसेन नगरपालिकाको समृद्धिका लागि समयोचित पर्यटन विकास, कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रको गुणस्तरीय सुधार तथा विकास महत्वपूर्ण आधार बन्न सक्ने देखिन्छ । यो तथ्यप्रति जनप्रतिनिधि, कर्मचारी अनि नगरवासी सबै अवगत नै रहेका छौं । यहाँको कला, संस्कृति, सम्पदाको संरक्षण र नगरसभाबाट पारित योजनाको कार्यान्वयनले मात्र समृद्ध तानसेन सम्भव छ तसर्थ सबैले सक्दो प्रयास गरौं ।

*(प्रमुख प्रशासकीय अधिकृत)*



# बहुसंस्कृतिको भण्डार तानसेन

- झपेन्द्र जी.सी.

**विषय प्रवेश :** संस्कृति मानव जातिको महान् कृति हो । संस्कृतिमा उत्पादन पद्वति र निर्माण पद्वतिको अभिव्यक्ति हुन्छ । उसको विजयको गाथा गाइन्छ, पराजय र अभावको व्यथा आँसु बनेर बहन्छन् । आँसु पनि गीत बन्छ । सारत : पशु प्राणीले आफ्नो कृति निर्माण गर्न सक्दैनन् । दमैचराले झिँजाझिजी बटुलेर एक खालको घर बनाउन सक्छ, त्यसलाई गुँड भनिन्छ । गौंथलीले ठोंडको चुच्चामा हिलो माटो ओसारेर एक खालको घर बनाउँछ, त्यसलाई पनि गुँड भनिन्छ । धमिराले जमिन मुनिको माटो जम्मा गरेर धमिराको गोलो (घर) बनाउँछ । मौरी, बारूला, अरिङ्गालले आफ्ना राललाई प्रयोग गरेर आफू बस्ने चाका बनाउँछन् । कुमालकोटीले पनि आफ्नो गुँड बनाउँछ, तर यी कीटपतङ्गहरूले, चराचुरूङ्गीहरूले परम्परागत रूपमा वा प्राकृतिक रूपमा जे जस्तो आकार प्रकारको गुँड, चाका, गोलो वा घर निर्माण गर्छन् त्यो भन्दा अर्को प्रकृति र आकार प्रकारको घर बनाउन सक्दैनन् । त्यसैले त्यसखालको घर निर्माण कला प्राकृतिक हुन् । कृत्रिम होइनन् । तर मानिस यस्तो मेधावी प्राणी हो, जसले स्थिति र आवश्यकता अनुसार विविध प्रकारको आफ्नो घरभवन, लत्ताकपडा, भाँडाकुँडा, फेसन डिजाइन आदिको निर्माण गर्न सक्षम छ । मानव जगत र पशुजगतलाई छुट्याउने आधार पनि मूल रूपमा यही हो । यसरी नै कोइलीको स्वरलाई सुरिलो र मीठो स्वर मानिन्छ तर उसको स्वर त्यही एउटा मात्रै हो । अर्को स्वर निकाल्न सक्दैन, बाकुमकुर्र बाकुमकुर्र भाले परेवाको स्वर हो । ढुकुरको ढुकुरकुर भाले ढुकुरको स्वर हो । यो भन्दा फरक अर्को स्वर निकाल्न उनीहरूले सक्दैनन्, तर मानव जातिले भने विभिन्न गीत, कविता, काव्य विभिन्न लय सङ्गीत र छन्दमा सृजना गरेर विभिन्न स्वरमा गाउन सक्छन् । नाच्न सक्छन् । मानव जातिको भाषा कलामा पनि विविधता पाइन्छ । विविधता भएपनि उनीहरूले बुझ्न सक्छन् र एक अर्का समूहको कलाकृतिलाई ग्रहण गर्न सक्छन्, तर पशु प्राणीले एउटा बोली स्वर बाहेक अर्को स्वर निकाल्न सक्दैनन् । मानव जाति र पशु प्राणीमा यो भिन्नता छ । मानवले मात्र अनेक कलाकृति संस्कृतिको निर्माण गर्न सक्छ । राम्रो पक्षलाई संरक्षण गर्दै नयाँ कलाकृति, संरचना गरेर नव संस्कृतिको निर्माण गर्न सक्छ । तानसेन संस्कृतिको भण्डार हो । यो तानसेनको प्रकृति निर्मित विशेषता हो । यही प्राकृतिक भूगोलमा पुरानो तानसेन नगरपालिका र ग्रामीण क्षेत्रहरू मदनपोखरा, तेल्घा, बन्दिपोखरा, बराङ्दीको केही भाग, बौघापोखराथोक, बौघागुम्हा, अर्गली समेतको सम्मिलनबाट नवतानसेनको राजनीतिक संरचना तयार भएको जगजाहेर छ । यो तानसेनको ऐतिहासिक पक्ष, धार्मिक कला संस्कृतिको पक्ष पनि अत्यन्त पुरानो छ । यहाँ ऐतिहासिक कृतिसंस्कृति पनि पुराना छन् । यी सबै तानसेनवासीका गौरवपूर्ण साझा सम्पत्ति हुन् । यिनको संरक्षण गर्नु वर्तमानको दायित्व हो । पुरानो संस्कृतिमा लोकमैत्री नव संस्कृतिको निर्माण गर्नु पनि वर्तमानको दायित्व हो । प्रथमतः तानसेन १४ वडा बनेर उपस्थित छ । यी १४ वटा वडामध्ये प्रत्येक वडा र वडाका वस्तीहरू सांस्कृतिक भण्डार हुन् । यस आलेखमा संस्कृतिका सम्वन्धमा अति छोटो चर्चा गरिन्छ । यसरी चर्चा गर्दा ९९% सांस्कृतिक पक्ष छुट्ने छन् भन्ने पनि पूर्वानुमान भएको छ । यद्यपि यो एक जमर्को भने हो ।

**ऐतिहासिक पक्ष :** सिंजाली खस राजा नाग राजले वि.सं. ११५५ मा गढवाल देखि गोरखासम्म, दक्षिणमा तराईदेखि उत्तरमा तिब्बतको मानसरोवर सहित खारी प्रदेश (ङारी प्रदेश) सम्म खस मल्ल राज्य स्थापना गरेको कुरा इतिहासमा लेखिएका छन् । त्यो बेला पाल्पा राज्य र तानसेन समेत खस मल्ल राज्य अन्तर्गत रहेको बुझिन्छ, तर संरचनागत रूपमा उनीहरूले निर्माण गरेको त्यस्तो उल्लेख्य कृति पाइँदैन । यो तथ्य खस मल्ल राजा रिपुमल्लले लुम्बिनीस्थित अशोक स्तम्भमा रिपु मल्लाश्चिञ्जयतु उल्लेख गरेको पाइन्छ । त्यो खस मल्लकालमा सुरू भएको भाषा जुन भाषा (नेपाली) मा यो पंक्तिकारले यी वाक्यहरू लेख्दै छ, त्यो खस मल्ल राज्यकै देन हो । जुन भाषा अहिले नेपालदेखि सिक्किम, भुटान, आसामसम्म फैलिएको छ, सम्पर्क भाषाको रूपमा प्रतिष्थापित पनि छ । खस मल्ल राज्यको वि.सं. १४६१ मा पूर्णरूपेण विघटन भएपछि त्यही सिंजा क्षेत्रबाट विस्तारित भएको नेपाली भाषामा धेरै लोकगीत गाथा, लोकनाटक, भजन आदिले साहित्य संस्कृतिको भण्डार भरिएको छ । खस मल्ल पछि वि.सं. १३६३ देखि रिब्दीकोट राज्यको नाउँबाट हिउँदे राजधानी बुटवल-१२, राजपुर (चम्पिपुर) र बर्खे राजधानी रिब्दीकोट कायम गरी शासन गर्ने तुथाराय सेन नै हुन् । उनका सन्तति रूद्र सेनले पाल्पा भैरवस्थान पुरानोकोटमा राजधानी कायम गरी राज्य विस्तार गरेपछि तानसेन पनि यसै राज्य भित्र परेको मात्र होइन उनकै सन्तति महादत्त सेनले राजधानी तानसेन श्रीनगरमा शानका साथ दरवार मात्र बनाएनन् तानसेनमा बजार विस्तारको योजनालाई अगाडि बढाएको

समेत इतिहास पाईन्छ । सेन राज्यकालीन तानसेनको सभ्यता आजको तानसेनको प्रारम्भिक जग हो भन्दा हुन्छ । अर्गलीको राजकुलो, अमरनारायण पार्क क्षेत्र, बटुभैरव अमरगंज पौवा, प्रभास शिवालय, वंशगोपाल मन्दिर, हृषिकेश मन्दिर लगायत विभिन्न कलाकृति संस्कृतिले तानसेनलाई समृद्ध बनाउने काम गरेको छ । राजा मणिमुकुन्द सेनको अतुलनीय योगदान छ । १८६१ जेठ २० पछि राजा पृथ्वीपालको समयमा पाल्पा राज्य नेपालराज्यमा विलय भएपछि पनि अमरनारायण मन्दिर, रणउजीरेश्वरी भगवती मन्दिर निर्माण गरी जात्रा महोसत्वको चाँजोपाँजो मिलाएको पाइन्छ । उक्त मन्दिर सन् १८१४-१८१६ को नेपाल अङ्ग्रेज युद्धमा बुटवल गढी (जितगढी) बुटवलमा विजय हासिल गरेपछि निर्माण भएको हो । आज तानसेनमा धेरै देवीदेवता मठमन्दिर छन् । बौद्ध गुम्बा, विहार र चैत्यहरू, गिर्जा घर र मस्जिदहरू पनि छन् । ती सबै संरक्षण र जगेर्नाको पर्खाइमा छन् ।

**जातीय पक्ष र सांस्कृतिक अभिव्यक्ति**

तानसेन बाहुन, क्षत्री, नेवार, मगर, बोटे, कुमाल, गन्धर्व, विश्वकर्मा, नेपाली, थकाली, गुरूङ, यादव, मुस्लिम जाति विभिन्न पेसा व्यवसाय कालीगढीमा पोख्त जातिहरू लगायतको साझा सुन्दर फूलबारी हो । प्रत्येक जातीय समुदायका आआफ्ना विशेष गीत, संगीत छन् । आआफ्नै जातीय समुदायका लोक साहित्य भए पनि ती सबैले जातजातिको साझा संस्कृतिको स्वरूप ग्रहण गरेका छन् । भगवती जात्रा, अमर नारायण जात्रा, भीमसेन जात्रा, रोपाइँ जात्रा, गणेश जात्रा, हृषिकेश जात्रा आदि जात्रा साझा जात्रा भैसकेका छन् । बालीगीत/असारेगीत, फागु गीत, कडुवा गीत र नाच, सोरठी गीत नाच, रोइला गीत, ख्याली भजन, नेवारी भजन, विभिन्न लोकभजनहरू, विभिन्न लोक लयका गीतहरू सबैको साझा भैसकेकाछन् । त्यसरी नै पर्यटकीय गाउँ बौघागुम्हाको जीवैमामै र मदनपोखरा छापको धमारी नाच लोपोन्मुख अवस्थामा छ । गन्धर्व र सारङ्गीले गाउने गीतहरू पनि संकटापन्न अवस्थामा छन् । सोरठी नाच पनि धिपिर धिपिर अवस्थामा छन् । तिनीहरूको विशेष संरक्षण गर्दै लोक गायकहरूलाई समसामयिक विषय (Content) मा केन्द्रित भई प्रोत्साहन गर्नुपर्ने अवस्था देखिएको छ । यसरी नै बन्दिपोखराको लिपिनदेवीमा दसैंपूर्णिमाका दिन खेलिने सरायँ नाचलाई विशेष ख्याल गर्नु पर्ने अवस्था छ ।

**सीप, कला, कालीगढीतर्फ :** टक्सारको करूवाले तानसेनको मात्र नभई पाल्पाकै नाम राखेको छ । घरेलु उद्योगले पनि पाल्पालाई चिनाउनमा र आयआर्जन र स्वरोजगारमा ठूलो भूमिका खेलेको छ । साथसाथै यी उद्योगहरूलाई थप व्यवस्थित सञ्चालनमा जोड दिन सके आयआर्जनको महत्वपूर्ण आधार बन्ने पक्का छ । अन्य सिलाइकटाइ, झोला बुनाइ आदि पनि घरेलु उद्योग छन् । सिलाइ व्यवसायमा संलग्न व्यवसायी र सुनचाँदी व्यवसायमा संलग्न व्यवसायीहरूलाई पनि प्रोत्साहनको खाँचो छ । किनकि यी हाम्रा परम्परागत पेसा हुन् । यसरी कृषिमा उत्पादकत्व र उत्पादनवृद्धि गर्न पनि योजना र कार्यान्वयनको खाँचो छ ।

**किन ? :**

यस कारणले कि यी उत्पादन पद्धतिहरू नै संस्कृतिका आधार हुन् । उदाहरणार्थ धान रोपाइँले रोपाइँ जात्रालाई जगाएको छ । गाई पालनले गाई जात्रालाई प्रोत्साहित गरेको छ । राष्ट्रिय स्वाभिमान र विजयको प्रतीक भगवती मन्दिरले र भगवती जात्राको रथ यात्राले पाल्पालाई चिनाउन सघाएको छ र राष्ट्रियता जगाएको छ । यहाँ अब पाल्पा तानसेन नगरपालिका र यस आसपासमा प्रचलित धमारी गीत गाथा र सरायँ नाच सम्वन्धी छोटो चर्चा गरिने छ । कृष्णप्रसाद पराजुली, चूडामणि बन्धु लगायत दर्जनौ लोकवार्ताका अध्येताहरूले धमारीगीत गाथामा कलम चलाइ सकेका छन् । कृष्णप्रसाद पराजुली **नेपाली लोकगीतको आलोक** शीर्षक ग्रन्थ (पृष्ठ ३१२- ३१७)मा धमारीबारे लेख्छन्-"सुदूर पश्चिमाञ्चल तथा मध्यमाञ्चलका डोटी, कर्णाली आदि भेगमा प्रचलित" धमारी जात्रामात्रा, चाडपर्व र उत्सवमा गाइने र धार्मिक अनुष्ठानसँग सम्वन्धित सम्वन्ध राख्ने परम्परागत लोकगाथा हो । धूम (धूवाँ) को मुस्लो जस्तै एक प्रकारको सौन्दर्ययुक्त हुने भएकाले धुमारी भएको अनुमान गरिन्छ । धुम र धाम शब्दबाट क्रमशः धूम, धाम, धमरा, धमारी, धुमारी बनेको अनुमान हुन्छ । " यसरी नै चूडामणिवन्धुले पनि उस्तै मिल्दोजुल्दो विचार राख्दै धमारी गीतगाथाको सम्वन्ध खस मल्ल राज्यका संस्थापक नागराज र खस साम्राज्य (वि.सं. ११५५-१४६१) तिरको आख्यान गर्न पुगेको देखिन्छ । सारतः खस मल्ल साम्राज्य वा सिजाराराज्य कालका बेला कुमाउ गढवाल, मानसरोवरसहित खारी (ङारी) प्रदेश चीनको तिब्बत देखि गोरखासम्म खस साम्राज्य र धमारी गीतगाथाले धमाका मच्चाएको देखिन्छ । यी धमारी गीतगाथामा पौराणिक आख्यान, लोकजीवनका कथा ब्यथा, उत्पादनका साधनहरूको पूजनका अभिव्यक्ति पाइन्छ । लयभाखामा भन्ने हो देउडा भाखा, सोरठी भाखा, ख्याली भजन भाखा र विभिन्न छोटामोटा टुक्का समेत भएको पाइन्छ । सारतः अधिकाँश नेपाली लोकसाहित्यमा पाइने हरेक विधाका जननी क्षेत्र सिंजाः राज्य वा कर्णाली खस साम्राज्य नै भएको इतिहास छ । मध्यकालीन खस साम्राज्य (अहिलेका ब्राह्मण, क्षत्री, ठकुरी, मगर, गुरूङ, कुमाल, बोटे विभिन्न सीपकलाका धनी कालिगढ समुदाय) ले व्युत्पन्न गरेको भाषा, भाका, लयले नेपाल र नेपालीलाई गुन लाएको इतिहास छ । ठाउँ परिवेश अनुरूप धमारी गीत गाथालाई पनि आफ्नै नाम जुराएर गाउने नाँच्ने, रम्ने रमाउने गरेको देखिन्छ ।

(धमारी, चूडामणि बन्धु नेपाली लोक साहित्य पृ. २४० बाट)

**खस नाग मल्ल राजाको सन्दर्भको एक टुक्का**

कैसा वर्णको तपसिया जोगी
कैसा वर्णको झोली
कैसावर्णको द्यौमाता रानी
कैसा वर्णको चोली
सेता वर्णको तपसिया जोगी
लाल वर्णको झोली
पेला वर्णकी द्यौमाता रानी
पाट पाटम्वर चोली
उदिया सुर्जे जसो उजलो पाँजलो
फलिया चामल जस्तो गोरी
चन्द सुर्जे जसो देदिप्यमान
द्यौमाता रानीकी छोरी

**पाल्पा बौघागुम्हाको धमारी :** यहाँको धमारीलाई गीत गाथाको आधारमा जिवैमामै भनिन्छ । यसका गायक र संरक्षक मगर महिला समुदाय नै हुन्, तर मादल मजुरा खैंजडी बाद्यवादन भने पुरूष समुदायले बजाइदिन्छन् र महिलाहरूले अभिनय गर्छन् । बौघागुम्हा तानसेन १३ मा पर्छ । यहाँ २ वटा धमारी प्रस्तुत गरिन्छ ।



यस गीत गाथामा बधूपक्ष र वरपक्ष दुई वटा समूह बनाएर गाइन्छ । भट्याइन्छ । वधूसमूहमा रीमा थापा ४५ वर्ष, निरू राना ४७ वर्ष, चन्द्र कला राना ३६ वर्ष, दुर्गा राना ४३ वर्ष, दीपा राना ३४ वर्ष, देवीकला थापा ४५ वर्ष देवीकला ७५ वर्ष, जोगमती ७७ वर्ष, लोकिमाया ६१ वर्ष र वरसमूहमा मीना थापा ४५ वर्ष, शोभा थापा ५० वर्ष, तिला थापा ४० वर्ष, जैसरा थापा ३२ वर्ष, ओवी राना ३८ वर्ष, सुमिना राना ३१ वर्ष, बालकुमारी थापा ५८ वर्ष, लक्ष्मी थापा २६, प्रमिला राना २६ वर्ष ले जिवैमामैको अभिनय गरेर यसरी गाए, नाचे, अभिनय गरे । जुन अभिनय सामाजिक सञ्जालमा अपडेट गरिएको छ ।

केटा : जिवैमामै राजै हो हामरे हो कन्ये केटा गर्भभित्र छ ।
केटी : पैलाको भानिज राजै हो हामरे हो कन्या केटी गर्भै भित्र छ ।
केटा : जिवैमामै राजै हो हामरे कन्याकेटा जन्मिएको छ ।
केटी : पैलाको भानिज राजै हो हामरे कन्ये केटी जन्मिएको छ ।
केटा : जिवैमामै राजै हो हामरे कन्ये केटा नौरान गर्ने भएको छ ।
केटी : पैलाको भानिज राजै हो हामरे कन्ये केटी नौरान गर्ने भएको छ ।
केटा : जिवै मामै राजै हो हामरे कन्ये केटा बामे सर्ने भएको छ ।
केटी : पैलाको भानिज राजै हो हामरे कन्ये केटी बामे सर्ने भएको छ ।
केटा : जिवैमामै राजै हो हामरे कन्येकेटा टुकुनटुकुन हिड्ने भएको छ ।



केटी : पैलाको भानिज राजै हो हामरे कन्येकेटी टुकुनटुकुन हिड्ने भएकी छन् ।
केटा : जिवैमामै राजै हो हामरे कन्येकेटो भात ख्वाइ गर्ने भएको छ ।
केटी : पैलाको भानिज राजै हो हामरे कन्येकेटी भात खाने भएको छ ।
केटा : जिवैमामै राजै हो हामरे हो कन्या केटा स्कूल जाने भएको छ ।
केटी : पैलाको भानिज राजै हो हामरे हो कन्ये केटी स्कूल जाने भएकी छ ।
केटा : जिवैमामै राजै हो हामरे हो कन्येकेटा समरथ भएको छ ।
केटी : पैलाको भानिज राजै हो हामरे कन्ये केटी समरथ भएको छ ।
केटा : जिवै मामै राजै हो हामरे कन्ये केटा जागिर खाने भएको छ ।
केटी : पैलाको भानिज राजै हो हामरे कन्ये केटी जागिर खाने भएको छ ।
केटा : जिवैमामै राजै हो हामरे कन्ये केटा समरथ भएको छ ।
केटी : पैलाको भानिज राजै हो हामरे कन्येकेटी समरथ भएको छ ।
केटा : जिवैमामै राजै हो हामरे कन्येकेटा बिहे गर्ने भएको छ ।
केटी : पैलाको भानिज राजै हो हामरे कन्ये केटी विहे गर्ने भएको छ ।
केटा : जिवैमामै राजै हो हामरे हो कन्येकेटा तिमरो केटी बिहे गर्न देऊ
केटी : पैलाको भानिज राजै हो हामरे कन्ये केटी समरथ भएको छ ।

केटा : जिवैमामै राजै हो हामरे हो कन्ये केटा समरथ भएको छ ।

केटी : पैलाको भानिज राजै हो हमारे कन्ये केटी तिमरे घरकै हो ।

केटा : जिवैमामै राजै हो हामरे हो दहीको ठेकी सागको भेटी हामरे घरकै हो

केटी : पैलाको भानिज राजै हो हामरे हो दहीको ठेकी सागको भेटी तिमरे घरैको हो ।

केटा : जिवैमामै राजै हो तिमरे हो कन्येकेटी हामरे घर जो ल्याम्ला ।

केटी : पैलाको भानिज राजै हो हामरे कन्येकेटी तिमरे घर जो होला ।

केटा : जिवैमामै राजै हो हामरे कन्येकेटो समरथ भएको छ ।

केटी : पैलाको भानिज राजै हो हामरे कन्ये केटी समरथ भएको छ ।

**दोस्रो चरण**



केटा : जिवैमामै राजै हो तिमरे कन्येकेटी हामरे हो लगन गाँठो जुरेको छ ।

केटी : पैलाको भानिज राजै हो हामरे हो कन्येकेटी लगन गाँठो जुरेको छ ।

केटा : जिवैमामै राजै हो हामरे हो कन्येकेटा धेरै ज्ञानी भएको छ ।

केटी : पैलाको भानिज राजै हो हामरे कन्येकेटी धेरै ज्ञानी भएको छ ।

केटा : जिवैमामै राजै हो हामरे कन्येकेटा तिमरे कन्येकेटी विहेवारी भएको छ ।

केटी : पैलाको भानिज राजै हो हामरे कन्येकेटी तिमरे कन्ये केटा विहेबारी भएको छ ।

**एवम् रीतले यो गीतगाथालाई गर्भदेखि जीवन पर्यन्तका यावत् घटना क्रमलाई जोडेर गाउन सकिन्छ ।**

केटा : सिर्फुल त ओइरम पैरम ल रि ल
रङ्ग परी जा गरी गरी रङ्ग परिजा ।

केटी : सिर्फुल त कच्याक कुचुक ल रि ल
रङ्ग परी जा गरी रङ्ग परी जा ।

केटा : ढुङरी त ओइरम पैरम ल रि ल
रङ्ग परी जा गरी रङ्ग परी जा

केटी : ढुङरी त कच्याकुचुक ल रि ल
रङ्ग परी जा गरी रङ्ग परी जा

केटा : टिकिया त ओइरम पैरम ल रि ल
रङ्ग परी जा गरी रङ्ग परी जा

केटी : टिकिया त कच्याकुचुक ल रि ल
रङ्ग परी जा गरी रङ्ग परी जा

केटा : कुण्डला त ओइरम पैरम ल रि ल
रङ्ग परी जा गरी रङ्ग परी जा

केटी : कुण्डला त कच्याकुचुक ल रि ल
रङ्ग प री जा गरी रङ्ग परी जा

**(नोट : एवम् रीतले विभिन्न गहना गुरियाको नाम सम्झदै गाउँदै जाने गीतगाथा हो । )**

**तानसेन नगरपालिका -८, मदनपोखरा, कोकलछापको धमारी**

राजा गिर्वाणयुद्ध विक्रम शाहका पाला सन् १८११ ताका खनिज खानि भएको स्थानका बसोबास हटाई रैती दुनियाँलाई दुःख पीरमर्का नहोस् भन्ने उद्देश्यले सरकारी छाप लगाइ जग्गा दिने र पुनर्वास गराउने चलन थियो । (महेशचन्द्र रेग्मी) सोही बमोजिम कोकलछापमा पनि खानि उत्खनन् गर्न बिर्ता दिइएको थियो । अद्यापि सिद्धार्थराजमार्ग भालेबास देखि करीब १ कि. मि. माथि बिर्ता भनिने जग्गा छ । फेरि त्यसरी नै कालीगढहरूको आरन रहेको ठाउँमा अहिले पनि आरन (आफर) हरू छन् र उक्त स्थानमा छापडाँडाको दक्षिणीपाखाको खानिबाट फलाम उत्खनन गरी उक्त कच्चा फलाम (धाउ) लाई प्रशोधन गरी युद्ध सामग्री खुकुरी, खुँडा भाला, तरवार जस्ता हातहतियार निर्माण गरेको प्रमाण स्वरूप हाल पनि दसौं टन फलामको किँट कृषक समुदायको बारीहरूमा यत्रतत्र छरिएर रहेको प्रत्यक्ष देख्न सकिन्छ । यो कुरा वडा अध्यक्ष रामप्रसाद घिमिरेले पनि बताउनुहुन्छ । सन् १८१४- १८१६ को अंग्रेज नेपाल युद्धका बेला बुटवल जितगढीको युद्धमा अंग्रेजलाई परास्त गरी विजय श्री हासिल गरी भाकल गरेबमोजिम तानसेनमा रणउजीरेश्वरी भगवतीको मन्दिर निर्माण र भगवती जात्राको सुरूवात गर्ने कर्णेल उजिरसिंह थापाले समेत युद्ध सामग्री निर्माण र शान लगाउने काम यही पाल्पा मदनपोखरा छापमा गरेको इतिहास छ । भगवती मन्दिर र भगवती जात्रासँग साइनो सम्वन्ध जोडिएको हुँदा ऐतिहासिक परम्परालाई निरन्तरता दिँदै यस छापटोलको नाम भगवती टोल र विद्यालयको नाम समेत भगवती निमावि छाप भनेर सञ्चालित छ । यहाँका बासिन्दा मगर, ठकुरी र विश्वकर्माहरू छन् । सिंजा (कर्णाली) राज्यबाट अगाडि बढेको खस सभ्यता र संस्कृतिलाई यहाँका मगर समुदायले धमारी गीत गाथाका रूपमा गाउँदै नाच्दै इतिहासको संरक्षण गरेको पाइन्छ । स्थानीय बोलीचालीमा धमाली भनिने धमारी गीतगाथा यही भगवती छाप टोलको पश्चिम पट्टिका लोकगाथा संरक्षक र सम्वर्द्धक लोकगायकहरूले गाउँदै जीवन्तता

दिएका छन् । वडा अध्यक्ष रामप्रसाद घिमिरेको विशेष उपस्थिति, नगर सदस्य कुलबहादुर नगरकोटीको विशेष व्यवस्थापनमा हालै धमारी गीतगाथा प्रत्यक्ष श्रवण र अवलोकन गरियो । लोकगाथा गायक कुलबहादुर चितौरे ६४ वर्ष, कुलबहादुर नगरकोटी ६४ वर्ष, टम्मरबहादुर नगरकोटी ६० वर्ष, मदन दर्लामी ३३ वर्ष, टीकाबहादुर राना ६९ वर्ष र दिलकुमारी राना (नृत्य) ६९ वर्षले यो धमारी गाथाको संरक्षण गर्दै आएका छन् । प्रत्येक वर्ष श्री पञ्चमीको भोलिपल्ट कोल (पुरानो काठे कोल) ढँग्ने काम) ढेंगेर (पुजेर) दिनभरि कोलमा अलि अश्लील खालका गीतागाथा गाउने र पछि घरघरमा गएर सबैले सुन्न मिल्ने गीतगाथा गाउने प्रचलन रहेको उनीहरूले बताउँछन् । हाल अश्लील गीतगाथा गाउन छोडिएको स्थानीय बासिन्दा बताउँछन् । सोरठी लयमा गाइने यहाँको धमारीमा प्रकृतिको र पशुपक्षी पालनको वर्णन रहेको पाइन्छ । यो गीतगाथा गाउँदा सोली बोकेर महिलाहरू पनि सँगसँगै हिड्ने, नाच्ने र प्राप्त दान दक्षिणा र जिन्सी सामान सोलीमा राख्ने गरिन्छ । जोर मादल, जोर मजुरा, डम्फू, खैंजडी बाद्यवादनका रूपमा रहेका छन् । गीतगाथाको छोटो नमूना मात्र यहाँ प्रस्तुत गरिन्छ ।



हा हा पुरूवै दिशा चमकैला विजुली
ह ह ह हो देशै उघाऱ्यो देशै उघाऱ्यो ।
रिमेझिमे पानी आयो देशै रमाइलो
स्याब्बै
ह ह हा पच्छिमै दिशा चमकैला विजुली
ह ह ह हो देशै उघार्‍यो देशै उघार्‍यो
रिमेझिमे पानी आयो देशै रमाइलो ।
ह ह हो उत्तरै दिशा चमकैला विजुली
ह ह हो देशै उघार्‍यो देशै उघार्‍यो
रिमेझिमे पानी आयो देशै रमाइलो
ह ह उत्तरै दिशा चमकैला विजुली
ह ह हो देशै उघार्‍यो देशै उघाऱ्यो ।
रिमेझिमे पानी आयो देशै रमाइलो ।

एवम् रीतले देशै उज्यालो, गावै उज्यालो, बस्ती उज्यालो, घरै उज्यालो, तिमी उज्यालो हामी उज्यालो आदि इत्यादि खास घटनाक्रम र विषय वस्तुलाई जोडेर गाउँदे जाने गरिन्छ । बीचबीचमा चुड्का पनि गाइन्छ ।



**जस्तैः**
होला बरै बेलौती साबुन
कि लाऊ माया कि लाई जाऊँ भन ।

ह ह ह बाबाजीको आँगनीमा नओविस भेंडिया
हो कसरी सजा ! नहोविस भेंडिया कसरी सजा ।
**चुड्का :** रेलको साँचो रेलैले भाँच्यो
नबोल्नेलाई बोलाउन के खाँचो ।
बाबाजीको आँगनीमा नओविस घौँडिया
ह हा कसरी सजा नओविस घोंडिया कसरी सजा ।
बाबाजीको आँगनीमा नओविस हथिया
हा हो कसरी सजा नओविस हथिया कसरी सजा ।
**चुड्का :** अव त जाम के रे घर
बाटो छ उकाली ओराली ।
बाबाजीको आँगनीमा नओविस परेवा
हा हा कसरी सजा नओविस परेवा कसरी सजा ।
बाबाजीको आँगनीमा नओविस मजुर
हा हा कसरी सजा नओविस परेवा कसरी सजा ।
बाबाजीको आँगनीमा नओविस गुर्दौली
हा हा कसरी सजा नओविस गुर्दौली कसरी सजा ।
बाबाजीको आँगनीमा नओविस मख्मली
हा हा हो कसरी सजा नओविस मख्मली कसरी सजा ।
**चुड्काः** तिम्लाई टाढा मलाई नि टाढा
कोकल छाप डाँडैमा घर सार ।

कोकलछाप डाँडा उत्तरपट्टि बडेआँप बोलीचालीमा "बेडेम" भन्ने गाउँ छ । यहाँ दलित भनिएका भनाइएको नेपाली, बाहुन, क्षेत्रीको बस्ती छ । सन् १८१४-१८१६ मा अंग्रेज नेपाल युद्ध बटौली गढी (हाल जितगढी) भनिने मा कर्णेल उजिरसिंह नेतृत्वको फौजले

अत्याधुनिक अस्त्र शस्त्रले सज्जित अंग्रेज फौजलाई परास्त गरेको थियो । सो युद्धमा सैनिक जवान मात्र होइन गैरसैनिक नेपालीले वा झारा सेनाले पनि लडेका थिए । सात समुद्रपारको पापी मोरो अंग्रेज बैरीलाई रण मैदानमा जित्नलाई जाऊँ भनेर आव्हान गरिएको गीतगाथा सोरठी भाकामा देवबहादुर खाम्चा, वीरबहादुर बौडेल, एकबहादुर हितङ्गा, प्रेमबहादुर बौंडेलले गाउँदै आउनु भएको हो । उहाँहरूमध्ये जीवित रहनु भएका प्रेमबहादुर बौडेल पनि २०७५ मा बित्नु भयो । प्रेमबहादुरसँग २०६९ सालमा संकलन गरिएको सोरठी गाथा यहाँ प्रस्तुत गरिन्छ । मारूनी भएर नाच्ने उमबहादुर बौडेल, सन्तबहादुर बौडेल, उमबहादुर ठडराई (हुमिने) र खेमबहादुर खाम्चा (साइँला दाइ) अझै जीवित हुनुहुन्छ । सन् १८१४-१८१६ को अर्थात् २०३ वर्ष जति पुरानो सोरठी भाकाको गीत गाथाको नमूना यस्तो छ -

ए दसै मैना आमा कोखी
दसै धारा आमाको दूध खाएम् ।
हा हा.........कसोरी तिरम् दूधको भारा
यही र लाग्दछ पिरलो ।
हा हा ......... बटौलीको सेरो र फेरो बैरीले घेऱ्यो
बाबु र छोरा बढे रनमा
चल भाई हो रन है खुल्यो
पापी बैरीको उछितो काढम् ।

(यो गीतगाथा झपेन्द्र जीसी, २०६९ **हात्तीलेक सेरोफेरो**, प्रकाशकः हात्तीलेक बहुउद्देश्यीय सहकारी संस्था लि. पाल्पा, सिलुवाबाट प्रकाशित छ । )

**सरायँ नाच :** यो तरवार नाच हो । यो नौमती बाजाको तालमा नाचिन्छ । दशैं तिहार र चैते दशैं जस्ता पर्वमा नाचिने यो नाच कहिलेदेखि सुरू भयो ? यकिनका साथ भन्न त गाह्रो छ, तर हालै केही महिना पहिले रोल्पा प्यूठानको गढी किल्लाका कला संस्कृतिको अध्ययन गर्न जाँदा प्यूठान जिल्लाको **भित्रिकोट** पुग्दा यसबारे प्यूठान बासीबाट जानकारी भयो । भित्रिकोटमा पहिले जाटवंशीय राक्षसी प्रवृत्तिका राजा जो नरभक्षी पनि थिए रे । त्यस्ता नरमक्षी वा जनविरोधी राजालाई सल्यानका चन्द्रवंशीय राजाको नेतृत्व र स्थानीय जनसमुदायको सहभागितामा भित्रिकोट चुलीबाट पक्रेर अलि तल डल्ले भन्ने ठाउँमा वध गरिएको थियो ।

त्यो राजाको नाम "वा" भएको त्यो राजाको अन्त्य भैसकेपछि जनताले खुसियामा "वा" राजा खै भनेर वाख्खै वाख्खै नाचे खेलेको, गाएको नाचेको बताइन्छ । हाल भित्रीकोट प्यूठान नगरपालिकामा पर्छ । प्यूठानका विभिन्न १२-१३ कोटहरूमा खेलिने सरायँमध्ये डल्ले भन्ने ठाउँमा खेलिने डल्ले सरायँलाई प्रमुख मानिन्छ । यो सरायँ सिंजाको खस साम्राज्य पतन पूर्वको हो कि पछिको यकिन नभए पनि सरायँ संस्कृतिको सुरूवात यही डल्लेबाट सुरू भएको हो भन्न सकिन्छ । एक सानो ठाउँबाट वा एक समुदायबाट सुरू भएका चलन चल्ती अनुकरणीय र स्वीकार्य अरू सबैलाई हुन गएमा त्यसले संस्कृतिको स्वरूप ग्रहण गर्छ । राष्ट्रिय स्तरकै संस्कृति बन्छ । हाम्रा नेपाली भाषा कला साहित्य संस्कृति पश्चिमबाट पूर्वतिर बढ्दै गएको छ, समृद्ध आकर्षक बन्ने यसको क्रम छ । अर्घाखाँची, गुल्मी हुँदै पाल्पाको पश्चिम भेकका मुझुङ, बतासे, लघुवा, चन्डीथान हुँदै तानसेन न.पा. को वन्दीपोखरामा समेत झण्डै ७० वर्ष पहिलेदेखि सरायँ नाच चल्दै आएको तानसेन ११ का वडा अध्यक्ष दामोदर घिमिरे बताउनुहुन्छ । लिपिनदेवी मन्दिरमा दसैंको पूर्णिमाका दिन कालिकादेवीको आँगनमा धूमधामले तरवार नाच हुन्छ । सरायँ खेलिन्छ । वाख्खै ह्वा् ! वाख्खै ह्वा् ! लयमा तरवार नचाएको दृश्यले निकै रमाइलो गराउँछ । सरायँका बारेमा जे जस्ता आख्यान र किम्बदन्तीहरू रहे पनि सानातिना टाकुरे रजौटाहरूमा हुने आपसी द्वन्द्व र झगडाले युद्धको रूप लिने र एकले अर्कालाई परास्त गरे पछि जितुवाले जित्यौं भनेर छाती पिट्ने प्रवृत्तिको अभिव्यक्ति सरायँ नाच हो, वाख्खै ह्वा्, तरबार नाच हो भन्न सकिन्छ । अंग्रेजीमा हिपहिप हुर्रे भनेर विजयटोलीले विजयोत्सव मनाएँ झैं वाख्खै ह्वा् ! भन्ने अभिव्यक्ति हो । यही वाख्खैलाई पनि विजयको प्रतिविम्बका रूपमा सुन्दर गीत रचेर, सुन्दर संगीत भरेर अगाडि बढाउन सकिन्छ ।



**निष्कर्ष :** तानसेन नगरपालिका सेनवंशी सभ्यता बोकेको नाभीस्थल र राजधानी हो । त्यसैले यो नगर बहुसांस्कृतिक संग्रहालयको रूपमा स्थापित छ । त्यसैलाई मुखरित गर्ने उद्देश्यले तानसेन दरवार तानसेनको मात्र होइन सिंगो प्रदेश ५ को बहुसांस्कृतिक संग्रहालय बनेर ठिङ्ग उभिएको छ । सतीपुर्खे (पुरातात्विक) सामग्रीहरू यस दरवार संग्रहालयमा सजाएर राख्ने काम पूर्ण भएको छैन । जनसमुदायका घरघरमा रहेको अति पुराना ठेकाठेकी, चौठाचौठी मात्र होइन अरू सामग्रीहरू पनि निःशुल्क वा सशुल्क संग्रहालयमा उपलब्ध गराउन तानसेन सरकारले आव्हान गर्नुपर्ने देखिन्छ । आफ्नो दरवार संग्रहालयलाई सजिसजाउ गराउने र भरिभराउ गराउने दायित्व स्थानीय नागरिक र आम समुदायको पनि हो । त्यसतर्फ तानसेन सरकारले नेतृत्वदायी भूमिका प्रदान

गरोस् भन्ने जनअपेक्षा पनि छ । लुकेर छिपेर लोपोन्मुख हुन थालेका केही सांस्कृतिक झलक मात्र यहाँ प्रस्तुत गरिएको छ । संस्कृति जनताको धुकधुकी (प्राण) भएको हुँदा प्राणलाई जीवन्त राख्न आजैदेखि तानसेन नगर सरकार, नागरिक समाज र यस प्रदेशका सम्पूर्ण नागरिकहरूले त्यस खाले भूमिका निर्वाह गरौं । यही प्रस्ताव गर्दै यो आलेखको विट मारौं है त ।

**सन्दर्भ सामाग्री :**

डा. कृष्णदेव उपाध्यायः **लोक साहित्यको भूमिका,**
बालकृष्ण पोखरेलः **खस जातिको इतिहास**,
कृष्णप्रसाद पराजुलीः **नेपाली लोकगीतको आलोक,**
चूडामणि वन्धुः **नेपाली लोकसाहित्य**,
झपेन्द्र जीसीः **हात्तीलेक सेरोफेरो** इत्यादि ।

*(इतिहासविद तथा तानसेन नगरपालिकाका विकास सद्भावनादूत)*

**तानसेन नगरपालिकाको अनुरोध**

- ❑ सफा टोल सफा सहर, हामी सबै तानसेन बासीको रहर
- ❑ सार्वजनिक सम्पत्ति सडक, चोक,गल्ली हामी सबैको हो, सधैं सफा राखौं
- ❑ घर घरमै फोहरलाई कुहिने र नकुहिने गरी छुट्याएर उचित व्यवस्थापन गरौं
- ❑ प्लाष्टिक झोलाको बिकल्पको रूपमा जुट, कपडा वा धेरै पटक प्रयोग हुने झोलाको प्रयोग गरौं
- ❑ सफा तानसेनको लागि आफ्नो क्षेत्रबाट सफा अभियान सञ्चालन गरौं

- ❑ **कर तिरौं, नगरको विकास निर्माणमा सहभागी बनौं।**
- ❑ **नगरपालिकालाई तिर्नु पर्ने सम्पूर्ण कर चुक्ता नगरे कुनै पनि सेवा सुविधा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन।**
- ❑ **कर तिर्नु सबै नगरबासीहरूको कर्तव्य हो, सेवा प्राप्त गर्नु अधिकार हो।**
- ❑ **कर तिरौं, सभ्य नागरिक बनौं।**
- ❑ **समयमै कर तिरौं, जरिवानाबाट बचौं।**

**अनुरोधकः तानसेन नगरपालिका, पाल्पा**

**कविता**

# सभ्यता दीप बालौं



**- डिल्लीराज अर्याल**

मालश्री वा भजन, सँगिनी, द्यौसिरे, फागु जे होस्
भैलो, बालायन र जिउँती, तीज, छैंटी, दशैं होस्
माघी, चण्डी, तिथिमिति, हरेलो, समच्छे, तिहार
जम्मै बिर्सेपछि जिउनुको खोज्नु के फेरि सार?

भाषा, बोली, चलन नभनी बाहिरी ध्यान गर्दा
पुर्खा बिर्सी, सहज गफमा सट्ट तारा खसाल्दा
खेती-धन्दा, धनहर, कुला, खेत, सम्मान, मान
जस्तै होलान् कि बनिरहलान् संस्कृति, स्वाभिमान?


वाख्खै, जात्रा, श्रमिक लयका गीत बिर्सेर हुन्छ?
गुन्द्री, काम्ला, जल, वचनका मान बिर्सेर हुन्छ?
यस्तो आफै प्रतिदिन स्वयं भुल्न थाल्यौं भने त्यो !
हुन्नौं हामी, परिचय सबै गुम्छ हाम्रो स्वयं त्यो !

त्यसैले
हाम्रा आफ्ना अनुपम कला, चाड वा पर्व बाँचून
जात्रा, बाजा, अनुभव तथा गीत, सङ्गीत बाँचून
गुम्बा, देवस्थल, मठ, गढी, कोटका मन्त्र बाँचून
हाम्रा आफ्ना चलन, तरिका, सभ्यता-जन्त्र बाँचून् ।

हामी आफ्नै श्रम र लयका गीतमा रम्न थालौं
हामी आफ्नै चलन तरिका सोचमा जम्न थालौं
आफ्नै बाटो अनुभव मिसी पाइला चाल्न थालौं
आफ्नै ठानी परिचय मिली सभ्यता दीप बालौं ॥

*(वरिष्ठ साहित्यकार तथा स्वतन्त्र पत्रकार)*

# TANSEN: TOURISTS' DESTINATION



- Budddhi Prasad Sharma

Nepal government has declared 2020 as Visit Nepal Year 2020 to promote tourism in Nepal. Tourism Board has expected two million tourists arrival in the year. Besides the existing tourists destinations Kathmandu valley, Pokhara, Chitwan and Lumbini, more than one hundred destinations have been identified and infrastructures are going on in Gorkha, Parbat, Jhapa, Khaptad and others across the country for meeting the Visit Nepal 2020 goal. Tansen, the headquarters of Palpa district, is one of the potential tourist's destinations.

Tansen is one of the oldest towns and the country's third municipality in Nepal. The early settlement grew in the linear fashion along the main road from tundikhel to kailashnagar tole (about two kilometers long). It has the glorious history and culture of Sen Dynasty. It lies on the Siddhartha Highway corridor. It is situated on the beautiful hills and mountains of the Maharabhat range. Now it has been extended to 109.8 km starting from Goudeko pul (Gaude bridge) in the south to the bank of the Kaligandaki river in the north. It is now socially, culturally and geographically blended with urban and rural environment.



### Why is Tansen the tourists' destination?

"Whether you are seeing to get know the read Nepal are eager to explore the rich Newari culture or a true lover of unspoiled nature and hiking in breathtaking sceneries... Tansen has it all"- Tourism Directory PCCI

- Tansen offers a peaceful luring natural environment of streams, rivers, sandy river banks, greeneries, panoramic views and new tastes of social, cultural, geographical, archeological, monumental attractions. It has sub-tropical climate of $8^0$ C to $35^0$ c which is suitably charming to the visitors. Having no problem of chilling winds, snowfall and heating temperature throughout the year, tourists enjoy. It is a zero pollution virgin municipality not spoilt by any abusing practices and modernity.
- Tansen has all facilities of accessibility. It is about 118 km away from Pokhara, 170 Km from Chitwan and 60 km from Lumbini. It has to and fro access facilities within the Tansen Municipality. The nearest International Airport is in Bhairahawa near Lumbini. For via Lumbini visitors this airport will be easier even to visit Tansen by vehicle in two hours drive safely. In the same way the town provides all modern communication and banking facilities for tourists convenience.
- Tansen now has modern accommodation facilities of hotels, restaurants, resorts and home stays in and around Tansen to meet within the budget.
- Tansen is rich in cultural heritages and attractions. Lots of feasts and festivals are celebrated thought the year. Among them a week series of feasts and festivals are held in August which are not missed by the Tansen lovers. One of the most popular festivals is the Ranaujireshwari Bhagawati Rath Yatra in which

Goddess' idol is carried on the chariot with military honor to mark the victory of Nepalese over the British army two centuries ago.

» "A town where old Nepal is still alive, it anxiously awaits the sportsman looking for adventure, the traveler in search of beauty, the poet seeking peace and quiet. One is not to forget it so easily. It is a place of stunning contrasts :" there are still fairies in the hills and folk music in the air "– Ananda Shrestha, Where Nepal is Still Alive Horizon Vol, Oc-Dec 1991

» The social, religious, cultural and ethnical harmony among the hindus, Buddhists, Mohamadans and Christians is extraordinary. Love and respect is the culture of Tansen's people. Religiously, culturally and archeologically the temples such as Madi Mandabya, Ranaujireshwori Bhagwati, Amarnarayan including its campus, Ganesh, Shivalaya, Bhimsen, Laxminarayan, Rishikeshab, the biggest idol of Ganesh in Telgha Gufachaur and Palpa Bhairab are important to visit. The Kaligandaki river site in the north of Tansen is known as Ruru Kshetra and Banaras of Nepal is worthy visiting site. Among the Buddhists shrines stupas and monasteries such as Mahachaitya Bihar, Ananda Bihar. Mahabodhi Bihar, Holangdi Bihar with venerable Bhikshu Amritananda's statue, and Dharma Chakra Bihar are worth visiting. Regular bhajan (psalm) chanting and religious speech programmes are held in the temples and bihars. Most Buddhist tourists visit the monasteries and stay in Tansen after Lumbini.Ruru Kshetra where the Kaligandaki river meets with Ridi Khola to the northen Tansen is a holy place of hindus.

» Another popular worth visiting place is the Shreenagar Hill which has pine forests, view tower, Buddha's Parileyak Bhan, artistics symbol of traditional lamp (twa-dewa), open parks, picnic film shooting and meditation spots. Shreenagar views the longest Himalayan range including two peaked Machhapuchhure to the north and the plain of the Terai and Tansen in profound sleep. Shreenagar and Batasedada tops are the sports to see the rising and setting sun and changing colors silver and golden of the Himalayan range.

» The lonely left Ranimahal (the Ranighat Palace) built by Khadga Shamsher in memory of his wife is situated on hard rocks of the banks of the Kaligandaki river. It lies on the top priority of tourists . It is just 45 minutes vehical drive and 2 to 4 hours trek. Besides these spots there are Bansagopal Park, Gufachaur, Batasadanda, sitalpati, muldhoka (the biggest gate), TU campus building and the oval shaped tudhikhel (play ground) with the biggest replica of Karuwa, Ujit Thapa's life size statue and parks to visit.

» There are two museums in Tansen: one is 'Palpa Museum' initiated and run by development oriented youths of Tansen where nearly one thousand historically, archeologically, religiously important things and documents are displayed and the other one is 'Palpa Durbar Museum' recently run by the Government in the majestic palace of Tansen Durbar. It is a cultural museum. The durbar (palace) itself is the museum. The durbar ( palace) with its square itself is the open museum.

» "No one who awakens early in Tansen will forget the billows of white foam rolling over the deep hollow of the valley "Madi" in the south below the city. The man who watches the counterpoint of mist and sunlight and rolling whiteness will always remembers that something's different lakes place in Tansen" – Keith de Folo Tansen City in the Mist, The Rising Nepal Oct 26,1971.

» Tansen people are humble. They greet the visitors with the word "Namaste" softly and smilingly.It shows their respectful hospitality. They believe the visitors as the angels from the heavens and treat them accordingly .

» Tansen provides lots of things to learn enjoy experience and take away for the Tansen lovers. The typical souvenirs of Palpali Dhaka and its product and Palpali Karuwa seem awaiting for the visitors to accompany by them while getting back home. It is very interesting to visit the sites of "Dhaka" weaving and "karuwa (typical bronze water pot)" making process. To the visitors and trekking lovers , there is Get up Palpa to impart information.

**To sum up Tansen to the tourists, here is a verse:**

"Where people linger for another days,
Nature is forest gay,
Pleasant even in the month of May,
The beauty takes your breath away."

Date: 2076/07/10
*(Tourism Related Writers)*

# संस्कृति र सम्पदा : तानसेन उठ्छ सर्वदा



- टंकप्रसाद पन्थ

### १.१ विषय उठान

कुनै पनि राष्ट्रको परिचय भूगोल वा ढुङ्गा र माटो मात्र होइन । देशको आफ्नै अस्तित्व, उपस्थिति र परिचय हुन्छ । त्यसको मर्ममा भाषा, कला, संस्कृति, आस्था, मूल्य र प्रतिष्ठा जोडिएर आएको हुन्छ । मानिसका परम्परागत आस्था र विश्वासमा भाषा, कला, संस्कृति आदिको परिचय अडेको हुन्छ । कुनै पनि जाति र देशको पहिचान तिनीहरूको संस्कृति र सम्पदामा निर्भर रहेको हुन्छ । संस्कृतिको परिभाषा व्यापक रहेको छ । अचेतन तहबाट व्यक्तिले वरण गर्दै आएका आनीबानी स्वभाव र चिन्तनमा संस्कृतिको अक्षुण्ण प्रभाव रहेको हुन्छ । संस्कृति धर्म र सम्प्रदायभन्दा माथि व्यापक रूपमा प्रतिविम्बित भएको पाइन्छ । त्यसैले धर्म, जात, थातथलो र भूगोल छाडे पनि जन्मजात आफ्ना आदतमा भिजेर रहेको संस्कृतिलाई तोड्न र छाड्न मानिसले सक्तैन । व्यक्तिको जन्मजात प्राप्त वातावरण र परिवेशसँगै संस्कृति प्रतिविम्बित भएर आएको पाइन्छ । यही मर्ममा केन्द्रित रही कुनै पनि समुदाय, जाति र राष्ट्रका आ-आफ्नै सांस्कृतिक आस्था र मान्यता कायम रहेका हुन्छन् । आफ्ना पूर्वप्रचलित आस्था र तिनका रापतापमा व्यक्तिको व्यक्तित्व निर्माण भएको हुन्छ । यस्ता सांस्कृतिक मूल्यहरूलाई झल्काउने गरी सांस्कृतिक र पुरातात्त्विक महत्त्वका वस्तुहरु रहेका हुन्छन् । तिनलाई राष्ट्रका बहुमूल्य निधि वा सम्पदाका रूपमा लिइन्छ । यिनै संस्कृति र सम्पदाका पृष्ठभूमिमा राष्ट्रको गरिमा कायम रहेको हुन्छ । तानसेन पश्चिम नेपालमै परिचित ऐतिहासिक र सांस्कृतिक सहर हो । हिँजो सानो क्षेत्रमा रहेको तानसेन अहिले भौगोलिक रूपमा फैलिन पुगेको छ । भूगोलको फैलावटसँगै तानसेनमा विभिन्न सम्भावनाहरु रहेका छन् । तिनको पहिचान गरी ठोस योजनाका साथमा अगाडि बढ्न सकेमा समृद्ध पालिकाका रूपमा यसलाई उठाउन सकिने आधारहरु पनि प्रशस्त रहेका छन् ।

### १.२ संस्कृति र सम्पदा राष्ट्रको पहिचान

लामो व्यवहारमा खारिएका कुराहरूले चिरस्थायी रूप ग्रहण गर्दा संस्कृतिको जन्म हुन्छ । संस्कृति संस्कारमा आधारित हुन्छ । संस्कार प्रथा र प्रचलनबाट निर्मित हुन्छ । इतिहास, संस्कृति, पुरातत्त्व र प्राकृतिक सम्पत्तिलाई सम्पदाका रूपमा लिइन्छ । यस्ता राष्ट्रिय महत्त्वका वस्तुले व्यक्ति, समाज र राष्ट्रको प्रभावलाई झल्काउँछन् । यस्ता सम्पदाहरूले जाति र राष्ट्रलाई ऊर्ध्वगामी मार्गमा लैजान्छन् । संस्कृति भन्नु नै अज्ञात समयदेखि समाजमा भिजेर आएका व्यवहारहरूको प्रतिविम्ब हो । यसैले संस्कृति र सम्पदाका साथमा मौलिकता र पहिचान प्रष्फुटन हुन्छ । संस्कृतिका आलोकमा सम्पदाहरूको अक्षय भण्डार निर्माण हुन्छ । यी कुरामा अभेद सम्बन्ध रहेकाले संस्कृति र सम्पदा परस्पर रूपमा सम्बद्ध भएर प्रकट हुन्छन् । व्यक्तिका लवाइ-खवाइ, बानी-व्यवहार, चिन्तन, आस्था र मानसिकतामा संस्कृतिको सघन प्रभाव पाइन्छ । वास्तवमा संस्कृति पनि आफैमा सम्पदाका रूपमा रहेको हुन्छ । भौतिक रूपमा राष्ट्र सबल भए पनि सभ्यता, संस्कृति र सामाजिक मूल्यमा कमजोर भएमा त्यो राष्ट्रको प्रतिष्ठा माथि उठ्न सक्तैन । यसैले राष्ट्रको गुणात्मक विकासमा संस्कृति र सम्पदाको उच्च महत्त्व रहेको हुन्छ । संसारमा आफ्नै मौलिक र समृद्ध संस्कृति भएका राष्ट्रहरु अहिले पनि विश्वमै परिचित भई प्रभाव पार्न सफल भएका छन् । संस्कृति र पुरातात्विक सम्पदामा कमजोर राष्ट्रहरु आर्थिक सामाजिक दृष्टिले पनि पछाडि रहेका दृष्टान्तहरु प्रशस्त पाउन सकिन्छ । त्यसैले संस्कृति र सम्पदाले राष्ट्रको पहिचान र प्रतिष्ठालाई झल्काएका हुन्छन् ।

### १.२.१ संस्कृतिको उन्नयन र सम्पदाको संरक्षण

मानिस जन्मजात रूपमा खास अनुबन्धमा बाँधिएको हुन्छ । विश्वका सभ्यतालाई हेर्दा विकृतिलाई नभई संस्कृतिलाई नै प्रश्रय र महत्त्व दिइएको पाइन्छ । यसको अर्थ संस्कार र संस्कृतिले मानिसलाई असल मार्गमा डोऱ्याउँछ । संस्कृतिको विपरीत धर्मका रूपमा प्रचलित विकृति शब्द र त्यसको अर्थगत मर्मले मानिसलाई खराब मार्गतर्फ प्रेरित गरेको देखिन्छ । संस्कृति परिवार र समाजमा अग्रज व्यक्तिहरूबाट हस्तान्तरण हुँदै आएको हुन्छ । हुन त संस्कृतिका रूपमा स्थापित भएका सबै कुराहरु राम्रा र हितकारी हुन्छन् नै भन्न त सकिँदैन यद्यपि कुनै कालखण्डको सामाजिक संरचना र आस्थाका कारण केही प्रतिकूल र घातजन्य कुराहरु पनि संस्कृतिका रूपमा हुर्किएको पाउन सकिन्छ । समय र चेतनाले ल्याउने ज्ञान, चिन्तन र व्यवहारका साथमा त्यस्ता विकृतिहरु क्रमशः हट्दै जान्छन् र हटाउँदै जानुपर्छ । संस्कृति भनेको अपरिवर्तनीय र अकाट्य कुरा होइन । यो त समयको गतिसँगै परिष्कृत र परिमार्जित हुँदै जाने विषय हो । तर संस्कृतिभित्र निहित राम्रा, अनुकरणीय, वैज्ञानिक र हितकारी पक्षलाई भुलेर अरूको अन्धानुकरण गर्नुलाई अल्पज्ञको संज्ञा दिन उपयुक्त हुन्छ । संस्कृति

मानिसका नसानसामा भिजेको हुन्छ । नेपालीमा प्रचलित "**बैंस जा बानी नजा**" भन्ने उखानको मर्मलाई हेर्दा बानी संस्कार सम्बद्ध हुने हुनाले यो झट्ट हटेर जाँदैन भन्ने कुराको पुष्टि हुन्छ ।

संस्कृतिका पृष्ठभूमिमा बहुमूल्य सम्पदाहरूको अस्तित्व पनि सँगै जोडिएको हुन्छ । राष्ट्रको इज्जत र प्रतिष्ठालाई उज्ज्वल तुल्याउन यस्ता सम्पदाहरूले कारक भूमिका खेलेका हुन्छन् । प्राकृतिक, सांस्कृतिक, पुरातात्त्विक र ऐतिहासिक महत्त्वका वस्तुहरूलाई सम्पदाको रूपमा लिइन्छ । यस्ता वस्तुहरु नहुँदा राष्ट्र वा समाजको शोभा नै रहँदैन । हुन त कुनै कालखण्डमा निर्माण भएका यस्ता पुरातात्त्विक सम्पदालाई प्रतिगामी र कुसंस्कृतिको द्योतक भन्ने पनि गरेको पाइन्छ तर पछिका पुस्ता र समयका लागि ती पनि ऐतिहासिक दृष्टिले सम्झन लायकका सामग्री बन्न पुग्दछन् । कुनै समयमा प्रयोग वा उपभोगका लागि बनाइएका भवन र दरबारहरु पछिका पिँढीका लागि सौन्दर्यका वस्तु बन्न पुग्दछन् । आज प्रचलन र व्यवहारमा रहेका वस्तु र सामग्रीहरु भोलि सौन्दर्यका सम्पदा हुन सक्छन् । यसैले यस्ता सम्पदा र पुरातात्विक वस्तुको संरक्षण गरी पछिका सन्ततिलाई हस्तान्तरण गर्नु वर्तमान पुस्ताको अभिभारा हो ।

### १.२.२ संस्कृति र भाषाको अन्तरसम्बन्ध

भाषा र संस्कृति एकअर्काका पूरकका रूपमा रहेको देखिन्छ । भाषाद्वारा संस्कृतिको सञ्चरण हुन्छ । यस्तै संस्कृतिले भाषालाई आधार सामग्री प्रदान गरेको हुन्छ । सांस्कृतिक प्रथा र प्रचलनका अवशेषहरु भाषामा प्रतिविम्बित भएर आएको देख्न सकिन्छ । भाषाको उन्नयनमा संस्कृतिको र संस्कृतिको संरक्षणमा भाषाको अहम् भूमिका रहेको देखिन्छ । अर्कोतर्फ भाषा आफैमा एउटा महत्त्वपूर्ण सांस्कृतिक सम्पदाका रूपमा रहेको छ । भाषाले संस्कृतिलाई सँगै हिँडाउने हुनाले भाषा र संस्कृतिलाई पर्यायका रूपमा लिने गरिन्छ ।

हाम्रो देश नेपालका सन्दर्भमा कुरा गर्दा नेपाल बहुभाषिक, बहुसांस्कृतिक राष्ट्र हो । यहाँ एक सय चौबिस जाति र एक सय तेइस भाषाहरु (भाषा आयोगको प्रतिवेदन अनुसार एक सय उनन्तिस) अस्तित्वमा रहेको चर्चा पाइन्छ । संस्कृतिको संरक्षणको प्रमुख आधार भाषा भएको हुनाले कुनै पनि भाषाले खास ठाउँ, जाति र वक्ताका संस्कार र मनोवृत्तिलाई डोऱ्याएको हुन्छ । भाषाको उठान र विकासमा मानवीय संस्कृति, मूल्यमान्यता र लोकआस्थाले महत्त्वपूर्ण कडीको भूमिका खेलेको पाइन्छ । भाषाबाट नै सामाजिक, सांस्कृतिक, धार्मिक अनुष्ठान, कर्म र संस्कारहरु प्रतिविम्बित भएका हुन्छन् । जाति वा समुदायको सामाजिक सांस्कृतिक क्रियाकलाप र आस्थाले भाषाको विकासलाई प्रत्यक्ष प्रभाव पारेका हुन्छन् । हाम्रो देशका भाषाको अवस्थालाई हेर्दा केही भाषा मृत अवस्थामा र केही भाषाहरु विस्थापनको बाटोतर्फ जाँदै गरेको स्थिति देखिन्छ । यस्तो हुनुको प्रमुख कारण अमुक भाषा बोल्ने मानिसहरूले आफ्नो भाषाका साथमा सांस्कृतिक मान्यता र क्रियाकलापलाई क्रमशः छाड्दै जानु हो । भाषा र संस्कृतिमा सरोकार राख्नेहरूका लागि यो विडम्बनाको विषय हो । जातिसँग जोडिएका कर्मपद्धति, संस्कार, चाडपर्व, मेलाउत्सव आदि कुराहरु भाषाको अस्तित्वसँगै समाप्त भएर जान्छन् भन्ने दृष्टान्तहरु हाम्रै सामु छन् । यसैले भाषा र संस्कृतिका बिचमा गहिरो सम्बन्ध रहेको छ । भाषाले संस्कृतिलाई संरक्षण गर्दछ भने संस्कृतिले भाषालाई छहारी प्रदान गर्दछ । नेपाली भाषाकै सन्दर्भमा हेर्ने हो भने काका, काकी, नन्द, अमाजू, आमा, ससुरा, सासू, सोल्टिना, फुपै, जेठान, सम्धी आदि जस्ता शब्दको प्रचलन कमशः घट्दै गएको देखिन्छ । सूक्ष्म रूपमा हेर्ने हो भने यस्ता शब्दहरूका साथमा खास पहिचान र संस्कृतिको छाप रहेको पाइन्छ । यसरी भाषाका शब्दहरु लोप हुँदै जाने हो भने भोलि हाम्रो मौलिकता र पहिचान सङ्ग्राहलयमा सीमित हुने अवस्था हुन सक्छ । यस्ता शब्दहरूको अर्थ, मर्म र परिचय परिवर्तित र आयातित शब्दहरूले दिन सक्तैनन् । अहिलेको अङ्ग्रेजीपरस्त शिक्षा र बढ्दो प्रतिभा पलायनले यो विषय अझै चुनौतीपूर्ण बन्दै गएको छ । हाम्रा खानपान र जीवनशैलीमा आएको परिवर्तन अनि आफ्नोभन्दा अरूको राम्रो देखेर अनुकरण गर्ने प्रवृत्तिले गर्दा अहिले नेपालका भाषा र संस्कृतिमा आक्रमण भइरहेको अवस्था टड्कारो रूपमा देखिएको छ । यसले भोलि हामीलाई कहाँ पुऱ्याउने हो चिन्ताको विषय बनेको छ ।

### १.२.३ सम्पदा राष्ट्रका धरोहर

कुनै पनि राष्ट्रको जगमा त्यहाँका सम्पदा र सांस्कृतिक पुरातात्विक महत्त्वका वस्तुहरु रहेका हुन्छन् । यस्ता सम्पदाहरु केही स्वयं निर्मित वा प्राकृतिक रूपमा निर्माण भएका हुन्छन् भने केही मानिसद्वारा निर्माण गरिएका हुन्छन् । हाम्रा हिमालय शृङ्खलाहरु र सगरमाथा, तालतलैयाहरु, गुफाहरु, छाँगा छहरा र झरनाहरु, वनजङ्गल र दृश्यहरु प्राकृतिक रूपमा निर्मित र उपहारका रूपमा प्राप्त भएका सम्पदा मानिन्छन् । यस्तै मठमन्दिरहरु, दरबारहरु, सङ्ग्रहालयहरु, गुम्बा, स्तूपाहरु, कलात्मक भवनहरु, पाटीपौवाहरु आदि मानवद्वारा निर्माण गरिएका सम्पदाका रूपमा लिइन्छन् । इतिहासको कुनै कालखण्डमा प्रयोगका लागि निर्माण गरिएका भवन, दरबार, पाटीपौवाहरु र प्रयोगका सामग्रीहरु पछि आएर साजसज्जा र कलात्मक महत्त्वका सम्पदाका रूपमा स्थापित भएका छन् । यस्ता सम्पदाहरूको संरक्षण, सम्बर्द्धन र विकास गर्नु नागरिकको कर्तव्य हो । वास्तवमा भन्ने हो भने मानिस आफैमा नाङ्गो प्राणी हो । परम्परादेखि लुगाको आवरण, गहनाको सजावट, खानपानको परिष्कार अनि संस्कृतिको अनुकरणद्वारा मानिस सभ्यतामा अगाडि बढ्दै गएको हो । यसैले मानिसको खास सभ्यता र परिचयलाई यिनै

सम्पदा र संस्कृतिले संरक्षण प्रदान गरेको कुरा भुल्नु हुँदैन । यी पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाहरूका गर्भमा खास अर्थ, मूल्य र आस्था रहेको पाइन्छ । यस्ता सम्पदाहरूले एकातिर इतिहास र संस्कृतिलाई आलोकित गरेका हुन्छन् भने अर्कोतिर जाति र सम्प्रदायका आस्थालाई पनि प्रतिविम्बित गरेका हुन्छन् । यति मात्र नभई कोही नव आगन्तुक वा अर्को संस्कृतिको मानिसका लागि रोचक, कलात्मक र अध्ययनका लागि सामग्री बन्न सक्छन् । यस्ता ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक महत्त्वका सम्पदाहरूको संरक्षण र विकासले राष्ट्रको गरिमा झल्किनुका साथै आम्दानीको स्रोतको आधार पनि बन्ने अवस्था देखिन्छ । यसैले यस्ता प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरु समाज र राष्ट्रका अमूल्य सम्पति र धरोहरका रूपमा रहेका हुन्छन् ।

### १.२.४ संस्कृति र सम्पदाका जगमा पर्यटन प्रवर्द्धन

मानिस स्वभावैले मनोविनोदी प्राणी हो । नयाँनयाँ ठाउँहरूमा घुम्नु, स्थानीय भूगोल, प्रकृति, पुरातात्त्विक सांस्कृतिक सम्पदा आदिको अवलोकन गरी आह्लादित हुनु मानवीय प्रवृत्ति नै हो । यसरी घुम्ने क्रममा विभिन्न राष्ट्रको ऐतिहासिक पुरातात्त्विक सम्पदा र मठ–मन्दिरको अवलोकनबाट प्रर्यटकहरूले सूचना र ज्ञान पनि लिने गर्दछन् । यस्तै गरी कुनै ठाउँको ऐतिहासिक सांस्कृतिक महिमा र त्यसको प्रभावले पनि धेरै मानिसलाई आकर्षण गर्दछ । हाम्रै नेपालको प्राकृतिक धरोहरका रूपमा रहेको सगरमाथा र अन्य हिमालहरु, सांस्कृतिक धरोहरका रूपमा रहेका लुम्बिनी, पशुपतिनाथ विश्वकै नजरमा परिचित रहेका छन् । हाम्रो राजधानी काठमाडौँलाई मन्दिरै मन्दिरको सहरको संज्ञा प्राप्त छ । पाल्पामा पनि यस्ता मठ, मन्दिर, विहार गुम्बाहरु धेरै भएका कारण सांस्कृतिक हिसाबले पाल्पा र यसमा पनि तानसेनलाई काठमाडौँको भाइ पनि भन्ने गरेको सुनिन्छ । यस्ता कुराको विज्ञापन र प्रचार-प्रसार गर्न सकेमा धेरै पर्यटकहरूलाई पाल्पामा ल्याउन सकिन्छ । पर्यटकहरु डाँडाकाँडा र जङ्गल हेर्न मात्र आउँदैनन् । उनीहरु त विभिन्न ठाउँका ऐतिहासिक, पुराताात्त्कि महत्त्वका सम्पदा र ठाउँहरूको अध्ययन गरी आफ्नो ज्ञानको क्षितिजलाई फैलाउने उद्देश्य राखेका हुन्छन् । तिनीहरूलाई आकर्षित गर्नका लागि हाम्रा ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक महत्त्वका सम्पदाहरूको संरक्षण र प्रवर्द्धन गर्नु अत्यन्त आवश्यक देखिन्छ । यस हिसाबले पाल्पालाई पनि आन्तरिक र बाह्य पर्यटकहरूको आकर्षक गन्तव्य बनाउन सकिन्छ । विश्वका धेरै मानिसको गन्तव्यका रूपमा रहेको बुद्धको जन्मस्थल लुम्बिनी र नेपालकै सुन्दर पर्यटकीय सहरका रूपमा परिचित पोखरामा आउने मानिसहरूलाई पाल्पासम्म भ्रमण गराउने आधार निर्माण गरी कार्यान्वयन गर्न सके मात्र पनि यस क्षेत्रको विकास उठ्न सक्छ । हामीले नारामा **"शिक्षा, स्वास्थ्य, पर्यटन"** भनी फलाकेको धेरै समय भयो तर वर्तमान सामयका आँखाबाट हेर्दा यी सबै क्षेत्रको अवस्था खस्किँदो गतिमा रहेको देखिन्छ । पर्यटकीय हिसाबले पाल्पालाई उठाउनका लागि हाम्रा भौतिक, सांस्कृतिक सम्पदाहरूको व्यवस्थापनको उत्तिकै खाँचो रहेको देखिन्छ । पाल्पा दरबार सङ्ग्रहालय त बनेको छ तर उपयुक्त व्यवस्थापन र नियमन हुन सकेको छैन । अर्को महत्त्वपूर्ण सम्पदा रानीमहल धेरैको गन्तव्यमा त पर्छ तर त्यहाँ पुगेपछि रित्तो दरबारको अवस्था देखेर मानिस निराश भई फर्कन्छ । श्रीनगर डाँडाको सुन्दरताको कल्पना गर्दै मानिस व्यग्र भएर त्यहाँ जान्छ तर सामान्य कुराको पनि उचित व्यवस्थापन नदेख्दा खासै आकर्षित हुन सक्तैन । यस्तै गरी भैरवस्थान, रम्भादेवी, रिडी हृषिकेश, अर्गली, गुफाचौर, प्रभास लगायतका धार्मिक सांस्कृतिक सम्पदाहरूको पनि उचित संरक्षण, संवर्द्धन र विकास गर्न आवश्यक देखिन्छ । यसका लागि खासखास गन्तव्य निर्धाण गरी प्याकेजको योजना बनाउन सकेमा विविध क्षेत्रका जनताले रोजगारी पाउने अनि यस क्षेत्रको विकास पनि हुने सम्भावना प्रशस्त छ । यसका लागि अटल प्रतिबद्धता, योजना निर्माण र तीब्र कार्यान्वयन आवश्यक रहेको छ । प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको समुचित, व्यवस्थापन, योजना र इच्छाशक्ति भएमा विकासको काँचुली फेर्न लामो समय लाग्दैन ।

**१.२.५ संस्कृति र सम्पदाको संरक्षण** कुनै पनि राष्ट्रको समृद्धि र विकासको जगमा त्यहाँका सांस्कृतिक सम्पदाहरू कारक कडीका रूपमा रहेका हुन्छन् । यस्ता सम्पदाहरूले राष्ट्रको ऐतिहासिक, सांस्कृतिक गौरवलाई झल्काएका हुन्छन् । राष्ट्रको सामाजिक सांस्कृतिक आस्था र मूल्यको झलक पनि यस्ता सम्पदाहरूमा प्रतिविम्बित भएको हुन्छ । जसले राष्ट्रको सनातन परम्परा, इतिहास, धर्म र संस्कृतिको अध्ययन गर्ने आधार प्राप्त हुन्छ । काठमाडौँका ऐतिहासिक, पुरातात्विक महत्त्वका मठमन्दिर र कलात्मक दरबारहरूले नेपाली कला, संस्कृति र आस्थाको प्रष्फुटन गरेको पाइन्छ । पाल्पाको सन्दर्भमा कुरा गर्दा अमरनारायण मन्दिर नेपाल एकीकरणको अभियानका क्रममा निर्माण भएको र भगवती मन्दिर नेपाल अङ्ग्रेज युद्धको पृष्ठभूमिमा विजय प्राप्त गरेको खुसियालीमा निर्माण गरी विजय यात्रा आरम्भ गरिएको इतिहाससँग जोडिएको छ । जुन अहिलेसम्म कायम रहेको पाइन्छ ।



यस्तै रानीघाट दरवार अर्थात् रानीमहल खड्ग शमशेरले आफ्नी रानी तेजकुमारीको सम्झनामा निर्माण गरेको इतिहास साक्षी छ । हृषिकेश मन्दिरको पनि आफ्नै पुरातात्विक किम्बदन्ती रहेको छ । यस्ता ऐतिहासिक, सांस्कृतिक सम्पदाहरूको निर्माणको पृष्ठभूमिको जानकारीबाट नयाँ पुस्तालाई ऐतिहासिक सांस्कृतिक विषयको ज्ञान गराउने कुरामा पनि जोड्न सकिन्छ । हाम्रो स्थानीय स्तरबाट कुरा गर्दा पाल्पामा भएका मठ-मन्दिर, गढी, किल्ला, दरबार जस्ता सांस्कृतिक सम्पदाहरु अमूल्य निधिका रूपमा रहेका छन् । यस्तै प्राकृतिक रूपमा पनि पाल्पा मनोरम तथा सुन्दर गन्तव्यका रूपमा रहेको छ । यहाँको श्रीनगर डाँडा, कौडे, रिमिघा, रिब्दीकोट, हात्तीलेक लगायतका डाँडा, पर्वतीय शृङ्खला अनि यहाँबाट देखिने हिमशृङ्खलाहरूको मनोरम दृश्यले जोकोहीलाई पनि लोभ्याउने हुनाले यिनको संरक्षण संवर्द्धन र प्रचार गर्न सकेमा भविष्य उज्ज्वल देखिन्छ । यस्ता सम्पदा र सांस्कृतिक धरोहरहरूले राष्ट्रलाई आभूषण प्रदान गर्नुका साथै आर्थिक रूपमा विकास गर्ने कारक पक्ष साबित हुन सक्छन् ।

**१.२.६ तानसेन : संस्कृति, सम्पदा र गन्तव्य**

सेन वंशले शासन गरेको पश्चिम क्षेत्रको प्रभावशाली राज्य पाल्पा र त्यसको केन्द्रका रूपमा रहेको तानसेन मठ, मन्दिर, कला र सम्पदाले समृद्ध सहरका रूपमा परिचित छ । सेनकालीन समयदेखि नै शक्ति र प्रभावमा रहेको तानसेनका सम्बन्धमा बोल्नुपर्दा वर्तमानका तुलनामा यसको अतीत सुकिलो र समृद्ध रहेको पाइन्छ । नेपालको पुरानो नगरपालिकाका रूपमा रहेको तानसेन भौगोलिक, प्राकृतिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण सहर अनि उज्यालो र घमाइलो सहरका रूपमा प्रसिद्ध छ । अहिलेको बिस्तारित तानसेनको भूगोल र यसभित्रका ऐतिहासिक, सांस्कृतिक सम्पदा तथा भौगोलिक प्राकृतिक अवस्थितिलाई हेर्दा यो नगरपालिका साधन-स्रोतका दृष्टिले समृद्ध रहेको छ । यहाँ वीरताको इतिहास बोकेको रणउजीरेश्वरी भगवती मन्दिर, आस्थाको केन्द्रका रूपमा रहेका अमरनारायण मन्दिर, हृषिकेशव मन्दिर, रिडीमा अवस्थित भीमसेन थापाले बनाएको सत्येश्वर महादेवको मन्दिर लगायतका विभिन्न देवी देवताका मठमन्दिरहरु रहेका छन् । यसै गरी ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका दरबार, भवन, देवल, विहार, गुम्बा लगायतका सम्पदाहरूले तानसेनको गरिमालाई माथि उठाएका छन् । यसै गरी विविध जातिका सामाजिक, सांस्कृतिक आस्था, अनुष्ठान, पर्व र उत्सवहरूले तानसेनको रौनकता थपेका छन् । नेवार र मगर संस्कृतिको सघन प्रभाव र आकर्षण यहाँको मौलिकताका रूपमा रहेको देखिन्छ ।

विविध जातजातिका मानिसहरु मिलेर बसेको तानसेन धार्मिक तथा जातीय सहिष्णुताको परिचय बोकेको सहरका रूपमा रहेको छ । वर्तमान नगर सरकारको यी सम्पदाहरूको उन्नयनतर्फको चासोलाई हेर्दा यहाँ अस्तित्वमा रहेका विभिन्न मठ-मन्दिर, गुम्बा, चैत्य, विहार, मस्जिद लगायतका सम्पदालाई नगरपालिकाद्वारा आर्थिक सहयोग र सद्भाव प्राप्त हुनुलाई यिनको संरक्षण र समन्वयात्मक भूमिकाका रूपमा लिन सकिन्छ । तानसेनमा अझै पनि केही रूपमा कलात्मक शैलीका पुराना घरहरु देख्न सकिन्छ । इतिहासदेखि नै प्रचलनमा रहेका ढुङ्गेधाराहरु, ठुला ढुङ्गाहरूबाट बनेका पर्खालहरु, ढुङ्गा बिछ्याइएका बाटाहरु, कलात्मक मन्दिर तथा भवनहरूको उचित संरक्षण र सुधार नहुँदा यस्ता वस्तुहरु लोपोन्मुख अवस्थामा रहेको देखिन्छ । यस्ता पुराना सम्पदा र वस्तुहरूले आगन्तुक पर्यटकहरूलाई आकर्षित गर्ने हुनाले यिनको अस्तित्वलाई जोगाउने कुरामा सूक्ष्म रूपमा ध्यान जानु आवश्यक देखिन्छ । वर्तमान तानसेनभित्रका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको पहिचान, संरक्षण र विकासको योजना निर्माण गरी तानसेनलाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा उठाउन सकिन्छ । यहाँका नेवार, मगर तथा अन्य जातिका संस्कृति र रीतिरिवाजहरूको पहिचानलाई जोगाई आफ्नै मौलिकताको झलक प्रदर्शन गरी आगन्तुकहरूलाई नयाँ अनुभूति दिलाउन सकिन्छ । रिडीदेखि रानीघाटसम्म रहेको कालीगण्डकी तटीय भूभागलाई व्यवस्थित गराई धार्मिक, सांस्कृतिक र मनोरञ्जनात्मक हिसाबले नगरपालिकाको लामो आयस्रोतको सम्भावना बढाउन सकिन्छ ।



नेपालको ऐतिहासिक सहरका रूपमा चिनिने तानसेन आफैंमा चर्चित सांस्कृतिक सहर पनि हो । पहाडी भूगोलमा दक्षिणतर्फ फर्किएको घना बस्ती तथा वरपरका आकर्षक दृश्य र सौन्दर्यले पनि यहाँको शोभा बढाएको पाइन्छ । तानसेनभित्र रहेका विभिन्न प्राकृतिक, सांस्कृतिक सम्पदाहरूको पहिचान, संरक्षण र व्यवस्थापन गर्नु नगर सरकारको दायित्व बनेको छ । यस्ता सम्पदाहरूको प्रचार-प्रसार र विकास गर्न सकेमा ठुलो सङ्ख्यामा आन्तरिक र बाह्य पर्यटकहरु भित्र्याउन सकिन्छ । यसैभित्र सरकारले तय गरेको पर्यटन वर्ष २०२० को उद्देश्य पनि समेटिन सक्छ । तानसेनका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाको संरक्षण-सम्बर्द्धन र प्रचार-प्रसार

गर्नुका साथै नागरिक स्तरबाट पनि पर्यटनमैत्री अभियानहरु चलाई उचित व्यवहार सम्पादन गर्नु आवश्यक छ । हाम्रा बोलीचाली, व्यवहार तथा हामीहरूले उपलब्ध गराउने सेवासुविधाका आधारमा नै पर्यटन क्षेत्र गुल्जार बन्न सक्छ । यहाँको सुमधुर हावापानी जस्तै हाम्रा बोली र व्यवहार पनि सुमधुर भएमा पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ । यसका लागि स्थानीय सरकारले स्पष्ट कार्यदिशा तय गरी निर्देशन र नियमन गर्न सकेमा तानसेनलाई धेरै पर्यटकहरूको आकर्षक गन्तव्य बनाउन सकिन्छ ।

**१.३ निष्कर्ष** देशलाई शोभा प्रदान गर्न अनि पहिचानलाई माथि उठाउन संस्कृति र सम्पदाले जीवन्त भूमिका खेलेका हुन्छन् । नेपालमा विविध जाति र संस्कृतिका मानिसहरु बसोवास गर्ने हुनाले विविधतामय संस्कृतिको आलोकमा हाम्रो देशको आकर्षण बढ्न गएको देखिन्छ । यस्ता विविध संस्कृति र सम्पदाहरूको संरक्षणले मात्र नेपाली जातीय संस्कृतिको साझा विम्ब झल्किन सक्छ । राष्ट्रको खास पहिचान झल्काउने र इतिहास र संस्कृतिको गौरवबोध गराउने यस्ता सम्पदाहरूले युगीन चेतना र आस्थालाई अभिव्यक्त गरेका हुन्छन् । गुणात्मक तथा दूरगामी हिसाबले व्यक्ति, समाज र राष्ट्रकै प्रतिष्ठालाई माथि उठाउनु र हाम्रा सम्पदाहरूको समयमै संरक्षण र विकास गर्नु हामी नागरिकको कर्तव्य हो । हाम्रा सामाजिक व्यवहार र क्रियाकलापहरूमा संस्कृतिका नाममा रहेका विकृति र खराब पक्षहरूलाई हटाएर सभ्य र परिष्कृत संस्कृतिलाई प्रवर्द्धन गर्नु आजको आवश्यकता हो । हाम्रा धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्वका सम्पदाहरूलाई जोगाई तिनको थप प्रचार गर्न सकेमा राष्ट्रकै पहिचान र ख्यातिको सम्प्रेषण हुन गई हाम्रा मौलिक परम्परा, आस्था र मूल्यको हस्तान्तरण हुन जान्छ । यसले नयाँ पुस्तामा आफ्ना परम्परा, संस्कार, संस्कृति र सम्पदाहरूको संरक्षण गर्ने सुझ जाग्न पुग्छ । यसरी एकातिर हाम्रा धरोहरहरूको संरक्षण हुन्छ भने अर्कोतर्फ यस्ता कुराको प्रचारप्रसार हुन गई देशको पर्यटन प्रवर्द्धनमा समेत प्रत्यक्ष टेवा पुग्दछ । यस्तो मर्मलाई बुझेर बहुआयामिक महत्त्वका हाम्रा पुरातात्विक, प्राकृतिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्नु आजको टड्कारो आवश्यकता हो ।

संस्कृति र सम्पदाका दृष्टिले तानसेन इतिहासदेखि नै नाम चलेको सहरका रूपमा उपस्थित छ । यहाँका ऐतिहासिक, पुरातात्त्विक दरबार, कलात्मक भवन तथा मठ-मन्दिरको छवि सुकिलो रहेको छ । नेवार, मगर र अरू जातिहरूका परम्परागत आस्था, मान्यता, जात्रा र उत्सवहरूले पनि तानसेनको पहिचानलाई माथि उठाएको पाइन्छ । आजको संघीय प्रणालीमा भौगोलिक रूपमा फैलिएको तानसेनमा मदनपोखरादेखि रिडीसम्मका भूभागहरु समेटिएका छन् । यसले गर्दा अरू प्राकृतिक तथा सांस्कृतिक महत्त्वका ठाउँ र वस्तुहरूले तानसेन अझ समृद्ध बन्न पुगेको देखिन्छ । स्थानीय संस्कृतिको झलकका साथमा राष्ट्रिय भावनालाई उद्घाटन गराउने यस्ता सम्पदाहरूलाई संरक्षण-सम्वर्द्धन गर्नु स्थानीय सरकार र आम नागरिकको कर्तव्य हो । हाम्रा प्रथा, प्रचलन, आस्था र मान्यताहरु प्रतिविम्बित भई गौरव बढाउने सांस्कृतिक महत्त्वका वस्तुहरूको संरक्षण गरेमा एकातिर आफ्नै पहिचान झल्किन जान्छ भने अर्कोतर्फ यस्ता सम्पदाहरूले पर्यटकहरूलाई आकर्षित गरी हाम्रो आयस्रोत बढाउन सकिन्छ । तानसेनको पहाडी भूबनोट, यहाँको रमणीय वातावरण तथा ऐतिहासिक, सांस्कृतिक गरिमाका पृष्ठभूमिसँग जोडिएका सम्पदाहरूको उचित संरक्षण र विकास गरी तानसेनलाई पर्यटनको आकर्षक गन्तव्य बनाउन सकिन्छ । यसका लागि ठुलो लगानी र जनशक्तिको आवश्यकता पर्दैन । प्राकृतिक र सांस्कृतिक उपहारका रूपमा प्राप्त सम्पदाहरूको उचित व्यवस्थापन र प्रचार-प्रसार गरी सानो प्रयासबाट तानसेनलाई माथि उठाउने अवस्था रहेकोले अबको ध्यान संस्कृति र सम्पदाहरूको संरक्षण गरी पर्यटन प्रवर्द्धनतर्फ केन्द्रित गर्नु आवश्यक देखिन्छ ।

*(सर्जक)*

**गजल**

## पाल्पा



**– पुष्कर अथक रेग्मी**

नेपालकै मावली गाम हो पाल्पा
सृष्टिको नै सुन्दर ठाम हो पाल्पा

रूरू रानी राम्दी कालीगण्डकीको
तीन तीर्थ पवित्र धाम हो पाल्पा

हस्त शिल्प कुटीर उद्योगसँगै
ढाका र करूवाको नाम हो पाल्पा

भूत वर्तमान र भविष्य सम्झे
सुक्रान्तिको पहिलो घाम हो पाल्पा

भाषा कला संस्कृति ज्ञान साहित्य
सर्जकको स्वर्णिम शाम हो पाल्पा ।

*(अध्यक्ष, पाल्पा साहित्य समाज)*

(निबन्ध)

# पहाडकी रानी



– डा. शंकरप्रसाद गैरे

पहाडको टाकुरामा नवागन्तुकको स्वागत र अभिवादन गर्न प्रकृतिको हरियो घुम्टो ओढेर बसेकी पहाडकी रानी हुन् श्रीनगर । सौम्य, शान्त, भद्र र सुशील यी युवतीलाई हेरेर मन्त्रमुग्ध नहुने को ? यिनको दर्शन गरेर सुन्दरताको वर्णन नगर्ने को ? यदि कुनै दम्भीले यो धृष्टता गर्छ भने सम्झनुहोस् उसमा सौन्दर्य चेतना छैन, ऊ पूरापूरा मान्छे होइन । उसको मनमा भावना, कल्पना, प्रेम र मायाको अभाव छ । मूढता छ, त्यसको रवाफ छ । आउनुहोस् तपाईं पनि एकपटक यी सुन्दरीलाई भेट्नुहोस्, नेत्रले मन र मुटुले यिनलाई स्पर्श गर्नुहोस्, यिनको अभिवादन र आत्मीयतालाई आत्मसात् गर्नुहोस् र तृप्त हुनुहोस् । यी सधै तपाईंलाई निमन्त्रणा गरेर तपाईंकै सत्कारका लागि आत्मीय भावका साथ पर्खिरहेकी छन् प्रेमले सिञ्चन गर्न हिंजो पनि, आज पनि र पर्खिरहने छिन् भोलि पनि ।

**"कहाँबाट आउने ?"**

तपाईं यदि दक्षिण निवासी हुनुहुन्छ भने तराईको फाँटबाट तिनाउले खोल्स्याएर निर्माण गरेको मार्ग प्रवेश गर्नुहोस् । करिब ३९ किलोमिटरको यात्रा गर्नुपर्नेछ तपाईंले । यसलाई लामो नसम्झनुहोस् । यात्रारम्भको मुखैमा तपाईंको भेट हुनेछ यी पहाडकी रानीलाई भेट्न आउनेहरूलाई, नवागन्तुकलाई स्वागत गर्न युगौंदेखि पर्खिबसेका कैलाशपति महादेवका प्रतिनिधि सिद्धबाबासँग । एकपटक रोकिनुहोस् र दर्शन गर्नुहोस् । नयाँ ऊर्जा दिनेछन् पहाडी यात्राका निम्ति तपाईंलाई । साँच्चै नजिकै एक करोडवर्ष अघिका हाम्रा बराजु छन् 'रामापिथेकस' । बुढालाई भेटी आउन नबिर्सिनुहोला नि । हतार छैन भने एक नजर नेपाललाई विद्युत सिञ्चन गर्ने तिनाउ हाइड्रोपावरको मुहान पनि हेर्नुहोस् ।

नडराउनुहोला महोदय ! तपाईंको अगाडि पछाडि दौडिरहेका अजङ्गका यमदूतहरूसँग . ती त नयाँ नेपाल निर्माणमा दत्तचित्त र समर्पित भएर तँछाडमछाड गरिरहेका छन् । के खाल्डाखुल्डी परेको मार्गबाट डर लाग्यो ? बिस्तारै आउनुहोस् । करिब दुई किलोमिटर यात्रा गरेपछि तपाईंको भेट पक्कै सुगममार्गसँग हुनेछ । विश्वास गर्नुहोस् महासय, पहाडीहरू झुटो बोल्दैनन् ।

ठाउँठाउँमा चिया, चमेना, खाना पसल भेटिनेछन् । नडराउनुहोला, यिनीहरू नयाँ मान्छे देखेर महङ्गो भाउ गर्नेछैनन् । व्यापारी हुन् तर तपाईलाई अतिथि ठान्नेछन् । जोरधारामा आइपुग्नुभयो ? एकछिन बिसाउनुहोस् । थकाइ पनि लाग्योहोला पहाडको नागबेली यात्राबाट । ढुङ्गे कापबाट निस्किएको निर्मल जलपान गर्नुहोस् । तपाईंको थकाइ र आलस्य फूमन्तर हुनेछ । बिस्तारै निस्कनुहोस् गौंडेपुल, भालेबास, बाँसटारी हुँदै माथि निस्कनुहोस् । तपाईंले निकै चहलपहल पाउनुहुनेछ । यो प्रवास हो । पाल्पाको मेडिकल कलेज ।

यदि तपाईं साँझपख त्यहाँ आइपुग्नुभएको छ भने माथितिर हेर्नुहोस् त । तपाईंलाई आकाशको एक टुक्रा तारा सहित धर्तीमा झरेको भ्रम पर्न सक्छ, तर नझुक्किनुहोस् महोदय, यो आकाशको टुक्रा होइन । यो त नेपालको ऐतिहासिक तानसेन नगरको वक्षस्थल हो, अर्थात् सम्झनुहोस् श्रीनगर शिर हो भने यो झिलिमिलि वदन हो पहाडकी रानीको । अब तपाईं बिस्तारै माथि निस्कनुहोस् । नागबेली सिद्धार्थराजमार्गमा केही माथि आएपछि सानो बजार, एउटा चोक भेटिनेछ । यसलाई बर्तुङ्ग भन्छन् । तपाईं झुक्किनुहोला नि ! दायाँतिर नलाग्नुहोला । त्यस बाटोले तपाईंलाई पोखरा पुऱ्याउँछ । बायाँ लाग्नुहोस् । केही क्षणमै तपाईं तानसेन बसपार्क पुग्नुहुनेछ, जहाँ तपाईंको सत्कार र आतिथ्यताका लागि पर्खिरहेको पाउनुहुनेछ होटल व्यवसायीहरूलाई । तपाईंलाई बसपार्कको नजिक बस्न मन पर्दैन भने सेवामा हाजिर हुनेछन् ट्याक्सीचालकहरू तपाईंले खोजेजस्तो वासस्थानमा पुऱ्याउने छन् तपाईंलाई ।

महासय तानसेन केही क्षणमा घुमौला । थोरै समय विश्राम गर्नुहोस् ।

यदि तपाईं यी पहाडकी रानीसँग भेटघाट गर्न पूर्वोत्तर दिशाबाट आउँदै हुनुहुन्छ भने तर्नुहोस् कालीगण्डकीको विशाल जलधारामाथिबाट । जहाँ वर्षौं पहिला निर्मित विशाल र कलात्मक वृज छ पाल्पा र स्याङ्जालाई जोड्ने । हो महोदय पाल्पा प्रवेश गर्नासाथ तपाईंको स्वागत गर्नेछन् यहाँ पनि कैशालपति महादेवका प्रतिनिधि, जो युगौंदेखि सिद्धगुफामा बसिरहेका छन् तपाईंको सत्कारमा । एकपटक भेट्न, दर्शन गर्न नभुल्नुहोला ।

अब तपाईंले करिब पच्चीस किलोमिटर लामो यात्रा गर्नुपर्नेछ पहाडी रानीलाई भेट्न । आधा उकालो र आधा तेर्सो तर पुरै नागबेली यात्रा हुनेछ । बिस्तारै हिड्नुहोस् । आधा बाटो अर्थात् उकालो सक्नासाथ एउटा भञ्ज्याङमा आइपुग्नुहुनेछ तपाईं, जहाँ सानो बजार छ । त्यसलाई आर्यभञ्ज्याङ भन्छन् । बस् यहींबाट देखिनेछिन् पहाडकी रानी, जसलाई भेट्न तपाईं टाढाबाट आउनुभएको हो ।

के तपाईं उत्तरबाट आउँदै हुनुहुन्छ ? त्यसोभए पनि तपाईं तीर्थस्थलबाटै प्रवेश गर्नुहुनेछ पाल्पामा । जहाँ कालीगण्डकी उत्तरबाहिनी बनेकी छन् । नजिकै सुन्दर र कलात्मक सेतो भवन देख्नुभयो ? यही त हो प्रेमको प्रतीक, नेपालको ताजमहल भनेर चिनिने रानीमहल । हो महासय खड्गशमशेरले आफ्नी पत्नी तेजकुमारीको आग्रहमा निर्माण गरेका हुन् यसलाई । एक पतिको पत्नी-प्रेमको प्रमाण यो महल प्रेमको प्रतीक हो । एकपटक पक्कै प्रवेश गर्नुहोस् त्यस श्वेतभवनमा । सुन्दर आँगन र मन्दिर सहितको त्यस दरबारको वरिपरि देख्नुहुनेछ प्रेमील युवायुवतीहरूका जोडीलाई । आश्चर्य नमान्नुहोस् र सङ्कोच पनि । यो त प्रेमको तीर्थस्थल हो । अनि प्रेमको दर्शन, प्रेमील मनहरूको दर्शन के स्वाभाविक होइन र ?

यस मार्गबाट आउँदा तपाईंलाई थोरै यातायातको असुविधा हुनसक्छ । समय मिलाएर हिड्नुहोला । करिब १३ किलोमिटर यात्रा गरेपछि दक्षिण दिशामा फर्किएर तपाईंलाई पर्खिरहेको पाउनुहुनेछ पहाडी रानीले ।

के तपाईं पश्चिम दिशाबाट पाल्पा प्रवेश गर्दै हुनुहुन्छ ? त्यसो हो भने पनि प्रसिद्ध तीर्थस्थल रूरूक्षेत्रमा मानसरोवर निवासी विष्णुका प्रतिनिधि तपाईंको स्वागतमा उपस्थित पाउनुहुनेछ । पक्कै एकपटक तपाईं पस्नुहुनेछ त्यहाँ । धेरैबेर नअल्मलिनुहोला रूरूधाममा । केही माथि निस्किएपछि तपाईं देख्नुहुनेछ पाल्पाको एक प्रसिद्ध फाँट अर्गली । तपाईंलाई थाहा नहोला यस फाँटको एउटा महत्त्वपूर्ण विशेषता हो वैज्ञानिक सिँचाइ प्रणाली । तपाईंले कतै जुद्धशमशेरले निर्माण गरेको विशाल दरबार हेर्न खोज्दै त हुनुहुन्न ? महोदय त्यो त इतिहास मात्र छ, र केही भग्नावशेष । भो छोड्नुस्, अब उकालो लाग्नुहोस् । जोर्ते, लघुवा, हार्थोक हुँदै तपाईं आइपुग्नुहुनेछ प्रसिद्ध भैरवस्थान मन्दिर । अनुकूल हुन्छ भने एकपटक पस्नुहोस् । मन्दिर परिसरको विशाल त्रिशूललाई एसियाकै ठूलो मानिन्छ ।

बाटोमा तपाईंले एउटा ढुङ्गेधारा भेट्नुहुनेछ । जसलाई जोगी(बोलपानी)पानी भनिन्छ । छिटो बोली नफुटेका बालबालिकालाई यहाँको पानी खुवाए छिटो बोली फुट्ने मान्यता छ । अब केही क्षणमै तपाईं बतासेडाँडाबाट तानसेन प्रवेश गर्नुहुनेछ ।

यसरी जुन दिशाबाट प्रवेश गरे पनि तपाईंले विशेष आतिथ्यता पाउनुहुनेछ बन्धु ।

आउनुहोस् बन्धु अब म तपाईंलाई तानसेन घुमाइदिन्छु र तपाईं बुझ्नुहुनेछ यस टाकुरालाई किन भन्दारहेछन् मान्छेहरु पहाडकी रानी ।

अब म तपाईंलाई सर्वप्रथम तानसेनको केन्द्रस्थल शीत्तलपाटी पुऱ्याउँछु । यो देख्नुभयो आठकुने पाटी ? यसलाई शीत्तलपाटी भनिन्छ । तलपट्टि फर्कनुहोस् त । यो विशाल ढोका देख्नुभयो ! यसलाई मूल(वग्गी) ढोका भनिन्छ । यो ढोका एसियाकै सर्वाधिक ठूलो ढोका मानिन्छ बुझ्नुभो ! आउनुहोस् यही ढोकाबाट भित्र पसौँ । यो खड्गस्तम्भ हो । यो रातो भवन देख्नुभयो ? यो राणाकालीन समयमा पाल्पा गौणामा खटाइएका प्रताप शमशेरले निर्माण गरेका हुन् तर द्वन्द्वकालमा माओवादी योद्धाहरूले ध्वस्त पारेपछि यसको पुनर्निर्माण भयो त्यही ढाँचामा । अहिले यसलाई सङ्ग्रहालय बनाइएको छ । आउनुहोस् पाल्पा दरवार सङ्ग्रहालय अवलोकन गरौँ ।

अब आउनुहोस् म तपाईंलाई भगवती मन्दिर पुऱ्याउँछु । यस मन्दिरको नाम रणउजीरेश्वरी भगवती मन्दिर हो । सेनाप्रमुख उजीरसिंह थापाले अंग्रेजसँगको युद्ध जितेमा देवीको मन्दिर स्थापना गर्ने भाकल गरी स्थापना गरेको मन्दिर हो यो ।

हिड्नुहोस् अब नारायणस्थान जाऔँ । यो कलात्मक मन्दिरलाई हेर्नुहोस् त । यो लक्ष्मीनारायणको मन्दिर हो । यस मन्दिरको नाम अमरनारायण मन्दिर हो । नेपाल अंग्रेज युद्धका प्रमुख योद्धाहरूमध्येका अमरसिंहले बनाएको यो मन्दिर काष्ठकला 'टुँडाल'का लागि पनि प्रसिद्ध छ । हेर्नुहोस् त ती टुँडालमा कुँदिएका विभिन्न सम्भोग मुद्राहरु । लाज मान्नुभयो ? नलजाउनुहोस् यो त सृष्टिको आधार हो र यसको ऐतिहासिक मनोवैज्ञानिक महत्त्व छ ।

आउनुहोस् आजको पठन यात्रामा म तपाईंलाई अन्य केही ठाउँ पुऱ्याउँछु । हेर्नुहोस् यो हो पाल्पाको टुँडिखेल । यो सुन्दर भवन नगर कार्यालय हो, स्थानीय शासन सञ्चालन गर्ने ठाउँ । तल पूर्वतिर हेर्नुस् त विशाल गोही आकारको माडीफाँट । तपाईंलाई थाहा छैन होला विहानीमा हुस्सुले ढाक्दा यो दूध पोखरीजस्तो देखिन्छ, ज्यादै अद्भुत र आश्चर्यलाग्दो । ऊ त्यो परिपट्टिको बस्ती देख्नुभयो ? त्यो मदनपोखरा हो जो कृषिका लागि देशमै प्रसिद्ध छ ।

आउनुहोस् तपाईंलाई त्रिभुवन वहुमुखी क्याम्पस पनि देखाइहालौँ । पश्चिम नेपालमै उच्चशिक्षाको पहिलो मुहान हो यो ।

भोलि प्रातःकाल सूर्योदयसँगै उत्तरमा देखिने अनेकौँ हिमश्रृंखलाहरु हेर्न नभुल्नुहोला नि । सूर्यकिरणले सुवर्णमय चम्किएको हिमाल पश्चिमदेखि उत्तर हुँदै पूर्वसम्म लामबद्ध बसेको छ । पाल्पा आउँदा पुग्नैपर्ने ठाउँ हो श्रीनगर । एक रन्को फन्को मार्नुहोस् । पल्लो पाखामा केही तल मिसन अस्पताल छ । अब आउनुहोस् भ्युटावरमा उक्लिएर तानसेनको सेरोफेरो अवलोकन गर्नुहोस् ।

भन्नुहोस् महोदय के यी साँच्चै पहाडकी रानी होइनन् त !

महोदय बाइबाइ ! आफ्नो ठाउँमा पुगेर आफूले देखको तानसेनबारे सुनाउन नबिर्सिनुहोला, र भन्नुहोला तानसेन एकपटक जानैपर्ने ठाउँ हो । साँचो भन्दारहेछन् **'तानसेन पहाडकी रानी'** हुन् ।

*(सर्जक)*

# संस्कृति र सम्पदाको संरक्षणमा नगरपालिकाको भूमिका



-नारायणप्रसाद कोइराला

**विषय प्रवेश**

काठमाडौंबाट पश्चिम लागेपछि पाल्पा, विशेष रूपमा तानसेनमा जति जात्रा पर्व, अन्यत्र पाइदैन । त्यस प्रकारका जात्रा वा पर्वले हाम्रो वैदिक सनातन सम्यता र संस्कृतिलाई प्रतिविम्बित गर्दछन् । त्यसको आधार त्यहाँ रहेका मन्दिरहरू हुन् हाम्रो गौरव अर्थात हाम्रा सम्पदा ! !

कुनै पनि समाज, टोल वा वस्ती, वजार वा सिङ्गो राष्ट्र, यदि त्यस भित्रको मौलिक भाषा, भेषभूषा, धर्म संस्कृति र सम्पदाको संरक्षण गर्न असमर्थ रह्यो भने त्यसको पहिचान लोप हुन्छ । राष्ट्रियता केवल भूगोल मात्र होइन, अपितु त्यहाँ भित्रको आफ्नैपन हो । आफ्नोपन सकिनासाथ आफू रहिंदैन । विस्तारै राष्ट्रियता नै समाप्त हुन पुग्छ । यहिं निर दक्षिण अफ्रिकाका पिता मानिने नेल्सन मण्डेलाको भनाइ **"हाम्रो हातमा जमिन थियो । उनीहरू बाइबल लिएर आए आज उनीहरूको हातमा हाम्रो जमिन र हाम्रो हातमा बाइबल"** कति मार्मिक छ यो भनाइ !! चीनका राष्ट्रपति सिले १२ औं काँग्रेसमा बाहिरबाट आफ्नो संस्कृति माथि अतिक्रमण हुने प्रयास रहेकोतर्फ सचेत गराएका थिए । शताब्दियौं पुरानो नागाल्याण्डको सभ्यता, संस्कृति, भाषा, सम्पदा र प्राकृतिक श्रोतको समूल नाश भएकोछ । भारतीय सेना र केन्द्रबाट जनतालाई सिधै दिइने रकमबाट मात्र जोगिएको छ । आज त्यहाँका वहुसंख्यक नागरिक इसाई भएका छन् ।

विकासका विविध पर्यायवाची शब्दहरू मध्ये एक परिवर्तन पनि हो । त्यो हो सकारात्मक परिर्वतन । निःसन्देह पूर्वाधार निर्माण वा समयानुकूल बाटो पुल आदि पनि विकास भित्रै पर्दछन् तर केवल ढुङ्गा वा इट्टामा सिमेन्ट पोत्ने वा विना योजना डर लाग्ने विनाश हुने गरी डोजरले माटो खन्नु मात्र विकास देख्ने र गर्ने सोच अन्ततः विकास नभई विनाश हुन पुग्छ । जसरी कुनै रोगी मानिसलाई पोसाक वा श्रृङ्गारबाट क्षणिक पुष्टता देखाइए पनि यथार्थमा भित्र खोक्रो हुन्छ त्यसरी नै समाज पनि त्यहाँ भित्रको मूल्य, मान्यता, संस्कृति, सम्पदा, भेषभूषा र धर्मको संरक्षण विना खोक्रो हुन पुग्छ । विकासको मूल ध्येय समग्र मानवीय पक्षको विकास हो ।

पाल्पा विषेशतः तानसेन भित्र यस्ता धेरै कुरा छन् कतिपय त लोप हुनेहुन् कि ? भन्ने अवस्थामा छन् । कतिपय उचित संरक्षणको अभावमा विरूप हुन पुगेका छन् । कतिपय विना योजना बनाउँदा कुरूप हुन पुगेका छन् । विविध कारण वा समय सन्दर्भले तानसेनमा आर्थिक गतिविधि नगन्य हुन पुग्यो । नयाँ सोच र योजना विना आर्थिक गतिविधि बढाउन र सौन्दर्यीकरण गराउन सकिदैंन त्यो विना पर्यटनको कुनै सम्भावना छैन । तानसेनलाई आन्तरिक रूपमा बलियो र समृद्ध बनाउने केही आधारहरू मध्ये पर्यटन हो -त्यो हाम्रो मौलिक आवास, टोल वा वस्ती, भेषभूषा, भाषा, खाद्य परिकार, संस्कृति र सम्पदा हुन् । जसलाई जोगाउने संरक्षण गर्ने, आधुनिकिकरण गर्ने हो, तर समग्रमा त्यसतर्फ हाम्रा प्रयासहरू अत्यन्त नगण्य छन् । यसवारे सम्पूर्ण कुरालाई सूक्ष्म विश्लेषण गर्दै कार्य योजना बनाउन यो सानो लेखमा सम्भव छैन तर केही महत्वपूर्ण पक्षलाई दिशा निर्देशन हुने नै छ भन्ने अभिप्रायले उल्लेख मात्र गर्दछु ।

संस्कृति र सम्पदा अलग पनि हुन् र अन्योन्याश्रित पनि छन् । व्यवहारगत रूपमा पनि यहाँका वासिन्दाको भावनात्मक र आध्यात्मिक आस्थासँग जोडिएको हुँदा त्यससँग संवन्धित पक्ष वा सरोकारवालाहरूका साथै त्यस क्षेत्रको, मौलिकता, वैदिक धार्मिक आधार, भौगोलिक, प्राकृतिक एवम् पुरातात्विक अवस्थाको अध्ययन आवश्यक छ । त्यत्तिकै आवश्यकता तत् तत् क्षेत्रको संचालन वा संरक्षणको जिम्मेवारी प्रदान गरिने व्यक्ति, समूह आदितर्फ पनि उचित्त ध्यान पुऱ्याउन पर्ने हुन्छ । जनसहभागीता मूल पक्ष हो । उचीत व्यक्तिको चयन बिना त्यो सम्भव पनि हुँदैन-कदाचित भयो नै भने पनि संरक्षण वा दिगोपना वा आर्थिक पारदर्शीता रहँदैन । विगतका केही कृयाकलापहरूले त्यस्तो देखाएको पनि छ ।

**प्राथमिकतामा राख्नु पर्ने क्षेत्रहरू**

**अमरनारायण मन्दिर परिसरः-**

(क) यो मन्दिर अनुपम छ । काष्टकलाको अद्‌भूत नमुना भएको यो मन्दिर काठमाण्डौ वाहिर पाल्पामा मात्र छ । कतिपय बौद्धिक भनाउँदाहरूले टुँडालमा कुँदिएका कामक्रिडाका कलाहरूलाई त्यसै सँग जोडेर हेर्ने र लेख्ने गरेका छन् । जसले यसको महत्व घटाएको छ । संक्षेपमा उक्त काष्टकलाहरू वेद पुराण सम्मत छन् । जसको अर्थ गर्भ गृहमा रहेको मूर्तिहरूसँग छ । अर्थात् त्यो जान्ने विज्ञले वाहिर काष्टकलाको चित्र हेरेर गर्भ गृहको

मूर्तिको व्याख्या गर्न सक्दछन् । यस्तो गहिरो अर्थ भएको यो हाम्रो निधिलाई Blue Print तयार गरी Wave site वनाई राख्न सके एवम् त्यसको सचित्र अर्थ समेतको पुस्तक तयार गर्न सके पर्यटकको आकर्षण वढ्न सक्छ । जसका लागि कुनै ठुलो धनराशीको आवश्यकता पर्दैन ।



**(ख) भजनकिर्तन र आरतीको स्थायीत्वः**

मन्दिरको आकर्षण मध्ये भजन किर्तन र आरती हो । पशुपतिनाथको आरती, जनकपुर गंगासागरको आरती, वाराणसी र हरिद्वारको गंगा आरती थाहापाउने वाहिरबाट जानेले छुटाउँदैनन् । यसबाट धार्मिक आस्था र विश्वास मात्र नभई पर्यटकलाई समय विताउने स्थलका साथै आयश्रोतको नयाँ क्षेत्र समेत थपिन्छ । न्यूनतम खर्चमा सुरू गरे पश्चात् यस कार्यबाट पछि आफ्नै आयबाट निरन्तरता दिन सकिन्छ तर हुन सकेको छैन ।

**(ग) प्राकृतिक स्रोतको व्यवस्थापन**

यस मन्दिरको परिसर भित्र पानीको ठुलोमूल पनि छ, तर जथाभावी रूपमा वनाइएका संरचनाले धेरै मूल सुक्दै गएको छ । भएका २ ठूला पोखरी मध्ये एउटा त देख्दा नै पीडा वोध हुने अवस्थामा छ अर्को पोखरी जेनतेन केही महिना पानी भरिन्छ । त्यति मात्र होइन शिव मन्दिर रहेको परिसर भित्रको पानीको धारा नुहाउने लुगाधुने कार्यले उत्तिकै फोहर भएको छ । पानीको अभाव भएको तानसेनमा यसको व्यवस्थापन गर्न सके केही हदसम्म पिउने पानीको समस्या समाधान भई पर्यटकको आकर्षणको स्थल हुन सक्छ ।

**(घ) मन्दिर परिसर** भित्र प्रशस्त जमिन छ । त्यसक्षेत्रलाई सुन्दर उद्यानको रूपमा विकास गर्न सके पर्यटन र आम्दानीको थप स्रोत हुन्छ । वास्तवमै तानसेन भित्र उक्त नारायण मन्दिर परिसर क्षेत्र भन्दा अन्यत्र त्यस्तो स्थल छैन । जहाँ त्यस्तो उद्यान बनाउन सकियोस । धेरै निकायको समन्वय र स्वीकृति चाहिने अवस्थामा तानसेन नगरपालिकाले त्यस्ता कार्यको सुरूवात गर्दा नगर कै आकर्षण बढ्न जान्छ र सजिलो पनि हुन्छ ।

**(ङ) फुलवारी क्षेत्र भित्र रेड्क्रसको कार्यालय छ :** कुनै पनि दृष्टिकोणले त्यो त्यहाँ उपयुक्त थिएन र छैन पनि त्यसको स्थानान्तरण गर्नु पर्दछ । नगरपालिकाले उपयुक्त स्थानमा जग्गा उपलब्ध गराई विविध क्षेत्रको सहयोगमा भवन निर्माण गर्न नसकिने होइन । त्यस फूलवारीलाई विविध जातका पानीको मूल संरक्षण हुने विरूवाहरू एवम् श्री खण्ड जस्ता बोट लगाउनाको साथै उक्त क्षेत्र भित्र योग प्राणायामको केन्द्रका साथै विविध पुराण वाचन गर्ने स्थल, अतिथि गृह, विवाह, व्रतवन्ध र धार्मिक पूजा आदिको क्षेत्रको रूपमा विकास गर्न सकिन्छ ।

**(च) मूल मन्दिरः** झण्डै २१३ वर्ष पुरानो मन्दिर उचित व्यवस्थापनको अभावमा राम्रो संरक्षण हुन सकेको छैन । साधारण सीपको प्रयोगले मात्र त्यसको वाहिरी र भित्री अवस्थाको सफाइ हुन सक्दैन । त्यसको सम्पूर्ण सफाइ काठहरूमा नियमित तेल लगाई, साझमा उचित लाइटिङ्को व्यवस्था गर्ने हो भने त्यसले आकर्षण अझै बढ्न जान्छ ।

**२. गणेश मन्दिरः**

श्रीनगरको काखमा रहेको यो मन्दिर निकै पुरानो पनि हो । यस सानो परिसरलाई संरक्षण गर्न सके तानसेन वजारको ८० % दृश्यको साथै झण्डै पुरै माडीफाँट, कौडेको लेकको साथै मस्याम क्षेत्रको दृश्यावलोकन हुन्छ । विहान सूर्योदय र साँझको सूर्यास्तको मनोरम दृश्यावलोकन गर्ने स्थल वन्न सक्छ । यहाँ बन्नुपर्ने संरचना तर्फ ध्यान पुगोस् ।

**(३) दुङ्गे धाराहरूः** तानसेनमा धेरै ढुङ्गेधाराहरू छन् । जथाभावी घर निर्माण, रूख कटानीबाट मूल सुक्दै गएका छन् । नगरपालिका कार्यालय नजिकै रहेका ती मूलको श्रोत र धाराहरू, विना योजना वनाएका संरचना र अधुरा कार्यहरू देखी नसक्नु अवस्थामा छ । प्राविधिक परामर्शका साथै स्थानीय जनताको व्यापक सहभागितामा त्यसलाई आधुनिकिकरण (मूलस्वरूप नबिगारीकनै) गर्न सके तानसेन कति सुन्दर हुने थियो !

**(४) पुरानो घर टोल वस्तीको संरक्षण**

तानसेनमा पुरानाघर, काठका ढोका र झ्यालमा अनेकौं प्रकारका कलाहरू छन् । क्रमशः नयाँ घर बनाउनेले पुराना सबै हटाउँदै गएका छन् । आउने पर्यटकले हेर्ने भनेकै त्यही पुरानो कला हो । भक्तपुर र बन्दीपुरले जोगाएकै छन् तव न पर्यटकको आकर्षण वढेको छ । तानसेन नगरपालिकाले त्यसको संरक्षण गर्ने नीति बनाउनुका साथै नयाँ निर्माण गर्दा समेत बाहिरीभाग त्यस्तो बनाउनु पर्ने मापदण्ड तय गर्न ढिलो भैसकेको छ ।

टुँडिखेल देखि भीमसेनटोल, नारायण टोल, असनटोल, शीत्तलपाटी, भगवतीटोल हुदै वसन्तपुर कैलाशनगरको टोल वस्तीको आफ्नै

मौलिकता छ । टकसारका पुराना घरहरूको आफ्नै विशेषता छन् । स्थानीय व्यक्तिको भावनामा चोट नपुग्ने गरी वजारको व्यवस्थापन, सौन्दर्यीकरण, संरक्षणका साथै नयाँ सोचका साथ राम्रो गर्न सकिन्छ । त्यसतर्फ ध्यान पुगोस् ।

**(५) जात्रा, पर्व र मेलाको व्यवस्थापन**



तानसेनमा विभिन्न देवताहरूको रथयात्रा हुने गर्दछ, तर पछिल्लो समयमा जनसहभागिता क्रमशः घट्दै गएको छ । भगवतीको रथ यात्रामा सरकारी उर्दीबाट आउने वाहेक सर्वसाधारण रथका पछि हिड्नेको संख्या नगण्य छ । केही वर्ष अगाडिसम्म नारायणको रथ यात्रामा रथको पछि हिड्नेको संख्या हेर्दा लाजमर्दो थियो । अहिले वढ्दो छ । त्यस्तै गणेश, भैरव, भीमसेनको रथ यात्राको साथै रोपाइँ जात्रा समेत ओझेलमा परेको छ । प्रतिवर्ष केही हजार रूपैयाँ दिनु मात्र त्यसको समाधान होइन । स्थानीय जनता, सरोकारवालाहरू, उद्योग वाणिज्य संघ र सुरक्षा निकायहरू सँगको व्यापक अन्तरक्रियाबाट समाधान आउँछ । त्यसको अग्रसरता लिने दायित्व नगरपालिकाकै हो स्थानीय सरकार भएकाले, तर मन्दिर भित्रको भेटी व्यवस्थापन, पूजा, र भजनकीर्तनमा सुधार अत्यावश्यक छ । त्यसका लागि व्यवस्थापन समिति क्रियाशील हुनै पर्दछ । मेरो अनुकूलको व्यक्ति, मेरो दलको व्यक्ति, भागबण्डा वा सर्व पक्षीयका नाउमा असक्षम व्यक्तिहरूको चयन नै सर्वाधिक वाधक छ । स्थानीय सरकार यसबाट मुक्त भई अगाडि बढेमा समाधान सम्भव छ ।

**(६) अन्य सांस्कृतिक पक्षः**

तानसेन, पाल्पाकोआफ्नै संस्कृति छ । विविध नाचहरू, पोसाक र बाजाहरूको आफ्नै आकर्षण छ, तर दुर्भाग्य ! आउने पर्यटकलाई हेर्ने कुनै प्रवन्ध छैन । वतासेडाँडामा डवली निर्माण त हुँदैछ तर त्यहाँ प्रस्तुत गरिने विविध कार्यक्रमहरूबारे कुनै तयारी भए जस्तो देखिदैंन । त्यसको तैयारी त सुरूमै हुनुपर्ने हो !

निश्चित रूपमा लगानी निजीक्षेत्रले नै गर्ने हो र पूर्वाधार सरकारले गराइदिने हो । शिक्षा, स्वास्थ्यका साथै संस्कृति र सम्पदाको संरक्षण त सरकारकै दायित्व हो । सानो उदाहरण; निजी क्षेत्रका बैकहरूमा केही पैसा सामाजिक कार्यमा खर्च गर्नैपर्ने प्रावधान छ । धादिङ्को निलकण्ठ न.पा.मा बैंकहरूसँग समन्वय गरी बजारभित्र सिसि क्यामरा राखिएको छ भने हामी संस्कृति र सम्पदाको संरक्षणमा सहकार्य गर्न सक्छौं, तर प्रयास भएकै देखिएन । यस पंडितकारको अनौपचारिक सम्वादमा ती बैंकहरू एक्लैले गर्न नसक्ने तर सबैको सहयोग हुंदा राम्रो काम हुन सक्ने धारणा पाएको यहाँ उल्लेख गर्न चाहन्छु ।

**(७) खाद्यपरिकार र भेषभूषाः**

हाम्रा परम्परागत खानाका परिकारहरू हराउँदै जान थाले । बजार भित्र पनि रेष्टुरेण्ट, होटल वा विवाह व्रतबन्ध वा कुनै पनि कार्यक्रममा त्यस्ता परिकार पाइनै छाड्यो । बाहिरबाट आउनेहरूले स्थानीय परिकार खोज्छन् तर पाउँदैनन् । स्थानीय सरकारले निजीक्षेत्रलाई यसका लागि प्रोत्साहन गर्नु पर्दछ । स्थानीय सरकार र सरकारी कार्यालयहरूमा गरिने कार्यक्रमहरूमा त्यस्ता परिकारको सुरूवात गरे क्रमशः बढ्दै जान्छ । गर्न नसकिने होइन । होटल श्रीनगरमा पर्यटन सम्वन्धी गोष्ठीमा दिइएका खाद्य परिकारको सबैले प्रशंसा गरेका थिए । पछिल्लो समय तानसेन नगरपालिकाका विभिन्न वडामा खानामहोत्सव आयोजना गरिएको पाईन्छ ।


**सारांशमा :** माथि उल्लेख गरेका विचारहरू केवल ठूलो बाटो निमार्णका लागि सामान्य रेखाङ्कन मात्रै हो । सरोकार वालाहरू र तत् तत् विषयका जानकारहरूसँग वृहत् छलफल गर्न सकिन्छ । नगरपालिकाले सुरू गर्दै रहेको युवा स्वरोजगार कार्यक्रममा यस्ता विषयहरूलाई समेट्न सक्नु पर्दछ । सानै प्रयासले मात्र पनि यी कार्यहरू सम्पन्न हुन सक्छन् । माथि उल्लेख गरेझैं समग्र मानवीय पक्षको विकासतर्फ र स्थानीय सीप, प्रविधि र स्रोतको समुचित्त व्यवस्थापन र उपयोग गर्दै स्थानीय संस्कृति र सम्पदाको संरक्षण नै आउँदा दिनहरूका लागि तानसेनको भविष्य हो । नगरपालिका आवश्यक कार्ययोजना सहित अगाडि बढोस् ।

*(साबिक गाउँ विकास समिति महासंघ नेपालका संस्थापक अध्यक्ष)*


- समय मै कर तिरौं, गौरवान्वित बनौं र जरिवानाबाट बचौं।
- व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र व्यवसाय गरौं।
- समयभित्रै जन्म,मृत्यु, विवाह लगायत घट्ना दर्ता गरी आफ्नो अधिकार सुनिश्चित गरौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# पाल्पाली साङगीतिक क्षेत्रको ठूलो नाच सोरठी



- नीलकण्ठ न्यौपाने

मानिस सामाजिक प्राणी हो । उसलाई खान लाउन बस्न मात्र पाएर पुग्दैन । ऊ विविध सामाजिक क्रियाकलाप अपनाउन चाहन्छ । मनोरञ्जनका विविध उपाय अपनाउछ । आत्मरञ्जन मनोरञ्जन उसको थप अभीष्ट हो । आकाङ्क्षा हो ।

त्यसैले होला मानव सभ्यताको प्रारम्भसँगै मानिसले गीत, संगीत, नृत्य, नाटक प्रहसन सबै मनोरञ्जनको साधन माध्यम बनाउँदै आएको छ । प्रागः ऋग्वैदिक कालदेखिनै गीत संगीतको क्रमागत विकास भएको छ । सामवेदको वाचन शैली नै गेयात्मक छ । यसको अध्ययन शैली नै संगीतमय छ ।

संगीतले नीरस मन मस्तिष्कलाई पनि सजिलै पगालिदिन्छ । पत्थर जस्तो कठोर मनलाई पनि गलाइदिन्छ । कोमल सहज सरल बनाइ दिन्छ । मानव अन्तरमनको व्यथा वेदना सुख दुःखलाई सहजै समन गरेर आल्हाद प्रदान गर्छ । जीवन पद्धतिलाई उर्जाशील बनाउँछ ।

समाज विकासको क्रमसँग संगीत कलाको पनि विकास भएको पाइन्छ । नेपालमा नेपाली भाषाको पूर्ण विकास हुनु अघि भारतका हिन्दी, बङगाली, भोजपुरी, अवधी भाषाको मिश्रित प्रभाव गीत संगीतमा पनि परेको भेटिन्छ । यिनमा भक्ति संगीतका गीत, गजल, भजन, कीर्तन आदि पर्दछन् ।

गीति कथानकमा आधारित बालन, सोरठी, घाटु, उहाली मावल श्रीगान (मङगलगीत) गीति कथानक आदि सबैमा हिन्दी नेपाली मिश्रित भाषाको प्रयोग भएका गीतहरू आज पनि प्रचलनमा छन् ।

सबै गीति कथाका पात्रहरूमा राम, कृष्ण, सीता, राधा, रूक्मिणीजस्ता पौराणिक देवी देवताका चरित्र गायन गरिएको हुन्छ । कतै पौराणिक राजा रानीका चरित्र चित्रण गरिएका हुन्छन् । मनोरञ्जनको उद्गम भूमि राजदरवार थियो त्यतिबेला । तत्कालीन संस्कार राजतन्त्रसँग सम्वन्धित रहन्थे । त्यतिबेलाका गीत गायन सबै शासक वर्गका प्रशंसा स्तुतिपरक रहन्थे । दरबारिया गायकहरूलाई चारणभाट भन्ने गरिन्थ्यो । साँझ बिहान सुत्ने उठ्ने बेलामा गीतगायन गरेर शासकहरूको प्रशंसा गर्ने चलन थियो ।

गाउँघरमा धनीमानी सामन्त साहूका घरमा गन्धर्व भाटहरू गीत नृत्यका पेशेवर कलाकार हुने गर्थे । नाच नचाइन्थ्यो । बकसपात पुरस्कार दिएर खुशी पारिन्थ्यो उनीहरूलाई । ठूलो नाचको आयोजना सर्वसाधारण परिवारले गर्न सक्दैनथ्यो । यसबाट आर्थिक हैसियतको मापन पनि हुने गर्थ्यो ।

सोरठी (ठूलो नाच) स्याङ्जा पाल्पाको सेरोफेरोमा यहाँका मगर, कुमाल आदि जनजाति समाजमा नाचिने सामूहिक नाच हो । यसलाई ठूलो नाच पनि भनिन्छ । ६, १२, २४ देखि ४८ घण्टासम्म निरन्तर नाच्न सकिने श्रृङखलाबद्ध कथानक भएको नाच नै ठूलो नाच हो । सोरठी नाच हो । यस्तो लामो गीति कथानकमा आधारित संगीतको धरोहर हो र नेपाल र नेपाली समाजको परिचय हो । गौरव हो । मौलिक सांस्कृतिक पहिचान पनि हो यो ।



- तोमबहादुर ढेंगा मगर (रौरा)

यो लेखको स्रोत पाल्पा ताहूँ मलेङगका ठूलो नाचका रौरा श्री तोमबहादुर ढेंगा मगर हुनुहुन्छ । जससँग मैले २०३८ भदौ २५ मा उहाँकै घरमा गएर सामान्य परिचय संकलन गरेको थिएँ ।

उहाँ जस्ता अनुभवी रौराको सहयोगमा यस्ता धेरै नाच नाचनले गाउँगाउँमा ठाउँ पाएका थिए । विशिष्ट मनोरञ्जनको माध्यम बनेका थिए त्यति बेला । आजकल त्यस्तो छैन । दशैंभरि टिभी, रेडियो, अडियो, भिडियो, मोबाइल सेट आदि विविध माध्यमको अत्याधुनिक सांगीतिक विकासले लोक गीत संगीतका धेरै प्राचीनतम विधाहरू लुप्त प्रायः बनिसकेका छन् । सोरठी नाच पनि पहिले जस्तो आजकल गाउँगाउँमा समेत आयोजना हुन छाडेका छन् । कलाकारिताको पुस्तागत हस्तान्तरण हुन छाडेका छन् । नयाँ पुस्ताले पुरानो पुस्ताको सांगीतिक कला ग्रहण गरेर सामाजिकीकरण गर्न अप्ठेरो मान्न थालेको छ । हाम्रो मौलिक पहिचान कतै धरापमा पर्न थालेको हो कि, शंका बढ्न थालेको छ ।

सोरठी प्रमुख आकर्षण मध्ये चार-छ जनाको समूहमा मादल बादक र मुजुरा बादकहरूको सामूहिक ताल हो । सामूहिक भाव भङ्गिमा

हो । मादलेहरूको अभिनय सहितको वादन निकै आकर्षक हुने गर्छ सोरठी नाचमा ।

यसैमा यौटा रौरा (प्रमुख गायक) हुने गर्छ । जो यस नाचको निर्देशक हो । अभियन्ता हो । जसले ठूलो नाचको आदि अन्त्य गर्न महत्वपूर्ण भूमिका खेल्दछ ।

नृत्यतर्फ पुरूषुङ्गे (पुरूष नायक) ले आफ्नो कलात्मक गीति अभिनयले मोहित पार्दै नृत्य गर्छ । कथानकलाई जीवन्त सञ्चार प्रदान गर्छ । नाचलाई मूर्तरूप दिएर दर्शकहरूलाई मन्त्रमुग्ध पार्छ । यसमा शान्त, श्रृंगार र करूण रसको प्रधानता रहन्छ । मध्ययुगीन समयको जयसिंह राजा (जयसिंह) को पाठ खेल्ने यो पात्र नाचको नायक पात्र हो । यसको भेष मुकुटसहित लवेदा सुरूवाल, कम्मरमा तलसम्म फुर्को खसालेर बाँधिएको पटुका हुन्छ । शिरमा पगरी, हातमा रूमाल नभएर त्यही पटुकाको फुर्को हातमा लिएर नाचिन्छ । खुट्टामा चाँपको ताल दिइन्छ । आकर्षक परिधानमा मादलको तालमा रिङदै, घुम्दै थचक्क बस्ने जुरूक्क उठ्ने नायिकालाई आफूतिर आकर्षित गर्ने कलात्मक ठट्टा अभिनय यस नाचमा हुने गर्छ । श्रृंखलाबद्ध गीति कथानकको भावमा दर्शकहरू हर्षित बन्छन् । आल्हादित हुन्छन् ।

यस नाचको प्रमुख नारी पात्र मारूनी हो । यसले रैमती (रूपमती) रानीको कलात्मक अभिनय गर्ने हुँदा, भेषभूषा, आभूषण श्रृंगार यसै अनुरूप हुने गर्छ ।

शिरमा मुकुट, मखमली चौबन्दी चोलो, गाऊन आकर्षक साडी, टीका, गाजल, चुरा, पोते, कण्ठमाला, सुनका चुडी, घुँगरू पात्रका श्रृंगार हुन् ।

यिनै परिधानसँगै पुरूषुङ्गेसँग महिला मनोवृत्तिजन्य अभिनय कला मन्दमुस्कान, समय समयको कटाक्ष नजर, भावभङ्गिमा संहित सामूहिक मादलको तालमा छम् छम् नाचेर दर्शक समक्ष प्रस्तुत गरिने नृत्यकला ज्यादै प्रभावपूर्ण बनेको हुन्छ खुल्ला रंगमञ्चमा । दर्शक दीर्घालाई समेत सँगै नाचूँ नाचूँ गराउने यस नाचले रातभर पनि भोक न निद्रा गराएर सांगीतिक आनन्दमा दर्शकहरूलाई भावविभोर पार्छ । कतै पट्यार लाग्दैन ।

नाचको यौटा पाटो गीतिकथाको कथानक श्रृंखला हो । अर्कोतिर दर्शकहरूलाई पट्टेर नलागोस् भनेर साथमा ख्याली-नाच, चुड्का नाच नचाइन्छ । ताल फेरिन्छ । राग फेरिन्छ । लय, अभिनय फेर्छन् कलाकारहरूले । जोकरहरू, जोगियाहरूले हास्य अभिनय गरेर प्रहसन गर्छन् । नाचलाई थप प्रभावकारी बनाएर अघि बढाइन्छ । यसमा पूर्वीय नाट्य परम्पराको धर्म पालन पूर्णतः भएको पाइन्छ । यो बहुपात्रीय प्रावधानको गीति नाटिका पनि हो । नाचको आफ्नै आचार संहिता छ । जसको परिपालन आदि अन्त्य सम्म कलाकारहरूले गरेका हुन्छन् । खुला मञ्च आँगन प्राङ्गणमा सबै कलाकार जम्मा भएर आयोजकको प्रशंसागीतबाट सोरठी श्रीगणेश हुन्छ । **जस्तैः**

ए...... हो हो उघाएर धेरै मधुवा उघाएर ।
सुनैकी संगार रूपैकी दुबार उघाएर घरै मधुवा ।
यै घर मुखियैको आँगन बढारी राख न
मुखियैको नाम र सुनी हमु खेलन
जिमी गृहिया तुम्हारा खेल रँग हमारा

......... आदि प्रशंसा गीतले नाच नचाउनेको मनोभावनालाई अझ उदार र उत्साहप्रद बनाउने प्रयास गरिन्छ ।

**मंगलाचरणः**

नाचको प्रारम्भ मंगला चरणबाट हुन्छ । नाचमा कुनै विघ्न आइनपरोस् । निर्विघ्न सम्पन्न होस् भन्ने सदाशय सहित संगीत वाणीकी प्रतीक सरस्वतीमाताको यसरी स्मरण गरिन्छ ।

सरस्वती शरना बुन सखी हो सरस्वती शरना बुन ।
हो हो शिर सिन्दुर शिरयाँ सुवाइ हो ......
सरस्वती शरना बुन सखि हो, सरस्वती शरना बुन,

**यसैगरी सरस्वतीको सबै अंगको सम्झना गरी आदर गरिन्छ ।**

गलै कण्ठिया कमै चोलिया आङै वरकी
कम्मरू पटुकी गौडै पैजरे

त्यसपछि विभिन्न स्थानीय देवी द्यौतालाई सम्झिन्छ । साथमा लामाहरू हल्लिन थाल्छन् । बाहिरबाट पनि झाँक बस्नेहरू सहभागी हुन्छन् । गायक र वादकका रौराले मादलको ताल दिएर ढाम मारेर बसाल्छन ।

**सोरठीको कथा संक्षेप**-प्रेमी नायक जैसिंगे राजा प्रेमिका (नायिका) रैमती रानी आपसी बलियो प्रेमबन्धनमा बाँधिएका हुन्छन्, तर धेरै समयसम्म उनीहरूलाई सन्तान हुन्नन् । दुवै निकै चिन्तित हुन्छन् । दुवैको कारूणिक प्रेम प्रसङ्ग यसरी अघि बढ्छ ।

आगे चल्यो राजै ज्यू, पछि चल्यो रानी (रिटक)
राजैज्यूको बिछाउने पलँगै र खटिया ......
राजैज्यूको सिरानी सुनै रूप गेरूवा
आगे चल्यो राजा ज्यू ............
राजैज्यूको बिछाउने सतरङगे गुँदरी

राजा जय सिंहको शारीरिक अंग प्रत्यङ्ग रूप लावण्य सबैको गीतिलयमै सौन्दर्य चित्रण गरिन्छ ।

रानीको पनि यसरी नै सौन्दर्य चित्रण हुन्छ ।
रानी ज्यूको सिरानी सुनै रूप झरिया
आगे चल्यो रानी ज्यू पिछे चल्यो राजा ज्यू

यसरी रानीका सबै रूप सौन्दर्य लावण्य अंग, प्रत्यङ्ग, भेषभूषा, वस्त्र आभूषण आदिको गीति वर्णन काव्यात्मक शैलीमा गरिन्छ । रूपक उत्प्रेक्षण गरिन्छ । ढिलो ताल छिटोतालमा वर्णन विस्तार गरिन्छ । खेल ठट्टा, हँस्यौली प्रस्तुत हुन्छन् । नाच, गान, ताल लयको सङ्गमले वातावरण संगीतमय बन्छ ।

कथानक अनुसार राजारानीको बन्ध्याकरणविरूद्ध सन्तान प्राप्तिको बैद्यद्वारा उपचार गरिन्छ । केही समयपछि रानी गर्भवती हुन्छिन् । क्रमशः एक दुई तीन गर्दै दश महिना पछि रानीलाई प्रसव पीडा हुन्छ । रानीलाई सन्तान लाभ हुन्छ ।

माघै मास दशै महिना जनिमभो रानी

हा ऽऽ हो गावैको कटुवाले सोढेनीलाई बोलाई ल्याऊ ।

कटुवालले पूर्व दिशाको सोडेनीलाई बोलाएर ल्याउँछ । राज कुमारीको जन्म हुन्छ ।

सुनै लाछी कचौरी गंगै जल भरिलेऊ ।

नुहाउने बेला काखै राखी गंगाजल भरिलेऊ ।

नाल काट्ने बेला सुनैलाछी छुरिया रूपैलाछी झरिया

काखै लेउ बालखु नलै हेपी लेऊ न

सोडेनीबाट नाल काट्ने, धुने, घिउ तेल घस्ने काम हुन्छ ।

उसलाई चाहेको उपहार दिएर पठाइन्छ ।

शिशुको जन्म कुण्डली हेराउन ज्योतिषी बोलाइन्छ । उनी ज्योतिष सामग्रीको तामझामसहित आउँछन् । प्रहसन ठ्ट्टा विनोद हुन्छ ।

आइमा पुगे पण्डित गुरू ज्योतिषी वैठ हमार खटिया

थालभरी अछेता गुन लगन हेरिदेऊ ज्योतिषी

ज्योतिषीले पात्रो पञ्चाङ्ग धुलौटा कोरेर हेरेपछि सात मूल परेको कुरा यसरी बताउँछन् ।

तोरी वेटिया मूलै पऱ्यो शान्ति गर राजै ज्यू हो ....

सातै मूल पानी भरी लेऊ शान्ति गर मूल पानीको

आमा, बाबा, धन, दाजु, भाइ, दिदी, बैनीको मूल परेको बताएपछि राजाले राजकुमारीलाई यमुनामा बगाइदिने इच्छा प्रकट गर्छन् । सुनार बोलाएर सुनको बनोट चाँदीको बिर्को (ढकन) भएको मधुस तयार पार्छन् । सबै प्रजा बोलाएर छोरीलाई मधुसमा राखेर बगाइ दिन्छन् । रानीले निकै विलौना गर्छिन् ।

मेरो बालै ऐसानाश भए हो नाथ जमुना जल रोएला ।

नदी वारि नदी पारि चखेवा र चखेवी विछुटै भै गयो माया मारि भयो

मै र जस्तो अभागिनी संसारमै होवैनन्
दसैमासको कोखीको घाउ कसैमा गरी बिर्सौला
बालैजो मेरो कुमारी (रिटक)
दूध चुहेर हृदय भिज्यो । आँसु चुहेर पछ्यौरी भिज्यो

**राजाले सम्झाउँछन् ।**

धुरूमा धुरू नरोऊ रानी मुगा मोतीले धोउँला ।
सुन हीरा मोती हीरा जुहारले छाउँला ।
तर रानी विलौना गर्न छाड्दिनन् ।
अरूको बालै जसैमा तसै मेरो बालै नदी बगायो
अरूको दुध खान्छ छम छम गर्छ धुलीमा खेल्छ ।

यसैबीच गाउँको कुनै यौटा मलाह र कुमाल सँगै नदीमा माछा मार्न जान्छन् । जाल खेल्दै जाँदा माथिबाट बग्दै आइरहेको सुनको मधुस देखि अनेक कल्पना गर्दागर्दै जाल हान्छन् । बाकस पाखा निकालेर नखोल्दै यौटाले बाहिरको अर्कोले भित्रको लिने शर्त गर्छन् ।

रोजीमा लेऊ ए कुमाल रोजी लेऊ
बाहिरको धनी माल मलाहले लियो
भित्रको धनीमाल कुमालले लियो

कथानकको सबै श्रृङ्खला गीतिरिटक मै रहेका छन् । मधुस भित्र उधारी हेर्दा लालकुमारी भिक्षु फेला पार्छ । कुमालका कुनै सन्तान थिएनन् । पाल्दै गएपछि राजकुमारीको उमेर अवस्था पुग्यो । ज्यादै सुन्दरी कुमारीको चारैतिर चर्चा फैलियो ।

जय सिंह राजा शिकार खेल्न जाँदा राजकुमारीलाई देख्छन् । निकै प्रभावित हुन्छन् । उनलाई प्राप्त गर्ने उपाय रच्छन् । यौटी सुन्दरकन्यालाई कुमार बनाएर बिहे गर्ने तारतम्य मिलाउँछन् । अन्तत : समलिङ्गी विवाह हुन्छ । जन्ती फर्किदै गर्दा राजकुमारीले एकान्तमा यौटा युवकसँग दैवी सहयोगले पुरूष लिङ्गी बनेर राजकुमार भएर घरजम गरेको रोचक कथानक यसमा रहेको छ । अन्तिममा बिदाइ गीत आसिका गायन गरेर नाच टुङ्गिन्छ ।

मगरात समाज बहुल पाल्पा र आसपासमा नाचिने ठूलो नाच अव पाल्पाली आँगनमा विरलै देख्न पाइने अवस्था बनेको छ । गाउँपालिकाबाट तानसेन बसाइ सर्ने मगर समाज अब दिन प्रतिदिन बढ्दो अवस्थामा छ । तानसेनका सचेत नेवार नागरिकहरूले नेवारी कला संस्कृतिको जीवन्त जतन गरिरहेकै छन् । अव तानसेन बस्ने शिक्षित मगर समाज तानपाका युवाहरूले तानसेनमा समय समयमा ठूलो नाच नचाउन पर्ने बेला आएको छ । विदेशी पर्यटकहरूमा पनि हाम्रो यो लोक नृत्य प्रचार प्रसार गरेर नेपाल र नेपाली लोक संस्कृतिको परिचय दिनु हामी सबैको दायित्व बनेको छ । तानसेनमा बन्दै गरेको सांस्कृतिक डबलीमा लोपोन्मुख ठूलो नाच (सोरठी) जस्ता नाच नचाएर संस्कृतिको जगेर्नातर्फ नगरप्रमुखको समेत ध्यानाकर्षण होस् । शुभकामना ।

*(लेखक तथा साहित्यकार)*

तस्विर सौजन्यः माधव न्यौपाने पूर्वखोला पाल्पा

# तानसेन जाऔं: संस्कृति र सम्पदासँग रमाऔं



- माधव अर्याल

### विषय प्रवेश

तानसेन नगरपालिका मुलुककै तेस्रो नगरपालिका हो अर्थात् २००७ साल चैतमा ११ वडा कायम भएको इतिहास रचेको नगर हो। नेपालको पुरानो प्रशासनिक विभाजन अनुसार पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पाल्पा जिल्ला थियो । त्यसपछि लुम्बिनी अञ्चलको पहाडी जिल्ला पाल्पा बन्यो । हाल प्रदेश ५ अन्तर्गत पर्दछ । वि.सं. २०४८ सालमा ४ वडा थप भएको हो । त्यसपछि यही नगरपालिकामा १५ वडा कायम भयो । संघीय संरचना अनुसार २०७३ फागुन २२ मा साबिकका तानसेन नगरपालिकामा, वराङ्दीका (२-६), मदनपोखरा, तेल्घा, बन्दीपोखरा, बौघापोखराथोक, बौघागुम्हा र अर्गली गा.वि.स.हरु समावेस गरिएको छ । तानसेन नगरपालिकाको नयाँ संरचनामा १४ वडा रहेका छन् ।

### तानसेनको इतिहास



पाल्पा राज्य सेन वंशका दशौं पुस्ताका राजा चन्द्र सेनका छोरा रुद्र सेनले वि.सं. १५६३ मा स्थापना गरेका थिए । त्यस समयमा पाल्पाका शक्तिशाली राजाको रुपमा रुद्र सेनलाई चिनिन्थ्यो जसले पाल्पा राज्यको विस्तार गरी आफ्नो राज्यको राजधानी तानसेनलाई बनाएको इतिहास छ । भनिन्छ, भारतमा मुसलमानहरूले आक्रमण गरेको समयमा धपाइएका हिन्दू वंशका राजाहरु दक्षिणी भू-भागबाट नेपालतर्फ अर्थात् उत्तरी क्षेत्रतर्फ भागेर पन्ध्रौं शताब्दीमा नेपालतर्फ पसेका थिए । त्यस बेला नेपालमा पनि बाईसे-चौबीसे राज्यहरु (खण्डित अवस्थामा) रहेका थिए । दक्षिणबाट धपाइएको सेन राजाले बुटवल, रिडसिङ्ग, रिब्दीकोट, पूर्णकोट हुँदै तानसेन प्रबेश गरेको इतिहास पढ्न पाइन्छ । सोही क्रममा त्यस बेलाका शक्तिशाली राजा रुद्र सेनले आफ्नो राज्य तथा शक्तिको विस्तार गरी राजधानी हालको तानसेन नगरपालिकालाई बनाएको तथा तानसेनमा राणा शासकहरूले काठमाडौंबाट नेवार समुदायका कालिगढ ल्याएर शहरको मुहारै फेरेको इतिहास भेटिन्छ । तानसेनका गल्लीहरू हिड्दा, डुल्दा घरिघरि राजधानी काठमाडौंकै याद दिलाउने गर्छ । तानसेन र काठमाडौंका नाम मिल्ने असनटोल, मखनटोल, बसन्तपुर, टुँडिखेल, नारायणस्थान, भीमसेनटोल जस्ता ठाउँ छन् । तानसेन बजार कुनै समय नेवारहरूको बस्ती थियो भन्दा अहिले कतिपयलाई पत्याउन गाह्रो होला । किनकि यहाँ धेरैजसो नेवारी ढाँचाका घरहरू भत्काएर नयाँ पक्कीघरहरु बनाइएको छ तर, शहरका केही भागहरुमा अझै पनि पुरानो शैलीका घरहरु देख्न सकिन्छ । बजारका पुराना गल्लीहरुमा डुल्दै गर्दा तपाई यहाँ नेवार हरुको आगमन भएको दिनको सम्झनामा पुग्न सक्नुहुन्छ । तानसेन नगरपालिकाले नगर क्षेत्रका ऐतिहासिक सम्पदाहरूको संरक्षण र सम्वर्धनमा प्राथमिकता दिएको पनि छ । पछिल्लो समय शीतलपाटी भीमसेन मन्दिर, हुलाकनेरको गणेशमन्दिर, बसन्तपुरको लक्ष्मीनारायणमन्दिर लगायतको छाना फेर्न तानसेन नगरपालिकाले सघाएको छ । त्यसो त हिन्दूहरूको आस्थाका धरोहरहरू अर्थात् मन्दिर मात्र होइन चर्च, गुम्बा र मस्जिदहरूको जिर्णोद्धार र संस्कृति संरक्षणमा समेत नगर सरकारले यथोचित सहयोग गरेको नगरप्रमुख अशोककुमार शाही बताउनु हुन्छ । कला, संस्कृति र सम्पदासहितको इतिहास बोकेको तानसेनको गौरव कायम राख्न तानसेन सरकार कछुवा गतिमा हिडेर भने सम्भव नहुने पक्का छ । रानीमहल अर्थात् रानीघाट दरवार १० वर्षको लागि जिम्मा लिएयता नगरप्रमुखले उदघोष गरेका अधिकांस काम सम्पन्न हुन बाँकी नै छ साथै बिस्तारित तानसेनमा वडा नं १ देखि १४ सम्म रहेका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय सम्पदाको संरक्षण, जिर्णोद्धार, नयाँ बसपार्क र श्रीनगर विग बुद्ध पार्क निर्माण लगायतका नयाँ योजना कार्यान्वयनतर्फ पनि नगरप्रमुख लगायत जनप्रतिनिधिको ध्यानाकर्षण हुन आवश्यक छ ।

### नामाकरण

तानसेन नगरको नामकरण सम्बन्धमा पौराणिक किम्बदन्ती छ । तानसेन भन्ने शब्द सेन वंशका राजाको नाम ताम्रसेनबाट आएको बताइन्छ । त्यस्तै नामकरणको विषयमा मगर शब्द "तान्सिङ" बाट तानसेन बन्न गयो भनिन्छ । जसको अर्थ उत्तर तर्फको बस्ती भन्ने बुझिन्छ । वि.सं. १८८५/८६ तिर काजी बख्तावर

सिंह पाल्पाको तैनाथवाला भई आएका थिए । वि.स. १८८६ मै खरका छाप्राहरु तथा कच्ची घरहरु भएको तानसेनमा भयानक आगलागी भयो । बिचल्लीमा परेका बासिन्दाहरुको निवेदनपछि भीमसेन थापाले व्यक्तिगत सम्पतिको सुरक्षा गर्न र पक्की घर बनाएर बसेमा घरपतिले जग्गा बेच बिखन गर्न पाउने, अमाली वा चौधरीले पजनी गर्न नपाउने आदेश दिएको पाइन्छ । जुन आजको वर्तमान तानसेन नगरपालिकाको नगर हाल शहरको रुपमा विकसित हुन गएको हो ।

**पर्यटकीय गन्तव्य**

पहाडकी रानी वा काठमाडौँको भाइशहर आदि उपमाले परिचित तानसेनमा एउटा विशिष्ट भौगोलिक संरचना रहेको छ । पहिले सानो भौगोलिक बनावट भएपनि अहिले भूगोलको हिसाबले पनि ठूलो भएको छ । तानसेनको शिरको रूपमा रहेको श्रीनगरडाँडा १ हजार ३ सय ७२ मिटरको उचाइमा छ । प्रदेश ५ को अस्थायी मुकाम बुटवलदेखि ३९ किलोमिटर र काठमाण्डौदेखि ३ सय ६ किलोमिटरको दुरीमा रहेको छ । तानसेन नगरपालिकाले १ सय ९ दशमलव ८ वर्ग किलोमिटर क्षेत्र ओगटेको छ । पूर्वमा बगनासकाली, पश्चिममा रिब्दीकोट गाउँपालिका पर्छ । उत्तरमा स्याङ्जा जिल्लाको कालीगण्डकी गाउँपालिका, दक्षिणमा माथागढी र तिनाउ गाउँपालिका रहेका छन् । मुख्य वस्तीहरू नगरको दक्षिणी भागमा अवस्थित छन । यहाँको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा सांस्कृतिक विविधताको कारण पर्यटकीय गन्तव्य स्थलको रुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको वरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृङ्खलाहरु, कालीगण्डकी नदी, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जङ्गल यहाँका प्राकृतिक श्रोत र साधन हुन् । तानसेनको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षण हुन् । तानसेन नगरपालिकामा रहेको सांस्कृतिक विविधता र प्राकृतिक सौन्दर्य पर्यटक आकर्षणको मुख्य पक्ष हो। यस नगरपालिकामा रहेका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरुको विवरण निम्नानुसार रहेका छन् । तानसेन बजार र आसपासका डाँडाकाँडाबाट मनमोहक दृश्य अवलोकन गर्न सकिन्छ । अझ श्रीनगर डाँडा उक्लिने हो भने त सगरमाथा, कञ्चनजंघासहितको महालङ्गुर हिमश्रृङ्खला हेर्न पाइन्छ । तरेली परेका पहाडहरु देख्दा तपाईंको मन जति फोटो खिच्दा पनि अघाउँदैन ।

**प्रकृतिको खानी**

लोक गायक झलकमान गन्धर्वले एउटा गीत गाएका थिए । त्यो सबैको मुखमा झुण्डिएको पनि हो । त्यो के थियो ? सबैलाई चाखको विषयवस्तु हुन सक्छ । **'तानसेन घमाइलो, जता निरमाया उतै रमाइलो......'** यो गीत त्यत्तिकै झलकमानले गाएका होइनन् । किन भने यसले तानसेनको महिमा बोकेको छ । तानसेनमा साँच्चै प्राकृतिक सौन्दर्यको खानी छ । चिसोमा घमाइलो हुन्छ । गर्मीमा पनि ३३ डिग्रि सेल्सियस भन्दा माथि तापक्रम कमै मात्र जान्छ । यसैले पनि तानसेन पर्यटकीय गन्तव्य बनेको हो । सांस्कृतिक सम्पदाले समेत भरिपूर्ण छ । तानसेन आउने जो कोहीले पनि भन्ने गरेका हुन्-**तानसेन जाऔं संस्कृति सम्पदा अनि प्रकृतिसँग रमाऔं ।**

**नगरका ऐतिहासिक सम्पदा**




तानसेनमाा प्रशस्त ऐतिहासिक तथा धार्मिक सम्पदाहरू रहेका छन् । ऐतिहासिक सार्वजनिक सम्पत्तिहरू पाल्पा दरवार सहित रानीमहल, हृषिकेश मन्दिर, रणउजीरेश्वरी भगवती मन्दिर, अमर नारायण मन्दिर, शीत्तलपाटी भीमसेन मन्दिर, भीमसेनटोल भीमसेन मन्दिर, नारायण मन्दिर, तेर्सो सडक स्वेताम्बर गणेश मन्दिर बिभिन्न चर्च, मस्जिद्, बौद्ध गुम्वाहरू, मूलढोका, गोलघर सहित बिभिन्न शिलालेख लगायत दर्जनौं ऐतिहासिक सम्पदाहरू तानसेन नगरपालिका भित्रै छन् । यी केही उदाहरण मात्र हुन् । १०० बढी यस्ता सम्पदा तानसेनका १४ वटै वडामा हेर्न पाइन्छ । कतिपय सम्पदाहरूको महत्व हुँदाहुँदै पनि जीर्ण अवस्था पुगेका छन् भने राम्रो अवस्थामा रहेका सम्पदाहरू पनि प्रचार प्रसारको अभावमा खास अगाडि आउन सकेका छैनन् । हुन पनि तानसेन नगरपालिका भित्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका क्षेत्रहरू सय बढी छन् । यहाँ सय गन्तव्यका रूपमा सबै वडालाई लिइएको छ ।



**यी हुन तानसेनका मुख्य गन्तव्य**

| वडा | संस्कृति तथा मुख्य धार्मिक, ऐतिहासिक सम्पदाहरू |
|---|---|
| १ | नारायणडाँडा शिवालय मन्दिर, गोर्खेकोट देउराली, भुसलडाँडा दुर्गा मन्दिर ।, चण्डीस्थान, मिसन अस्पताल, आदिवासी जनजाति संग्रहालय, १, ३ र ५ को बीचमा श्रीनगर डाँडा रहेको छ । सिर्जना फार्म र रोज रिसोर्टले पनि पर्यटक लोभ्याउन सक्ने गरी वातावरण तयार पारेको छ । |
| २ | नारायणस्थान महादेवको मन्दिर, नारायण भजन टोली, धर्मचक्र बिहार, विष्णु पादुका मन्दिर, ओम शान्ति, राधेराधे, अमरनारायण ठूलो पोखरी, हेब्रोन चर्च जस्ता छन् । |
| ३ | रणउजिरेश्वरी भगवती मन्दिर, महाचैत्य विहार, सिद्धिविनायक गणेश मन्दिर, कालभैरव मन्दिर, हनुमान मन्दिर, नासदेवल, सरस्वती मन्दिर, शिव मन्दिर, गणेश मन्दिर शीत्तलपाटी, भीमसेन मन्दिर, बसन्तपुर लक्ष्मीनारायण मन्दिर, दुर्गा मन्दिर, बद्रेश्वर, श्रीनगर गणेश मन्दिर, भजन मण्डली, धीमे बाजा पनि छन् । भगवती मन्दिर भजन, दाफा भजन खल, ज्ञानमाला सभा, तानसेनको मूलढोका, जामेमस्जिद, तानसेन चर्च लगायत छन् । |
| ४ | गणेश र महादेव मन्दिर, लहरेपिपलमा महावोधि बौद्धबिहार, होलाङ्दीको करूणा बौद्ध, साइराम भजन, लहरेपिपलको विश्वकर्मा मन्दिर,पाल्पा दरबार संग्रहालय, बालमन्दिर प्रमुख हुन् । |
| ५ | चौनबारीमा मठमन्दिर भजन, २५० वर्ष पुरानो बद्रेश्वर शिवालय, सेतीपोखरी पञ्चेबाजा समूह, कालिका मन्दिर अर्चले, प्याराग्लाईडिङका लागि पनि राम्रो स्थान बतासेडाँडा रहेको छ । |
| ६ | पाल्पा संग्रहालय, भीमसेन मन्दिर, सरस्वती मन्दिर, बटुक भैरव मन्दिर, कोषे ढुंगा, आनन्द बिहार, अर्चले शिवालय, सतन्चुली भगवती, नागपोखरी, महाकाली मन्दिर, सर्वेश्वर महादेवी लगायत रहेका छन् । |
| ७ | कमलपोखरी प्रभास ताल, वंशगोपाल मन्दिर र पार्क, दुर्गा मन्दिर बारूदखान र कुसुमडाँडा लगायत रहेका छन् । |
| ८ | कोकलदेवी मन्दिर, वृन्दावन पाल्पाली धाम भालेबास, छाप, सर्वेश्वर महादेव, भीमसेन मन्दिर लगायत रहेका छन् । |
| ९ | माण्डव्य ऋषि मन्दिर, अंगारे कुण्ड, माधवी देवी, कमलेश्वर महादेव, दुर्गा मन्दिर, राधाकृष्ण मन्दिर लगायत रहेका छन् । |
| १० | खाँडदेवी मन्दिर, गुफाचौर(प्रस्तावित गणेशधाम), तेल्घा, बालकन्या देवी, कालिका मन्दिर, कुन्डली देवी, राम मन्दिर, नागदुर्गा मन्दिर लगायत रहेका छन् । |
| ११ | नवदुर्गा मन्दिर, सिन्धुकालिका मन्दिर, लिपिनदेवी मन्दिर, श्री शिवजी मन्दिर, गणेश मन्दिर लगायत छन् । |
| १२ | चण्डी थान, रतनपाँडे मन्दिर, तपसीखाँडदेवी मन्दिर डाँडाकटेरी, शिव मन्दिर रहेका छन् । |
| १३ | बौद्धबिहार, रानीमहल, कालिका मन्दिर, मिकोट देवी, कालिका मन्दिर, बाघखोर कालिका मन्दिर, दुर्गा मन्दिर रहेका छन् भने यस भेगमा धेरै कालीगण्डकी क्षेत्र पर्छ । |
| १४ | अर्गली दरबार, हृषिकेश रूरूधाम, गायत्री मन्दिर, और्वाश्रम, और्वाश्रमेश्वरी भगवती मन्दिर, बद्रिनारायण मन्दिर, राधाकृष्ण मन्दिर, मुक्तेश्वर शिवालय, अष्टभूजा भगवती, खाँडदेवी मन्दिर, राधाकृष्ण मन्दिर आदि रहेका छन् । |


हृषिकेश मन्दिर

आर्थिक वर्ष २०७५।७६ मा तानसेन नगरपालिकाले संस्कृति, सम्पदा र ऐतिहासिक स्थलको संरक्षणमा लगानी गरेको छ । नगरप्रमुख अशोककुमार शाही पनि यस्ता पुराना संस्कृति, धरोहरलाई जोगाउनका लागि आफै पनि अग्रसरता देखाउने गर्नुहुन्छ । तानसेनको महत्वपूर्ण शीत्तलपाटी, गोलघर, मूलढोका र स्थानीय भीमसेन मन्दिरको जीर्णोद्धारका लागि वजेट बिनियोजन भएको थियो । यसमध्येबाट पहिलो चरणमा मन्दिरमा पित्तलको छानो लगाइएको छ । नगरपालिकाको रकम र स्थानीयको श्रमदानबाट भीमसेन मन्दिरमा पित्तलको छानो लगाउने काम सम्पन्न भएको छ । यस्तै यो मन्दिरको लागि रथ निर्माण भएको छ । ऐतिहासिक सम्पदाहरू हाम्रा सम्पत्ति हुन् । मन्दिरका लागि मात्रै हैन तानसेन नगरपालिकाले स्थानीय चर्च र मस्जिदका लागि समेत बजेट बिनियोजन गरेको छ । जसले गर्दा यसको संरक्षण सम्वर्धनका लागि टेवा पुगेको छ ।

**सबै भन्दा पुरानो मन्दिर भीमसेन**

२ सय वर्ष पुरानो मन्दिरमा हरेक वर्ष भीमा द्वादशीको दिन भीमसेनको रथ निकाल्ने प्रचलन छ । मन्दिर अगाडि आगो बाल्ने, भजन गाउने र सहभागीहरूलाई प्रसादको रूपमा सम्हयबजी बाँड्ने

गरिन्छ । अर्को दिन शुभ साइतमा भगवानको पित्तलको सानो प्रतिमूर्तिलाई रथमा राखेर बजार परिक्रमा गराउने चलन रहेको छ । यो संस्कृति एउटा उदाहरण मात्र हो । तानसेनको नगरक्षेत्र पुरानो नेवार बस्ती हो । त्यसैले यहाँका हरेक मन्दिरहरूमा नेवारकै अग्रसरता देखिन्छ । यो मन्दिर पनि त्यस्तै हो । तानसेनका अधिकांश मन्दिर नेवार परिवारले निर्माण गरेका थिए । तानसेनका स्थानीय समुदायले भीमसेन मन्दिरलाई व्यापार व्यवसायको लागि भलो चाहने भगवानको रूपमा पनि मान्ने गर्छन् ।

काठमाण्डौ उपत्यकाबाट बिभिन्न प्रयोजनका लागि नेवारहरू तानसेनमा आएर बसोवास गर्न थालेपछि उनीहरूले यहाँ इष्टदेवता भीमसेनको मन्दिर बनाई गुठी पुजा आदि गर्ने गरे । तानसेनका बिभिन्न टोलहरूमा स्थापना गरीएका भीमसेनका ६ वटा मन्दिरहरू मध्ये शीत्तलपाटीको भीमसेन मन्दिर सबैभन्दा पुरानो मन्दिरको रूपमा रहेको मानिन्छ । यो मन्दिरको स्थापना वि.सं १८६४ मा भएको हो । मन्दिरको माथिल्लो तला पित्तलको रहेपनि पहिलो तला झिंगटीले छाएको थियो । पूर्व मोहडा फर्केको मन्दिरको भुँइतलाको अगाडिको भागमा काठको कलात्मक ढोका रहेको छ । मन्दिरभित्र कलात्मक फ्रेम भित्र अत्यन्त सुन्दर ढुंगाको भीमसेनको मूर्ति शत्रु माथि आक्रमण गरिरहेको छ । मन्दिर अगाडि राखिएको घण्ट सवंत् १०३९ मा चढाइएको भनेर उल्लेख छ ।

### तानसेनको संस्कृति




तानसेन नगरपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र भेषभूषाका मानिसहरु बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरु रहेका छन् । हिन्दूसँगै बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने समुदायहरूको पनि बसोबास छ । सबै जातजाति र सम्प्रदायका आआफ्नै खाले धर्म, संस्कृति, परम्परा र चालचलनहरु छन् । जसमा सबै भन्दा ठूलो चाडका रूपमा बडादशैं, तिहारलाई मानिन्छ । यो बाहेक यहाँ रामनवमी, महाशिवरात्रि, हरितालिका(तीज), श्रीपञ्चमी, कृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैतेदशैं, साउने संक्रान्ति, माघे संक्रान्ति आदि पर्वहरू मनाउने गरिन्छ । त्यतिले मात्र पुग्दैन यहाँका बस्तीमा मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन, कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा (सरायें नाच) पनि मनाइन्छ । यी बाहेक अझ स्वस्थानी पूर्णिमा, कर्कट संक्रान्ति, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, ईद, वकरईद, इदुलफितर, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, असार १५ आदि चाडपर्व मनाउनेको संख्या तानसेनमा उल्लेख्य रहेको छ । एक अर्काको संस्कृति, चाडपर्वमा साथ दिने र रमाउनेहरू पनि बढ्दैछन् ।

### मनै लोभ्याउने नौ दिने जात्रा

जनैपूर्णिमाको दिन बेलुकी ढ्याङ्ढ्याङ र ढुङढुङ सुनिन थालेपछि नौ दिनसम्म यस्तै आवाज सुनिन्छ । काठमाडौंको भाइ त्यसै भनेका होइनन्, यहाँ यस्तै जात्रा, परम्परा, संस्कृति भएकाले नै होला । कतिपय जात्रा नेवारी परम्परा अनुसार नै चलेको छ भने कतिपय ब्राम्हण, क्षेत्री, दलित, मगरले जोगाउनु परेको छ । यसवर्ष काम्ले गाई देख्न नै पाइएन । विगतमा एउटा भएपनि काम्ले गाई तानसेनमा डुलाउन ल्याउँथे । तानसेनबाहेकको भैरवस्थान, खस्यौली, रिडी, रामपुरमा ताहामचा नै निकाल्छन् । तानसेन ऐतिहासिक एवम् सांस्कृतिक सहर हो । यहाँ विभिन्न संस्कृति जीवितै छ । पछिल्लो समय तानसेनका नेवारहरू भने बुद्ध पूजा बढी तर अरू जात्रालाई कम महत्व दिन थालेको महसुस हुन थालेको छ ।

नेवारी समुदायमा प्रचलित गठे/गाँठेमंगलसँगै तानसेनमा चाडपर्वको मौसम सुरु हुन्छ । श्रावण चतुर्दशीका दिन मनाइने यस पर्वलाई घण्टाकर्ण चर्तुदशी पनि भन्ने गरिन्छ । तानसेनमा घण्टाकर्ण पर्व (गठाँमो) मनाएसँगै चाडपर्वको मौसम सुरु हुन्छ । जनै पूर्णिमाको दिनमा निकालिने चुइँकी फिराई पहिलो आवाज हो । यस्तै आवाज दैनिक रूपमा भगवतीजात्रासम्म रहन्छ । पहिला पहिला काठमाडौमा सुरु भएका जात्रालाई यहाँ तत्कालै सुरु गर्थे । यतिमात्र होइन, एक भाइले काठमाडौमा कुनै नयाँ कामको सुरुवात गरे भने अर्को भाइले तानसेन पाल्पामा गर्थे । त्यही भएर पनि सांस्कृतिक रूपमा पाल्पाको महत्व, विशेषताको कुरा गरी साध्य छैन ।

तानसेनमा चुइँकी फिराई, गाईजात्रा, रोपाइँजात्रा, गणेशजात्रा, अमरनारायण, टक्सार गणेश र भगवती जात्रा लोकप्रिय छन् । जातीय पहिरन, जोगी, झाँक्रीको भेषमा हातमा विभिन्न बस्तु लिएर युवा तथा अधवैंसे सडकमा निस्कछन् । तानसेन बसपार्क, शीत्तलपाटी, नारायणस्थान, भगवतीटोल, बसन्तपुर लगायतका स्थानमा हाँस्यव्यग्य प्रर्दशन गरिन्छ । राजनीतिक, सामाजिक, सांस्कृतिक व्यग्य गर्दै थोत्राटिन, मादल र झ्यामा बजाएर रमाईलो गर्ने गर्छन् । समग्र मुलुकका राजनीतिक घटनाक्रमलाई उनीहरूले गाईजात्रा प्रहसनको रुपमा व्यंग्य गर्छन् । जनैपूर्णिमाको दिन दिनभर रमाइलो हुन्छ । भोलिपल्ट अर्थात् गाईजात्रा निकालेर शोकबाट मुक्ति पाउन ढ्याङ्ग्रो ठोक्छन् । साँझमा ढ्याङग्रो

ठोकेपछि भोलिपल्ट जात्रा निस्कँदैछ है भन्ने थाहा हुन्छ । त्यसैबाट बुझ्न सकिन्छ, उनीहरूले निम्ता गरेका हुन्छन् । लौ है गाईजात्राको निम्तो छ ।

फरक फरक अनुहार । 'पाल्पामा अव जात्रा सुरु भयो, जसका घरमा परिवार सदस्य दिवंगत भएका छन् ती घरबाट बास्सा, ताहामचा, गाई निकाली दरवारमा ल्याउनु' भनी पहिला पहिला चुइँकी फिराई गरिन्थ्यो । चुइँकी भनेको मगर भाषामा उर्दी वा सूचना भन्ने वुझिन्छ । यसको प्रयोगले मगर भाषा कसरी हाम्रो संस्कृतिको अन्तरकुन्तरमा समेटिएको छ भनेर वुझ्न गाह्रो पर्दैन । पहिले पहिले चुइँकी फिराई फरक तरिकाले गरिन्थ्यो । धनी मानिसले आफ्नै खर्चमा चुइँकी फिराई गर्ने गर्थे । कतैकतै भने पुरानै तरिकाले थोत्रा टिन बजाउँदै गाईजात्राको अघिल्लो दिन अर्थात् जनैपूर्णिमाको दिनमा बजारमा परिक्रमा गर्छन् । ह्वा, हो ह्वा, ढ्याङ्ग गर्दै टिन ठटाउदै रमाईलो गर्दै नाच्दा मानिसहरूको ठूलो घुइँचो लाग्यो । तानसेन बजारका बसपार्क, नारायणस्थान, शीत्तलपाटी, दरवार क्षेत्रमा चुइँकी फिराई देखाउने चलन थियो ।

नेवारी परम्परा अनुसार जनैपूर्णिमाको भोलिपल्ट निकालिने गाईजात्रा पर्व जिल्लाका विभिन्न स्थानमा मनाउने गरिन्छ । कम्वललाई गाईको स्वरूप बनाएर बजार डुलाइयो भने साँच्चिकै गाईलाई पनि डुलाउने चलन छ । तर काम्ले गाईको प्रचलन विस्तारै हराउँदै गयो । खर्च बढी लाग्ने भएकाले समस्या नै हुने गरेको हो । विभिन्न रंगी, विरंगी कपडा साथै थोत्रा छाता लिएर बजारमा डुल्नेको पनि कमी हुँदैन । इतिहासका जानकार निर्मल श्रेष्ठकाअनुसार दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै गाईजात्रा निकाल्ने पाल्पामा पुरानो परम्परा हो ।

तानसेनका विभिन्न चोकमा गाईजात्रा पर्व हेर्न आउनेको भिड हुन्छ । तानसेनमा एकवर्षको अवधिमा दिवंगत भएकाका आफन्तले वासा, रामायण, गाई निकाल्ने चलन छ । बिहानैदेखि तानसेनमा रामायण, भजन गाउँदै शहर परिक्रमा गर्ने चलन छ । तानसेनमा जनैपूर्णिमाको दिनदेखि नै जात्रा सुरु हुन्छ । तानसेन, बराङ्दी, बन्दीपोखरा, काजीपौवा, भुसालडाँडा लगायतका स्थानबाट काम्लोको गाई बनाएर रमाईलो गर्दै जात्रा निकाल्ने गर्छन् । पाल्पा जिल्लाका आर्यभन्ज्याङ्ग, हुमिन, ताहूँ, छहरा, हार्थोक, जग्गादी, रामपुर, सिलुवा लगायतका स्थानमा ताहामचा निकाल्ने चलन छ । नेवारी समुदायमा ताहामचा गाईजात्राको दिन निकाल्ने गरिन्छ ।

गाईजात्राको भोलिपल्ट मनाइने रोपाइँजात्रा पाल्पामा हर्षोल्लासका साथ मनाइन्छ । सिमसिम पानी र हिलाम्मे सडकमा असारे गीत गाउँदै पन्चेबाजाको तालमा ताल मिलाउँदै रोपाहार, बाउसे, हलीले काम गरेर जात्रा मनाउने चलन छ । पन्चेबाजाको तालमा गीत गाउँदै रोइलाहरु र असारे भाकामा नाचगान गर्दै हिडेको देख्दा खेतमा यस्तो प्रचलन हराएपनि जात्रामा देख्न पाउँदा आनन्द लाग्छ । पञ्चेबाजाको तालमा जात्राले तानसेन बजार र गाउँगाउँमा गुन्जायमान गराउँछ ।

तानसेनका छिमेकी गाउँबाट प्रायः रोपाइँ जात्रा ल्याउने गरिन्छ । पाल्पाको तानसेन बाहेक, हार्थोक, आर्यभन्ज्याङ्, जग्गादी, रामपुर, सिलुवा लगायतका स्थानमा समेत रोपाइँ जात्रा नाच्ने चलन छ । छोराको शोकमा डुवेकी आफ्नी रानीलाई मन भुलाउन तत्कालीन राजा प्रताप मल्लले सुरु गरेको गाई जात्राको चलनलाई अहिलेसम्म पछ्याइएको छ । नेवारी समुदायमा यो सुरुवात भएपनि अहिले अन्यजातमा बढी छ । श्रीनगर गणेश रथयात्रा पनि भव्य रूपमा हुन्छ । टक्सार गणेशको रथ पनि बजार डुलाउने चलन छ ।

**अनौठो बाघ जात्रा**



तानसेनमा पुरानो संस्कृति बाघ जात्रासमेत निकाल्ने चलन छ । लोप भएको संस्कृतिलाई पछिल्ला वर्षमा बसपार्कका पुराना कलाकार किरण चित्रकारको अगुवाइमा संरक्षण गरिएको छ । बाघ जात्राको अवसरमा तानसेनको बजारमा यसपटक बाघका आकृतिसहितका किशोर तथा युवाले बाजा बजाएर बजार परिक्रमा गरेका थिए । तानसेन सहरमा दुई बाघ र एक सिकारीको दृश्य साथमा बाजा र झ्यालीले रमाइलो बनाएको थियो । बाघलाई सिकारीले मार्न खोज्दै गरेको दृश्य रमाइलो हुन्छ । बाघको स्वरूपमा सिंगारिएका मानिसलाई सिकारीको भेषमा भएको एक व्यक्तिले घेल्न खोज्दै गरेको दृश्यले तानसेनवासीलाई बडो रौनकता प्रदान गरेको थियो । प्रत्येक बर्ष रोपाइँजात्राको भोलिपल्ट बाघजात्रा मनाइन्छ । परापूर्वकालदेखि मनाइदै आएको बाघजात्रा पछिल्ला बर्षहरूमा भने हराइसकेको थियो । केहीवर्ष अघि देउराली अध्ययन साँस्कृतिक प्रतिष्ठानले जात्राको जगेर्नाको पहल गरेको थियो । आफनो ठाउँको संस्कृति बचाउनुपर्छ भन्ने उद्देश्यका साथ सहयोग गरेको हो । परापूर्वकालमा बस्ती कम भएको र जनसंख्या पनि कम तथा जंगल घना भएकाले जंगली जनावरले गाउँलेलाई असाध्यै सताउँथे । बाघले पनि निकै सताउँथ्यो रे । गाउँलेहरूले बाघ मार्नका लागि दरवारमा निवेदन दिन्थे । त्यसैअनुसार नै यो जात्राको सुरूवात गरिएको भनिँदै आएको छ ।

## राष्ट्रियतासँग जोडिएको भगवती रथयात्रा



पाल्पा दरबार संग्रहालय परिसरमा भगवती रथ यात्रा

पाल्पाको सबैभन्दा ठूलो र महत्वले हेरिने साथै नेपाल–अंग्रेजयुद्धसँग जोडिने भगवती जात्रा हो । यो जात्रा निरन्तर मनाइदै आएको छ । सबैभन्दा बढी जात्रालुको सहभागितामा भगवतीको रथयात्रा निकालिन्छ । हरेकवर्ष भाद्र कृष्णनवमीका दिन ऐतिहासिक रणउजीरेश्वरी भगवतीको रथयात्रा गरिन्छ । जात्रा मनाउन विद्यालयमा विदा दिइन्छ । निजामती कर्मचारी, सेना, विद्यार्थी पोशाकमै उपस्थित हुन्छन् । संघसंस्था, विद्यालयबाट जात्रामा सहभागी हुन्छन् । ऐतिहासिक महत्व बोकेको जात्रा मनाउन बाहिर जिल्लामा वसोवास गर्ने पाल्पाली आउने गर्छन । रणउजीरेश्वरी भगवतीको मूर्तिलाई रथमा राखेर सिन्दुर जात्रा गराउने चलनलाई नै भगवतीजात्रा भनिन्छ । अण्टमीको दिन साँझबाटै जाग्राम हुन्छ । विहानै मन्दिरमा दर्शन गर्नेको भीड लाग्छ । तानसेन र बाहिरबाट आएकाहरूले पूजाआजा गर्नुका साथै बलि चढाउँछन् । भाकल अनुसार कुखुरा, हाँस, बोका, राँगो भगवती मन्दिरमा बलि दिने गरिन्छ । रणउजीरेश्वरी भगवतीको जात्रा पश्चिम नेपालको जात्राहरूमा सबैभन्दा ठूलो मानिन्छ । बलिया कुमाल जातिका पिपा जवान साथै नेपाली सेनाले रथ बोक्छन् । रथको दुवैतिर तेस्र्याईएका दुई बलिया नोलहरूलाई काधमा बोकाई जयजयकारको गुन्जन ध्वनि र बन्दुकको बडाईको ईशारामा रथलाई उठाउने गरिन्छ ।

भगवतीको रथलाई बजार घुमाउँदा घरघरबाट पूजा दिइन्छ । ठाउँठाउँबाट पूजा र बलि चढाउने गरिन्छ । रथको साथमा नेपाली सैनिक, प्रहरीको साथै सरकारी कार्यालयका कार्यालय प्रमुख, तानसेनबासी, विद्यालय, क्याम्पसका विद्यार्थी, शिक्षक, गैरसरकारी संघ संस्थाका पदाधिकारीहरूले नगर परिक्रमा गर्छन् । रथसँगै पन्चेबाजा साथै व्याण्डबाजा, भजन, सेना, प्रहरी, स्काउट पनि तालमा ताल मिलाएर हिड्ने चलन छ । राणाकालीन अवस्थामा पाल्पामा रहेका चारपल्टनका करीव तीनहजार फौज भगवतीको रथयात्रामा सामेल हुने भएपनि अहिले त्यस्तो छैन । भगवतीको रथयात्रा सन् १८७१/७२ को नेपाल अंग्रेज युद्धसँग गाँसिएको छ । काजी अमरसिंह थापाको कार्यकाल सकिदा निजका नाति नयनसिंहका छोरा कर्णेल उजीरसिंह थापा पाल्पाका तैनाथवाला भएर बसेका थिए । सोही वेला अंग्रेजहरूले दुख दिने र नेपाललाई हडप्ने प्रयास गरेका थिए । अंग्रेजहरूले नेपाल आफ्नो हातमा पार्न चारैतिरबाट आफ्नो सेना अगाडि वढाएका वेला उजीरसिंह थापा लडाइँमा सामेल हुने मौका पाए । उनको लागि लडाइँ अग्निपरीक्षा थियो । त्यही वेला गिर्वाणयुद्ध विक्रम शाहदेवले उजीर सिंहलाई अंग्रेजसँग मुकाविला गर्नू भन्ने आदेश आएपछि उनी युद्धमा होमिएका हुन् ।

फौज तयार गरी बुटवलको जीतगढीमा लडाइँ लड्न जाने निधो गरे । जानुअघि उजीर सिंह थापाले शक्ति स्वरूपा भगवती मन्दिरमा भाकल गरे । शक्तिस्वरूपा माता भगवती दुश्मनको मुकाविला गर्न **'हामी रणभूमितर्फ प्रस्थान गर्दैछौ । रण–विजय हजुरको शक्ति र आर्शीवाद । रण विजय भएमा दिव्य मूर्तिलाई एक सुन्दर मूर्तिभित्र प्रतिष्थापन गरी बर्सेनी रथयात्रा गराउनेछु'** भनी भाकल गरेर युद्धमा गएका हुन् । अंग्रेजहरु उजीरसिंहको फौजसँग हारखाई फर्केको इतिहास छ । जीतगढीको लडाइँमा नेपाली फौजले जितेकै खुसीयालीमा १८७६ देखि भगवतीको रथयात्रा (सिन्दुरजात्रा) सुरु भएको इतिहासकार डा. कर्णबहादुर बानियाँले लेखेको पुस्तकमा उल्लेख छ । सन् १८७१–७३ को नेपाल अंग्रेज युद्धपछि कर्णेल उजीरसिंह थापाले एक विशाल तीनतले पेगोडा शैलीको मन्दिर वनाएका हुन् । मन्दिर वनाउन सन् १८७५/७६ मा सकिएको थियो । यसैवेलादेखि काठमाण्डौको जात्राबाट प्रभावित उजीर सिंहले भगवतीको रथयात्रा निकाल्न सुरु गरेका हुन् ।

### निष्कर्ष

संस्कृति र सम्पदाको खानी तानसेन यसै पनि प्रकृतिको उपहार पाएको ऐतिहासिक नगर हो । हिमाल, पहाड तराईको दृश्यावलो कन यही क्षेत्रबाट गर्न सकिन्छ । यहाँका मठमन्दिर, तालतलैया, डाँडाकाँडा सबै हेर्न लायक छन् । त्यसैले यसमा हामीले **'तानसेन जाऔंःसंस्कृति र सम्पदासँग रमाऔं'** भन्ने कुराको चरितार्थ गर्नका लागि पुष्टि मात्र गरेका हौ । यसलाई पूर्णता दिन पहिले तानसे न नगरपालिकाको महत्वपूर्ण भूमिका हुनुपर्छ । स्थानीय बासिन्दाले पनि सघाउनुपर्छ । यति मात्र होइन, नगरपालिकाले पर्यटकीय क्षेत्र बनाउने भनेर उद्घोष गरेको तानसेन क्षेत्रको दिगो विकासमा ध्यान दिनुपर्छ । ऐतिहासिक सम्पदाको संरक्षण गर्नुपर्छ । श्रीनगरडाँडा, रानीमहल, हृषिकेश जस्ता प्रमुख पर्यटकीय गन्तव्यलाई पनि ध्यान दिनुपर्छ । अब बन्दै गरेका धेरै नयाँ पर्यटकीय गन्तव्यलाई पनि आगामी दिनमा विस्तृत परियोजना प्रतिवेदनका साथै गुरूयोजना बनाउन जरूरी छ । जसले गर्दा तानसेनमा आउने पर्यटकहरू यहाँको संस्कृति र सम्पदासँग रमाउन सकून् भन्ने नै हो । नगरप्रमुख लगायतका जनप्रतिनिधिको सोच व्यवहारमै रूपान्तरण भएको हेर्न आतुर छन् नगरवासी । धन्यवाद ।

*(उपसम्पादक, कान्तिपुर दैनिक)*

# पाल्पा तानसेनको दाफा भजनलाई संरक्षण गरौं



- लालकाजी शाक्य

हाम्रो देशको विभिन्न जातजातिमध्ये आफ्नो छुट्टै पहिचान भाषा र संस्कृति भएको नेवार जाति आफ्नै फरक खाले इतिहास, साहित्य, कला संगीतको परम्परा भएको जाति हो । सभ्य मानिने नेवार हरूको संस्कृति, साहित्य संगीत पनि उतिकै अगाडि छ । यिनै फरक खाले विविधता भएकै कारण राष्ट्रसंघमा नेपालको सदस्यता लिनलाई नेवारी लिपि र भाषालाई अगाडि सारिएको थियो । साथै सदस्यता पनि पाइयो ।

मानिसको जीवनमा संगितले विशेष महत्व राख्छ । दुःख होस् वा सुख, संगित सुनेपछि मनमा आनन्दको लहर छाउँछ । मानिसको अन्तिम साससम्म संगितले स्थान पाएको हुन्छ । संगित भन्नाले गीत गाउने मात्र सम्झिन्छ तर त्यसो नभई साजबाज बजाउनेदेखि लिएर नृत्य गर्नु सम्म पनि संगितको एउटा पाटो मानिन्छ । नेवारहरूको पक्षमा कुरा गर्दा बिहान सबेरै उठेर नित्य कर्म पछि मन्दिर गएर विभिन्न साजबाजको तालमा पौवा, पेटिमा बसेर भजन गाउनु, स्तुती गाउनु पनि संगित हो । ती गीतहरू ऋतु, महिनाबाट तिथी र समय (बेला) लाई महत्वका साथ हेरेर गाउनु पर्छ ।



फोटोः महेशलाल शाक्य

यहाँ चर्चा पाल्पा तानसेनमा प्रचलित दाफा भजनको गरिरहेको छु । दाफा भजन अति प्राचिन भजन हो । यो भजन लिच्छवी कालभन्दा पहिलादेखि नै गाउन सुरू गरिएको मानिन्छ । नेवार भएपनि उबेलाको नेवार भाषा र अहिलेको नेवार भाषामा धेरै अन्तर आइसक्यो । दाफा भजनमा उहिलेकै भाषा र लिपिमा भजन अहिलेसम्म गाइन्छ । तर अर्थ बुझ्न अलि गाह्रो छ । अहिले ती गीतहरूमा समय अनुसार भाषा र शब्द परिमार्जित गरी गाउने गरिन्छ तर लय र ताल पूरानै हुन्छ । दाफा भजनको गीत प्रायः शास्त्रिय संगितमा आधारित भएको पाइन्छ । दाफा भजनको गीत विभिन्न देवताहरूको गुणगानका साथै उबेला घटेका मुख्य घटनालाई आधार बनाएर लेखिएको पाइन्छ । भजन गाउन, मृदंग, खिं, ताः झ्याँली, नगराको आवश्यक पर्छ । कुन राग र तालमा भजनको उत्थान गर्ने हो, त्यसको आलाप लिने बित्तिकै त्यही अनुरूप साज समाएर सुरू गर्न तैयार हुनुपर्छ ।

आलाप लिने, सुरदिने, मृदंग बजाउनेले सुर र ताल दिएपछि भजन सुरू गरिन्छ । दाफा भजन सुरू गर्नु पर्दा भजन गर्दा नबिग्रोस भनेर पहिला (द्यो : ल्हायगु) देवताको नाममा धुन बजाउनु पर्छ त्यसपछि नाथेश्वर (नाःस द्योः), त्यसपछि गणेशको भजनबाट सुरू गरेर अन्त्यमा आरती गाएर भजन समापन गरिन्छ । मृदंग बजाएर गाउने गीतलाई मृदंगा गीत भनिन्छ भने नंगरा बजाएर गाउनेलाई नगरा गीत भनेर बुझ्नु पर्छ ।

### दाफा भजन के हो ?

दाफा भजन शास्त्रिय संगीत र सत्य घटनामा आधारित गीत हो । यो भजनलाई किन दाफा भजन भनियो ? भन्दा दुई तिनवटा कुरा अगाडि आउँछ । पहिलो कुरा- भजन गाउन मन्दिरमा मात्र हैन बेला बेलामा (लायकुली) दरवारमा उत्सब पर्व पऱ्यो भने राजाको बोलाहटमा दरबार गएर भजन गाउनु पऱ्थ्यो । राजा खुसी भए भने दाँफा (पैसादाम) भनेर केही रकम पुरस्कार स्वरूप भजन गाउनेहरूलाई दिन्थे । त्यही दाँफा **(पैसालेउ)** शब्दको अप्रभंस भएर दाफा भनेको भनेर बुढा पाका भन्दछन् । अर्को कुरा- भजन गर्दा माथिल्लो समूह र तल्लो समूह गरेर दुई दफ्फा भएर भजन गाइन्छ । माथिल्लो दफ्फा (डफ्फा) ले भजन शुरू गरेपछि तल्लो दफ्फाले सुरू गर्छन् । यही भजन दफ्फा (समूह) भएर गाउँदा दफ्फा भजन अप्रभंस भएर (दफ्फा) दफाबाट दाफा भजन भएको हो पनि भनिन्छ ।

दाफा भजन लिच्छवी कालदेखि नै शुरू भएको माने पनि मल्ल कालमा बृहतरूपमा तीब्रता पायो । मल्ल राजा सिद्धीनरसिंह आफै गीत सिर्जना गरी गाउने गर्थे । कार्तिक नाच पनि यिनैले लेखेर

मंञ्चन गरे । जुन नाच पाटन दरवारमा कार्तिक डबली (मञ्च) मा आज पनि देखाउने गरिन्छ । दाफा भजनको इतिहासको बारेमा खोजविन गर्दा छत्रबहादुर कायस्थ (११२४:२६) को अनुसार मच्छे गाउँको एउटा शिलालेखमा नलिक्वाथ (नुवाकोट) देशका दाफा भजन समूहले भगवान विष्णुलाई घण्ट चढाएको उल्लेख छ । सम्वत् ८४५ मा घण्ट चढाएको हो । लिच्छवी कालमा सुरू भएको दाफा भजन मल्ल कालमा आएर शिखरमा पुग्यो भने शाहकालसम्म निरन्तरता कायम गर्दै हालसम्म पनि काठमाडौं उपत्यकाका तिनै शहरमा गाउने गरिन्छ ।

जहाँ जहाँ नेवारहरू काष्ठमण्डप, भक्तपुर, पाटनबाट विस्थापित भएर व्यापार तथा जीविकोपार्जनको लागि अन्यत्र गए त्यहाँ त्यहाँ दाफा भजनको सुरूवात गरे । पहिला मनोरञ्जनको अन्य कुनै साधन नहुँदा मनोरंजनको लागि नाटकको मंञ्चन, भेला वा दाफा भजन गाएर दिनभरको तनावबाट मुक्त हुन्थे । यसरी जम्मा हुँदा समूहमा भजन मात्र हैन दुःख सुःखका कुरासँगै सामाजिक नीति नियमको पनि चर्चा गर्ने गर्थे ।

सबै जातजातीले ठाउँअनुसार आफ्नै भाषामा गीत भजन गाउने चलन आज पनि देख्न सुन्न पाइन्छ । थारू, मधेसी, राई, शेर्पा, तामाङ, लिम्बु, खस क्षेत्री आदि यिनीहरूको गीतमा पनि शास्त्रिय संगितको आभास पाइन्छ । आ-आफ्नै धर्म संस्कृति गीत संगित छ । अरू जातीको भजन भन्दा नेवारी दाफा भजन नेवार समुदायले अलि उच्चस्तरको मान्ने गर्दछन् ।

संगित सात स्वरबाट निस्किएको यस्तो धुन हो जो सुन्दामा अति आनन्द आउँछ । यीनै सात स्वरबाट नै सारा संसारको गीत आवद्ध छन् फरक यति हो देश, काल, स्थानीय बस्तीमा आफ्नै तवरले संगीत, गीतको श्रृजना गरी गाउने गरिन्छ । दाफा भजन पनि यही सुर तालमा गाउने चलन छ ।

**दाफा भजन कुन बेला गाउने ?**

दाफा भजन गाउँदा राग, ताल, सुरको मात्र नभै समय, बेला र महिनाको पनि ख्याल गर्नुपर्ने हुन्छ । जस्तै : ब्याँञ्चली (व्याहान चली) एकाबिहानै भोरको समय गाइन्छ । फागु गीत फागुनमा मात्र गाइन्छ । चैत्रमा गाउने भजन बेग्लै, माघमा गाउने माघे गीत र बसन्त राग, कार्तिकमा गाउने धनाश्री राग, साँझ गाउने, बिहाग प्रताल, असोजमा गाउने मालश्रीको विशेषता नै हो फरक महिना, फरक संगित फरक बेलामा गाउनु पर्ने दाफा भजनको मौलिकता नै गजबको छ । जुन महिना र बेलासमयमा भजन गाउनु पर्ने हो त्यही बेलामा मात्र राम्रोसँग गाउने गर्नुपर्छ । फागुनमा मालश्रीको धुनमा गीत गाउनु अनि दशैंको बेला मालश्री गाउनुको बदला फागु गाए कस्तो होला ? यति नराम्रो भजन शायद कहि होला ? त्यहि भएर पनि समय अनुसार भजन गाउनुपर्छ ।

संगीत कलालाई उच्च ललित कला भनेमा फरक पर्दैन । संगीत यस्तो साधन हो जसको माध्यमबाट आफ्नो मनमा उठेका अभिव्यक्ति भावलाई संगीतमा ढालेर गाउँदा मनलाई आनन्दीत बनाउँछ । यसको माध्यमबाट मानसिक, आध्यामिक दुवै तरिकाले आनन्द प्राप्त गर्न सकिन्छ । साधारण तबरले बुझ्ने मानिसले संगीतलाई मात्र गीतको आधार मानी सुन्ने गर्दछन् । वास्तवमा भन्ने हो भने संगीत भन्ने बित्तिकै गीत, साजवाज तथा नृत्यलाई मान्नुपर्छ । संगीतलाई (शास्त्रिय) २२ प्रकारमा विभाजित गरेको पाइन्छ । यसबाट ७ वटा सुरलाई मात्र प्रयोगमा ल्याइन्छ । जस्तै- **"सा रे गा मा प ध नि"** यी सात सुरबाट नै सारा संसारमा गीतको रचना गरी गाउने गरिन्छ भने यी सातै वटा निस्कने ध्वनीलाई राग भनिन्छ । राग कुनै न कुनै थाटबाट उत्पन्न हुन्छ । कुनै पनि रागमा "सा" कहिले पनि बर्जित हुँदैन । मानिसले रागको आधार लिएर संगीतको सिर्जना गर्छ । भाषा फरक फरक भएपनि संगीत भने रागको नियममानुसार नै नियमभित्र रहिरहन्छ ।

नेवार (नेवाः) हरूले गाउने भजन अन्तर्राष्ट्रिय मान्यता अनुसार एउटै भएपनि नेपाल भाषामा गीतको रचना गरेर गाउने तरिका भने फरक छ । दाफा भजनमा गाउने गीतहरू कुनै न कुनै रागमा आधारित हुन्छ । जस्तै बसन्तराग, आसावरी नट, धनाश्री, भोपाली, केदार, मालश्री, मालुवा, मल्हार आदि । बसन्तरागश्रीपञ्चमी देखि बैशाखसम्म गाइन्छ । त्यसमा पनि सरस्वतीको आराधना गरेर गाउने गीत **"छिके यिनती खँ ल्हाय सरस्वती माजु"** श्रीपञ्चमी एक दिन मात्र गाइन्छ । मालश्री, काय अष्टमीदेखि कोजाग्रत पूर्णिमासम्म गाइन्छ । चैत्र महिनाको नवमी र दशमीमा पनि माल श्री गाइन्छ । धनाश्री कार्तिक महिना, व्याञ्चली एकाबिहान, आसावरी गुँला (श्रावण महिना) भथ्यारी, कोला, नट, केदार मालुवा बल्लारी आदि राग कुनै पनि बेलामा गाउन सकिन्छ । बिहाग र प्रताल राती अवेर गाउने चलन छ । यस बाहेकका रागपनि छन् । राग मुख्यतया ३६ किसिमको हुन्छ । रागअनुसार तालको पनि उत्तिकै महत्व रहन्छ ।

दाफा भजन गाउने चलन राजधानीको तिनै शहरका साथै किर्तीपुर, बनेपा, दोलखा, भोजपुर, चैनपुरसम्म गाउने गर्छन् भने पश्चिमतिर पोखरा, बाग्लुङ, वामी टक्सार, प्यूठान, सल्यान, पाल्पा आदि ठाउँमा गाउने गरेता पनि अहिले काठमाडौं खाल्डोभित्र, पोखरा र पाल्पामा मात्र सीमित भएको पाइन्छ । यस्तो हुनुको कारण जीवन यापनको क्रममा बसाइसराइ सरेपछि पुराना पुस्ता पनि उतैतिर लाग्नु पर्ने भएकोले दाफा भजन विस्तारै लोप हुँदै गयो । पुराना पुस्ताको स्वर्गारोहण हुनु, नयाँ पुस्ताले वास्ता नगर्नु, सरकारले प्रयाप्त चासो नदेखाउदा दाफा भजनको विजोग भएकोमा कसैको दुइमत छैन ।

दाफा भजन भनेर पाल्पामा अहिले चतुर्मास भजन गाउने गरिन्छ । त्यो पनि मैथली, हिन्दी, अवधी, नेवारी भाषामा लेखिएको गीतहरू मात्र गाउने गर्छन् । यसलाई दाफा भन्न अलि नमिल्ला कि ? जे होस् लोप हुन लागेको यो भजन जेनतेन "भजन

संरक्षण समिति" भनेर संस्था दर्ता गराई तानसेनमा भजन गाउने गरिन्छ । तर यो भजनमा पनि साज, वाज बजाउनेको कमि देखिन्छ । हार्मोनियममा कृष्णप्रसाद शाक्य र तवलामा ब्रम्हशेखर मात्र हुनुहुन्छ । उहाँहरूपछि यो भजनको विजोग नहोला भन्न सकिन्न । बजाउने तिर कसैको ध्यान गएको जस्तो लाग्दैन । वा कसैले रूचिनै देखाएनन् भन्नु उपयुक्त होला । दाफा भजनको सुरूआत र त्यससम्वन्धी केही कुरामाथि लेखिसकेको छु । अब पाल्पामा दाफा भजन कहिलेदेखि शुरूवात भयो भन्दा सेनवंशको अन्तिम राजा, पृथ्वीपाल सेनलाई जेलमा राखेर हत्या गर्नुभन्दा पहिला उनको हजुरबुबा, मुकुन्दसेन द्वितीयको पालादेखि शुरू भएको मान्नुपर्छ । मुकुन्दसेनले पटक पटक काठमाडौं आक्रमण गरेर फर्किदा त्यहाँबाट केही थकमी, भाँडाकुँडा बनाउने कारिगर आफ्नो साथ लिएर आई पाल्पाको सामाकोटमा बस्न लगाएको हुन भन्ने भनाइ छ । किन कि राज्य सञ्चालन गर्न सिक्का ढाल्नको लागि यिनीहरूलाई ल्याएका हुन् । सामाकोटलाई नै पाल्पाको पहिलो टक्साल (टक्सार) मानिन्छ । त्यसपछि श्रीनगरमा मुकाम बनाएपछि सामाकोटबाट नेवारहरू पनि राजाको पछि लागेर आए ।

श्रीनगर मुकाम हुँदासम्म पृथ्वीनारायण शाह र बहादुर शाहले पाल्पामा हात हाल्न सकेका थिएनन् । बरू यहाँका चेलिबेटी विवाह गरेर सम्वन्ध बलियो बनाएका थिए । पाल्पाको अन्तिम राजालाई झुक्याएर अमरसिंह थापाले काठमाडौंमा बोलाएर बीच बाटोबाट नै अपहरणको शैलीमा नजरबन्द गरेर जेल हालियो । त्यसपछि उनको हत्या गरियो । अमरसिंह थापाले यसरी झुक्काएर दलबलसहित कसैलाई सुईको समेत नपाउने गरी पाल्पा हानेर श्रीनगर डाँडामा रहेको बस्ती तहस नहस पारेर पाल्पा आफ्नो अधिन (नेपाल)मा लिए । त्यसपछि मात्र हालको तानसेन बजारको विस्तार भयो । अमरनारायणको मन्दिर बनाउने क्रममा काठमाडौंबाट थुप्रै काम गर्ने नेवार समुदायलाई लिएर आए र बस्ती बसाले । त्यसकारण पनि तानसेनमा नेवार समुदायको उपस्थिति बलियो भएको मान्नुपर्छ । कोही कोही व्यापारको शिलशिलामा पाल्पा आएको पनि सुन्न पाइन्छ । पाल्पा आउने नेवार समुदायहरूले मनोरञ्जन गर्न भनेर नै खिं (मृदग) कितावहरू बोकेर आई भजन गर्ने गरेको पुराना पुस्ताका बुढापाकाले लेखकलाई सुनाएका थिए । पहिला छाप्रो बनाएर बसेका यी समुदायको झुप्रोमा पटक पटक आगलागि भएको थियो । सानोतिनो आगलागि बाहेक ठूलो आगलागि समेत तानसेनबजारमा भएको थियो । पहिलो ठूलो आगलागि १८६२ सालतिर र दोस्रो आगलागी १९६४ मा भएको बुढापाकाहरू बताउँछन् । दोस्रो पटकको आगलागीमा चमत्कार यस्तो भएको थियो भन्छन् बुढापाकाहरू ।

आगलागी भन्दा पहिला टक्सार टोलस्थित गणेशमन्दिरको स्थापनाको बारेमा केही जानकारी यहाँ प्रस्तुत गर्नुपर्ने जरूरी ठान्दछु । आजभन्दा २०० वर्ष अगाडि टक्सार टोल हाल गणेश मन्दिर भएको ठाउँमा एउटा सिलौटा भेटाइयो । त्यो सिलौटा कसैको घरमा लगेर साँझबिहान मसला पिस्दा चुँचुँ कराउने रहेछ । यो कुरा एक कान, दुईकान बन्दै सबैले थाहा पाएपछि सिलौटा पल्टाएर हेर्दा त्यसमा गणेशको मूर्ति कुँदिएको रहेछ । सबैले मिलेर त्यो मूर्तिलाई स्नान गराइ भव्य पूजा गरी हालको मन्दिर भएको ठाउँमा स्थापना गरी पूजा आजा गर्न थाले । त्यही बेलादेखि तानसेनमा भजनको सुरूवात भएको मानिन्छ । अव चमत्कारको कुरा अघि बढाउ । दोस्रो पटकको आगलागी हालको घरेलु विकास कार्यक्रमको भवन भएको ठाउँमा बारूदको गोदाम थियो । त्यही गोदाममा आगलागी भई विस्फोट हुँदा तानसेन भरी आगलागी भयो । केही साहसी युवाहरूले आगो निभाउन बारूदखान तिर जान लाग्दा हालको गौरीशंकर अगाडिको पिपलको बोटमा सेतो लुंगी लगाएको मानिसले तिमीहरू त्यहाँ नजानु तिमीहरूको टोलतिर केही हुनेछैन भनेपछि सबै फर्केर आए । आश्चर्य त्यही भयो त्यो मान्छेले भने जस्तै टक्सार टोललाई आगोले छोएन । त्यसपछि सबैले त्यो मान्छे अवश्य पनि देव स्वरूप गणेश नै हुनुपर्छ भनेर भव्य पूजा गर्न लागे । त्यस चमत्कारपछि तानसेनका धनीमानीहरूले विभिन्न सामानहरूको निर्माण गरेर चढाएको धातुका सामान अझ पनि हेर्न सकिन्छ ।

## फेरि दाफा भजन कै कुरा

काठमाडौंबाट बसाई सरेर पाल्पा आउने क्रममा कुल देव शाक्यले मृदंग (खिं) बोकेर आएको कुरा उहाँका नाति कृष्णप्रसाद शाक्यले भजन गाउने क्रममा बारम्बार भन्ने गर्नुहुन्छ । कुलदेव खिं बजाउनमा उस्ताद मानिनु हुन्छ । उहाँले अरू भजन भाइलाई खिं बजाउन सिकाउनु भएको थियो । पाल्पामा वहाँहरूमार्फत् दाफा भजन भित्रिएको मानिन्छ । त्यो बेला मनोरञ्जनको साधनको कमी हुँदा मनोरञ्जन गर्ने माध्यम नै दाफा भजन भएको थियो । जुनबेला टक्सार र आनन्दविहारमा ज्ञानमाला भजनको सुरूवात नै भएको थिएन । काम गर्ने बेला मरिमेटि काम गर्ने र फुर्सदको बेला सबै जम्मा भएर भजन गाउँदै, रमाइलो गर्थे । यस किसिमले दाफा भजन निकै राम्रो तरिकाले गाउने गर्थे । एकसे एक उस्ताद भए गाउन बजाउन । यस भजनलाई निरन्तरता दिन दाफा भजन खलः गुठी गठन गरिएको थियो ।

जब देखि स्कूल खुल्न थाले आफ्ना छोराछोरीलाई पढ्न पठाउन लागेपछि ती सन्तान दरसन्तानले विस्तारै दाफा भजनप्रति बेवास्ता गर्नाले पनि यो भजन झन् भन्दा झन् नराम्रोसँग पतन उन्मुख छ । अहिलेको पुस्तामा भजन गाउने मात्र ४-५ जना छन् । तिनीहरूलाई पनि पूरा भजनको ज्ञान छैन । जे जानेको छ त्यसैले काम चलाईरहेका छन् । मृदंग बजाउनेमा अलि जानेका कृष्णप्रसाद शाक्य मात्र हुनुहुन्छ । त्यो बेला मृदंग बजाउन सिकाउने र सिक्ने चासो कसैले नलिएको कारण आज यो अवस्थामा पुगेको हो । यो प्राचिन भजनलाई जोगाउन न त भजन भाइहरूले चासो देखाए न त जनताले । न जनप्रतिनिधि नत सरकारले चासो देखायो । यस्तो मिठो र सरल भजनलाई तिरस्कार गरेर आजका

युवा संगीतको नाममा छाडा संगीतको पछि लागेर होहल्ला गर्दै चिच्याउँदै उफ्रनुमा आफूलाई सभ्य ठान्छन् । आफ्नै संस्कृतिलाई हेला गर्छन् ।

यहाँ फेरी तेस्रो पटक भएको आगलागीको छोटो जानकारी गराउँछु । श्री ७ दाफा भजनको पौवा उ बेला सानो र खुला भएकोले भजन गाउने साज बाजहरू भजनका नाइके कुलदेव कहाँ राख्ने गर्थे । त्यो बेला बिजुली चम्केर चट्याङ्ग लाग्दा भजनको किताब, हिसाबकिताब गर्ने सबै अभिलेख जलेर नष्ट भएछ । त्यसपछि गणेश मन्दिरको पूजारी मानकाजी र मानबहानुर बज्राचार्यले आफूले कण्ठ पारेको भजनलाई पहाडी (नेपाली) कागजमा लेखेर भजन गुठीमा चढाउनु भएको थियो । उहाँले त्यही भजनको किताबको अन्तमा १९६५ र १९८५ मा गरेर २ वटा किताब लेखेर चढाउनु भएको हो । हालसम्म पनि त्यही भजन किताब हेरेर भजन गाउने गरिएको पाइन्छ ।

आफूलाई पूरा भजनको ज्ञान नहुँदा पनि केही युवा भजन भाइहरूले जानीनजानी भजन गाउँछन् । कहिले काही माथिल्लो डफ्फाले गाएको भजन समेत उहाँहरूकै कारण बिग्रन थाल्छन् । कामना गरौं, उहाँहरूले केही समयमा पूरा सिक्न सक्नुहोस् । भजन संरक्षण होस् ।

पहिलेको अभिलेख आगलागीमा नोक्सान भएर नष्ट भएपछि हाल नयाँ अभिलेख बनाएर राखिएको छ ।

**दाफा भजन खल : गुठी**

अभिलेख अनुसार नियम र उद्देश्य, काम यस्तो रहेको छ ।

**उद्देश्य :**

(१) श्री गणेशको जात्रा गर्ने
(२) साविक बमोजिम भजन गर्ने
(३) अक्षय तृतियामा बुसादँ (स्थापित दिन) स्थापना दिवस मनाउने
(४) भाद्र सुदी पूर्णिमाको दिन समय बजी (प्रसाद) बाँड्ने
(५) चैत्र सुदीमा शान्ति पूजा गर्ने ।

**१. भजन गर्ने दिन**

(१) मार्ग सुदी पूर्णिमा (मंसिर पूर्णिमा) अर्थात् योमरि पूर्णिमा
(२) पौष सुदी पूर्णिमा
(३) माघ श्रीपंचमी र सुदी (शुक्ल पक्ष) अष्टमी
(४) माघ सुदी एकादशी र पूर्णिमा
(५) फागुन वदी (कृष्ण पक्ष) अष्टमी र चतुर्दशी
(६) फागुण सुदी (शुक्लपक्ष) अष्टमी र सुदी पूर्णिमा
(७) चैत्र बदी अष्टमी
(८) चैत्र सुदी अष्टमी
(९) चैत्र सुदी पूर्णिमा
(१०) बैशाख बदी अष्टमी
(११) बैशाख सुदी १.......९ परेवा देखि नवमी सम्म
(१२) बैशाख सुदी पूर्णिमा
(१३) जेष्ठ वदी अष्टमी
(१४) जेष्ठ सुदी अष्टमी
(१५) ज्येष्ठ सुदी पूर्णिमा

**२. श्रावण बदी औसी देखि भाद्र सुदी अष्टमीसम्म**

**३. श्रावणवदीको भजन गर्ने दिन :** भाद्र सुदी अष्टमीदेखि आश्वीन सुदी अष्टमीसम्म

**४. श्रावणवदीको भजन गर्ने ?** आश्विनसुदी पूर्णिमादेखि मंसिरवदी चौथीसम्म दि भजन गुठीका चार जना पालाहरूले भजन गाउने व्यवस्था गर्नु हो । हिउँदको भजन अर्को ४ जनाको पालाले गर्ने हो । गुलाँ भजनको भजनपूजा भाद्र वदी परेवा कुसें औंसीको भोलिपल्ट गर्नुपर्छ । भजनपुजा (शान्ती) पाला २ जनाले प्रसाद भाग र २ जनाले अचार ४ थोक राख्नुपर्छ । गुलाँ भजनपूजामा पैसा २ राखी २ वटामा चिउरा चौथाईको भाग राखिदिने पाला २ जनालाई भाइसरह भाग दिने ।

(१) कार्तिकको भजनपूजा मंसिर वदी ४ मा गर्ने यसमा यस किसिमको भाग लगाउने गर्छन् । द्य : वो (भगवान) मा च्यूरामाना १ राखी भाग राख्ने, लक्ष्मी बो (भाग) च्युरामाना २ को भाग राख्ने र पालो थाप्नेलाई भाइसरह भाग राख्ने ।
(२) भजन पूजा गर्दा श्री भगवतीमाईलाई पूजा १ टक्सार हनुमान पूजा १ टक्सार भैरवलाई पूजा १ राख्ने ।
(३) सबै भजन गुठी भाइहरूले आ-आफ्नो भागमा परेको कामको जिम्मा नियमपूर्वक पूरा गर्नुपर्नेछ । आफ्नो जिम्मा पूरा नगरेमा नियम बमोजिम जरिवाना (बम) तिर्नुपर्नेछ ।
(४) कार्तिक भजन पूजाको दिन सबै भाइहरूले रोटी थान ५ मा नघटाई फलफूल, किस्लीमा सुपारी १, पैसा १ समेत पुजा जोर १ ल्याउने किसलीको चामल जेठा नाइके लाई दिएर त्यस्को बदला २ थान योमरी (भुड्के रोटी) लिने । श्री गणेशलाई (सिफलयुग) घ्वाल्ल गर्नलाई यो मरी २-३ थान र मन्दिरको छानाको चारै दिशाको लागि ४ वटा योमरी चढाउने । यसरी नियमवद्ध भई आलो पालो गर्दै भजन गर्दै आइरहेका छन् । मुख्य काम भनेको वर्षको दुई पल्ट समयवजि (प्रसाद) बाँड्नु हो । गणेशको जाग्राम र जात्रा तथा यंयापूर्णिमाको दिन समयवजि बाँड्ने गरिन्छ । यो अति पुरानो चलन हो । दाफा भजन संरक्षणका लागि तानसेन नगरपालिकाका प्रमुखसँग अनुरोध गरेका छौं । उहाँले यथाशक्य सहयोग गर्ने आश्वासन समेत दिनु भएको छ ।

*(दाफा भजनका जानकार)*

# कल्पना गरिएको रानी महल र देखिएको रानी महल



- गौरीनाथ प्रधान

झण्डै झण्डै ४२/४३ वर्ष जति पहिलेको कुरा जतिखेर म कक्षा ९ मा सञ्जीवनी व्यावसायिक नमूना मावि धुलिखेलमा पढ्दै थिएँ । त्यही बेला विद्यालयबाट काठमाडौं पोखरा हुँदै लुम्बिनी (गौतम बुद्धको जन्मस्थल) घुम्न जाने अर्थात् शैक्षिक भ्रमण जाने अवसर मिल्यो । पोखराको बेगनासताल, महेन्द्र गुफा, महेन्द्रपुल र सेती नदी अनि फेवातालको डुँगा सयरपछि लुम्बिनीको मायादेवी मन्दिरसहित विभिन्न ठाउँको भ्रमणको लागि पाल्पा, स्याङ्जा हुँदै यात्रा गर्ने क्रममा करीब करीब ४:३० बजेतिर पाल्पाको जरेपिपल भन्ने ठाउँमा पुगियो । हामी करीब ४५ जना विद्यार्थी र ५ जना शिक्षक सहित लामो (ठूलो) गाडीमा लुम्बिनीको लक्ष्य लिएर यात्रा गर्दै थियौं । सायद कुनै एक सर पश्चिमतिरकै हुनुपर्छ अहिले उहाँ सरको नाम याद भएन । उहाँले नै हुनुपर्छ पाल्पा दरबार र रानीमहलको बारेमा सुनाउनुभयो । कोही कोही विद्यार्थी साथीहरूले उक्त दिन त्यहीं पाल्पा तानसेनमा बास बसेर भोलिपल्ट २ घण्टा पाल्पा दरबार र रानीमहलको अवलोकन गरी फर्कौं भन्ने आग्रह भयो तर हाम्रो लक्ष्य तथा भ्रमण नै तीन दिनको मात्र रहेको र भ्रमण बजेट पनि सोही अनुसारको मात्र (सिमित) भएकोले साथीहरूको आग्रहलाई हाम्रा पथप्रदर्शक तथा अभिभावकरूपी शिक्षकहरूले स्वीकार गर्न सक्नुभएन । समय र बजेट अभावको बाध्यताले पाल्पा तानसेन घुम्ने तत्कालीन मनसुवालाई पूरा गर्न सकिएन र अर्को पल्ट घुम्न आउँदा तानसेनको पनि भ्रमण गर्ने मनको इच्छालाई उधारोमै राखेर हामी बुद्धको जन्मस्थल पुग्ने उद्देश्यले सरासर बुटवल बास बस्न पुग्यौं । पाल्पा दरवार र रानीमहल हेर्ने मनसुवा (इच्छा) लाई मनभित्रै किला ठोकेर राख्न बाध्य भयौं । अर्थात् अरूलाई त के भयो ? के रह्यो ? तर मलाई भने एक पटक पाल्पाको तानसेन बजार, यहाँको ऐतिहासिक दरवार र रानीमहलको अवलोकन गर्ने तिर्सना सदैव लागिरह्यो । लागिरह्यो ।

त्यसैले पनि हुन सक्छ, मैले २०४१ सालमा सिन्धुपाल्चोकको हेलम्बुको काखमा रहेको भुमेश्वरी निमाविमा शिक्षण सेवा गर्ने अवसर पाएको बेला करीब १३ वर्षपछि अर्थात् २०५३/५४ सालतिर मेरा विद्यालयका कक्षा ९ र १० का विद्यार्थीहरू मेरै नेतृत्वमा काठमाडौं, पोखरा हुँदै उही गौतमबुद्धको जन्मस्थल लुम्बिनीको चारदिने शैक्षिक भ्रमणमा जाने आउने काम भयो यस पटक पनि सीमित समय र बजेट अभावकै कारण पाल्पाको दरवार र रानीमहल हेर्ने मेरो इच्छा अधुरो नै रह्यो । भन्न र सम्झाउन त यसपटक पनि गुल्मीबाट आउनु भएका "ढकाल" सरले पाल्पाको तानसेन दरवार र रानीमहलका साथै अन्य ठाउँहरूको पनि चर्चा तथा बखान गर्नु भएको थियो । यस बखानले विद्यार्थीहरूको कान ठाडो पारेको र हेर्ने इच्छाले बल नगरेको हैन । तैपनि म माथि समय र वजेट सीमितताको बाध्यताले अर्को पटकको भ्रमणमा तालिका मिलाएर आउने आश्वासनलाई उधारोमा राख्दै पाल्पा दरवार र रानीमहललाई नेपथ्यबाटै नमस्कार गर्दै लक्षित गन्तव्यतिर लाग्न बाध्य भइयो । यसो त २०७३ को फाल्गुनमा पनि काठमाडौं, पोखरा, बुटवल हुँदै सुदूर पश्चिमको कन्चनपुर पुगी नेपाल भारत सिमानाको महाकाली नदीको पुल र दोधारा चाँदनी जोड्ने नेपालकै सबभन्दा लामो झोलुङ्गेपुल हेरेर फर्किने अबसर मिल्यो । यस पटक पनि पाल्पाको दरवार र रानीमल हेर्ने चाहना पूरा हुन सकेन । अधुरोको अधुरै रह्यो । यसबाट मेरो मनमा लाग्यो कि अब भने पाल्पाको यो ऐतिहासिक थलोहरू घुम्न/हेर्न नपाइने भयो । एक त सामाजिक विषयको शिक्षकको कारणले पनि म आफै र मेरै नेतृत्वमा हेर्नु, हेराउनु जरूरी थियो । पाल्पा पृथ्वीनारायण शाहको एकीकरण अभियान काल देखि नै आफैमा चर्चाको शिखरमा रहेकोले पनि पाल्पाको तानसेन र यहाँको ऐतिहासिक धरोहरहरूलाई हेर्ने मोहलाई कहिल्यै माया मार्न सकिन त्यो इच्छा एवम् चाहना सदैव ऋणको ऋणमै डुबिरह्यो, डुबिनै रह्यो ।

मेरो मनको कल्पनामा गरिएको चित्रण दृश्यले लाग्दथ्यो पाल्पाको तानसेन दरवार र रानीमहल अत्यन्त भव्य र सुन्दर होला । वरिपरि फूलका बगैंचाले घेरिएको होला । प्रहरी र आर्मीहरूको सुरक्षा घेराभित्र रहेर स्वदेशी, विदेशी पर्यटकहरूलाई मोहनी रूपी आकर्षणले प्रतिक्षित होला । पाल्पा दरवार र रानीमहल तानसेन सहर (नगर) कै बीचमा रहेर सिंगो सहरकै लागि शोभायमान छहारी दिइरहेको होला । अनि तानसेन दरवार ऐतिहासिक संग्रहालयको रूपमा परिणत भई पुराना पुराना सेनकालीन शासनकालदेखिकै ऐतिहासिक चीज वस्तुहरूले सुसज्जित होला । सबै चीजवस्तुहरू र राणाशासकहरूको साहसीक कार्य र उनीहरूले प्रयोग गर्ने गरिएका हातहतियारहरू, दरवारभित्र प्रयोग गरिएको घरेलु सामग्री

र वस्त्रहरू, वस्तुहरू, कुनकुन खोपीमा को कोले रात बिताउने गर्थे सबै कोठाहरूको परिचयहरू आदिलाई सुरक्षित साथ राखी सम्पूर्ण आगन्तुक पर्यटकहरूको परिचयहरू आदिलाई सुरक्षित साथ राखी सम्पूर्ण आगन्तुक पर्यटकहरूको लागि प्रदर्शित गरिएको होला । पर्यटकहरूले नजर गरे वापत केही दस्तुर, शुल्कको पनि व्यवस्था गरिएको होला । त्यस्तैगरी रानीमहलको बारेमा पनि यस्तै यस्तै कल्पना गरिरहेको थिएँ । सायद यो रानीमहल पनि पृथ्वी नारायणशाहको एकीकरण अभियान अघि नै कुनै सेनवंशी शासकहरूमध्ये कुनै एक प्रभावशाली सेनरानीले आफू र आफ्नो परिवारलाई ऐयाशी जीवन बिताउन र सुख सयलको महसुस गर्न बनाइएको होला । तानसेन सहरको बीचमा वा आकर्षक र खुल्ला रूपमा ठूलो क्षेत्र कब्जा गरी वरिपरि पर्खालहरूले घेरिएर चारैतर्फ प्रवेशद्वार राखिएको होला र सबै प्रवेशद्वार (ढोका) हरूमा सुरक्षागार्डहरू र प्रवेशशुल्कको व्यवस्था सहित बसेको होला । दरवार भित्र रानीको परिचय खुल्ने ऐतिहासिक लेखहरू र रानीले दरवार भित्र बाहिर प्रयोग गर्ने गरिएका सम्पूर्ण चीज वस्तुहरूको परिचय सहित प्रदर्शनमा सजिएको होला । अनि रानीमहलको बनोट संरचना पनि त्यहींकै स्थानीय ढुंगा माटो र काठहरूको प्रयोगले निर्माण गरिएको होला भन्ने कल्पना गरिएको थियो ।

कल्पना गरिएका कुराहरू कल्पनामै सीमित भए । कल्पना गरिएको रानीमहल र देखिएको रानीमहलमा आकाश पातालको फरक रह्यो । पाल्पा दरवारको बारेमा त मैले यहाँ उल्लेख गर्न चाहिन । किनभने यो दरवारको पुरानो शैली तथा प्राचीन स्वरूपलाई माओवादी द्वन्द्वकालमा ध्वस्त पारिएपछि फेरि पुनर्निर्माण गरिएकोले जतिसुकै प्राचीन स्वरूपमा (ढाँचामा) हुबहु निर्माण गरिएपनि वा जस्ताको तस्तै निर्माण गरिएको भनिएपनि कताकता आधुनिकतातिर ढल्किएको महसुस हुन्छ । मलाई यस्तै यस्तै आभास हुन्छ । प्राचीन कलाकृतिमा कताकता द्वन्द्वकालको असरले केही नपुग भएको महसुस हुन्छ । झलक्क हेर्दा त झनै बलियो र राम्रो देखिन्छ, तर प्राचीन कालको पाल्पा दरवार भन्न कताकता संकोच लाग्दो रहेछ । त्यही संकोच र खिन्नता मेरो मनमा उब्जियो । यो दोष न त मेरो पूर्वाग्रहकै दोष थियो न त पाल्पावासीहरूकै दोष थियो । दोष थियो त द्वन्द्वकालमा अलिकति पनि माया र यसको सौख अनि ऐतिहासिक चिनोको रूपमा मूल्याङ्कन नगरी निर्जीव वस्तुलाई समेत ठूलै शत्रु सम्झेर ध्वस्त बनाऔं भन्नेहरूको थियो । जे होस् अहिले पुनः निर्माण गरी पाल्पा दरवारलाई नयाँ जीवन दिने काम भएको छ । यसको पुनः निर्माणमा जोडतोडका साथ लागिपर्ने शुभ चिन्तक एवम् दरवारप्रेमी पाल्पाली अर्थात् तानसेनवासीहरूलाई धेरैधेरै धन्यवाद छ । लाग्छ-अवको ५०-१०० वर्षमा फेरि उही पुरानोको अनुभूति दिलाउन सफल हुनेछ ।

अव रह्यो रानीघाट दरबार अर्थात् रानी महलबारे फरक पाइएको कुरा । जुन कल्पना गरिएको स्थान, निर्माणवस्तु र रानीमहलको ढाँचा अनि साजसजावट र यसको व्यवस्थापनको पक्षमा छक्कै पर्ने किसिमले पल्टा खायो । रानीमहल रहेछ तानसेन नगरबाट करीब १३ कि.मि. उत्तर कालीगण्डकीको तीरमा । जुन महलको दक्षिण पश्चिममा अर्को पनि सानो नदी रहेछ । नदीको नाम थाहा भएन नाम थाहा पाउने मौका मिलेन । रानीमहललाई स्थानीय रूपमा रानीघाट दरवार पनि भन्दा रहेछन् । यसको निर्माण खड्ग शमशेरबाट भएको रहेछ । स्थानीय कालिगढहरूबाट स्थानीय शैलीमा निर्माण गरिएको पाइयो । प्रत्यक्ष रूपमा आफ्नै आँखाले देख्दा लाग्यो भारतको आग्रास्थित ताजमहलको स्वरूपको देख्न पाइयो । त्यसैले पनि यसलाई पाल्पाको ताजमहल भनेर पनि चिनिदो रहेछ । तानसेन नगरबाट टाढा त्यो बेला सडकमार्गको अभाव तथा दुर्लभ रहेको अवस्थामा त्यस किसिमको निर्माण सामग्री र कच्चा पदार्थहरूको प्रयोग गरी निमार्ण गर्नु गर्न लगाउनुले अत्यन्त आश्चर्य चकित भएँ ।

अग्लो जंगलसहितको पहाडको फेदी र कालीगण्डकीको तीरलाई नै जगको आधार बनाइ खण्डखण्ड रूपमा उठाएर बगैंचा सहितको फराकिलो आगनको रूपमा नेपाले इँट र चुनमाटोको प्रयोग गरी निर्माण गरिएको उक्त महलको खर्च लागत त्यो बेलाको समयमै पनि करीब ३ लाख अनुमान गर्न सकिन्छ । अनकण्टार त्यस ठाउँमा त्यो परिमाण, त्यस किसिमका सामग्रीहरू जुटाउन सक्नुलाई परिश्रमको लगानी निक्कै भएको अनुमान गर्न सकिन्छ । सडक यातायातको अभाव रहेको त्यस समयमा उपत्यका ढाँचाको ईंट, तेलिया ईटँहरू र काठे सामग्रीहरू काठमाडौं उपत्यकाबाट मानिसले बोकेर लान असम्भव देखिन्छ । त्यसैले बरू त्यो महल बनाउनको लागि सबै किसिमका कालीगढहरू भने काठमाडौं उपत्यकाबाटै लगिएको अनुमान गर्न सकिन्छ । महलमा छापिएका चारपाटे आकारका तेलिया ईटंहरू, प्रयोग गरिएका दलिन र निदालहरू अनि झ्याँलका बान्की (आकार) र फराकिलो घुमाउरो बारसहितको भऱ्याङ् हेर्दा उपत्यकातिरकै पुराना दरवारहरू जस्तै महसुस गराउँछ । अग्लो, फराकिलो र उज्यालो प्रशस्त लाभ लिन सकिने प्रत्येक कोठाहरूले उत्तिकै मोहनी लगाउने देखियो । बरू घुमाउरो फराकिलो काठे भऱ्याङ चढेर बुइँगल (छानामुनिको तला) हेर्दा कताकता मनै खिस्रिक्क बनाउँदो रहेछ । थोत्रो पुराना जस्ताहरूमात्र रहेको अलिक अँध्यारो र सिंगो बुइँगलमै ने हवाङहवाती रहेको पाउँदा रानीमहल माथि साँच्चिकै बेवास्ता गरिएको अथवा हेला गरी मिल्काइएको थोत्रा कण्टेनरको अनुभूति गराउँदो रहेछ । यद्यपि यसो भन्दा व्यवस्थापनको जिम्मेवारी लिएको तानसेनको चित्त दुख्ला ।

यो समयमा भएपनि निकै व्यवस्थित ढंगले बनाइए जस्तो देखिने शौचालय, स्नान घर, भान्साघरको अवशेष मात्र बाँकी रहेको अर्ध भग्नावषेश हेर्दा मननै कटक्क खाने गरी **बाँकी पेज-४५**

# तस्बिरमा तानसेन



पुष्पलाल स्मृति राष्ट्रिय प्रत्रकारिता  पुरस्कार कोष सञ्चालक समितिका संयोजक शम्भु श्रेष्ठ, सहसंयोजक किशोर श्रेष्ठ लगायत पदाधिकारीहरू तानसेनमा



२०७६ भदौ ५ गते सम्पन्न कर्णेल उजीरसिंह र राष्ट्रिय स्वाभिमान विषयक बिचार गोष्ठीका सहभागीहरू




तानसेन-१३ बोटेगाँउमा नगरप्रमुख अशोककुमार शाही, वडाध्यक्ष टुकप्रसाद भट्टराई, प्रमुख प्रशासकीय अधिकृत डिल्ली राज बेल्बासे लगायत

# तस्बिरमा तानसेन



सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटालाई हाम्रो तानसेन प्रदान गर्दै प्रधान सम्पादक



नगर शिक्षा समिति समितिको आयोजनामा सम्पन्न ४० साक्षरता दिवस समारोहका सहभागीहरू



तानसेन – ८ मा निर्माणाधिन न्यानो तथा शीतल घर परिसरमा नगरप्रमुख, उपप्रमुख, वडाध्यक्ष, ओकेबाजे, जेष्ठ नागरिकहरूसँग



नौमती (पञ्च) बाजा प्रतियोगिताका दिन मगर पहिरनमा नृत्य गर्दै युवायुवती



पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारीता पुरस्कार सञ्चालक समितिद्वारा व्यक्तित्व सिफारिसका लागि गठित समितिका संयोजक दिल साहनी, सदस्यहरुः मेघराज शर्मा र सुशीला श्रेष्ठ

# तस्बिरमा तानसेन



प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठसँग नेपाल पत्रकार महासंघ पाल्पाका संस्थापक, वर्तमान र पूर्व अध्यक्षहरू तानसेनमा




नगरसरसफाइ कार्यक्रममा देववाणी संस्कृत तथा साधारण मा.वि.का विद्यार्थीहरू



तीज नृत्य गर्दै तानसेनका महिलाहरू




तानसेन - ६ स्थित नवजीवन पुर्नस्थापना केन्द्रमा रहेका नागरिकसँग तानसेन नगरप्रमुख

# तस्बिरमा तानसेन



तानसेन नगरपालिकाका वडामा कार्यरत सचिवहरूको मासिक बैठक



श्री ७ भीमसेन रथयात्रा २०७६ को झलक



जेष्ठ नागरिक घण्टप्रसाद अर्याललाई हाम्रो तानसेन त्रैमासिक प्रदान गर्दै नगरप्रमुख




रिडीबजारमा हृषिकेश रथयात्राका दिन तानसेन नगरप्रमुख, तानसेन - १४ का वडाध्यक्ष कमल राना लगायत स्थानीयबासी

**क्रमशः पेज ४० बाट**

चिसो पस्दो रहेछ र दया लागेर आउँदो रहेछ । ४/५ जना प्रहरीलाई दिउँसो घाम ताप्न र राती सुत्न बाहेक अरू केही जिम्मेवारी दिइएको रहेनछ । कोठातिर अलपत्र परेर बसिरहेका तर असभ्य पर्यटकहरूको परिचय दिने थोत्रा खाली मिनरल वाटर (शुद्ध पानी) का बोतलहरूले त्यहाँका पुलिस र ठेकदारहरूलाई गिज्याइ रहेको वा सिंगो महललाई नै अपमान गरिरहेको महसुस गराउँदो रहेछ । मलाई लाग्दथ्यो पुरानो र ऐतिहासिक रानीमहल भएको हुनाले अत्यन्त सुरक्षित, रानी खान्दानका वस्तुहरूको परिचय खुलाई हेर्ने व्यवस्था, पर्यटकहरूको बाक्लो उपस्थिति र बाक्लो वस्तीको साथमा रहेको होला । त्यो पनि रहेनछ र दुई ठूला र साना नदीलाई साथमा लिएर दह्रो मनका साथ दोभानघाटलाई पहरा दिइरहेको जस्तो रहेछ । अर्थात् ठूलो र सानो २ नदीको वर्षे बहावको पौरखी फूर्तिलाई नियाली रहेभैं देखिँदो रहेछ ।

हुन त मैले माथि पनि कल्पनाको रानीमहलको बारेमा अलिक कोट्याएको थिएँ । जुन सेनवंशी कुनै प्रभावशाली रानीले निर्माण गर्न लगाइएको थियो होला भनेर । त्यो पनि विल्कुलै भुठ सावित भई के प्रमाणित भयो भने जंगबहादुरको शासनको उदयपछि शक्तिमा आएका राणाहरूमध्ये जनरल खड्ग शम्शेरलाई पश्चिम नेपालको कमाण्डिङ्ग इनचिफको जिम्मेवारी दिएपछि आफ्नो श्रीमती (उच्च सम्मान स्वरूप रानीको सम्बोधन पाएकी) तेजकुमारीको नाममा उनकै लागि भनेर आवास गृह बनाइ दिएका रहेछन् । सुनिए अनुसार जनरल खड्ग शम्शेरले आफ्नी रानीलाई महारोग (कुष्ठरोग) लागेको हुनाले रानीको कुष्ठरोग अरूलाई पनि नसरोस् र कथंकदाचित त्यही रोगबाट रानीको मृत्यु भएमा दुई गंगाजीको (जलको) स्पर्श गराइ मृत्युको संस्कार गर्न समेत सजिलो होस् भन्ने सोचाइले त्यो रानीमहल बनाइ दिएको हो भन्ने पनि पाइयो ।

जे होस् वि.सं. १९५२ तिर मा बनाइ दिएको भन्ने ऐतिहासिक तथ्यको आधारमा यो २०७५ साल (म गएको समय) सम्ममा आइपुग्दा रानीमहलको उमेर १२३ वर्ष जति भइसकेको छ । काल्पनिकमा र यथार्थमा जे जस्तो उलटपुलट फरक पाइएपनि रानीमहल पाल्पाकै लागि अमूल्य सम्पदा बन्न सफल छ । सम्पूर्ण पर्यटकहरूको मन जित्न सक्ने शक्ति यसमा छ । अहिलेको हिसाबले हेर्ने हो भने अरबौंको खर्च लाग्न सक्ने क्षमता यसमा रहेको छ । जे जस्तो उद्देश्यले जहाँ निर्माण भए पनि पाल्पाले गौरब गर्न पाउने एउटा सम्पदा बनेको छ । तानसेनवासी तथा यहाँका जिम्मेवार व्यक्तिहरूले गम्भीर भएर ध्यान पु-याउने र व्यवस्थापन पक्षलाई सुधार गर्ने हो भने रानीमहल तानसेन नगरकै लागि मुद्रावृक्ष बन्न सक्नेछ र तानसेन नगरको गरिमालाई उल्लेख्य उचाइमा पु-याउन सक्ने शक्ति पनि यसमा छ । बनोटको लागत मूल्य, यसको आकार प्रकार र यसको चर्चा एवम् लोकप्रियता जति छ, यसको स्याहार सम्भार र यो भित्र खाँदिएर रहनुपर्ने ऐतिहासिक वस्तुहरूको रित्तोपनले यसबारे जान्न, बुझ्न वा थाहा पाउन चाहने व्यक्तिहरूको लागि खल्लो र निराशा जगाइदिने यसको नकारात्मक पक्ष जुन रहेको छ यो सम्पूर्ण पक्षलाई भरिदिने काम र जिज्ञासाहरूलाई मेटाइदिने काम तानसेन नगरवासी तथा यहाँका जिम्मेवार व्यक्तिहरूको काँधमा छ । रित्तो महल भित्र प्रवेश शुल्कको वोर्ड राखेर मात्र हैन वास्तविक बुझाइएको रकमको महत्व पनि राम्रैसँग बुझेर फर्किन सक्ने वातावरण वा व्यवस्था मिलाउन सक्नु पर्‍यो । महल भित्र प्रवेश गरेपछि केही न केही सिकेर बुझेर निस्कन पाइयोस् । सकियोस् । तेजकुमारी रानी र यस महलको बारेमा सबैमा छर्लङ्ग होस् । कुन कुन कोठाहरू के के प्रयोजनका लागि प्रयोग हुन्थ्यो यो पनि सबैलाई थाहा होस् । पाल्पा दरबारमा समेट्न नसकिएका वा नमिल्ने कुराहरू संग्रहित गरी मिनी (सानो) संग्रहालयको रूपमा अगाडि बढाउन सकियोस् । रित्तो (खाली) रानीमहल हेर्न गइयो भन्ने कसैमा नहोस् । अबको केही वर्षदेखि स्वदेशी विदेशी सबै पर्यटकहरूले यो महल भित्र प्रवेश गरिसकेपछि भरपूर ज्ञान (शिक्षा) र आनन्द, प्राप्त गर्न सकून् । यसबारे नगरप्रमुखलगायत नगर कार्यपालिकाको ध्यानाकर्षण होस् ।

हुन त यही कुरालाई पूरा गर्न हुन सक्छ रानीमहलसम्म पुग्ने सडक विस्तार र सुधार हुँदै अगाडि बढिरहेको पनि छ । सडक निर्माण सम्पन्न भएपछि रानीमहलको ऐतिहासिक गुण र स्वरूपमा अलिकति पनि परिवर्तन नगरी जस्ताको तस्तै रूपमा जीर्णोद्धार वा मर्मत गर्ने कार्यले शीघ्रता पाओस् । कल्पना गरिएको रानीमहल भन्दा यथार्थ देखिएको रानीमहलले धेरैको मन जित्न सफल होस्, अहा रानीमहल ! भन्न पाइयोस् ! जाऔं रानीमहल ! भन्न सकौं । तानसेन नगरपालिकाले यसको संरक्षणमा चासो बढाउदै जाओस् ।

*(लेखक, काभ्रे)*

## हाम्रो पहिचानः नगर सरसफाइ अभियान

अनुरोधक –तानसेन नगरपालिका

सूचनाः हाम्रो तानसेन वुलेटिनको आठौं अंकको लागि सामग्री २०७६ पुस मसान्तसम्ममा पठाई सक्नुहुन सरोकारवालाहरू सबैमा सादर अनुरोध छ।

– प्रधान सम्पादक

Email: hamrotansenbu@gmail.com

# नौमती बाजाको सकारात्मक सन्देश



– प्रकाश नेपाल

भदौको महिना भएपनि तानसेन पुगेका जो कोहीलाई लाग्थ्यो टुँडिखेलमा घन्किएको नौमती बाजा सुन्दा कुनै प्रतिष्ठित व्यक्तिको घरमा वैवाहिक कार्यक्रम हुँदैछ । वैवाहिक कार्यक्रममा जस्तो गरी वेहुली अन्माउँदा जस्तै गरी, बिचबिचमा लोकभाकामा बज्ने बाजाको तालमा एकल, डवल नृत्य गर्नेहरूको समेत टुँडिखेलमा होडबाजी चलेको थियो ।

हिन्दू धर्मालम्बीहरूको धर्म, सस्कृतिसँग प्रत्यक्ष रूपमा मेल खाने परम्परागत बाजाहरू एक पछि अर्को गरी हराउन लागेपछि बाजा संरक्षण गर्ने उद्देश्यले तानसेन नगरपालिकाले आयोजना गरेको नौमती बाजा प्रतियोगिता थियो त्यो वैवाहिक कार्यक्रम भने थिएन ।

साँस्कृतिक महत्व बोकेको त्यसैमाथि पछिल्लो समयमा कमै मात्रामा सुन्न पाइने नौमती बाजा प्रतियोगितामा झम झम हाम्रा परम्परागत बाजाले कसको ध्यान खिचेन ? २०७६ भदौ ५ गते भएको प्रतियोगिता हेर्नका लागि सबैलाई हतार थियो । तानसेन नगरपालिकाले लुम्बिनी अञ्चलमै पहिलो पटक नौमती बाजाको आयोजना गरेको हो ।



नौमती बाजा बजाउनेहरू आआफ्नै भेषभूषामा सजिएका थिए । हाम्रो सामाजिक मूल्य र मान्यता अनुरूप यस्ता बाजा बजाउने दलित बर्गले नै हो भन्ने पुरानो मान्यतालाई तोडिदिएको माथागढी- ४ झडेवाका दर्शक हरिबहादुर रानाले बताउनुभयो ।

नेपालीहरूको साँस्कृतिक एवम् धार्मिक महत्व बोकेको नेपाली नौमती (पञ्च) बाजा संसारका कुनै पनि बाजासँग मेल खाँदैन । नयाँ पुस्तालाई आफ्ना पूर्वजका कार्यलाई निरन्तरतातर्फ उन्मुख गराउन र यसको पहिचान गराउने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको कार्यक्रमका सञ्योजक तथा तानसेन - ६ का वडा अध्यक्ष सागरमान महर्जनले बताउनुभयो ।

हिन्दू धर्मालम्बीहरूले पूज्ने गणेश, विष्णु, शिव, देवी र सूर्य पाञ्चायन देवता हुन् । तिनै पाञ्चायन देवताको नामबाट पाँच वटा विभिन्न किसिमको धातुको मिश्रणबाट निर्मित सनाई, कर्नाल, झ्याली, दमाहा, र ढोलक नै पञ्च बाजाका स्वरूप हुन् । बाजाका स्वरूप पाँच किसिमका मात्र हुन् । यी पाँच किसिमको बाजालाई पञ्चबाजा भनिन्छ । क्रियाशील राजतन्त्रका समर्थकहरूसँग शब्दमा मेल खाने भएकोले बाजाको संख्या थपेर नौ पुऱ्याइएको बताइन्छ । नौमती बाजाको रूपमा दमाहा, झ्याली, ट्याम्को, ढोलक, सनाई, कर्नाल, नरसिंगा बाजा हुन्छन् । जसमा सनाइ र दमाहा दुईवटा हुन्छन् । यस्ता बाजा आपसमा जुधाएर बजाइने भएकोले नौमती बाजा भएको रैनादेवी छहराबाट प्रतियोगितामा सहभागी हरिबहादुर दमाईले बताउनुभयो ।

प्रतियोगितामा सहभागी तथा प्रथम भएका सेतीपोखरी नौमती बाजा समूह तानसेन १२ का टीम लिडर निरन्जन दर्जी पनि प्रतियोगिताका कारण आफ्नो परम्परा संस्कृति, मौलिकताको संरक्षणको लागि थप जिम्मेवारीबोध भएको बताउनुभयो । बाजा बजाउने पेशा तथा व्यवसाय परम्परागत भएपनि आधुनिक समाजको विकाससँगै सभ्यता, अनुशासन र मर्यादा भित्र रहेर आफ्नो कला र क्षमता प्रदर्शन गर्दा सम्मानित हुने अवसर प्राप्त हुँदोरहेछ भन्ने सबैमा शिक्षा भएको आफ्नो अनुभव बताउँदै प्रथम भए वापतमा नगद ५० हजार रूपैयाँ हात पारेको रकम बाजाकै व्यवस्थापनमा खर्चिने दर्जीले बताउनुभयो ।

नौमती बाजा भन्नासाथ खास परिवार वा सम्प्रदायले मात्र बजाउने हो भन्ने पुरानो मान्यतालाई समेत प्रतियोगिताले सधैका लागि तोडिदिएको र हातमा सीप भए जसले गरेपनि हुन्छ भन्ने गतिलो उदाहरण बनेको तानसेन-११ चण्डीका टोल विकास संस्थाबाट प्रतियोगितामा सहभागी भीमबहादुर गाहाको अनुभव रहेको छ । पछिल्लो समयमा बाजा बजाउन सिकेर आफ्नो समूह विवाह,

शुभकार्यमा सहभागिता जनाउँदै आएको र यस्ता प्रतियोगिताले आफ्नो परम्परा र संस्कृतिको जगेर्ना गर्ने मात्र नभइ शदियौं देखि हाम्रो समाजमा देखा परेको जातीय विभेदको अन्त्य गर्न सहयोगी भएको गाहाले बताउनुभयो । तानसेनमा आयोजित प्रतियोगितामा आफ्नो समूह तृतीय भएको बताउँदै मेहनत गर्‍यो भने सफलताको शिखर चुमिदो रहेछ भन्ने सिकाई प्रतियोगिताबाट प्राप्त भएको उहाँले बताउनुभयो ।

तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाही पनि संस्कृति, परम्पराको जगेर्ना गर्दै नेपाल र नेपालीको पहिचान बोकेको नौमती बाजालाई विश्व सामु चिनाउनका लागि पहिलो पटक प्रतियोगिताको आयोजना गरिएको बताउँनु हुन्छ । तानसेन नगरपालिकाले अवका दिनमा नयाँ पुस्तालाई समेत आकर्षित गरी विदेशमा समेत हाम्रो मौलिकता, संस्कृतिको प्रचार प्रसार गर्ने उद्देश्यले आगामी दिनमा यसलाई अझ फराकिलो तुल्याइँ देशव्यापी रूपमा खुला प्रतियोगिताको आयोजना गरिने तानसेन नगरपालिकाका प्रमुख शाहीले बताउनुभयो ।

पछिल्लो समयमा बढ्दो आधुनिकताले नराम्रोसँग गाँजेको अवस्थामा शहरी क्षेत्रमा वैवाहिक समारोहमा विदेशी बाजाको प्रभाव बढ्न लागेको सन्दर्भलाई मनन गर्दै तानसेन नगरपालिकाले आयोजना गरेको यसखालको प्रतियोगिताको कारण हाम्रो परम्परा र मौलिक बाजाको महत्वलाई थप उचाइमा पुर्‍याउँदै विदेशी बाजालाई विस्थापन गरिदिएको प्रतियोगितामा सहभागी बगनासकाली गाउँपालिकामा पर्ने चापपानीका नौमती बाजा समूहका टीम लिडर विनोद दमाईले आफ्नो अनुभव बताउनुभयो ।

पश्चिम नेपालमै पहिलो पटक आयोजना गरिएको नौमती बाजा प्रतियोगिताको सन्देश सञ्चार माध्यमबाट देश विदेशसम्म पुग्यो । त्यसको सकारात्मक प्रतिक्रिया आएको र त्यसले नगरपालिकालाई थप उर्जा प्राप्त भएको नगर प्रमुख शाहीले बताउनुभयो ।

प्रतियोगितामा प्रथम हुने समूहलाई ५० हजार, द्वितीय हुने समूहलाई २० हजार, तृतीय हुने समूहलाई १० हजार राशीको नगद पुरस्कार तथा प्रमाणपत्र र सहभागी सबै समूहलाई आवतजावत,र खाजा खर्चको व्यवस्थापन गरिएको थियो । पहिलो पटक आयोजित प्रतियोगिताले आयोजक संस्थालाई मात्र नभई सहभागी सबैलाई उर्जा प्राप्त भएको र आफ्नो मौलिकता, परम्परा र संस्कृतिलाई जगेर्ना गर्नु पर्दो रहेछ भन्ने भावनाको विकास भएको प्रतियोगिता संयोजक सागर महर्जनले आफ्नो अनुभव बताउनुभयो । प्रतियोगितामा सहभागी लालुपाते नौमती बाजा समूहका टीम लिडर पदम सिं थापाले पनि प्रतियोगितामा द्वितीय स्थानमा पुगेको बताउँदै कर्म अनुसारको फल प्राप्त भएको बताउनुभयो । भन्दा सामान्य जस्तो लाग्दछ तर बजाउन सहज छैन तर पनि निर्णायकले दोस्रो स्थानमा पुर्‍याउँदा खुशीको कुनै सिमा नभएको बताउँदै पुरस्कारले गर्दा थप जिम्मेवारी बढेको थापाले बताउनुभयो ।

नेपालको राष्ट्रिय एकतासँग जोडिएको ऐतिहासिक भगवती रथ यात्रा, अमरनारायण रथ यात्रामा गाउँ बस्तीबाट खोजेरै भएपनि हाम्रो साँस्कृतिक महत्व बोकेको नौमती बाजा बजाइने परम्परा अहिलेसम्म पनि यथावत् छ । त्यही बाजाका कारण रथ यात्राको रौनकता बढ्ने र आफ्नो सस्कृति प्रतिको मोहलाई थप उचाइमा पुर्‍याएको छ । बाजाका कारण पाल्पामा मनाइने रथ यात्रालाई रमाइलो गराउन सफल भएको बगनासकाली ७ का भीमबहादुर दमाईले आफ्नो अनुभव सुनाउनुभयो । लामो समयदेखि सदरमुकाम तानसेनमा आयोजित रथ यात्रा तथा पर्वहरूमा आफूले बाजा बजाउँदै आएको र यस वर्षको प्रतियोगिताले बाजाको महत्वलाई अझ बढी फराकिलो बनाएको उहाँले बताउनुभयो ।

पछिल्लो समयमा महत्व र गरिमा बढ्दै गएपनि नयाँ पुस्तालाई आकर्षण गर्न नसक्नु, भएका पुराना जीर्ण अवस्थामा पुगेका बाजालाई समय समयमा मर्मत गर्न नसक्नु यस्ता मौलिक बाजा संरक्षण र बाजा प्रति नयाँ पुस्तामा आकर्षण गर्न स्थानीय सरकार, सरकारी, गैरसरकारी संस्थाहरू उदासीन देखिएका वखतमा यस्ता प्रतियोगिताले सबैलाई उत्प्रेरित गर्नुपर्दछ । नयाँ पुस्तालाई समेत असल संस्कार र संस्कृति जगेर्नामा आकर्षित गर्नुपर्दो रहेछ भन्ने प्रतियोगिताले सन्देश दिएको सहभागीहरू बताउछन् ।

तानसेन नगरपालिकाले यस्ता प्रतियोगितालाई आगामी दिनमा समेत निरन्तरता दिएको खण्डमा साँस्कृतिक नगरका रूपमा स्थापित तानसेनको गरिमा बढ्ने पक्का छ । संस्कृति र सम्पदा संरक्षणमा तानसेनले चाँसो देखाएको TACT संयोजक सागरमान महर्जनले बताउनु भयो । तानसेनले संस्कृतिको जगेर्ना गर्न गरेको प्रयत्नले सार्थकता प्राप्त गरी आगामी दिनमा सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि समेत सहयोग पुग्ने सरोकारवालाहरूको ठम्याइ रहेको छ ।

*(बरिष्ठ संवाददाता बुटवल टुडे दैनिक)*

- बातावरणमैत्री नगर बनाउन सबै क्षेत्र जिम्मेवार बनौं।
- विकास निर्माणमा लागत सहभागिता जुटाऔं।
- प्लाष्टिकमुक्त नगर बनाउने हाम्रो पहललाई साकार पारौं।

**अनुरोधकः तानसेन नगरपालिका, पाल्पा**

# साइनो



– धातानन्द शर्मा

देवतुल्य पाहुना
दिल खोलेर स्वागत
बग्गीवाला मूल ढोकाको । १

थाक्यौ होला पथिक
बस आऊ सेतो ढाँटी
हाँसी भन्छ शीतल पाटी । २

गुञ्जियो वेदध्वनि
सुकीर्तन भक्तगण
जाग अमर नारायण ! ३

निहुँ खोज्यो वैरीले
नेतृत्वमा जोश भर !
हे भगवती कृपा गर ! ४

हरियाली शिरैमा
तानसेन घमाइलो
जाडो न्यानो गर्मी शीतलो । ५

देऊ श्रमको ज्ञान
फैलाऊ पाल्पाको शान
जहाँ बस, पाल्पा नबिर्स । ६

घुम्न पाल्पा गइन्छ
आफूलाई ढाका टोपी
उनलाई चोली, पछ्यौरी । ७

सोरठी र मारूनी
झ्याउरे, ख्याली, रोइला
संस्कृतिमा धनी छ पाल्पा । ८

सर्जकको सृजना
पुस्तक पढ्ने दलान
पस्किन्छ पाठकवृन्दमा । ९

समृद्धि हो उद्यम
बनेर आफै नमूना
कृषि, उद्योग, पर्यटन । १०

बाटो बन्यो असल
आउनुस् रानीमहल
बढाऊँ चहलपहल । ११

तानसेनको सपना
आउँछ सुरूङ बाटो
बोकेर ल्याउँछ समृद्धि । १२

*(सर्जक)*



# सम्झनामा कुलमणि देवकोटा



- शालग्राम अधिकारी

कुलमणि देवकोटाको वास्तविक नाम शनिश्चर शर्मा हो । उहाँको जन्म पाल्पा तानसेन असनटोलमा वि.सं. १९८५ मंसिर महिनाको धान्यपूर्णिमाको दिन भएको हो । उहाँको पिताको नाम पं. माधवप्रसाद देवकोटा र माताको नाम दमयन्ती देवी हो । कुलमणि गुरूको मावली लमजुङ जिल्लामा पर्दछ भने ससुराली पाल्पा माडी पोखराथोकमा हो । उहाँको श्रीमतीको नाम राधादेवी हो । उहाँका २ छोरा र २ छोरी हुनुहुन्छ ।

प्रारम्भिक शिक्षा पाल्पामै सकेर काठमाडौं र भारतको वाराणसीबाट स्नातक गरेर आएर मोहनकन्या माविमा लामो समय पढाउनु भयो । पछि नेपालीमा एम.ए. गरेर त्रिभुवन बहुमुखी क्याम्पसमा पढाउनु भयो । पाल्पाबाट भैरहवा सरूवा भएर केही समय भैरहवा बहुमुखी क्याम्पसमा पनि उहाँले पढाउनुभयो । अवकाश हुने बेलामा भैरहवाबाट पाल्पा सरूवा भएर त्रिभुवन बहुमुखी क्याम्पसबाट अवकाश पाउनुभयो ।

अवकाश पछि पनि पाल्पामा नै लामो समय रहेर नेपाली भाषाको सेवा गर्नुभयो । अन्तिममा आफ्नै घरको बाथरूममा लोटेर टाउको ठोकियो र बेहोस हुनुभयो । पाल्पा मिसन अस्पतालले काठमाडौ रेफर गरेपछि विभिन्न अस्पतालहरूमा आठ वर्ष सम्म उपचार गर्दा पनि पूर्ण होस् आएन । उहाँको मृत्यु बि.स. २०५९ जेठ शुक्ल पक्ष चर्तुदशीका दिन भयो ।



**- कुलमणि देवकोटा**

उहाँको पहिलो रचना **जुठेल्नो** नामको कविता हो । उक्त कविता २००४ सालमा बृहत् नेपाली साहित्य सम्मेलनमा प्रस्तुत गर्नु भएको थियो । २०१४ सालमा दुई वटा गीत संग्रह आए-**पाल्पाली गीत** र **हाम्रो गीत** । २०१५ सालमा **छरिएका फूल** नामको कवितासंग्रह आयो । २०२४ सालमा **साक्षरताको प्रसार** नामको कविता संग्रह आयो । २०२६ सालमा **पुतलीको फूल** कविता संग्रह प्रकाशित भयो । २०३० सालमा **गाईजात्रा** र **मुडुली बज्यै** कविता संग्रह प्रकाशित भए । यसरी हरेक वर्ष पुस्तकहरू प्रकाशित हुँदे थिए भने फुटकर रचनाहरू पनि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भैरहन्थे ।

छोटो विश्रामपछि २०३८ सालमा **सञ्चयनी** प्रकाशित भयो । २०४७ सालमा श्रमजीवीको स्मृतिमा तेह्र कविता आए । २०५० मा **बुद्धलोक** आयो भने **२०५१ का कविता** भनेर २०५२ मा प्रकाशित भयो ।

कुलमणि गुरूले अनुवादमा पनि धेरै कलम चलाउनुभयो । पहिले भारतको कलकत्तामा बसेर बंगाली भाषा सिकेर बंगाली भाषाका किताबहरू नेपाली भाषामा अनुवाद गर्नुभयो । पछि चीनमा गएर नेपाली भाषामा प्रसारित हुने चिनियाँ रेडियोमा काम गर्नुभयो । कुलमणि गुरूले विभिन्न पुरस्कारहरू पनि प्राप्त गर्नुभयो । मलाई सम्झना भएअनुसार नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान पुरस्कार दुईचोटि प्राप्त गर्नुभयो ।

हरिहरशास्त्री सावित्री देवी पुरस्कार २०४७ सालमा पाप्त गर्नुभयो । २०५३ मा गो.द.वा. र लुम्बिनी अञ्चल स्तरीय पुरस्कार प्राप्त गर्नुभयो । २०५४ सालमा छविलाल पाल्पाली पुरस्कार प्राप्त गर्नुभयो । यस्तै भवानी भिक्षु पुरस्कार २०५५ मा र भैरव पुरस्कार २०५६ मा, लुनकरण दास गङ्गादेवी चौधरी प्रतिभा पुरस्कार २०५७ मा प्राप्त गर्नु भएको थियो ।

पहिले काठमाडौंमा पढ्दा जयतु संस्कृतम् अभियानमा लागेकाले २०५५ मा जयतु संस्कृतम् सम्मान पनि प्राप्त गर्नु भएको थियो ।

वाराणसीमा पढ्दा पढ्दै गर्मीको छुट्टीमा आफ्नो घर पाल्पा आउनु भयो । त्यतिबेला उहाँको पिता माधव गुरूका धेरै जजमानहरू थिए । एकदिन एउटा जजमानको घरमा सत्यनारायण पूजा गराउनुपर्ने थियो । माधव गुरूले कुलमणिलाई पुन्टु भन्नुहुन्थ्यो । कुलमणि अलि होंचो हुनुहुन्थ्यो ।

माधव गुरूले भन्नुभयो- "ए पुन्टु ! आज फलानाकोमा सत्य नारायण पूजा छ । गएर गराइदे । "कुलमणिले हुन्छ भनेर धोती फेरेर सत्यनारायणको पूजाको किताब बोकेर त्यो जजमानको घरमा पुग्नुभयो । पूजा समाप्त भएर कथा वाचन गर्नुपर्‍यो । कथा सुन्न धेरै श्रोताहरू आएका थिए । कुलमणि गुरूले कथा भनेको सुनेर एक जना श्रोताले प्रश्न गरे-"ए पण्डितजी, तपाई त भरखरका देखिनुहुन्छ । कहिले पढेर यस्तो विद्वान बन्नुभयो ?"

कुलमणि गुरूले जवाफ दिनुभयो-"अगिल्लो जन्मैबाट अलिकति ल्याएको थिएँ । अलिकति यो जन्ममा थपेको हुँ । "

यो उत्तर सुनेर श्रोताहरू धेरै खुशी भए । यो पण्डितले त अगिल्लो जन्मको पनि जान्दा रहेछन् भने ।

२०१५-२०१६ सालमा माधव गुरू लामो छुट्टी लिएर भारतको वाराणसीमा एम.ए.को तयारी गर्न फार्म भर्न र परीक्षा दिन जानु भयो । माधव गुरूले त्यतिबेला पद्योदय पाल्पा पब्लिक हाइ स्कूल (हालको प.प.न.उ. मावि) मा पढाउनुहुन्थ्यो । प.प. मा धेरै दिन धेरै कक्षाहरू खालि हुने भए । त्यसैले तत्कालीन विद्यालय व्यवस्थापन समितिका सचिव नरेन्द्रप्रसाद लाकौलले कुलमणि गुरूलाई भेटेर भने-"पद्य पब्लिकमा धेरै कक्षाहरू खाली हुने भयो । फुर्सद मिल्छ भने तपाईले कक्षा लिइदिनु पऱ्यो । "

कुलमणि गुरूले मोहन कन्या माविमा गएर आफ्ना प्रधानाध्यापकलाई भन्नुभयो-"मेरा सबै कक्षाहरू हाफ टायम अगाडि सारिदिनु पऱ्यो । " प्र.अ. ले स्वीकार गरे र कक्षा मिलाइदिए ।

कुलमणि गुरू खाना खाएर पहिले मोहन कन्या माविमा गएर पढाउने अनि हाफटायमको समयमा घर गएर नास्ता गर्ने र हाफ टायमपछि प.प.मा गएर कक्षा लिने गर्न थाल्नुभयो । त्यतिबेला म प.प.मा पढ्थें । एक दिन कुलमणि गुरू हाम्रो कक्षामा आएर भन्नुभयो-"म कोर्सको किताब पढाउँदिन कोर्सको किताब बाबा आएर पढाउनु हुन्छ । म तिमीहरूलाई डिक्टेसन गराउँछु । कापी कलम झिक । "

हामीले कापी कलम निकाल्यौं । गुरूले भन्नुभयो- हामीहरूले लेख्यौं ।

अर्को एक दिन फेरि कक्षामा आउनुभयो । कापी कलम झिक्न भन्नुभयो । हामीहरूले भन्यौं- "गुरू, आज त संस्कृतको पिरिएड हो । "

गुरूले भन्नुभयो-"ल ठीकै छ । संस्कृतको कापी कलम झिक । " हामीहरूले आ-आफ्ना कापी कलम निकाल्यौं ।

गुरूले त संस्कृतको श्लोक पो भन्न थाल्नुभयो । मलाई सम्झना भएसम्म त्यो संस्कृतको श्लोक यस प्रकार थियो ।

स्वपान मार्गेण करोति शब्दम्

ट टं ट टम् टम् ट ट टं ट टम् टम् ।

त्यति बेलाको प.प. नयाँ दरवारमा थियो । नयाँ नाउँ भएता पनि पुरानो थियो । दायाँ बायाँ ठूलठूला कक्षाकोठाहरू थिए । बीचमा काठको पुरानो भरेङ थियो । त्यो भरेङ विद्यार्थीहरू तलमाथि गर्दा ठूलो आवाज आउँथ्यो र कक्षाकोठामा पढाउने गुरूहरूलाई डिष्टर्ब हुन्थ्यो । त्यसैलाई उदाहरण बनाएर कविता बनाउनु भएको थियो ।

कुलमणि गुरू साँच्चि नै तानसेनका शान हुनुहुन्थ्यो ।

*(लेखक)*

(तस्विर सौजन्यः राजेशकुमार अर्याल)

**कविता**

# हाम्रो तानसेन



**- कमला देवकोटा**

तानसेनका यी घरबार सुन्दर
यी दन्त पंक्ति सरि छन् शहरभर
छ श्रीनगर ताज समान मास्तिर
समीरको शीतल वग्छ सर्सर ॥ १

साहित्य संस्कृति कला अपार
यो वुद्धिजीवीको भण्डार
ढाका करूवा यहीं बन्छ धेर
टुरिष्टको केन्द्र छ विन्दु हेर ॥ २

काली नदी विद्युत पूर्ति गर्छिन्
छन् माडीका फाँट ती अन्न भर्छन्
गुणस्तरीइ कफी तयार हुन्छन्
जिल्ला सर्वमा र विदेश जान्छन् ॥ ३


मिलाप राम्रो छ विभिन्न जाति
शिक्षा विकासले चढिगो नि माथि
होमस्टेमा रम्न गए टुरिष्ट
तानसेन हो अग्रिम ठाउँ वेष्ट ॥ ४

दरवारले दिव्य छ तानसेन
(तानसेन, अर्गली, रानीघाट)
अस्तित्व देवी मठको छ देन
छ विश्व विख्यात ठूलो त्रिशूल
पवित्र ढुङ्गाहरू (शालग्राम) छन् अपूर्व ॥ ५

टोल टोलमा हेर कति सुधार
विकास फुल्दो छ यहीं हजार
बढ्दो छ चेतन सव हामीबाट
बन्नेछ तानसेन सहकार्यबाट ॥ ६

*(सर्जक, हाल काठमाडौं)*

# BUDDHIST PHILOSOPHY FOR GOOD GOVERNANCE



- Bishnu Paudel

## A. Background

We human being are social animals and the life of a human being without a society is almost worthless. During the evolution period of human civilization, many theories, philosophies and thoughts have been formulated and still this process is going on. Those philosophies were virtually concerned to the betterment of the global community, however only some of them are in existence; and liked and followed by the people. Buddhism or the philosophy of Lord Buddha is one of the most popular philosophies in the world. Now, 535 millions people which is 7% of total global population believe this philosophy.



Many national and international level politicians, leaders, celebrities, business persons, players are inspired by Buddhist thought which was virtually discovered by the Lord Buddha in late 5th Century B.C. very few were known of Buddha durring the time of world War II. The prime minister of great Britain Winston Churchill had a small statue of Lord Buddha nearby his sleeping bed so that he would be blessed with peaceful blessings from him.

Like other religions, Buddhism also focuses on spiritual values rather than the physical values and materialism. The consumption of physical utilities for the convenient livings, growing desires of the artificial things for sophisticated lifestyle are obstacles in the journey of simplicity. However, the Buddhist philosophy neither stands absolutely against the theory of materialism nor rejects the contemporary demand of the human beings.

During the Buddhist era, the philosophy regarding to the code of conduct which had to be followed by common citizen is called Gihi Vinaya, in which the role and responsibilities of both government and the citizen has been mentioned very clearly. Being as a responsible citizen, what would be his or her duties towards the family, society, country and eventually the world. The responsibilities of the government towards the citizen and forms of different governing modalities were also stated in Gihi Binaya. However, Buddhism has given preferences to democratic governance system rather than other.

## B. Contemporary Understanding

While talking about the governance under the Buddhist Philosophy, the governing system of the Hindu literature should also be carried out together for easy understanding. Here, the context of "Matsya Nyaya" or "The law of Jungle" is necessary to be known. The small fish always becomes a prey of big fish, so without small fish the existence of big fish is no more. The small fish are always hiding away from big fish for their existence, however the big one must kill the small for their survival. In this way, both small and big fish are struggling for the fittest and this is an example of the principle of natural law. "Matsya Nyaya" had been some how justified and rational in marine world and even applied in the prehistoric era or

Stone Age, but now it has been absolutely disregarded in the contemporary human society.

Now, we are living in the 21st century, which is also called development era. The term "Governance" has been widely used in everywhere particularly in development and corporate sectors. Actually the governance is a relative term which do not make a complete sense until we add "Good" or "Bad" in the governance. Unrest, conflict, corruption, discrimination, poverty etc. are the fundamental symptoms of bad governance whereas a peaceful environment with harmonized relationship between government and citizen for the sustainable development is seen in good governance.



Former UN Secretary General Late Kofi Annan said that good governance is perhaps the single most important factor in eradicating poverty and promoting development. In early 90s, many prescribed concepts of good governance had been already come up in the development literature which were initiated mostly by UNDP, World Bank, OECD etc.

There are four ways of governing system in Hindu Philosophy; 1. Sam, 2. Dam, 3. Danda and 4. Bheda, which defines maintaining peace, giving charity to the citizen in need, to give punishment in accordance with the gravity of wrong deed and to divide and rule as per the situation respectively. The first two ways of governing system are generally applied in normal situation but Danda and Bheda are only enforced in the abnormal circumstances. Until and unless a government applies Punishment (Danda) and Separation (Bheda) strategies for government stability, there always remains the unrest and conflict within a society, distracting peace and avoiding rules and regulation. Considering the consequences of Danda and Bhed, now the idea of making prison for criminal has been slowly displaced by the open prison concept, particularly in the Scandinavian countries and some other developed countries where the concept of "Danada" and "Bheda" have been discarded.

Lord Buddha says, Danda and Bheda are not long term solution for the governance. A criminal can be changed into a good citizen through the "Kind Speech" and "Love and Care" rather than punishment and discrimination. He adds, to be an ideal government should have following four responsibilities.

1. Daan (Charity)
2. Priya Bachana (Kind Speech)
3. Artha Karya (Economic Activities) and
4. Samanata (Equity).

These four components of governance are likely to the main sources of contemporary good governance that ultimately inspires for the sustainable peace and prosperity of entire world.

**C. Conclusion**

Like in other countries of the world, the different forms of the discrimination still exist in our country, which has been transferred generation to generation, though its level of degree is relatively reduced because of the modern education system and global brotherhood. In the past, the Hindus were classified into four castes and they were supposed to classify into 4 different works such as **Brahmin-**to gain the knowledge and transfer to the others, **Kshetri** – to led the government and protect the citizen from enemies, **Baishya**- to involve in the economic activities and pay the taxes to government and **Sudra**- To provide the skillful manpower and human resources for nation building. Those division of labor (work) was accepted very positively in the beginning but eventually the issues was converted into the root causes of discrimination.

There is no discrimination in Buddhism so far and the three dimensions of Buddhist philosophy, Buddha (Wisdom and Knowledge), Dharma (Duties and Responsibilities) and Sangha(Unity and Assembly) have tried to eradicate all forms of discriminations. Every one reserves the right to access of getting knowledge and wisdom and they can achieve the super-consciousness or "Budhha". Both government and citizen are ensured the specific role and responsibilities to be accomplished honestly, which is their

"Dhrama". All the individuals have unique identifications and if it is integrated by exchanging their ideas, thoughts and knowledge in a single platform, some innovative creation might be come out for the peace and prosperity, Buddha says this is a Sanghs (Sabha or Assembly).

So, the application of Buddhist philosophy of "Buddha, "Dharma" and "Sanghs" is still in need for making an ideal human society through promoting good governance in each individual, in each society and in each country and the entire world.

.......................................................................................

**Source:**

* *Brahm Ajahn, The Buddhist Contribution to Good Governance, Bodhinyana Vounteer Team, Vesak, 2018*
* *Jayasuriya, W.F., The Psychology and philosophy of Buddhism, Pariyatti, USA, 1976*
* *Sheng, Yap Kioe, Concept of Good Governance, UNESCAP, Bangkok, Thailand, 2016*
* *Vitanege Gunasheela, Buddhist Ideals of Government, Buddhist Publication Society, Kandy Sri Lanka, 2011*

*(Planning And Administrative Officer)*



- ❑ विद्यालय, समुदाय र पारिवारमा बालमैत्री वातावरण सिर्जना गरौं।
- ❑ विद्यालयलाई शान्तिक्षेत्र कायम गरौं।
- ❑ बालबालिकाको अधिकतम सिकाइको सुनिश्चितता गरौं।
- ❑ बाल बिबाहलाई निरूत्साहित गरौं।
- ❑ बालमैत्री स्थानीय शासनको अवलम्वन गरौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

**कविता**

## पाल्पाको पहिचान



**– कृष्णकला भण्डारी कँडेल**

रमणीय मनमोहक सुन्दरताकी खानी पाल्पा
लालीगुराँस ढकमक्क प्रकृतिकि रानी पाल्पा ।

भरिपूर्ण भएको छ प्राकृतिक सम्पदाले
पर्यटक आई यहाँ आहा पाल्पा भन्न थाले ।

भाषा कला धर्म अनि संस्कृतिमा विविधता
आँखाभरि पाल्पा घुम्छ गएपनि जता जता ।

हृषिकेश निवासले रिडी धाम प्रख्यात छ
भैरवस्थान त्रिशूल त्यो एसियाकै विशाल छ ।

रणउजीरेश्वरी माता भगवती अटल छन
वरदान पाएकोले उजीरसिंह सफल छन ।

नारायण मन्दिर हेर्नू टुँडाल नै बिचित्र छन
प्राकृतिक इतिहास कुँदिएका सचित्र छन् ।


पिरतीको प्रतीक छ रानीमहल उत्तरमा
सत्यवती ताल बनी बसेको छ दक्षिणमा ।

विश्वभरि पहिचान करूवा र ढाकामा छ
कौरा,बालुन,झ्याउरे अनि सोरठीको भाकामा छ ।

उचाइमा बसी बसी कौडे लेख चियाउँछ
घुम्न आउनु प्रकृतिले अमृत रस पियाउँछ ।

*(सर्जक)*

# तानसेन नगरपालिकामा २०७६ कार्तिक मसान्तसम्म कार्यरत कर्मचारी



– भरतप्रसाद आचार्य

नेपालको तेस्रो नगरपालिकाको रूपमा परिचित तानसेन नगरपालिका पाल्पाको सदरमुकाम समेत हो । मनोरम प्राकृतिक दृश्य तथा शान्त र सुन्दर शहरको रूपमा पहिचान बनाएको तानसेन नगरपालिकामा १४ वडा रहेका छन् । बि. सं. २०६८ को जनगणना अनुसार ५० हजार बढी आन्तरिक जनसंख्या रहेको यो नगरपालिकामा पछिल्लो समय २०७४ मा निर्वाचित जनप्रतिनिधिको नेतृत्वमा विकास निर्माणका कामले गति लिएको अवस्था छ । नगरसभाले पारित गरेका विकास निर्माणका योजनालाई कार्यान्वयनका लागि कर्मचारी खटेका छन् । प्रस्तुत छ २०७६ कार्तिक मसान्तसम्मको कर्मचारी विवरणः-

**कार्यालय प्रमुख तथा शाखा प्रमुख**



डिल्ली राज बेल्बासे
प्रमुख प्रशासकीय अधिकृत




रेशमलाल न्यौपाने
शिक्षा युवा तथा खेलकुद शाखा




दुर्गाबहादुर थापा
उपभोक्ता हित तथा सहकारी शाखा



विष्णु पौडेल
योजना शाखा



कोशलराज घिमिरे
आर्थिक प्रशासन शाखा



भरतप्रसाद आचार्य
प्रशासन/सामाजिक विकास शाखा




मधुसुदन घर्ती
राजश्व शाखा



रामप्रसाद श्रेष्ठ
पुर्वाधार शाखा



फविन्द्र न्यौपाने
स्वास्थ्य शाखा



नारायण खराल
पशुसेवा शाखा



प्रकाश गैरे
सुचना प्रविधि शाखा



कलश न्यौपाने
रोजगार कार्यक्रम



सुमन पाण्डे
नक्शा शाखा



शंकर भण्डारी
वातावरण तथा सरसफाइ शाखा



रामजीबहादुर कार्की
जिन्सी शाखा



नर्मदा घिमिर
महिला विकास शाखा



सरोज तिमिल्सेना
कृषि शाखा



जयप्रकाश उप्रेती
नगर प्रहरी (सुरक्षा शाखा)

# तानसेन नगरपालिकामा २०७६ कार्तिक मसान्तसम्म कार्यरत कर्मचारी विवरण

| क्र.स. | कर्मचारीको नाम थर | लि | पद | तह | शाखा | स्थायी ठेगाना (हालको संरचना अनुसार) | कार्यरत कार्यालयको नाम र ठेगाना | मोवाईल नं. | स्थायी, अस्थायी, करार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | डिल्लीराज बेल्वासे | पु | प्रमुख प्रशासकीय अधिकृत | रा.प.द्वितीय | रा.प.द्वितीय | बुटवल उपमहा न.पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८५७०७४१११ | स्थायी | |
| २ | दुर्गाबहादुर थापा | पु | अधिकृतस्तर सातौं | अधिकृत सातौं | सहकारी | ता.न.पा. ४ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८५७०६०२२० | स्थायी | |
| ३ | श्री विष्णु पौडेल | पु | अधिकृतस्तर सातौं | अधिकृत सातौं | योजना | बुटवल उपमहा न.पा वडा नं. ३ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८५७०६२५६२ | स्थायी | |
| ४ | श्री कोशलराज घिमिरे | पु | अधिकृत छैठौं | अधिकृत छैठौं | लेखा | ता.न.पा. ६ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७०२९३२२ | स्थायी | |
| ५ | श्री भरत प्रसाद आचार्य | पु | शाखा अधिकृत | अधिकृत छैठौं | प्रशासन, सामाजिक | चापाकोट न.पा. २ स्या जा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७०२८३६८ | स्थायी | |
| ६ | श्री मधुसुदन घर्ती | पु | शाखा अधिकृत | अधिकृत छैठौं | राजश्व | माथागढी गा.पा. वडा नं. ४ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७०२८३५६ | स्थायी | |
| ७ | राम प्रसाद श्रेष्ठ | पु | ईन्जिनियर | ,, | पुर्वाधार | ता.न.पा. वडा नं १ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८५७०६२७८९ | स्थायी | |
| ८ | टिकाराम सोमै | पु | सव ईन्जिनियर | सहायक पाचौं | पुर्वाधार | कालीगण्डकी गा.पा. वडा नं.१ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८५७०६५१४६ | स्थायी | |
| ९ | तिलकमणि पौडेल | पु | ना.सु. | सहायक स्तर पाँचौं | पंञ्जीकरण | ता.न.पा वडा नं. ७ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४४७५४९१७ | स्थायी | |
| १० | चूरामणि मरासिनी | पु | वडा सचिव १ प्रा.स | प्रा.स. पाचौं | वडा नं.१ | रैनादेवी गा.पा. वडा नं. ६ पाल्पा | ता.न.पा वडा नं.२ को वडा कार्यालय | ९८४०४५८२०८ | स्थायी | |
| ११ | जीवन नेपाली | पु | वडा सचिव २ ख | सहायक चौंथो | वडा नं.२ | छत्रकोट गा.पा. वडा नं. ४ गुल्मी | ता.न.पा वडा नं.२ को वडा कार्यालय | ९८४९१६९०६४ | स्थायी | |
| १२ | मिरा क्षेत्री | म | वडा सचिव ३ ना.सु | सहायक पाँचौं | वडा नं.३ | ता.न.पा. १ पाल्पा | ता.न.पा वडा नं.३ को वडा कार्यालय | ९८६७२७०२२१ | स्थायी | |
| १३ | ताराबहादुर खत्री | पु | वडा सचिव ४ | सहायक चौंथो | वडा नं.४ | ता.न.पा. २ पाल्पा | ता.न.पा वडा नं.४ को वडा कार्यालय | ९८४७४९७०५९ | स्थायी | |
| १४ | ऋषिराम घिमिरे | पु | वडा सचिव ५ | सहायक चौंथो | वडा नं.५ | ता.न.पा वडा नं. १२ पाल्पा | ता.न.पा वडा नं. १३ वडा कार्यालय | ९८४७०९७८६२ | स्थायी | |

| क्र.स. | कर्मचारीको नाम थर | लि | पद | तह | शाखा | स्थायी ठेगाना (हालको संरचना अनुसार) | कार्यरत कार्यालयको नाम र ठेगाना | मोवाईल नं. | स्थायी, अस्थायी, करार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | बिन्दु खनाल | म | वडा सचिव वडा न ६ | सहायक चौथो | वडा नं.६ | रामपुर न.पा | ता.न.पा वडा नं.६ को वडा कार्यालय | ९८१८०४१५६१ | स्थायी | |
| १६ | लक्ष्मण भट्टराई | पु | सहायक स्तर | सहायक स्तर पाँचौं | वडा नं.७ | रैनादेवी छहरा ३ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४४७६१७४६ | स्थायी | |
| १७ | सीता कुमारी भट्टराई | म | वडा सचिव वडा नं ८ ख | सहायक चौथो | वडा नं.८ | ता.न.पा. १३ | ता.न.पा वडा नं. ८ को वडा कार्यालय | ९८४७१४०१२३ | स्थायी | |
| १८ | मदन भण्डारी | पु | वडा सचिव वडा नं. ९ ख | सहायक चौथो | वडा नं.९ | रामपुर न.पा ८ | ता.न.पा वडा नं.९ को वडा कार्यालय | ९८६४५६६२०८ | स्थायी | |
| १९ | ऋषिकेश घिमिरे | पु | वडा सचिव वडा नं. १० | सहायक चौथो | वडा नं.१० | ता.न.पा. १० | ता.न.पा वडा नं.१० को वडा कार्यालय | ९८४७३९९६५५ | स्थायी | |
| २० | विष्णुकुमारी खाती | म | वडा सचिव वडा नं. ११ | सहायक चौथो | वडा नं.११ | ता.न.पा. वडा नं. ११ | ता.न.पा वडा नं. ११ वडा कार्यालय | ९८४७११४३२७ | करार | |
| २१ | मञ्जु आचार्य | म | वडा सचिव वडा नं. १२ ना.सु | सहायक स्तर पाँचौं | वडा नं.१२ | ता.न.पा. वडा नं. ६ पाल्पा | ता.न.पा वडा नं.१२ को वडा कार्यालय | ९८४७१०२५७२ | स्थायी | |
| २२ | कृष्णप्रसाद भट्टराई | पु | वडा सचिव वडा नं. १३ ना.सु | सहायक स्तर पाँचौं | वडा नं.१३ | ता.न.पा. १३ | ता.न.पा वडा नं.१३ को वडा कार्यालय | ९८५११९८३१३ | स्थायी | |
| २३ | शंकर पाण्डे | पु | वडा सचिव वडा नं. १४ | अधिकृत छैठौं | वडा नं.१४ | ता.न.पा. वडा नं. १४ पाल्पा | ता.न.पा वडा नं.१४ को वडा कार्यालय | ९८५७०६५०१८ | स्थायी | |
| २४ | रामजीबहादुर कार्की | पु | स.चौथो | सहायक चौथो | स्टोर | रैनादेवी गा.पा. वडा नं. ५ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७०२९८९३ | स्थायी | |
| २५ | हरिप्रसाद शर्मा | पु | स.चौथो | सहायक चौथो | राजश्व | ता.न.पा. वडा नं. १ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७०२९६३७ | स्थायी | |
| २६ | सावित्री थापा | म | स.ले.पा | सहायक चौथो | लेखा | रेसुङ्गा न.पा. १३ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७१८७५७४ | स्थायी | |
| २७ | मनोज थापा | पु | स.चौ अमिन | सहायक चौथो | नक्शा | रिब्दीकोट ७ | ता.न.पा. का. | ९८४७४१९४१६ | स्थायी | |
| २८ | कमल भण्डारी | पु | ह.सवारी चालक | पाचौं | ह.सवारी चालक प्रशा. | ता.न.पा. ८ | ता.न.पा. का. | ९८५७०६०००० | स्थायी | |
| २९ | यज्ञप्रसाद महर्जन | पु | कार्यालय सहयोगी | पाचौं | प्रशासन | ता.न.पा. वडा नं. २ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७०२९३३५ | स्थायी | |
| ३० | शान्ता घिमिरे | म | कार्यालय सहयोगी | पाचौं | प्रशासन | ता.न.पा. वडा नं. ५ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७१०३००५ | स्थायी | |

| क्र.स. | कर्मचारीको नाम थर | लि | पद | तह | शाखा | स्थायी ठेगाना (हालको संरचना अनुसार) | कार्यरत कार्यालयको नाम र ठेगाना | मोवाईल नं. | स्थायी, अस्थायी, करार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | श्यामबहादुर राना | पु | कार्यालय सहयोगी | तेश्रो | प्रशासन | ता.न.पा वडा नं. ३ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७०९८७६५ | स्थायी | |
| ३२ | लक्ष्मी बोहोरा | म | कार्यालय सहयोगी | तेश्रो | प्रशासन | ता.न.पा. वडा न ५ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८६७१३८६९६ | स्थायी | |
| ३३ | वालकृष्ण पाण्डे | पु | कार्यालय सहयोगी | पाचौं | वडा कार्यालय | ता.न.पा. वडा नं. ५ पाल्पा | ता.न.पा वडा नं. १ को वडा कार्यालय | ९८४७०९८७६५ | स्थायी | |
| ३४ | कृष्णबहादुर विष्ट | पु | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | ता.न.पा. वडा नं. ११ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९७४७०१७५८६ | स्थायी | |
| ३५ | सुरेन्द्रबहादुर जि.सी. | पु | कार्यालय सहयोगी | श्रेणी विहीन | वडा कार्यालय | ता.न.पा. वडा नं. ८ पाल्पा | ता.न.पा वडा नं. ८ को वडा कार्यालय | ९८४७३०७६९९ | स्थायी | |
| ३६ | गिरिराज गैरे | पु | कार्यालय सहयोगी | श्रेणी विहीन | वडा कार्यालय | ता.न.पा वडा नं. १२ पाल्पा | ता.न.पा वडा नं. १२ वडा कार्यालय | ९८४७२६०३४२ | स्थायी | |
| ३७ | विष्णुबहादुर हमाल | म | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | ता.न.पा. ५ पाल्पा | ता.न.पा. का. | ९८४७१७८७६९ | स्थायी | |
| ३८ | प्रकाश गैरे | पु | आई.टी अधिकृत | अधिकृत छैठौं | आई.टी. अधिकृत | ता.न.पा. १२ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७१७५३६६ | करार | |
| ३९ | कलश न्यौपाने | पु | रोजगार संयोजक | अधिकृत अधिकृत | रोजगार शाखा | ता.न.पा. १४ | ता.न.पा कार्यालय | ९८४१९७३०२९ | कार्यक्रम समय | |
| ४० | सुमन पाण्डे | पु | ईन्जिनियर | अधिकृत छैठौं | नक्शा शाखा | ता.न.पा. वडा नं.३ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४९५५६७९६ | करार | |
| ४१ | शंकर भण्डारी | पु | व्यवस्थापक | | सरसफाइ | ता.न.पा वडा नं. ३ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८५७०६०६८८ | करार | |
| ४२ | विशाल ओली | पु | सव ईन्जिनियर | सहायक पाँचौं | पुर्वाधार | ता.न.पा. ७ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४९२३०२३८ | करार | |
| ४३ | प्रविन वस्याल | पु | क.अ | सहायक पाँचौं | निजी सचिवालय | ता.न.पा. ९ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८५१२३४३०५ | करार | |
| ४४ | सुमित्रा रावल | म | क.अ | सहायक पाँचौं | योजना | ता.न.पा. ५ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७५६६०९० | करार | |
| ४५ | शिशिर पाण्डे | पु | सव ईन्जिनियर | सहायक पाँचौं | नक्शा | ता.न.पा. १४ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७३७१७८८ | करार | |
| ४६ | हरि भट्टराई | पु | सव ईन्जिनियर | सहायक पाँचौं | पुर्वाधार | ता.न.पा. १० | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८५७०६८४४२ | करार | |

| क.स. | कर्मचारीको नाम थर | लि | पद | तह | शाखा | स्थायी ठेगाना (हालको संरचना अनुसार) | कार्यरत कार्यालयको नाम र ठेगाना | मोवाईल नं. | स्थायी, अस्थायी, करार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४७ | विनोद भण्डारी | पु | सव ईन्जिनियर | सहायक पाँचौं | पुर्वाधार | ता.न.पा. ६ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७४९६२८९ | करार | |
| ४८ | शिव पराजुली | पु | अमिन | सहायक चौंथो | नक्शा शाखा | रैनादेवी गा.पा. वडा नं. ३ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८५७०६५३४५ | करार | |
| ४९ | नारायण पाण्डे | पु | कम्प्युटर अपरेटर | सहायक चौंथो | प्रशासन, पंजिकरण | ता.न.पा ७ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७१०२९७० | करार | |
| ५० | प्रशुमा महर्जन | म | कम्प्युटर अपरेटर | सहायक चौंथो | राजश्व | ता.न.पा. वडा नं. २ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७०६८६४६ | करार | |
| ५१ | भुपेन्द्र कार्की | पु | कम्प्युटर अपरेटर | सहायक चौंथो | लेखा | ता.न.पा. ५ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८५७५२५३७१ | करार | |
| ५२ | डम्वर सिं थापा | पु | ईलेक्टिसियन | सहायक चौंथो | विद्युत | ता.न.पा. ३ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७०४३०४० | करार | |
| ५३ | सुरेशकुमार न्यौपाने | पु | अ.सव ईन्जिनियर | सहायक चौंथो | पुर्वाधार | ता.न.पा. वडा नं. ९ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७१७३८०४ | करार | |
| ५४ | मनिराम पाण्डे | पु | कार्यालय सहायक | सहायक चौंथो | वडा कार्यालय | ता.न.पा. वडा नं. १४ पाल्पा | ता.न.पा वडा नं. १४ वडा कार्यालय | ९८६७२४०३४२ | करार | |
| ५५ | गृष्मा थापा | म | कम्प्युटर अपरेटर | क.अ. सहायक चौथो | क.अ. | ता.न.पा. वडा नं. २ पाल्पा | ता.न.पा वडा नं. ९ वडा कार्यालय | ९८६७८५९३८६ | करार | |
| ५६ | रविकर श्रेष्ठ | पु | सरसफाइ सुपरभाईजर | सरसफाइ सुपरभाईजर | सरसफाइ | ता.न.पा. वडा नं. २ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८६४६६२०७१ | करार | |
| ५७ | जयप्रकाश उप्रेती | पु | नगर रक्षक कमान्डर (नगर प्रहरी) | नगर रक्षक कमान्डर | सुरक्षा | ता.न.पा ३ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७०२३४३९ | करार | |
| ५८ | शंकर रावल | पु | नगर रक्षक | नगर रक्षक | सुरक्षा | ता.नपा. ५ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७५२४८९३ | करार | |
| ५९ | वद्रिविक्रम खपाङ्गी मगर | पु | नगर रक्षक | नगर रक्षक | सुरक्षा | ता.न.पा.२ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४०४९००५१ | करार | |
| ६० | सम्झना वि.क. | म | नगर रक्षक | नगर रक्षक | सुरक्षा | ता.न.पा. १२ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७१२७८२३ | करार | |
| ६१ | सावित्रा सोमै | म | नगर रक्षक | नगर रक्षक | सुरक्षा | ता.न.पा. ६ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७२२४७५० | करार | |
| ६२ | लोकेन्द्र न्यौपाने | पु | नगर रक्षक | नगर रक्षक | सुरक्षा | ता.न.पा.७ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४१५६३०९१ | करार | |

| क्र.स. | कर्मचारीको नाम थर | लि | पद | तह | शाखा | स्थायी ठेगाना (हालको संरचना अनुसार) | कार्यरत कार्यालयको नाम र ठेगाना | मोवाईल नं. | स्थायी, अस्थायी, करार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६३ | कृष्ण बस्याल | पु | नगर रक्षक | नगर रक्षक | सुरक्षा | ता.न.पा.६ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८६७०१६६७० | करार | |
| ६४ | विनोद बिष्ट | पु | नगर रक्षक | नगर रक्षक | सुरक्षा | ता.न.पा.७ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७३९९४७५ | करार | |
| ६५ | शान्ता के.सी. | म | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन द.च. | ता.न.पा. वडा नं. ६ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८६७०१७४०० | करार | |
| ६६ | निर्मला थापा मगर | म | माली | माली | प्रशासन | ता.न.पा. वडा नं. १ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७४१७६७८ | करार | |
| ६७ | शुशील ज्ञवाली | पु | चौकीदार | श्रेणी विहीन | श्रेणी विहीन | चापाकोट न.पा वडा नं. २ स्या जा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८६१००६९१५ | करार | |
| ६८ | मोहनबहादुर काफ्ले | पु | चौकीदार | श्रेणी विहीन | श्रेणी विहीन | ता.न.पा. वडा नं. ४ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९७४७०१२२५५ | करार | |
| ६९ | पार्वती कुमाल | म | कार्यालय सहयोगी | श्रेणी विहीन | श्रेणी विहीन | वगनासकाली १ | ता.न.पा. ३ वडा कार्यालय | ९८४७४६६०१२ | करार | |
| ७० | मनिसमान महर्जन | पु | कार्यालय सहयोगी | श्रेणी विहीन | श्रेणी विहीन | ता.न.पा २ | ता.न.पा. ४ वडा कार्यालय | ९८४७१५६१८८ | करार | |
| ७१ | दिक्षा भण्डारी | म | कार्यालय सहयोगी | श्रेणी विहीन | श्रेणी विहीन | ता.न.पा. ५ | ता.न.पा. ५ वडा कार्यालय | ९८४०१९३५७१ | करार | |
| ७२ | मेलिना खड्का | म | कार्यालय सहयोगी | श्रेणी विहीन | श्रेणी विहीन | ता.न.पा. ६ | ता.न.पा. ६ वडा कार्यालय | ९८६६६२८१११ | करार | |
| ७३ | भगवती सुनार | म | कार्यालय सहयोगी | श्रेणी विहीन | श्रेणी विहीन | ता.न.पा. ७ | ता.न.पा. ७ वडा कार्यालय | ९८४०४५८४५२ | करार | |
| ७४ | तिनाउ भट्टराई | म | कार्यालय सहयोगी | श्रेणी विहीन | श्रेणी विहीन | ता.न.पा. ९ | ता.न.पा. ९ वडा कार्यालय | | करार | |
| ७५ | विष्णुकुमारी पाण्डे | म | कार्यालय सहयोगी | श्रेणी विहीन | कार्यालय सहयोगी | ता.न.पा. १० | ता.न.पा वडा नं. १० वडा कार्यालय | ९८४७१०१४१० | करार | |
| ७६ | कुलबहादुर गहतराज | पु | कार्यालय सहयोगी | श्रेणी विहीन | कार्यालय सहयोगी | ता.न.पा. ११ | ता.न.पा वडा नं. ११ वडा कार्यालय | ९८४७०२५५९० | करार | |
| ७७ | सरस्वती पाण्डे | म | कार्यालय सहयोगी | श्रेणी विहीन | कार्यालय सहयोगी | ता.न.पा. १३ | ता.न.पा वडा नं. १३ वडा कार्यालय | ९८४७१७३७४७ | करार | |
| ७८ | देवका वुढामगर | म | कार्यालय सहयोगी | श्रेणी विहीन | श्रेणी विहीन | ता.न.पा. १४ | ता.न.पा. १४ वडा कार्यालय | | करार | |

| क्र.स. | कर्मचारीको नाम थर | लि | पद | तह | शाखा | स्थायी ठेगाना (हालको संरचना अनुसार) | कार्यरत कार्यालयको नाम र ठेगाना | मोवाईल नं. | स्थायी, अस्थायी, करार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७९ | सुमनबहादुर कुमाल | म | ह.स.चालक | सवारी चालक | श्रेणी विहीन | वगनासकाली | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७५७९५६९ | करार | |
| ८० | कोकबहादुर मश्राङ्गी | पु | कार्यालय सहयोगी | श्रेणी विहीन | श्रेणी विहीन | ता.न.पा. २ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८६२४१६९९८ | करार | |
| ८१ | गोकुल थापा | पु | विद्युत मिस्त्री | विद्युत मिस्त्री | श्रेणी विहीन | ता.न.पा. ५ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७३०८९३२ | करार | |
| ८२ | विमल परियार | पु | विद्युत मिस्त्री | विद्युत मिस्त्री | श्रेणी विहीन | रम्भा गा.पा. ४ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८६७३९४९६३ | करार | |
| **म.वि.शा.** | | | | | | | | | | |
| १ | नर्मदा घिमिरे | म | स.म.वि.नि | सहायक चौथो | सामाजिक, म.वि.सा | वाणगंगा न.पा. २ कपिलवस्तु | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४३४४५७०४ | स्थायी | |
| २ | गोमा ज्ञवाली | म | स.म.वि.नि | सहायक चौथो | सामाजिक, म.वि.सा | ता.नपा. १२ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७४८७४०५ | स्थायी | |
| **शिक्षा** | | | | | | | | | | |
| १ | रेशमलाल न्यौपाने | पु | अधिकृत नवौं तह | अधिकृत नवौं तह | शिक्षा | पर्वत | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८५७०१६६७० | स्थायी | |
| २ | लक्ष्मी ढुंगाना | पु | आर पी | मा.वि. द्धितीय | शिक्षा | ता.न.पा. वडा नं.१ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७०२८८५० | स्थायी | |
| **स्वास्थ्य** | | | | | | | | | | |
| १ | फविन्द्र न्यौपाने | पु | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौ | स्वास्थ्य | ता.न.पा. ९ | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८५७०६००३५ | स्थायी | |
| २ | सीरबहादुर राना | पु | हे.अ. छैठौं | अधिकृत छैठौं | स्वास्थ्य | रिब्दीकोट | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७०६९८३३ | ,, | |
| ३ | भगवती केसी | म | सि.अनमी | अधिकृत छैठौं | स्वास्थ्य | ता.न.पा. ३ पाल्पा | तानसेन नगर कार्यपालिकाको कार्यालय | ९८४७१८५०५४ | ,, | |
| ४ | दिलीपकुमार कार्की | पु | जनस्वास्थ्य नि. | अधिकृत छैठौं | स्वास्थ्य | ता.न.पा ११ | स्वा चौ वन्दीपोखरा ११ | ९८४७२२५३७८ | ,, | |
| ५ | सुमित्रा पुन | म | सि.अनमी | अधिकृत छैठौं | स्वास्थ्य | वगनासकाली | स्वा चौ वन्दीपोखरा ११ | ९८४७४२४०३० | ,, | |
| ६ | शिवबहादुर थापा | पु | सि.अहेव | अधिकृत छैठौं | स्वास्थ्य | ता.न.पा.१३ | वौघागुम्हा स्वास्थ्य चौकी १३ | ९८४७२१९२१३ | ,, | |
| ७ | मधुराज पौडेल | पु | सि.अहेव | अधिकृत छैठौं | स्वास्थ्य | ता.न.पा. २ | वौघापोखरा थोक १२ | ९८५७०६२७४५ | ,, | |

| क्र.स. | कर्मचारीको नाम थर | लि | पद | तह | शाखा | स्थायी ठेगाना (हालको संरचना अनुसार) | कार्यरत कार्यालयको नाम र ठेगाना | मोवाईल नं. | स्थायी, अस्थायी, करार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | रमानाथ कडेल | पु | सि.अहेव | अधिकृत छैठौं | स्वास्थ्य | रुपन्देही | तेल्घा स्वा.चौकी १० | ९८४७१८०७७५ | ,, | |
| ९ | नेत्रप्रसाद घिमिरे | पु | सि.अहेव | अधिकृत छैठौं | स्वास्थ्य | ता.न.पा. ९ | मदनपोखरा स्वा.केन्द्र ९ | ९८४७०२९३३८ | ,, | |
| १० | चन्द्रतारा वस्याल | पु | हे.अ. पाँचौं | सहायक पाँचौं | स्वास्थ्य | ता.न.पा. २ | वौघागुम्हा स्वास्थ्य चौकी १३ | ९८४७३०५३२७ | ,, | |
| ११ | टोपलीसरा थापा | | अनमी | सहायक पाँचौं | स्वास्थ्य | ता.न.पा.१३ | वौघागुम्हा स्वास्थ्य चौकी १३ | ९८४७१३९४९५ | ,, | |
| १२ | सुमन बराल | पु | हे.अ. पाँचौं | सहायक पाँचौं | स्वास्थ्य | ता.न.पा. ४ | वौघापोखरा थैाक १२ | ९८०५४९०२८९ | ,, | |
| १३ | झपेन्द्र घिमिरे | पु | हे.अ. पाँचौं | सहायक पाँचौं | स्वास्थ्य | ता.न.पा. ९ | मदनपोखरा स्वा.केन्द्र ९ | ९८५७०६६२६६ | ,, | |
| १४ | जानका थापा | म | हे.अ. | सहायक पाँचौं | स्वास्थ्य | माथागढी २ रुप्से | अर्गली स्वा चौ १४ | ९८४७१०३१६८ | ,, | |
| १५ | विजय दर्नाल | पु | हे.अ | सहायक पाँचौं | स्वास्थ्य | ता.न.पा. १ | तेल्घा स्वा.चौकी १० | ९८४७११६७२५ | ,, | |
| १६ | ईन्दु आचार्य | म | अनमी | सहायक पाँचौं | स्वास्थ्य | माथागढी गा.पा.२रुप्से | तेल्घा स्वा.चौकी १० | ९८४७०४४३५६ | ,, | |
| १७ | प्रतीक्षा लामटाङे | म | हे.अ | सहायक पाँचौं | स्वास्थ्य | रिब्दीकोट | वन्दिपोखरा ११ | ९८६७२६०९५८ | ,, | |
| १८ | पुर्णबहादुर खत्री | पु | अहेव | सहायक पाँचौं | स्वास्थ्य | ता.न.पा ५ | वन्दिपोखरा ११ | ९८४७०६९२५९ | ,, | |
| १९ | ईन्दिरा भट्टराई | म | अनमी | सहायक पाँचौं | स्वास्थ्य | रैनादेवी छहरा | वन्दिपोखरा ११ | ९८४७१००७३७ | ,, | |
| २० | गनिमाया सिंजाली | म | अनमी | सहायक पाँचौं | स्वास्थ्य | रिब्दीकोट | अर्गली स्वा चौ १४ | ९८४४१३३८७९ | ,, | |
| २१ | मेनका शर्मा ज्ञवाली | म | अनमी | सहायक पाँचौं | स्वास्थ्य | ता.न.पा. १४ | अर्गली स्वा चौ १४ | ९८४७४३९७५२ | ,, | |
| २२ | शोभा ढकाल | म | अनमी | सहायक पाँचौं | स्वास्थ्य | | वौघापोखरा थैाक १२ | ९८४७०२८६८१ | ,, | |
| २३ | कल्पना पौडेल | म | अनमी | सहायक पाँचौं | स्वास्थ्य | ता.न.पा १० | तेल्घा स्वा.चौकी १० | ९८४७०७६७०५ | ,, | |
| २४ | डोलराज काफ्ले | पु | अहेव | सहायक चौंथो | स्वास्थ्य | ता.न.पा १० | मदनपोखरा स्वा.चौ. ९ | ९८५७०६८३९० | ,, | |
| २५ | गीता अर्याल | म | अनमी | सहायक चौंथो | स्वास्थ्य | ता.न.पा ९ | मदनपोखरा स्वा.चौ. ९ | ९८४७५२५३५० | ,, | |
| २६ | रीता शर्मा | म | अनमी | सहायक चौंथो | स्वास्थ्य | ता.न.पा ९ | मदनपोखरा स्वा.चौ. ९ | ९८४७२६४७७५ | ,, | |
| २७ | यसोदा सोमै | म | अनमी | सहायक चौंथो | स्वास्थ्य | ता.न.पा ३ | मदनपोखरा स्वा.चौ. | ९८४७२०८१४६ | ,, | |
| २८ | सुस्मिता जि.सी. | म | अहेव | सहायक चौंथो | स्वास्थ्य | ता.न.पा १० | तेल्घा स्वा.चौकी १० | ९८६०७३८९८५ | ,, | |
| २९ | संगीता बोहोरा | म | अहेव | सहायक चौंथो | स्वास्थ्य | ता.न.पा ११ | वौघापोखरा थैाक १३ | ९८४७४९७०५२ | ,, | |
| ३० | सीता पाण्डे कार्की | म | अहेव | सहायक चौंथो | स्वास्थ्य | ता.न.पा ५ | अर्गली स्वा चौ १४ | ९८४७२१८४९९ | ,, | |
| ३१ | निर्मला रेगामी | म | अनमी | सहायक चौंथो | स्वास्थ्य | रैनादेवी छहरा | वौघापोखरा थैाक १२ | ९८४७३९८३५२ | ,, | |
| ३२ | विजुदेवी जर्घा | म | अ.हे.व | सहायक चौंथो | स्वास्थ्य | ता.न.पा. २ | वन्दिपोखरा ११ | ९८४७१३९३५५ | ,, | |

| क्र.स. | कर्मचारीको नाम थर | लि | पद | तह | शाखा | स्थायी ठेगाना (हालको संरचना अनुसार) | कार्यरत कार्यालयको नाम र ठेगाना | मोवाईल नं. | स्थायी, अस्थायी, करार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | शोभा विश्वकर्मा | म | सि.एम.ए | सहायक चौथो | स्वास्थ्य | ता.न.पा. वडा नं. ७ पाल्पा | शहरी स्वास्थ्य केन्द्र ता.न.पा ७ | ९८४७११०५३५ | करार | |
| ३४ | पुजा अर्याल | म | अनमी | सहायक चौथो | स्वास्थ्य | ता.न.पा. वडा नं. ५ पाल्पा | शहरी स्वास्थ्य केन्द्र ता.न.पा ५ | ९८४७१७३४७९ | करार | |
| ३५ | दीपा वस्याल | म | अनमी | सहायक चौथो | स्वास्थ्य | ता.न.पा. ७ पाल्पा | शहरी स्वास्थ्य केन्द्र ७ | ९८५७०६८०४४ | करार | |
| ३६ | सीता भट्टराई | म | प.हे.न | सहायक चौथो | स्वास्थ्य | ता.न.पा ६ | वौघागुम्हा स्वा.चौ.१३ | ९८६०३४९७०२ | करार | |
| ३७ | गणेश ढकाल | | अहेव | सहायक चौथो | स्वास्थ्य | आधिखोला गा.पा. स्या जा | वौघागुम्हा स्वा.चौ.१३ | ९८४७१२६५४९ | स्थायी | |
| ३८ | श्रृष्टि दवाडी | म | अनमी | सहायक चौथो | स्वास्थ्य | ता.न.पा. ९ | मदनपोखरा स्वा.चौ. | ९८६७८२८०५६ | करार | |
| ३९ | सीमा थापा | म | | सहायक चौथो | स्वास्थ्य | ता.न.पा. ९ | मदनपोखरा स्वा.चौ. | ९८६७०४१७११ | करार | |
| ४० | मुन्नु खड्का | म | अनमी | सहायक चौथो | स्वास्थ्य | ता.न.पा. ८ | नयाँपाटी सा.स्वा.ई | ९८४७३९८९९८ | करार | |
| ४१ | दीपा सौमै | म | अहेव | सहायक चौथो | स्वास्थ्य | ता.न.पा. ८ | चाउरीपोखरा ८ छाप | ९८६७४४१५१९ | करार | |
| ४२ | मन्जु भट्टराई | म | अहेव | सहायक चौथो | स्वास्थ्य | वडा नं. १३ | छेर्लुङ स्वा.चौ. १३ | ,९८४४७९३७३७ | करार | |
| ४३ | शिव भट्टराई | म | अनमी | सहायक चौथो | स्वास्थ्य | वडा नं. १३ | छेर्लुङ स्वा.चौ. १३ | ९८६७३४४९१६ | करार | |
| ४४ | ममता राना | म | अनमी | सहायक चौथो | स्वास्थ्य | वडा नं. १४ | अर्गली स्वा चौ १४ | ९८५७०६८०३३ | करार | |
| ४५ | माया कार्की | म | कार्यालय सहयोगी | श्रेणी विहीन | स्वास्थ्य | ता.न.पा. वडा नं. ५ | शहरी स्वास्थ्य केन्द्र ५ | ९८४७१८१२२७ | करार | |
| ४६ | हरि बोहोरा | पु | कार्यालय सहयोगी | श्रेणी विहीन चौथो | स्वास्थ्य | | वौघापोखरा थौक १२ | ९८४७०३५३५२ | स्थायी | |
| ४७ | राधा थापा | म | कार्यालय सहयोगी | श्रेणी विहीन | स्वास्थ्य | ता.न.पा. ८ | सा.स्वा.ईकाई ८ नयापाटी | ९८४७१०१४५० | करार | |
| ४८ | सुशीला भण्डारी न्यौपाने | पु | कार्यालय सहयोगी | श्रेणी विहीन | स्वास्थ्य | ता.न.पा. ७ | शहरी स्वास्थ्य केन्द्र ७ | ९८४७१७२१३६ | करार | |
| ४९ | अम्विका पाण्डे | म | कार्यालय सहयोगी | श्रेणी विहीन | स्वास्थ्य | ता.न.पा. ९ | मदनपोखरा स्वा.चौ. ९ | ९८४७०७६५७८ | करार | |
| ५० | नैना पाण्डे | म | कार्यालय सहयोगी | श्रेणी विहीन | स्वास्थ्य | वडा नं. १४ | अर्गली स्वा चौ १४ | ९८४७३९७७०८ | करार | |
| ५१ | कल्पना रास्कोटी | म | कार्यालय सहयोगी | श्रेणी विहीन | स्वास्थ्य | वौघागुम्हा स्वा.चौ.१३ | वौघागुम्हा स्वा.चौ. १३ | ९८४७२३१२०६ | करार | |
| ५२ | बासना भट्टराई | म | कार्यालय सहयोगी | श्रेणी विहीन | स्वास्थ्य | वडा नं. १३ | छेर्लुङ स्वा.चौ.वडानं. १३ | ९८४४७२२८७० | करार | |
| ५३ | गिता विष्ट | म | कार्यालय सहयोगी | श्रेणी विहीन | स्वास्थ्य | ता.न.पा १० | तेल्घा स्वा.चौकी | ९८६७४५१७५३ | करार | |
| ५४ | बृहस्पति पचभैया | पु | अहेव | चौथो | स्वास्थ्य | रिब्दीकोट | अध्ययन विदा एच.ए | ९८४७३०६९०२ | स्थायी | |
| ५५ | मनिसा घिमिरे | म | अनमी | चौथो | स्वास्थ्य | ता.न.पा. ९ | अध्ययन विदा वि.एस.सी. नर्सिङ्ग | | स्थायी | |

| क्र.स. | कर्मचारीको नाम थर | लि | पद | तह | शाखा | स्थायी ठेगाना (हालको संरचना अनुसार) | कार्यरत कार्यालयको नाम र ठेगाना | मोवाईल नं. | स्थायी, अस्थायी, करार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कृषि | | | | | | | | | | |
| १ | सरोज तिमिल्सेना | पु | ना.प्रा.स | सहायक चौथो | कृषि शाखा | ता.न.पा वडा नं. ६ | ता.न.पा.कृषि शाखा | ९८६७१९०९३५ | स्थायी | |
| पशु | | | | | | | | | | |
| १ | नारायण खराल | पु | अधिकृत छैठौं(पशु) | अधिकृत छैठौं | पशु शाखा | ता.न.पा. ६ | दमकडा पशुसेवा केन्द्र | ९८६७१४१९७० | स्थायी | |
| २ | नारायण दर्लामी | पु | प.स.प्रा.(पशु) | सहायक पाँचौं | पशु शाखा | रैनादेवी छहरा २ | अर्गली प.से केन्द्र | ९८५७०६५०९० | स्थायी | |
| ३ | दानबहादुर कुवर मगर | पु | ना.प.स्वा.प्रा(पशु) | सहायक चौथो | पशु शाखा | वगनासकाली ३ पाल्पा | तानसेन नगरपालिका | ९८४७०२८२२४ | स्थायी | |
| ४ | हरिप्रसाद पराजुली | पु | कार्यालय सहयोगी | श्रेणी विहीन | पशु शाखा | ता.न.पा. ७ | मदनपोखरा प.से केन्द्र | ९८४७०६८२५४ | स्थायी | |
| ५ | भोज कुमारी मण्डल | म | कार्यालय सहयोगी | श्रेणी विहीन पाचौं | पशु शाखा | ता.न.पा. १४ | अर्गली प.से केन्द्र | ९८४७३५०८८५ | स्थायी | |
| सरसफाइ कर्मचारी | | | | | | | | | | |
| १ | लक्ष्मी दमाई | म | कुचिकार | श्रेणी विहीन | सरसफाइ | | तानसेन नगरपालिका | | स्थायी | |
| २ | दिलमता दमाई | म | कुचिकार | श्रेणी विहीन | सरसफाइ | | तानसेन नगरपालिका | | स्थायी | |
| ३ | भागीरथी नेपाली | म | कुचिकार | श्रेणी विहीन | सरसफाइ | | तानसेन नगरपालिका | | स्थायी | |
| ४ | धनमाया नेपाली | म | कुचिकार | श्रेणी विहीन | सरसफाइ | | तानसेन नगरपालिका | | स्थायी | |
| ५ | दलबहादुर वि.क. | पु | कुचिकार | श्रेणी विहीन | सरसफाइ | | तानसेन नगरपालिका | | स्थायी | |
| ६ | केरबहादुर वि.क. | पु | कुचिकार | श्रेणी विहीन | सरसफाइ | | तानसेन नगरपालिका | | स्थायी | |
| ७ | फटिकराज दर्जी | पु | कुचिकार | श्रेणी विहीन | सरसफाइ | | तानसेन नगरपालिका | | करार | |
| ८ | मानबहादुर नेपाली | पु | कुचिकार | श्रेणी विहीन | सरसफाइ | | तानसेन नगरपालिका | | स्थायी | |
| ९ | राजु दमाई | पु | ,, (चालक) | श्रेणी विहीन | सरसफाइ | | तानसेन नगरपालिका | | स्थायी | |
| १० | सन्तबहादुर दमै | पु | ,, चालक | श्रेणी विहीन | सरसफाइ | | तानसेन नगरपालिका | | स्थायी | |
| ११ | दिलबहादुर दमै | पु | ,, चालक | श्रेणी विहीन | सरसफाइ | | तानसेन नगरपालिका | | स्थायी | |
| १२ | शेरबहादुर कामी | पु | कुचिकार | श्रेणी विहीन | सरसफाइ | | तानसेन नगरपालिका | | स्थायी | |
| १३ | नन्दराम वि.क. | पु | कुचिकार | श्रेणी विहीन | सरसफाइ | | तानसेन नगरपालिका | | करार | |
| १४ | मानबहादुर दर्जी | पु | कुचिकार | श्रेणी विहीन | सरसफाइ | | तानसेन नगरपालिका | | स्थायी | |
| १५ | लक्ष्मी दर्जी | म | कुचिकार | श्रेणी विहीन | सरसफाइ | | तानसेन नगरपालिका | | करार | |
| १६ | फुलमाया कामी | म | कुचिकार | श्रेणी विहीन | सरसफाइ | | तानसेन नगरपालिका | | स्थायी | |

*(प्रशासन/सामाजिक विकास शाखा प्रमुख)*

# तानसेन पाल्पाको सांस्कृतिक सेरोफेरोमा मेरो अनुभव



- किरण चित्रकार

हामीहरू सानै हुँदा जब घण्टकर्ण (गठा मंगल) को दिन शुरू हुन्थ्यो त्यति बेलादेखि तानसेनमा जात्राको रौनक शुरू हुन्थ्यो । हुन त काठमाडौं ललितपुरपछिको दोस्रो नगरपालिकासँगै काठमाडौं पछिको जात्राको शहर भनेर तानसेन पाल्पालाई चिन्ने गरिन्छ । घण्टाकर्णको दिनको रातीबाट तानसेनमा लाखे नाच नाच्ने गरिन्छ । सँगसँगै पुराना कलाकार लाले (जोकर) चित्रकार, थापा काका, थमान सिं पौडेल, हाडा काका, ब्रम्हशेखर बज्राचार्य, वुङ्के काका, मित्र सिं लगायतको (मैत्री क्लव, टक्सार) छोकडा नाच र पछि देउराली परिवार (मिन बहादुर केसी, भरत देउराली, महेश, मदन, राजेन्द्र, काशी, किशोर दाई) र बसपार्कबाट कल्याणकोष समितिका (एकादशी चित्रकार, गणेश थापा, अष्ट चित्रकार, प्रेम गुरूङ, किरण मिलन, डबल आले, खुमबहादुर गन्धर्व, भरत, बलबहादुर प्रेम, राजेन्द्र श्रेष्ठ, बिशप सेन्चुरी, नारायण कुँवर, अशोक, राजु के.सी., मोहन, बेगम गन्धर्वहरूको) पनि छोकडा नाच देख्न पाइन्थ्यो । एक हप्तासम्म तालिम गरेर हार्मोनियम मादल, मेराकस, ढोलक बजाई आफ्नै मुखारविन्दबाट गीत गाएर नाच्नेनाचलाई छोकडा नाच भनिन्छ । त्यो अचेल देख्न पाएका छैनौं । त्यस्तै गरी श्रीकृष्ण जन्माष्टमीको दिन अर्थात् श्री रणउजीरेश्वरी भगवतीको जागरामको दिनमा लाखे मार्ने प्रचलन थियो । हामीहरू पनि सानै छँदा लाखे कसरी मार्ने रहेछ ? भनेर रातीसम्म बस्ने गर्दथ्यौं । जब २०६३/०६४ सालमा लाखे नै देख्न पाएनौं कारण त्यति बेलाको लाखे नाच्ने दाइ र काकाहरू रामबहादुर श्रेष्ठ, रामबहादुर जालन्धर, भूगोल कार्की, सुनबहादुर शाही, कान्छादाइको मृत्यु भएको कारणले त्यसपछि पाल्पा तानसेनको सांस्कृतिक गतिविधिलाई जोगाई राख्नुपर्छ भनी हाम्रो **पाल्पाली नाट्यकला सांस्कृतिक समूह** बसपार्कबाट मेरै अध्यक्षतामा लाखे नाच, चुइँकी, बाघजात्रा, गठा मंगल र गाईजात्रा हाँस्यव्यङ्ग्य प्रहसन निकाल्दै आएका छौं । यी सब जात्रा निकाल्न १ महिनाको कसरत चाहिन्छ । करीब १ लाख ५० हजार खर्च हुन्छ । त्यसको लागि २०७५ सालमा तानसेन नगरपालिकाबाट रू. १८,०००, पाल्पा उद्योग वाणिज्य संघबाट ८०००, श्रीनगर यातायात प्रा.लि.बाट १०,००० सहयोग प्राप्त भएको छ । तानसेन नगरपालिकाले २०७६ मा ३४ हजार सहयोग गरेको छ ।

२०७५ सालमा तानसेन नपा वडा नं. ६ बाट चुइँकी र लाखे सामग्रीको लागि ३०,०००, अन्य व्यक्ति, पसलबाट ५०० देखि २०० सम्म सहयोग पाउने गरेका छौं । हाम्रो समूहले कलाकारहरूलाई नास्ता र यथोचित पारिश्रमिक पनि दिने गरेका छौं । बँचेको केही रकम कलाकारलाई अप्ठेरो परेको बेला सहयोग स्वरूप दिने गरेका छौं । साथै बसपार्कमा आएका बिखर्ची, असहाय वृद्धलाई न्यानो कपडा र खाद्यान्न दिने गरेका छौं । यसपाली पनि दृष्टिविहीन र वृद्धाश्रममा गई न्यानो कपडा र खाद्यान्न सहयोग गर्दैछौं । हाम्रो समूहमा नारायण कुँवर, खुमबहादुर गन्धर्व, बिजय बम्डेल, श्रवण गोतामे, कमल खत्री, चिरन्जीबी ढुंगाना, चित्रवलीराम सुवाल, थमानसिं पौडेल, करन चित्रकार, ऋषिराम राना, अमर नेपाली, बीरेन्द्र थापा क्षेत्री, सूरज परियार, श्रीदेवी पचभैया, सुकमाया गुरूङ, विष्णु पंथ, यशोदा कार्की, रामकृष्ण थापा, सुमितकुमार घिमिरे, कमल भट्टराई, विष्णु पाण्डे, ममता कोइराला लगायत छौं । सहारा कला केन्द्र र सौभाग्य कला केन्द्रबाट समेत यथासक्य सहयोग प्राप्त भएको छ ।



जनैपूर्णिमाको दिन भोलिखेर मनाइने गाई जात्राको दिनमा मृतकका परिवारहरूबाट मृत्यु भएकाको नाममा उनीहरूको स्वर्गमा बास होस् भनी सक्नेले निर्गुण, बास्सा, ताहामचा, नसक्नेले काम्ले गाई, जोगी बनेर नगर परिक्रमा गर्नुहोला भनी सूचना प्रवाह गर्ने कार्यलाई चुइँकी फिराउने भनिन्छ । यो पनि पुराना चन्द्रकाका, सुनबहादुर शाही, युक्त चित्रकार, कान्छा दाई, मोहन शाही लगायतले गर्नुहुन्थ्यो । उहाँहरूको मृत्यु पछि हाम्रो समूहले २०६७ साल देखि चुइँकी फिराउँदै आएको छ । चुइँकी निकाल्न गाह्रो र खर्चिलो छ । अन्तिममा यस्तो हाम्रो संस्कृतिलाई जोगाइ राख्न सम्बन्धित निकाय, कार्यालय, संघसंस्था र बजारबासीको पनि भूमिका रहने हुँदा सहयोग हुने कुरामा हामी कलाकारहरू आशावादी छौं । रोपाई जात्रा निकाल्ने साखुम, बराङ्दी, काजीपौवा, धरमपानी, खानीगाउँको समूहलाई पनि हाम्रो तर्फबाट धन्यवाद दिन चाहन्छौं । सबै मिलौं; तानसेन पाल्पाको संस्कृतिलाई संरक्षण गरौं ।

*(कलाकार)*

# गौरवपूर्ण एवम् संघर्षशील इतिहास पुरुष पूर्णमान थैवसँग भेट



– झपेन्द्र जी.सी.

**१. भेटः** आज २०७६ साल असोज २२ गते लोकतान्त्रिक आन्दोलनका अथक योद्धा एवम् यस ५ नं.प्रदेशका कम्युनिष्ट आन्दोलनका संस्थापक नेता, राजनीतिज्ञ एवम् इतिहास पुरूष पूर्णमान थैवसँग उहाँकै निवास तिलोत्तमा नगरपालिका वडा नं. ४ नयाँमिलचोकदेखि करीब २५० मिटर पश्चिमपट्टि भेट भयो । इतिहास पुरूष कमरेड पूर्णमान थैवलाई करीब २ वर्ष पहिले मैले भेट गर्ने उत्कट अभिलाषा राखेको थिएँ र त केही इष्टमित्रले उहाँलाई यहाँ भेट गर्न नसकिने बताएपछि म दुखी भएको थिएँ । आज उहाँसँग आफ्नै निवासमा कनिष्ट सुपुत्र उमेश थैवको साथमा भेटघाट गर्ने सुअवसर प्राप्त गर्दा आफैले आफैलाई भाग्यशाली ठानेको छु । उहाँबारे यस अघि मैले प्राप्त गरेको सूचना गलत रहेछ । यही गलत सूचनाका आधारमा मैले इतिहास पुरूषका सम्वन्धमा जहाँ कहीँ बोल्ने लेख्ने (**हाम्रो तानसेन** त्रैमासिक पूर्णाङ्क ६, ०७६ साउन पेज १४) गरेका कुराहरू खण्डित भएका छन् । आफैले आफैसँग एक्सक्युज मि भन्छु, प्रायश्चित गर्छु । लोकतान्त्रिक एवम् कम्युनिष्ट आन्दोलनका अथक योद्धा र ५ नं. प्रदेशका कम्युनिष्ट आन्दोलनका संस्थापकमध्ये जीवित व्यक्तित्व आदरणीय कमरेड पूर्णमान थैवको सुस्वास्थ्य एवम् दीर्घ जीवनको कामना गर्दछु । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलालदेखि मार्क्सवादी एवम् बौद्ध दर्शनका महापण्डित राहुल साङ्कृत्यायन (९ अप्रिल १८९३- १४ अप्रिल १९६३) समेतसँग भेटघाट र दीक्षित भएका पूर्णमान थैवको राजनीतिक यात्रा भने २००६ सालबाट सुरू भएको पाइन्छ । कमरेड पुष्पलालले २२ अप्रिल १९४९ मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना कलकत्ता श्यामबजार नवीन सरकार लेन २८ मा रतनलाल ब्राह्मण (जन्म घर पाल्पा अर्गली)को घरमा भएको लगतै पछि पुष्पलालसँग सम्पर्कित र दीक्षित भई घर फर्केका मृगेन्द्रध्वज जोशीको साथ संगतबाट अघि बढेको बताइन्छ । जीवित व्यक्तित्व चिनियाँलाल बज्राचार्य (चिनियाँ सर) सचिव, सदस्यहरूमा जीवित व्यक्तित्व पूर्णमान थैव र स्व. श्याम रतन रहेको सेलकमिटी २००६ सालमै गठन भई राणा शाही विरोधी आन्दोलनलाई सचेततापूर्वक अघि बढाएको गौरवपूर्ण इतिहास छ । उक्त सेल कमिटी निर्माणमा अहम भूमिका खेल्नु भएका कमिटीका सल्लाहकार मृगेन्द्रध्वजजीको सेल कमिटी गठन भएको केही हप्तामै दुःखद निधन भएको इतिहास पुरूषहरू बताउनुहुन्छ । यो कलमकार दिवंगत ती लोकतान्त्रिक योद्धा एवम् कम्युनिष्ट पार्टी पाल्पा गठन गर्नमा भूमिका खेल्नेहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । साथै जीवित इतिहास पुरूषहरू पूर्णमान थैव र चिनियाँलाल बज्राचार्यप्रति हार्दिक हार्दिक सम्मान र अभिवादन गर्दछु । पूर्णमान थैवबारे **हाम्रो तानसेन** पूर्णाङ्क ६ (२०७६ साउन अंक पेज १४) मा उहाँबारे अन्यथा वाक्याँश पर्न गएकोमा क्षमा चाहन्छु ।



**२. जीवनचरित्र र सामाजिक राजनीतिक योगदान :**

वि.सं. १९८५ सालमा पाल्पा तानसेन टक्सार टोलमा जन्मनु भएका पूर्णमान थैव सानै उमेर देखि हकी र न्यायप्रेमी स्वभावका हुनुहुन्थ्यो । अन्याय अत्याचार र राणा निरङ्कुशतन्त्रले सिर्जना गरेका अव्यवस्थाका विरूद्ध त्यो बेला बोल्नु निकै खतराको विषय हुन्थ्यो । मृगेन्द्रध्वज जोशीको सहजीकरणमा तानसेन टक्सारमा नेकपाको सेल कमिटीको निर्माण र परिचालन २००६ सालमा हुनु यो एउटा महत्वपूर्ण ऐतिहासिक घटना पनि हो । अहिले प्रदेश ५ मा १२ जिल्लाहरू रूकुमपूर्व, रोल्पा, प्यूठान, अर्घाखाँची, गुल्मी, पाल्पा, पश्चिम नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाके र बर्दिया छन् । नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहासको पृष्ठ ५७ मा पार्टी कामलाई व्यवस्थित र प्रभावकारी बनाउन नेपाललाई तीन संगठनात्मक क्षेत्र/प्रदेशमा विभाजन गरी पश्चिम गण्डकमा (पाल्पा, गुल्मी, नवलपुर, बुटवल तथा तौलिहवा

र कर्णाली प्रदेशमा सम्पर्क गर्न नेपालगञ्जलाई मुख्य केन्द्र बनाई पार्टी काम गरेको उल्लेख छ । साथै यो क्षेत्रको जिम्मा स्वयम् पुष्पलालले लिनु भएकोले पनि तानसेन पाल्पा बुटवल र गण्डकीको मध्यविन्दुमा रहनुले पनि विशेष महत्त्व राख्दछ । यसरी मृगेन्द्रध्वजको सहजीकरण र संयोजन, चिनियाँलाल, श्यामरतन गुभाजूको सहकार्यबाट राजनीतिक सांगठनिक जीवन यात्रा सुरू गर्नुभएका पूर्णमान थैवजी २००७ सालको सेरोफेरोदेखि जयतु संस्कृतम् आन्दोलनका नेताहरूमध्ये एक कमलराज रेग्मी नेपाल कम्युनिष्ट पार्टीका महासचिव पुष्पलालसँग सम्पर्कित भै आएपछि राणा शासन विरूद्ध प्रजातन्त्रतन्त्र प्राप्तिको लागि जोर पक्रेको कुरा स्वयं पूर्णमानजी समेतले बताउनुहुन्छ । उहाँभन्नु हुन्छ - "पाल्पा तानसेनमा २००७ साल पौष १९, २०, २१ गते कमल राज रेग्मीको अगुवाइमा राणाशासन मूर्दावाद, प्रजातन्त्र जिन्दावाद नाराका साथ सर्वप्रथम जुलुस निकाल्ने हामी नै हौ । जुलुस बसन्तपुर लक्ष्मी नारायण मन्दिरबाट सुरू गरिएको हो । राजा त्रिभुवनले दिल्ली सम्झौता (राजा, राणा र कांग्रेसकाबीच) भएपछि २००७ साल फाल्गुण ७ गते प्रजातन्त्रको घोषणा गरे पनि पाल्पामा भने जनसरकारको गठन पौष २१ गते तौलिहवाका भोलानाथ शर्माको नेतृत्वमा भएको हो ।"

२००७ सालमा प्रजातन्त्र आयो भनिए पनि मोहन शमशेर राणालाई नै प्रधानमन्त्री बनाइएकोमा दिल्ली सम्झौता घोखा हो, क्रान्ति अझै पूरा भएको छैन भन्ने नाराकासाथ हामीले जुलुस गरेका हौं भनेर थैवले बताउनुहुन्छ । "पुष्पलालसँग त पाल्पामा धेरैपटक भेट भयो । पुष्पलाललाई भेट्न म कलकत्ता पनि गएको छु । मेरो औपचारिक शिक्षा खास नभए पनि मैले राजनीतिको चुरो कुरो बुझेको थिएँ भन्ने लाग्छ । नेता कमलराज रेग्मीजीलाई त बैकलमा धेरैपटक सुरक्षित तरिकाले राख्नुका साथै हाम्रो घरको बैकलमा पार्टीको बैठक पनि गुप्त रूपमा समेत गरियो । आफ्नो गच्छे अनुसार राजनीतिक सांस्कृतिक परिवर्तन र लोकतान्त्रिक गणतन्त्रका लागि लागियो । पहिले जनवादी गणतन्त्र भनिन्थ्यो अहिले त लोकतान्त्रिक गणतन्त्र सबैका मुखमुखमा झुण्डिएको छ । "उहाँले भेटमा भन्नुभयो । उहाँले अगाडि भन्नु भयो- "२०१५/०१६ सालतिर तानसेनबाट बुटवल झरियो । २०३७ सालको जनमत संग्रहपछि बुटवल न.पा. वडा नं. १, साविक बुटवलको वडा अध्यक्षमा निर्वाचित भई जनप्रतिनिधिको हैसियतले सेवा गरियो । पञ्चायतीकालमा वडा अध्यक्ष भए पनि नेपाल कम्युनिष्ट पार्टी प्रतिको आफ्नो आस्था कहिल्यै पनि डगमगाएन । ०६२/०६३ को लोकतान्त्रिक आन्दोलनमा सक्रियताकासाथ जुटेको हुँ, तर अहिले त ९१ वर्षे उमेरमा छु र शारीरिक रूपमा क्रियाशील हुने अवस्था छैन । ऐले त धेरै कुरा बिर्सिन थालिसकें । करीब दुई ढाइ वर्ष देखि हामी तिलोत्तमा नगरपालिका ४ मा बसाइ सरी आएका हौं ।" छोराहरू दिनेशमान थैव र उमेशमान थैवको साथमा बसोबास गर्दै आउनुभएका पुर्णमान थैवकी जेठी छोरी संगीता र कान्छी छोरी सविता मल्ल हुन् । अहिले तिलोत्तमा बसोबास भएपनि आफ्नो मतदाता नामावली बुटवल-१ मा नै छ र गत निर्वाचनमा उहाँले बुटवलमा नै भोट हालेको हो । भोजप्रसाद श्रेष्ठ, विमलमान शाक्य, विष्णु पोडेल, शिव सुवेदी, गोमाआचार्य, महेन्द्र लिगललाई भोट हालेको बताउने थैवले तिलोत्तमामा भने नेताहरूसँग त्यति भेट नभएको बताउनुभयो । जेष्ठनागरिक भत्ता अहिले पनि बुटवल उपमहानगरपालिकाबाट लिने गरेको उहाँले बताउनुभयो । बुटवल हुँदा विष्णु पौडेल, प्रदीप ज्ञवाली, नन्दीकेशर ढकाल, नेत्र पन्थी, शिव सुवेदी जस्ता नेताहरूसँग बराबर भेटघाट हुने गर्दथ्यो भनेर आफ्नो तर्फबाट पार्टी र जनताको सेवामा योगदान पुऱ्याएको वृतान्त सुनाउनुभयो । त्यो राणाकालीन निरकुंश अवस्थादेखि अहिले लोकतान्त्रिक वातावरण समेतलाई प्रत्यक्ष रूपमा भोग्दै आउनुभएका थैवले हाम्रो पार्टी, हाम्रो सरकार र जनप्रतिनिधिहरूले राल नकाढेर जनता र राष्ट्रको सेवा गर्नुपर्ने कुरामा जोड दिनु भयो । "सरकारले समृद्ध नेपाल र सुखी नेपालीको लागि काम गर्ने मुख्य एजेण्डा जुन बनाएको छ, यो राम्रो हो । कथनी अनुसार करनी व्यवहारमा भइदिए हुन्थ्यो भन्ने मेरो चाहना छ । यो चाहना पूरा होस् भन्ने मेरो कामना छ ।" मसँगको भेटमा उहाँले आफ्नो भावना विस्तारै विस्तारै बोलेर बताउनुभयो ।

**उपसंहारः** संघीय लोकतान्त्रिक गणतन्त्र त्यसै प्राप्त भएको होइन । यो प्राप्तिका लागि पूर्णमान थैव जस्ता हजारौं योद्धा र इतिहास पुरूषहरूको अहम योगदान रहेको छ । राजनीतिक रङमञ्चमा सांसद, मन्त्री, मेयर, उपमेयरको पदमा आसीन हुन पुग्नेहरूको बेसी चर्चा परिचर्चा र बखान हुने गर्दछ, तर सांसद, मन्त्री वा उच्च पदासीनहरूको भन्दा महत्वपूर्ण योगदान दिनेहरू ओझेलमा परेका छन्, यो तितो सत्य हो । इतिहासका अध्येताहरू र विश्लेषकहरू पूर्णमान थैव जस्ता व्यक्तित्वहरू जो ओझेलमा पर्नु भएको छ, उहाँहरूको यथोचित मूल्याङ्कन र सम्मान हुनुपर्ने हो, तर त्यस्तो हुन सकेको छैन । कम्युनिष्ट आन्दोलन र लोकतान्त्रिक आन्दोलनलाई अमूल्य योगदान गर्ने इतिहास पुरूषहरू जो डाँडाको जूनबन्दै हुनुहुन्छ । शारीरिक रूपमा अशक्त र रोगग्रस्त बन्दै हुनुहुन्छ, पूर्णमान थैव र उहाँ जस्तै व्यक्तित्वहरूलाई राज्य सरकार र पार्टीले आवश्यकता अनुसार यथोचित सहयोग र सम्मान गर्नु पर्ने टड्कारो आवश्यकता छ । एक दिन वृद्धावस्थाको कष्ट सबैले बेहोर्नुपर्छ । आजका जीवित इतिहास पुरूषहरूलाई सम्मान र सहयोग गर्न जाने र गरे भोलि त्यो सम्मान र सहयोग आफूलाई पनि प्राप्त हुन सक्छ भन्ने कुरा आजका राजनीतिक पार्टी, तिनका नेता, कार्यकर्ता, सरकार र जनप्रतिनिधिले बुझ्नु पर्ने अवस्था छ ।

*(तानसेन नगरपालिकाका विकास सद्भावना दूत)*



# बाल अधिकार र बालसहभागिताको अभिवृद्धि

- सगुन भट्टराई

बालबालिकाहरू वर्तमानका कोमल कोपिला हुन् जो भविष्यमा सुनौला एवम् सुगन्धमय फूल बनेर देशरूपी बगैंचालाई सुन्दर रूपले सजाउने छन् । बालबालिकाहरू भविष्यका कर्णधार मात्र नभएर वर्तमानका साझेदार र समाज सुधारक पनि हुन् । वास्तवमा विश्व स्वास्थ्य संगठनको बयान अनुसार १८ बर्ष मुनिका कलकलाउंदा सन्तति जो केटा भए बालक र केटी भए वालिका गरी दर्जा अनुरुप बालबालिका भन्ने गरिन्छ ।

वास्तवमा अधिकार त्यस्तो नैसर्गिक हुन्छ जुन एउटा बच्चा गर्भमा रहेदेखि बाहिरिएर प्राण त्याग नगरून्जेल पाउनुपर्छ । त्यस्तै निम्न अधिकारहरू बालबालिकालाई अनिवार्य रूपमा दिइनैपर्दछ ।

- आधारभूत आवश्यकता, गास बास कपासको अधिकार
- खेलकूद, शिक्षा र मनोरञ्जनको अधिकार
- स्वतन्त्रताको अधिकार
- संरक्षणको अधिकार, तथा
- सहभागिताको अधिकार



बालबालिकाहरू काँचो माटो जस्तै अपरिपक्व एवम् अवोध हुन्छन् । तिनीहरूलाई जस्तो प्रतिविम्बमा ढाल्न सक्यो त्यस्तै स्वरूपमा झल्किन्छन् । त्यसैले उनीहरूलाई सकारात्मक बाटोतर्फ लैजान र जिन्दगीलाई उज्वलपूर्ण बनाउने प्रेरणा दिंदै उनीहरूको अधिकार पनि सुनिश्चित गराउनुपर्छ । हरेक बालबालिकाले आफ्नो अधिकार पाउनैपर्छ चाहे त्यो गरिब, असहाय, अनाथ वा सडक बालक होस् या तीन तलामाथि बस्ने धनाढ्यको सन्तान नै । तर के नेपालका सम्पूर्ण बालबालिकाले समान रूपमा आफ्नो अधिकार ग्रहण गर्न पाएका छन् त? भन्न सकिंदैन । किनभने उहिले राणा चन्द्रशमसेरको पालामा हटेको दासप्रथा अहिले नेपालका कतिपय बालबालिकाले भोगेका छन् । वर्तमानको सन्दर्भलाई नियाल्दा अझैपनि ५०प्रतिशत बालबालिकाहरू वस्तु जस्तै आयात निर्यात गरिन्छन् । देश बाहिर होस् या देश भित्रै, लागू औषधको ओसार पसारमा संलग्न गराईन्छन् । दासी बनाइ राखेर कुकुरलाई भन्दा बढी शास्ती दिइन्छ । अनि कतैकतै आफूभन्दा ससाना भाइबहिनी बोकी नाकबाट सिगान र निधारबाट पसिना चुहाउँदै टन्टलापुर घाममा गिट्टी फोरिरहेका भेटिन्छन् । यस्तो दुःखद स्थिति अवगत हुँदाहुँदै पनि घाउमा नुनचुक छरेजस्तै अनावश्यक गालीगलोज र घोचपेच गरीदिंदा उनीहरूको सहनशीलतामा प्रहार भई आत्मबल घट्न जान्छ । यस्तो अमानवीय र क्रूरतापूर्ण ब्यवहार बालअधिकार विपरीत र अनुचित हुन्छ ।

बालबालिकाको कोमल हृदयले राम्रो लाउन, मिठो खान, साथीभाइसँग खेल्न र परिवारसँग मिलिजुली बस्न तथा विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागी भई चौतर्फी क्षेत्रमा पाइला राख्न खोज्दछ । बालबालिकाको उमेरै हाँस्नेखेल्ने भएकाले हामीहरूले उनीहरूको जागृत हुने भावनालाई बुझ्नुपर्छ । घर नै पहिलो पाठशाला भएकोले अभिभावकहरूले कुनै कुरामा अनावश्यक रोकटोक नगरी उपयोगी हरेक कार्यक्रममा सहभागी हुन सिकाउनु पर्छ । नकारात्मक बाटोतिर जांदा र सकारात्मक प्रवृत्तिलाई अपनाउँदा हुने फाइदा र बेफाइदा बुझाएर यस संसारलाई चिन्न सिकाउनुपर्छ । स्नेहपूर्ण ब्यवहारले नराम्रो क्रियाकलाप भन्दा दिमाग बढ्ने र व्यावहारिक ज्ञान तर्फ आकर्षित हुने हुदा उनीहरूको मनोबल बढ्नुको साथै नराम्रा कार्य र दुर्घटनाहरूसँग जुझेर बाँच्ने बानीको बिकास हुन्छ । इतिहासको पानो पल्टाएर हेर्दा विश्वजनयुद्ध पहिलो र दोश्रोमा विभिन्न देशका बालबालिकाहरूले आफ्नो इच्छा विपरीत आन्दोलनमा सहभागी हुनुपरेको थियो । शत्रु देशका मानिसहरूले बालबालिकाको दुरूपयोग गरेर, कुकार्य गराएर अरू देशमा कब्जा गरी आफ्नो प्रभुत्व जमाएका थिए । यसकारण कतिपय बालबालिकाहरूको निर्दोषपनमाथि खेलवाड गरी ज्यान लिइएको थियो र यस कार्यले लंका जित्ने हनुमान् पगरी गुथ्ने ढेंडु उक्तिको चित्रण चरितार्थ भएको थियो । पछि जब युद्ध सेलायो कतिपय बालबालिका अनाथ र अपांग हुन पुगे तर यो दुर्दशालाई यूरोपियन महिला मिसेज एन्टिग्रोएलले चुपचाप सहिनन् । यस विरूद्ध आवाज उठाएर विभिन्न देशका बालसंस्थाको सहयोगबाट बालबालिकालाई हक दिलाउन सफल भइन् । फलस्वरूप बालबालिकाहरूले अधिकार प्राप्त गरेको दिन भनेर सन् १९८९ नोभेम्बर २० देखि अन्तर्राष्ट्रिय रूपमा बालदिवस मनाउन थालियो । यसरी ठूलालाई

चयन सानालाई ऐन उक्तिको पनि अन्त्येष्टि भयो ।

वास्तवमा बालबालिका भनेका राष्ट्र विकासका धरोहर पनि हुन् । भोलि हाम्रो देशमा पाइलट, डाक्टर, राजनेता, ईन्जिनियर, प्रधानमन्त्री, अर्थशास्त्री एवम् राष्ट्रपति बनेर देश हाँक्ने भनेका आजका बालबालिका नै हुन् । त्यसैले हामीले यस राष्ट्रको जग पहिल्यैबाट बलियो बनाउनुपर्छ । हुनत नेतावर्गहरू जो बालअधिकार, बालसहभागिताका विषयलाई कोट्याउँदै राजधानीको महलमा बसेर भाषण दिन्छन् जसले आफूहिड्ने सडकमा सडक बालबालिकाहरू जसले कवाडी र फोहरमैलामा आफ्नो भविष्य खोजिरहेका छन् तिनीहरूलाई देखेर पनि कुहिरोको काग अन्धो भने झैं बेवास्ता गरिरहेको कुरालाई प्रस्तुत पद्यांशद्वारा प्रष्ट बुझ्न सकिन्छ ।

उठ्छु दौडन्छु सडकमा बिझाउंछन्
तिखा ढुङ्गाहरू
खोज्छन् आश्रय महलका पेटीहरूमा
नाङ्गा पैतालाहरू
देख्छु सब जादैछन् विद्यालय पढ्नुपर्छ भनी
मलाई मात्र सडकको बास किन होला कुन्नि ?
टांस्छन् पोष्टर जताततै बालअधिकार लेखिएको
अधिकार चुँडिएकालाई खोई त राष्ट्रले देखेको?

उपर्युक्त भाव र गुण पङ्तिबाट बुझ्न सकिन्छ कि, जो बालबालिकाको घरबार छैन, अनाथ छन्, सडकमा छन् तिनीहरूलाई पनि सामान्य बालबालिकाहरू जस्तै विद्यालय जान, पढिलेखि ठूलो भई कार चलाएर हिड्न मन लाग्छ, तर तिनीहरूको मनमा उत्पन्न हुने अन्तरद्वन्द्वलाई कसैले पनि सेलाउन वा शान्त पार्न सकेनन् । त्यसैले ती बालबालिकालाई सबैको छिः छिः र दूरदूर सहेर बस्नु परेको छ । सरकारले बेवास्ता गरेको हुँदा सबैको बक्रदृष्टिबाट जोगिदै राजधानीको रमझममा पनि नारकीय जीवन गुजार्न बाध्य हुनु परेको यथार्थ लुकेको छैन् । यो भन्दा कति भयावह स्थिति सृजना हुनु पर्‍यो र ? के हामी सबै नागरिक मिलेर एकतामा हुने बलको सदुपयोग गरी, एकजुट भई, राज्यको पैसा र विभिन्न संघसंस्थाबाट रकम सहयोग लिइ, दिई अनाथाश्रम खोलेर ती दुखी बालबालिकाहरूलाई आश्रय दिलाई पुष्पा बस्नेत बन्न सक्दैनौं र ? अवश्य पनि सक्छौं । खाने मुखलाई जुँगाले कदापि छेक्दैन । तानसेन नगरपालिकाले अल्पसंख्यक तथा विपन्न परिवारका बालबालिकाको पढ्ने तथा स्वस्थ भएर बाँच्ने अधिकारको सुनिश्चतता गर्न लागेको कुरा नगरप्रमुखबाट सुन्दा खुसी लागेको छ । नगरभित्र कोहीपनि बालबालिकाले सडकमा जीवन बिताउनु नपरोस् भन्ने तर्फ आफ्नो ध्यानाकर्षण भएको नगरप्रमुखले बताउँनु भयो ।

पानीमा जस्तो रङ्ग घोल्यो त्यस्तै हुन्छ । त्यसैले हामीले हरेक मानिसको मनमा बालदुर्व्यवहार विरूद्धको रङ्ग घोलेर बालअधिकारको संरक्षण र बालसहभागितामा अभिवृद्धि ल्याउन उठ्नुपर्छ । मौखिक, शारीरिक, मानसिक र भावनात्मक बालदुर्व्यवहारको अन्त्य गर्नुपर्छ । अन्याय, यातना र शोषणको भयंकर भुमरीमा फँसेका र फँस्नलागेका बालबालिकाहरूलाई जोगाउंन पहल गर्नैपर्छ । बिभिन्न बालकार्यक्रम जस्तै बालक्वीज, बालबगैंचा, सञ्चालन गरेर बालबालिकाहरूलाई सहभागिताको सुवर्ण अवसर प्रदान गर्नुपर्दछ । देशका खम्बाहरूलाई आफ्नो खुट्टामा उभिन सिकाउनु पर्दछ । सत्य र मानिसहरूको अधिकार जोगाउने पक्षबाट वकालत गर्न मद्दत गर्नु, उनीहरूको संरक्षण र प्रवर्द्धनमा आवाज उठाउनु एक असल ब्यक्तिको दायित्व र कर्तब्य एवम् सभ्यताको पहिचान हो । त्यसैले हिम्मत नहारी पहिले विद्यार्थी, युवावर्ग, अभिभावक, शिक्षकवर्ग, सरोकारवालाहरू समेत एकसूत्रमा बाधिएर बालसहभागिताको विकास गरेमा देशको अस्तित्व र बालबालिकाहरूको अधिकारमा अभिवृद्धि आउन कत्तिपनि असम्भव छैन ।

हो अब हामी सबैले आफ्नो आँखा खोल्नै पर्छ । जसरी एउटा नवजात शिशुले धर्तीमा प्रथम पदार्पण गर्दछ त्यसरी नै हामीले प्राथमिकता दिई बालसहभागिताको अभिवृद्धि गर्नुपर्छ । यसकालागि सबैजुटेर बालकल्याणकारी कार्यहरू गर्न सबैलाई प्रोत्साहन गर्नु पर्दछ । यसर्थ बालअधिकार र बालसहभागिताको अभिवृद्धिको लागि समस्त जनले हृदयंगम गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

काँधमा काँध मिलाई अघि बढौं
बालदुर्व्यवहार अन्त्य गरौं
सचेत भई राष्ट्रको धरोहरको
संरक्षणमा लागि परौं
सबै मिली बालअधिकारको
सुनिश्चित एवम् सम्बर्द्धन गराऔं
समस्तजनले बेलैमा पुराऔं है बुद्धि
बालअधिकार र बालसहभागितामा
ल्याऔं है अभिबृद्धि ।।।
जय बालबालिका । जय तानसेन नगरपालिका ।।।

*(बिद्यार्थी)*

❑ विद्यालय उमेर समूहका आफ्ना नानी बाबुलाई विद्यालय भर्ना गरौं।

**सडक अवरूद्ध हुनेगरी व्यापारिक तथा निर्माण सामग्री नराखौं ।**

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# लोकनृत्य र शिक्षक विद्यार्थी सम्मानसहित तानसेनमा शिक्षा दिवस

**हामी सबैको प्रण सार्वजनिक शिक्षा प्रणालीको सबलीकरण** मूल नारासहित तानसेन नगरपालिका नगर शिक्षा समितिको आयोजनामा भदौ २१ र २२ गते लोकनृत्य र शिक्षक विद्यार्थी सम्मान लगायतका कार्यक्रम गर्दै ४० औं शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस सम्पन्न भएको छ । भदौ २१ गते तानसेन नगरपालिका स्तरीय लोकनृत्य प्रतियोगितामा १४ विद्यालय सहभागी भएका थिए । कार्यक्रमको शुभारम्भ प्रमुख अतिथि तथा कार्यवाहक नगरप्रमुख लक्ष्मीदेवी पाठकले गर्नु भएको थियो । मौलिक वाजा र सिर्जनालाई समावेश गरिएको लोकनृत्यमा दमकडा माबि प्रथम, शारदा माबि दोस्रो, सेन माबि तेस्रो र बेथल बोर्डिङ्ग स्कूल सान्त्वना भएको तानसेन नगरपालिका शिक्षा शाखा प्रमुख रेशमलाल न्यौपानेले बताउनुभयो । विजेतालाई पुरस्कार तथा सहभागी सबैलाई प्रमाणपत्र र गाडीभाडाको व्यवस्था गरिएको थियो । यसैगरी भदौ २२ गते प्रभातफेरी लगत्तै तानसेन नगरपालिका हलमा मन्तव्य तथा पुरस्कार सम्मान वितरण समारोह आयोजना गरिएको थियो ।



कार्यवाहक नगरप्रमुख लक्ष्मीदेवी पाठकको अध्यक्षतामा भएको समारोहमा जनता विद्यालयका विद्यार्थीहरूले गीत गाएर पाहुनाको स्वागत गरेका थिए । तानसेन नगर शिक्षा समिति संयोजक तथा निमित्त प्रमुख प्रशासकीय अधिकृत रेशमलाल न्यौपानेले तानसेन नगरपालिकाको शैक्षिक अवस्थाबारे प्रकाश पार्दै पाहुनाको स्वागत गर्नुभयो । न्यौपानेले गुणस्तरीय शिक्षाका लागि आवश्यक योजनासहित नगरपालिकाले कार्यक्रम तय गरिआएको र कार्यान्वयन गर्ने बताउनुभयो । कार्यक्रममा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताका विजयी विद्यार्थी तथा विद्यालयलाई पुरस्कारसहित सम्मान गरिएको थियो । त्यसैगरी कक्षा ८ र एसइइमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी र विषयगत शिक्षकलाईसमेत सम्मानित र पुरस्कृत गरिएको थियो । त्यसैगरी शिक्षा क्षेत्रमा लामो समयदेखि सेवारत शिक्षक शिक्षिकाहरू क्रमशः मदनप्रसाद सुवेदी, रेश्मीराज पाण्डे, केशवराज नेपाल, शकुन्तला बज्राचार्य, नेत्रप्रसाद भट्टराई र निर्मलप्रसाद प्रधानलाई दीर्घ सेवा सम्मान गरिएको थियो ।



कार्यक्रममा प्रमुख अतिथि ५ नं प्रदेश सभा सदस्य डा पूरनमान बज्राचार्यले समृद्धिका लागि गुणस्तरीय शिक्षाको खाँचो रहेको बताउनुभयो । उहाँले दक्ष शिक्षक र राजनीतिमुक्त शैक्षिक वातावरणमा मात्र गुणस्तरीय शिक्षा सम्भव हुने भएकाले अभिभावक, शिक्षक लगायतले यसतर्फ ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो । बज्राचार्यले तानसेनको शैक्षिक विकासका लागि प्रदेश सरकारले समेत सघाउनुपर्ने बारेमा आफूहरूले आवाज उठाएको जानकारी गराउनुभयो । विशिष्ट अतिथि प्रदेश सभा सदस्य वीरबहादुर रानाले शैक्षिक सुधारका लागि नीतिको अभाव होइन नैतिकता र नैतिक शिक्षाको अभाव छ भन्दै रानाले दल र जनप्रतिनिधिलाई समेत नैतिक शिक्षाको खाँचो छ भन्नुभयो । उहाँले शिक्षकहरू वादभित्र रमाएर बस्न नहुने कुरा समेत उठाउनुभयो । जिल्ला समन्वय समिति पाल्पाका प्रमुख दयाराज बस्यालले व्यावसायिक शिक्षा अहिलेको खाँचो हो भन्नुभयो । प्रमुख जिल्ला अधिकारी उमेश ढकालले पढेका जनशक्ति पलायन नहुन् भन्नेतर्फ हाम्रो ध्यान जानुपर्ने बताउनुभयो । नेकपा पाल्पा तानसेन नगर कमिटीका सहइञ्चार्ज गुराँस आत्रेयले उच्च शिक्षाका लागि तानसेनबाट विद्यार्थी बाहिरिनुपर्ने अवस्था अन्त्यका लागि सबैले सोच्नुपर्ने बताउँदै रचनात्मक गतिविधिमा जोड दिन ध्यानाकर्षण

गराउनुभयो । राष्ट्रिय जनमोर्चा पाल्पाका अध्यक्ष विशाल दर्लामीले पाल्पाको पुरानो शैक्षिक साख फर्काउन सबैले गम्भीर बन्नु पर्दछ भन्नुभयो । कार्यक्रममा नेपाल राष्ट्रिय शिक्षक संगठन ५ नं प्रदेश अध्यक्ष बिष्णु पोखरेलले ३ तहका सरकारले आवश्यक नीतिसहित शिक्षालाई ज्ञान, सीप र उत्पादनसँग जोडेर लानुपर्ने कुरामा जोड दिनुभयो ।



शिक्षक महासंघ पाल्पाका अध्यक्ष देवीप्रसाद भट्टराई, नेपाल राष्ट्रिय शिक्षक संगठन पाल्पाका अध्यक्ष रामप्रसाद ढकाल, नेपाल शिक्षक संघ पाल्पाका अध्यक्ष धनकला गाहा, देववाणी संस्कृत तथा साधारण माविका प्रधानाध्यापक कृष्ण थापा, नेपाल पत्रकार महासंघ पाल्पाका पूर्व सभापति गोविन्द भट्टराईलगायतले वैदेशिक रोजगारीमा निर्भर हुनुपर्ने कुराको अन्त्य तथा स्थानीय विकासका लागि



जनशक्ति उत्पादनका निम्ति गुणस्तरीय तथा प्राविधिक शिक्षा आजको खाँचो हो यसतर्फ सरोकारवालको ध्यान जानुपर्छ भन्ने कुरामा जोड दिनुभयो । कार्यक्रमको अध्यक्षता गर्नुभएकी कार्यवाहक नगरप्रमुख लक्ष्मीदेवी पाठकले प्रदेश र संघीय सरकारले स्थानीय सरकारको अधिकार कटौती गर्न नहुने कुरा उठाउँदै पालिकाहरूको काम शिक्षकलाई तलव खुवाउने मात्रै हो त ? भन्ने प्रश्न गर्नुभयो । कार्यक्रम सञ्चालन नगर शिक्षा समितिका सदस्य भेषराज सुवेदीले गर्नुभएको थियो । विद्यार्थीहरूले रोचक नृत्य प्रस्तुत गरेका थिए ।

*- गोविन्द भट्टराईबाट*

## तानसेन नगरपालिकामा हाल कार्यरत वडा सचिवहरू

| वडा नम्बर | नाम | सम्पर्क मोवाइल नम्बर |
|---|---|---|
| १ | चुरामणि मरासिनी | ९८५७०६१८०९ |
| २ | जीवन नेपाली | ९८४०४५८२०८ |
| ३ | मीरा क्षेत्री | ९८६७२७०२२१ |
| ४ | ताराबहादुर खत्री | ९८४७४९७०५९ |
| ५ | ऋषिराम घिमिरे | ९८४७०९७८६२ |
| ६ | बिन्दु खनाल | ९८१८०४१५६१ |
| ७ | तुल्सीराम कोइराला | ९८४९७९२६७९ |
| ८ | सीताकुमारी भट्टराई | ९८४७१४०१२३ |
| ९ | मदन भण्डारी | ९८६४५६६२०८ |
| १० | ऋषिकेश घिमिरे | ९८४७३९९६५५ |
| ११ | बिष्णु खाती | ९८४७११४३२७ |
| १२ | मञ्जु आचार्य | ९८४७१०२५७२ |
| १३ | कृष्णप्रसाद भट्टराई | ९८५११९८३१३ |
| १४ | शंकरप्रसाद पाण्डे | ९८५७०६५०१८ |

# द्वन्द्व सम्बोधनमा अग्रसर तानसेनका मेलमिलापकर्ताहरु



- चुरामणि पोखरेल

हामीलाई थाहा भएकै कुरा हो शान्त देखिने समाजमा पनि भित्रभित्र द्वन्द्व हुन्छ । असन्तोष हुन्छ र आपसमा कतिपय कुरा मिल्दैनन, अर्थात् जीवन्त समाजमा समेत विवाद रहेकै हुन्छ । विवाद भएपछि सोको समाधानका लागि उचित पद्धतिको प्रयोग हुन जरूरी ठानिन्छ । दुवै पक्षलाई पराजयबोध नहुने मेलमिलाप पद्धतिमार्फत समाजमा दीगो शान्ति स्थापना गर्न सकिने मान्यतासहित तानसेन नगरपालिकाले फाटेको मन सिलाउने विधि सिकाउन मेलमिलापकर्ताहरूलाई आवश्यक आधारभूत तालिम प्रदान गरिसकेको छ ।



नेपाल संघीय शासन प्रणालीमा गईसके पछि हरेक स्थानीय तहमा प्रमुख ३ अंगहरूको ब्यबस्था भएको छ । जस अन्तर्गत कार्यपालिका, व्यवस्थापिका र न्यायिक समिति रहेका छन् । नेपालको संबिधान २०७२ को धारा २१७ ले न्यायिक समितिको ब्यबस्था गरेको छ । जस अन्तर्गत उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा न्यायिक समितिको गठन गर्ने व्यवस्था गरेको छ । त्यसै गरी स्थानीय सरकार संचालन ऐन २०७४ को धारा ४७(१)(२) ले पनि स्थानीय स्तरमा देखिएका साना तिना विवादहरूलाई स्थानीय स्तरबाटै सम्बोधन गर्न न्यायिक समितिलाई अधिकार प्रदान गरेको छ । ऐनले धारा ४७ (२) मा ११ प्रकारका विवादहरू उल्लेख गरेर त्यस्ता विवादहरू मेलमिलापको माध्यमबाट मात्र समाधान गर्न सकिने अधिकार न्यायिक समितिलाई प्रदान गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ४२(२) मा उल्लिखित प्रकृतिका विवादहरू वडातहबाटै मेलमिलापको माध्यमबाट समाधान गरी समाजमा दीगो शान्ति कायम गर्ने उद्देश्यले तानसेन नगरपालिकामा रहेका १४ वटै वडाबाट तालिमपश्चात् मेलमिलापकर्ताहरू छनौट तथा काममा क्रियाशील भएका छन् । छनौट भै आएका ८४ जना मेलमिलापकर्ताहरूलाई ८ दिवसीय आधारभूत तालिम २०७६ भाद्र २६ देखि २०७६ असोज २ गतेसम्म तानसेनमा सम्पन्न भएको थियो ।

मेलमिलापको माध्यमबाट विवाद समाधान गर्दा विवादको समाधान स्थायी हुनुका साथै विवादका पक्षहरूको समय र पैसाको बचत हुन पुग्नेछ । त्यसैले न्यायिक समितिको कामलाई सहज र सरल बनाउनका लागि मेलमिलापकर्ताहरूको आवश्यकता पर्ने भएकाले दि एसिया फाउण्डेशनले सहयोगी संस्थाको माध्यमबाट मेलमिलापकर्ताहरूलाई आवश्यक आधारभूत तालिम सञ्चालनमा तानसेन नगरपालिकालाई सहयोग गरेको थियो ।

विशेषतः आर्थिक तथा सामाजिक पहुँच नपुगेका वर्गहरूलाई वडा तहमै मेलमिलापको माध्यमबाट विवाद समाधान गरी समाजमा दीगो शान्ति कायम गर्न मेलमिलापकर्ताहरूको उल्लेखनीय भूमिका रहने देखिन्छ । तानसेन नगरपालिकामा सामुदायिक मेलमिलाप सम्बन्धी आधारभूत तालिम प्राप्त गर्नेहरूको संख्या ८४ रहेपनि नगरपालिकामा सूचिकृत हुन योग्य मेलमिलापकर्ताहरूको संख्या ७९ मात्र रहेको छ ।

स्थानीय सरकार सवलीकरण परियोजना अर्न्तगत दि एसिया फाउन्डेसनको आर्थिक सहयोग र प्राकृतिक श्रोत द्वन्द्व रूपान्तरण केन्द्र नेपालको प्राविधिक सहयोगमा तानसेन नगरपालिकाले मेलमिलाप तालिम संचालन गरेको थियो । प्रस्तुत छ- तालिमप्राप्त ७९ मेलमिलापकर्ताको संक्षिप्त बिबरण :


# तानसेन नगरपालिका, वडास्तरीय सामुदायिक मेलमिलापकर्ताहरूको विवरण

| क्र. सं | नाम, थर | ठेगाना | लिङ्ग | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|
| १ | चिरन्जीवी खनाल | ता न पा १ | पु | ९८४७०२८०३८ |  |
| २ | बोधलक्ष्मी झवाली | ता न पा १ | म | ९८४७०८६४५३ |  |
| ३ | आरती थापा | ता न पा १ | म | ९८०४४४०३३९ |  |
| ४ | विष्णु प्रसाद बस्याल | ता न पा १ | पु | ९८६७२०२०७० |  |
| ५ | मित्रलाल नेपाली | ता न पा १ | पु | ९८५७०६०१२६ |  |
| ६ | दुर्गा कुमारी बस्याल | ता न पा १ | म | ९८६००७५७९६ |  |
| ७ | विश्वराज रेग्मी | ता न पा २ | पु | ९८४७०२९२७५ |  |
| ८ | कल्पना पोखरेल | ता न पा २ | म | ९८४७०६७९४५ |  |
| ९ | नुरमति आले | ता न पा २ | म | ९८४७०४३८५३ |  |
| १० | लक्ष्मी झवाली | ता न पा २ | म | ९८४७०९९७२६ |  |

| क्र. सं | नाम, थर | ठेगाना | लिङ्ग | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|
| ११ | सन्तोषी श्रेष्ठ | ता न पा २ | म | ९८४७२२१४९९ |  |
| १२ | धर्मचन्द्र नेपाल | ता न पा २ | पु | ९८४७०४४६६३ |  |
| १३ | गोविन्द प्रसाद नेपाल | ता न पा ३ | पु | ९८४७०६८५२७ |  |
| १४ | मन्जु ज्ञवाली | ता न पा ३ | म | ९८४७१०३१२५ |  |
| १५ | देवु टंलामी | ता न पा ३ | म | ९८४७०४३९१४ |  |

| क्र. सं | नाम, थर | ठेगाना | लिङ्ग | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|
| १६ | सुरेन्द्रमान कर्माचार्य | ता न पा ४ | पु | ९८४७५२४३३३ |  |
| १७ | कल्पना भट्टराई | ता न पा ४ | म | ९८४१०४१११९ |  |
| १८ | भुनु कुमारी थापा (कामु) | ता न पा ४ | म | ९८५७०६०९६५ |  |
| १९ | रूमाकला राना | ता न पा ४ | म | ९८४७१२८१३२ |  |
| २० | बुद्धिप्रकाश खनाल | ता न पा ४ | पु | ९८४७४९५६६६ |  |

| क्र. सं | नाम, थर | ठेगाना | लिङ्ग | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|
| २१ | भोजराज उपाध्याय | ता न पा ४ | पु | ९८४७०६८९९८ |  |
| २२ | रमेश बहादुर बोहरा | ता न पा ५ | पु | ९८५७०६०११४ |  |
| २३ | मीना कुमारी जी. सी. (कार्की | ता न पा ५ | म | ९८४७०९८३४० |  |
| २४ | विद्या रायमाझी | ता न पा ५ | म | ९८४७३४८९७७ |  |
| २५ | अर्जुन कार्की | ता न पा ५ | पु | ९८५७०६८५०६ |  |

| क्र. सं | नाम, थर | ठेगाना | लिङ्ग | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|
| २६ | मन्जु भण्डारी | ता न पा ५ | म | ९८४७४१८०२८ |  |
| २७ | हरिप्रसाद घिमिरे | ता न पा ५ | पु | ९८४७१६८१८३ |  |
| २८ | चिरन्जीवीनारायण उपाध्याय | ता न पा ६ | पु | ९८४७३४६७३३ |  |
| २९ | डीला न्यौपाने | ता न पा ६ | म | ९८४७३४७२९६ |  |
| ३० | माया कुमारी शर्मा | ता न पा ६ | म | ९८६७७११०३५७ |  |


| क्र. सं | नाम, थर | ठेगाना | लिङ्ग | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|
| ३१ | रघु नाथ पराजुली | ता न पा ६ | पु | ९८५७०६५७८९ |  |
| ३२ | प्रकाश पाण्डेय | ता न पा ६ | पु | ९८५७०३४९४२ |  |
| ३३ | शोभा देवी शाक्य | ता न पा ६ | म | ९८४७०२९३४८ |  |
| ३४ | नुरदेव पौड्याल | ता न पा ७ | पु | ९८५७०६२९६२ |  |
| ३५ | रीमा सारू | ता न पा ७ | म | ९८६७२६०६३० |  |


| क्र. सं | नाम, थर | ठेगाना | लिङ्ग | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|
| ३६ | ज्ञानुमाया अर्याल | ता न पा ७ | म | ९८४७३३३९६६ |  |
| ३७ | अनिता आचार्य | ता न पा ७ | पु | ९८४७४७७२९० |  |
| ३८ | डिल्लीराज दमाई | ता न पा ७ | पु | ९८४७११५०२७ |  |
| ३९ | माधवप्रसाद पौड्याल | ता न पा ७ | पु | ९८४७२९६५८१ |  |
| ४० | यादवनाथ भट्टराई | ता न पा ८ | पु | ९८४७१०३२१९ |  |

| क्र. सं | नाम, थर | ठेगाना | लिङ्ग | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|
| ४१ | जुनादेवी घिमिरे | ता न पा ८ | म | ९८४७२१८४४० |  |
| ४२ | यमुना सारू घर्ती | ता न पा ८ | म | ९८४७०६८८५८ |  |
| ४३ | दामोदर घिमिरे | ता न पा ८ | पु | ९८५७०६५७७२ |  |
| ४४ | अनिता सोमै | ता न पा ८ | म | ९८२१५१५७०५ |  |
| ४५ | मान ब. हिस्की | ता न पा ८ | पु | ९८४७२२२४६२ |  |


| क्र. सं | नाम, थर | ठेगाना | लिङ्ग | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|
| ४६ | दुर्गाप्रसाद अर्याल | ता न पा ९ | पु | ९८४७५६६०४० |  |
| ४७ | गीता बस्याल | ता न पा ९ | म | ९८६७२६०३५१ |  |
| ४८ | सीता पाण्डेय | ता न पा ९ | म | ९८४०३७१७७७ |  |
| ४९ | सरिता रेग्मी | ता न पा ९ | म | ९८४०४५८०४५ |  |
| ५० | काशीका ज्ञवाली | ता न पा ९ | म | ९८४७१०३८१६ |  |


| क्र. सं | नाम, थर | ठेगाना | लिङ्ग | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|
| ५१ | माधव बस्याल | ता न पा ९ | पु | ९८४७०९९२७१ |  |
| ५२ | रूद्रनाथ घिमिरे | ता न पा १० | पु | ९८४७०६८२५५ |  |
| ५३ | केशरी राना | ता न पा १० | म | ९८४७४९८६३९ |  |
| ५४ | कमला राना | ता न पा १० | म | ९८०६९३५८०० |  |
| ५५ | लक्ष्मी विष्ट | ता न पा १० | म | ९८४४७९४५५२ |  |

| क्र. सं | नाम, थर | ठेगाना | लिङ्ग | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|
| ५६ | दामोदर घिमिरे | ता न पा १० | पु | ९८४७०२९१११ |  |
| ५७ | रामजी रेग्मी | ता न पा १० | पु | ९८४७०६७५५५ |  |
| ५८ | सीताराम घिमिरे | ता न पा ११ | पु | ९८४७०६८२१५ |  |
| ५९ | शान्ता सारू | ता न पा ११ | म | ९८६७३९४३७४ |  |
| ६० | सृजना बोहरा | ता न पा ११ | म | ९८४७३०८२९६ |  |

| क्र. सं | नाम, थर | ठेगाना | लिङ्ग | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|
| ६१ | केशव भाट | ता न पा ११ | पु | ९८६७११२९६० |  |
| ६२ | तारा ब. भाट | ता न पा ११ | पु | ९८६७१२२४९२ |  |
| ६३ | कुसुम भाट | ता न पा ११ | म | ९८४६६१२५९६ |  |
| ६४ | घनश्याम गैरे | ता न पा १२ | पु | ९८४४७९४९९४ |  |
| ६५ | प्रभा रसाली वि. क | ता न पा १२ | म | ९८६४४४४५०९ |  |

| क्र. सं | नाम, थर | ठेगाना | लिङ्ग | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|
| ६६ | विना सारू | ता न पा १२ | म | ९७४११२०२८१ |  |
| ६७ | धनकुमारी राना | ता न पा १२ | म | ९८६७९२९१२२ |  |
| ६८ | पृथ्वी सिंह वि. क. | ता न पा १२ | पु | ९८१४४३८१७७ |  |
| ६९ | लोकबहादुर रेश्मी | ता न पा १३ | पु | ९८४७१७९७२८ |  |
| ७० | शम्भु राना | ता न पा १३ | पु | ९८४१६१७७६९ |  |

| क्र. सं | नाम, थर | ठेगाना | लिङ्ग | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|
| ७१ | हुमबहादुर थापा | ता न पा १३ | पु | ९८६७५५०३२५ |  |
| ७२ | सरस्वती पाण्डे | ता न पा १३ | म | ९८४७३०५४२२ |  |
| ७३ | सावित्रा बस्याल | ता न पा १३ | म | ९८४७३०७८५८ |  |
| ७४ | रम्मा थापा | ता न पा १३ | म | ९८४७२२७४२२ |  |
| ७५ | दुर्गादत्त रेग्मी | ता न पा १४ | पु | ९८४७२१७३१० |  |

| क्र. सं | नाम, थर | ठेगाना | लिङ्ग | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|
| ७६ | हरिप्रसाद पराजुली | ता न पा १४ | पु | ९८४४७५७४३१ |  |
| ७७ | गीता कुमारी न्यौपाने | ता न पा १४ | म | ९८४७३४८९४२ |  |
| ७८ | गोदावरी ज्ञवाली | ता न पा १४ | म | ९८६७२०३५२१ |  |
| ७९ | श्रीधरप्रसाद भट्टराई | ता न पा १४ | पु | ९८५७०६०५७५ |  |

*(फिल्ड संयोजक, दि एसिया फाउन्डेसन नेपाल, प्रदेश नं ५)*

# विविध गतिविधि

## तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाही नागरिकको दैलोमा

नगरबासीसँग चुनाव अघि गरेका बाचा कबोल अनुसार काम भयो भएन, काममा कमीकमजोरी के छन् ? अनि नागरिकका बुहार्तनलाई सानो प्रयासबाट सम्बोधन गर्न सकिन्छ कि ? भन्ने उद्देश्यले नागरिकका सुझाव, गुनासा सुन्न जनप्रतिनिधि नागरिकको घरदैलोमा पुग्नुपर्दछ भनेर तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले तानसेन-१३ बोटेगाउँबाट अभियान शुरू गर्नु भएको छ । नगरपालिकाका मेयर आफू नागरिकको पिढीमा बसेर नागरिकलाई सम्मानसाथ कुर्सीमा राखेर कुरा सुन्न तत्पर भएपछि नागरिकले निर्धक्क आफ्ना मनका कुरा राख्न शुरू गरे ।

नगर प्रमुख अशोक कुमार शाहीसँग तानसेन नगरपालिका वडा नं १३ छेर्लुङकी मनीकला बोटेले आफ्नो नागरिकता नहुँदा एकल भत्ता जेष्ठ नागरिक भत्ता नपाएको गुनासो गर्नु भयो । आफ्ना श्रीमान बितेको, दुईतिनपटक तानसेन जाँदा पनि नागरिकता नबनेको दुःखेसो पोख्नु भयो । ४ बर्ष मलेसिया बसेर नेपाल फर्किएर गाउँमै फर्निचर उधोग संचालन गर्दै आएका वलबहादुर विकले थ्रि फेज बिजुलीबत्ती नहुँदा फर्निचर उद्योग नै बन्द गरी विदेशिनु पर्ने बाध्यता आएको बताउनु भयो । ४ बर्ष कोरिया बसेर स्वदेश फर्किएका गणेश भट्टराईले गाउँमै व्यावसायिक कृषि र पशुपालन गरी केही व्यक्तिलाई रोजगारी दिने गरी योजना बनाएको बताउनु भयो । व्यावसायिक कृषिको लागि मोटर बाटो, विद्युत लाइन र सहुलियत दरमा ऋणको व्यबस्था गर्न नगर प्रमुख शाहीसँग पाण्डेले अनुरोध गर्नु भयो । निर्वाचन पछि २०७६ कार्तिक २८ गते नागरिकका गुनासा सुन्न घरदैलोमा पुगेका तानसेन नगरपालिकाका प्रमुख शाहीसँग युवाहरूले आँगनमा पलेंटी कसेर सामूहिक रूपमा योजना र समस्या ब्यक्त गर्दै सहयोगको लागि आग्रह गरे । गाउँमा व्यावसायिक पशुपालन फष्टाउँदै गएको छ, उक्त क्षेत्रबाट दैनिक १५० लिटर दुध संकलन हुँदै आएको छ । घाँसे क्षेत्र भएकोले पशुपालनको संभावना बढी रहेको छेर्लुङलाई व्यावसायिक पशुपालनको पकेट क्षेत्र घोषणा गरी सहुलियत दरमा ऋण र तालिमको व्यबस्था गर्न युवाहरूले अनुरोध गरे । बोटेगाउँस्थित विद्यालयकी प्रधानाध्यापक सावित्रा भट्टराईले अति न्यून शुल्कमा निजी श्रोतका शिक्षक राखेर विद्यालय सञ्चालन गरेको भवन समेत होचो हुँदा वालवालिकाहरूलाई पठनपाठन गराउन समेत कठिनाई भएको भवन निर्माण र शिक्षकको लागि आवश्यक सहयोगका लागि नगरप्रमुख शाहीसँग अनुरोध गर्नु भयो ।


छेलुङ्का बासिन्दा

स्थानीय तहको चुनावको बेला एक घर एक धाराको प्रतिवद्धता अनुसारको खानेपानीको व्यबस्था गर्न, बोटे गाउँहुँदै कालीगण्डकी किनारसम्म राम्रो बाटो, फाँट भरी १२ महिना सिंचाइको व्यबस्था गर्न स्थानीय समाजसेवी लिलाराज भट्टराईले नगरप्रमुख शाहीसँग गाउँलेका तर्फबाट आग्रह गर्नु भयो । गाउँमा बाँदरको समस्या छ, बेलाबखत मानिसलाईसमेत आक्रमण गर्दै आएको छ । बाँदर नियन्त्रण नभएमा बसाइसराइका कारण गाउँ खाली हुने डर भएकाले नगर सरकारले बाँदर नियन्त्रण अभियान सञ्चालन गर्न सहयोग गरोस् भनेर घनश्याम बरालले कुरा राख्नु भयो । छेर्लुङ फाँट सेरोफेरोमा सामुदायिक भवन नभएकाले बैठक बस्न समस्या भयो, महिलाहरूलाई तालिम दिनुपर्‍यो भन्दै स्थानीय कमला पाण्डेले तानसेन नगरप्रमुख शाहीसँग प्रष्ट कुरा राख्नु

भयो । गाउँमै पुगेका नगर प्रमुख शाहीसँग गाउँका युवाहरूलाई परिचालन गरी उत्पादनमूलक कार्यमा लगाउन नगरपालिकाको तर्फबाट सहुलियत ऋण, तालिम तथा अनुदानको व्यबस्था गरियोस भनेर रामप्रसाद पाण्डेले आग्रह गर्नु भयो ।

नागरिकका गुनासा सुन्न वडा नं १३ छेर्लुङ्को बोटे गाउँ पुगेका नगरप्रमुख शाहीले नागरिकले उठाएका गुनासाहरूप्रति ध्यानाकर्षण भएको बताउँदै सम्वोधनका लागि सहयोग गर्ने बताउनु भयो । नागरिकसँग यो यो काम गरियो भनेर बखान गर्न नभै गरेका कामहरूमा भएका कमी कमजोरी के छन् ? नागरिक अपेक्षाअनुसारका काम भएको छ, छैन गाउँका समस्या एकातिर बजेट अर्कोतिर पो भएको छ कि भनेर नागरिकको आवाज सुन्न आफूहरू घरदैलोमा आएको नगरप्रमुख शाहीले प्रष्ट पार्नु भयो । नगरबासीलाई उद्यमी बनाउन, स्वदेशमै रोजगारी सिर्जना गर्न ग्रामीण आर्थिक विकास संघ रेडा, युएनडिपी, नेपाल बैंक जस्ता संस्थासँग सहकार्य गरिएको र विना धितो सहुलियत दरमा ऋण प्रवाह गर्दै युवा स्वरोजगार कार्यक्रम अगाडि बढाएको नगरप्रमुख शाहीले बताउनु भयो । आर्थिक अवस्था कमजोर भएका बोटे, माझी तथा दलित परिवारका नागरिकका घरघरमै पुगेर मुचुल्का उठाउन र तानसेनसम्म आउन जानको लागि निःशुल्क रूपमा सवारी साधनको व्यबस्था वडातहबाटै मिलाउने नगरप्रमुख शाहीले प्रतिवद्धता जनाउनु भयो । आर्थिक अभावका कारण उच्च शिक्षा हासिल गर्न वञ्चित छात्रछात्राको लागि अभिभावकत्व लिने, जटिल स्वास्थ्य समस्यामा भएकाको उपचारका लागि समस्यामा रहेका कोही भए सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । खरको छाना मुक्त घर भएको तानसेन र उज्यालो तानसेन कार्यक्रम अर्न्तगत बोटेगाउँमा जस्ता पाता र सोलर बितरण गरिएको नगरप्रमुखले बताउनु भयो ।

नागरिकको घरदैलोमा पुगेका तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेल्बासेले १४ वटै वडामा पुगेर विकास निर्माणको अनुगमन तथा नागरिकका आवाज सुन्ने र सम्वोधन गर्ने कार्यक्रमले सिंहदरवारको अधिकार घर घरमै आएको अनूभूति हुने बताउनु भयो । आगामी दिनमा पनि तानसेन नगरपालिकाले यो कार्यक्रमलाई निरन्तरता दिने बेल्बासेले स्पष्ट पार्नु भयो । नगरकार्यपालिका सदस्य कमला भण्डारीको स्वागतमा भएको कार्यक्रममा कार्यपालिका सदस्य दीपक विश्वकर्माले निर्वाचन भएपछि अर्को निर्वाचनमा मात्र नेताहरू गाउँपुग्ने प्रचलन तोड्दै तानसेन नगरपालिकाले नागरिकका गुनासा र सुझाव सुन्न अभियान शुरू गरेको बताउनु भयो । नगरप्रमुख घरदैलोमा पुगेजसरी वडा अध्यक्ष र सदस्यहरूले आआफ्नो वडामा घरदैलो कार्यक्रम गर्ने नीति तानसेन नगरपालिकाले लिएको विश्वकर्माले बताउनु भयो । तानसेन-१३ का वडाअध्यक्ष टुकप्रसाद भट्टराईले नगरपालिकाले आफ्नो वडालाई प्राथमिकतामा राखेर काम गर्दै आएकोमा आभार प्रकट गरे । ग्रामीण आर्थिक विकास संघ रेडाका कार्यकारी निर्देशक लिलाबहादुर कार्कीले कृषि तथा पशुपालनमा युवालाई योजना र आवश्यकता अनुसार सहयोग गर्ने बताउनु भयो । तानसेन नगरपालिकाका प्रेस सल्लाहकार गोविन्द भट्टराईको सञ्चालन र वडाअध्यक्ष टुकप्रसाद भट्टराईको अध्यक्षतामा कार्यक्रम चलेको थियो ।

# कर्णेल उजीरसिंह र राष्ट्रिय स्वाभिमान विषयक विचार गोष्ठी सम्पन्न

तानसेन नगरपालिकाको आयोजना तथा नगर शिक्षा समितिको समन्वयमा **कर्णेल उजीरसिंह र राष्ट्रिय स्वाभिमान** विषयक बिचार गोष्ठी २०७६ भदौ ५ गते तानसेनस्थित होटल ताजमा सम्पन्न भएको छ । नगरप्रमुख अशोककुमार शाहीको अध्यक्षता,






तानसेन नगर शिक्षा समितिका संयोजक रेशमलाल न्यौपानेको स्वागत तथा सदस्य भेषराज सुवेदीको सञ्चालनमा कार्यक्रम भएको थियो । विभिन्न क्षेत्रका १ सयजना बढी ब्यक्तित्वहरूको सहभागिता रहेको गोष्ठीमा बुद्धिजीवी तथा इतिहासका जानकार निर्मल श्रेष्ठले हाम्रो पाल्पा गौरवमय भगवती जात्रा र राष्ट्रियता विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाँले राष्ट्रियताको सोचसँग जोडिएको पहिलो कार्यक्रम भएको बताउँदै पाल्पाबारे चिनारी र भगवती रथयात्राबारे प्रकाश पार्नु भएको थियो । श्रेष्ठको कार्यपत्रमाथि बुद्धिजीवी बुद्धिप्रसाद शर्माले टिप्पणी गर्दै कार्यपत्रले राष्ट्रियताको जगेर्ना हाम्रो दायित्व हो भन्ने सन्देश ब्यक्त गरेको बताउनु भएको थियो । यसैगरी अर्का इतिहासका जानकार तथा बुद्धिजीवी तानसेन नगरपालिकाका विकास सद्भावनादूत झपेन्द्र जीसीले राष्ट्रिय स्वाभिमानीहरूका प्रतिमूर्ति विजयनायक कर्णेल उजीरसिंह थापा विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । जीसीले हामी वीर भएकै कारण अंग्रेजसँगको युद्धमा उनीहरूलाई परास्त गर्न सक्यौँ, उजीरसिंह नभएको भए जीतगढी युद्धमा हामीले विजय हासिल गर्ने थिएनौँ भन्नुभयो । जीसीको कार्यपत्रमाथि त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाका उपप्राध्यापक शोभाकर न्यौपानेले टिप्पणी गर्दै अंग्रेजसँगको युद्धमा कसरी विजय प्राप्त गर्न सकियो भन्ने कुरा कार्यपत्रले समेटेको बताउनुभयो । वरिष्ठ पत्रकार मेघराज शर्माले इतिहासका कुरा आयो वर्तमानका कुरा आउनुपर्‍यो भन्नुभयो । नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्यालले भगवती मन्दिर दर्शनार्थीका लागि खुल्ला हुनुपर्छ साथै भेटी र आम्दानी सार्वजनिक गरिने ब्यवस्था गरिनु पर्दछ भन्ने सुझाव राख्नुभयो । अर्यालले पाल्पालीले पाल्पाको गौरव जोगाउन लगनशील भएर लाग्नुपर्ने बताउनुभयो । राष्ट्रिय जनमोर्चा पाल्पाका अध्यक्ष विशाल दर्लामीले नेपाल राष्ट्रसँग कर्णेल उजीरसिंहलाई जोडेर राष्ट्रियताको वहस हुनु पर्दछ भन्नुभयो । शिक्षक सुन्दर श्रेष्ठले रणउजीरेश्वरी भगवतीबारे पाठ्यपुस्तकमा सामग्री समेटिनुपर्ने बताउनुभयो । नगरप्रमुख अशोककुमार शाहीले राष्ट्रिय स्वाभिमानका सन्दर्भमा पाल्पाको आफ्नै पहिचान छ भन्दै राष्ट्रियताको जगेर्नाका लागि सबै पाल्पालीले चासो लिनुपर्ने बताउनुभयो ।

# जेष्ठ नागरिकका लागि न्यानो तथा शीतल घर बनाउन ओकेबाजे मार्फत् सहयोग

तानसेन नगरपालिकाले तानसेन–९, दमकडामा जेष्ठ नागरिकहरूको लागि निर्माण शुरू गरेको न्यानो तथा शीतल घरका लागि जापानी समाजसेवी काजुमासा काकिमी ओकेबाजेले २० लाख रूपैयाँ सहयोग गर्ने प्रतिबद्धता समारोहमा ब्यक्त गर्नु भएको छ ।



२०७६ असोज २५ गते वडाअध्यक्ष हरिसुमर रेग्मीको अध्यक्षतामा भएको समारोहमा बोल्दै प्रमुख अतिथि नगरप्रमुख अशोककुमार शाहीले जेष्ठ नागरिकलाई खुसी पार्नु जनप्रतिनिधिको पहिलो कर्तव्य हो भन्नुभयो । विशिष्ट अतिथि उपप्रमुख लक्ष्मीदेवी पाठकले भवन जतिसक्यो छिटो निर्माण सम्पन्न गर्नुपर्ने बताउनुभयो । वडा सदस्य विनिता लुइँटेलको स्वागत, वडासचिव मदनकुमार भण्डारीको सञ्चालनमा भएको कार्यक्रममा भवन निर्माणका लागि २० लाख सहयोग गर्ने मध्ये पहिलो किस्तामा १० लाखको रकमको चेक हस्तान्तरण गर्दै ओकेबाजेले आफू १ सय वर्ष बाँच्ने बताउँदै मदनपोखराबासीलाई पनि १ सय वर्ष बाँच्नुहोस भन्ने कामना गर्नुभयो । वडा अध्यक्ष हरिसुमर रेग्मीले नगरपालिकाबाट २२ लाख ५० हजार लगानीमा भएको कामको बिबरण पेश गर्दै भवन सम्पन्न गर्न नगरपालिकाबाट अरू सहयोग थप हुनुपर्ने आग्रह गर्नुभयो ।



*- गोविन्द भट्टराईबाट*

# तानसेन नगर कार्यपालिकाको आर्थिक वर्ष २०७५/०७६ को कार्तिक मसान्त सम्म भएको आम्दानी खर्च विवरण

| आय शिर्षक | प्रस्तावित आमदानी | हाल सम्मको आमदानी | बाकी | व्याय शिर्षक | बिनियोजन | यो महिना सम्मको खर्च | बाकि रकम |
|---|---|---|---|---|---|---|---|
| गत वर्षको अल्या | ५०,०००,००० | ११४,२३८,४१८।० | (६४,२३८,४१८) | प्रशासनिक खर्च | ९५,०००,००० | २२,८४३,८३२ | |
| राजश्व आमदानी | ६९,७१७,००० | १९४,३४४,४४०।० | (१२४,६२७,४४०) | वडास्तरीय खर्च | ४९,०००,००० | ४४०,७८९ | |
| समानिकरण आमदानी | १५७,८००,००० | ३९,४५०,०००।० | ११८,३५०,००० | बित्तिय व्यवस्था | ४,०००,००० | ( | |
| सर्शत आमदानी | ३१४,८००,०००।० | १०६,२००,०००।० | २०८,६००,००० | ६०।४० कार्यक्रम | ३६,७००,००० | ६४३,९६७ | |
| अन्य अनुदान रिण | ७९,५८४,००० | | ७९,५८४,००० | नगर गौरव आयोजना | ७०,०००,००० | ( | |
| समपुरक अनुदान प्रदेश | २०,०००,००० | | २०,०००,००० | भारतिय दुतावास शित भण्डार | ३४,०००,००० | ( | |
| सामाजिक सुरक्षा कार्यकम | १००,०००,००० | | १००,०००,००० | अन्तराष्ट्रिय समवन्ध साझेदारी | ४,०००,००० | ३०२,५०० | |
| राजश्व वाडफाड संघ | १०७,७००,००० | ६,५३०,९८९।६ | १०१,१६९,०१० | प्रर्वधनात्मक कार्यक्रम | ९३,०५०,००० | ११,५४८,५२८ | |
| राजश्व वाडफाड प्रदेश | १२,६४३,००० | | १२,६४३,००० | नगरस्तरीय कार्यक्रम | ५९,७००,००० | ७१४,०६० | |
| एल जि सि डि पि कार्यक्रम | ३७५,००० | | ३७५,००० | विशेष कोष मार्फत संचालन हुने कार्याक्रम | ९,५००,००० | २२९,५७८ | |
| सित भण्डार भारतिय दुतावास | ३०,०००,००० | | ३०,०००,००० | २०७६।०७६ बाट जिम्मेवारी सरेका योजनाह | १६,५९०,००० | १,५००,००० | |
| जनसहभागीता | १६,७००,००० | | १६,७००,००० | सार्वजनिक निजि साझेदारिमा गरिने कार्यक्रम | २,०००,००० | ( | |
| शर्शत अनुदान आय प्रदेश सरकार | १०,०००,००० | | १०,०००,००० | प्रधानमन्त्री स्वरोजगार कार्यकम | ५,०००,००० | ( | |
| वित्तिय समानिकरण प्रदेश | ४,७४६,००० | | ४,७४६,००० | सडक बोर्ड | ९,५००,००० | ( | |
| सडक बोर्ड कार्यक्रम | ७,०००,००० | ३,००१,३४४ | ३,९९८,६५६ | डि एफ आइ डि सडक बोर्ड | १६,१५०,००० | ( | |
| सडक बोर्ड डिएफ आइ डि परियोजना | ११,३००,००० | | ११,३००,००० | एल जि सि डि पि कार्यक्रम | ३७५,००० | ( | |
| बिधुत रोयल्टि ने वि प्रा बाट | ५,५००,००० | | ५,५००,००० | एस डि जि लोकेलाइजेशन यु एन डि पि | १५,०००,००० | ( | |
| घर जग्गा रजिष्ट्रेशन | ११,५००,००० | | ११,५००,००० | समपुरक प्रदेश | ४०,०००,००० | ( | |
| नेपाल पर्यटन बोर्ड | ५,०००,००० | | ५,०००,००० | समपुरक संघ | ३०,०००,००० | ( | |
| प्रधानमन्त्रि स्वरोजगार कार्यक्रम | ५,०००,०००।० | | ५,०००,००० | सामाजिक सुरक्षा अनुदान | १००,०००,००० | ४६,३९२,००० | |
| | | | - | सर्शत अनुदान प्रदेश | १०,०००,००० | ( | |
| | | | - | नेपाल पर्यटन बोर्ड | ५,०००,००० | ( | |
| | | | - | संघिय सरकार बाट हस्तान्तरित कार्यकम | ३१४,८००,००० | ९५,७७१,१४९ | |
| जम्मा | १,०१९,३६५,०००।० | ४६३,७६५,१९१।६ | ५५५,५९९,८०८ | जम्मा | १,०१९,३६५,००० | १८०,३८६,४०२ | ( |

कौशल राज घिमिरे
अधिकृत स्तर छैठौं तह

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल
२०७३

डिल्ली राज बेल्वासे
प्रमुख प्रशासकिय अधिकृत

(स्रोतः लेखा शाखा, तानसेन नगरपालिका)

# पत्रपत्रिकामा तानसेन

दैनिक लुम्बिनी

## नगर प्रमुख शाही जनताको घरआँगनमा

# जनताको भावनाअनुसार काम गर्ने प्रतिबद्धता

कृष्ण पोखरेल

पाल्पा ।

आफ्नै घर आँगनमा पुगेका तानसेन नगरपालिका प्रमुख अशोककुमार शाही सँग वडा नं १३ छेरलुङका ४ गणेश भट्टराईले निर्धक्कसंग कुरा राखे । ४ वर्ष कोरिया बसेर स्वदेश फर्किएका गणेश भट्टराईले गाउँमै व्यवसायिक कृषि र पशुपालन गरी केही व्यक्तीलाई रोजगारी दिने गरी योजना बनाएका छन् । व्यवसायिक कृषिको लागी मोटर बाटो, विद्युत् लाईन र सहुलियत दरमा ऋणको व्यवस्था गर्न नगर प्रमुख शाहीसंग पाण्डेले अनुरोध गरे ।

बोटे गाउँकी मनीकला बोटेले नगर प्रमुख शाहीसंग नागरिता नहुँदा एकल भत्ता, जेष्ठ नागरिक भत्ता नपाएको गुनासो गरिन । चार वर्ष मलेसिया बसेर नेपाल फर्किएर गाउँमै फर्निचर उद्योग संचालन गर्दै आएका बलबहादुर थिकले थ्रि फेस लाईन नहुँदा फर्निचर उद्योग नै बन्द गरी विदेशिनु पर्ने बाध्यता आएको नगर प्रमुख शाहीसंग गुनासो गरे ।

निर्वाचनपछि जनताका गुनासा सुन्न मतदाताको घरदैलोमा पुगेका तानसेन नगरपालिका प्रमुख शाहीसंग युवाहरूले सामूहिक रुपमा आ-आफ्ना समस्या तथा गुनासो राखेका छन् ।

गाउँमा व्यवसायिक पशुपालन फस्टाउँदै गएको छ, छेरलुङबाट मात्र दैनिक १५० लिटर दुध संकलन हुँदै आएको छ । घाँसे क्षेत्र भएकोले पशुपालनको संभावना बढी रहेको छेरलुङलाई व्यवसायिक पशुपालनको पकेट क्षेत्र घोषणा गरी सहुलियत दरमा ऋण र तालिमको व्यवस्था गर्न युवाहरूले नगर प्रमुख शाहीसंग माग गरे ।

राधादेवी प्रा.वि. कि प्रधानाध्यापक सावित्रा भट्टराईले अती न्यून शुल्कमा निजी श्रोतबाट शिक्षक राखेर विद्यालय सञ्चालन गरेको, भएको भवन समेत होचो हुँदा बालबालिकाहरुलाई पठन पाठन गराउन समेत कठिनाई भएको भवन निर्माण र शिक्षकको लागि आवश्यक सहयोग गरिदिन नगर प्रमुख शाहीसंग अनुरोध गरिन ।

चुनावको समयमा एक घर एक धाराको




प्रतिबद्धता अनुसारको खानेपनीको व्यवस्था, बोटे गाउँहुदै कालीगण्डकी किनारसम्म राम्रो बाटो, फाँट भरी १२ महिना सिंचाईको व्यवस्था गर्न लिला भट्टराईले नगर प्रमुख शाहीसंग अनुरोध गरे ।

'बाँदरको समस्या अत्याधिक छ , पटक -पटक मानिसलाई नै आक्रमण गर्दै आएको छ । बाँदर नियन्त्रण नभएमा फाँट नै बसाई सराईबाट खाली हुने भएकोले नगर सरकारले बाँदर नियन्त्रण अभियान सञ्चालन गर्न जरुरी छ ।'- घनश्याम बरालले नगर प्रमुख शाहीसंग आग्रह गरे । छेरलुङ फाँटमा सामुदायिक भवन नभएको, महिलाहरुलाई तालिम बैठक बस्दा समस्या भएको तत्काल एक वटा सामुदायिक भवनको व्यवस्था गरीदिन कमला पाण्डेले नगर प्रमुख शाहीसंग आग्रह गरीन । गाउँमै पुगेका नगर प्रमुख शाहीसंग गाउँका युवाहरुलाई परिचालन गरी उत्पादनमुलक कार्यमा लगाउन नगरपालिकाको तर्फबाट सहुलियत ऋण तालिम तथा अनुदानको व्यवस्था गर्न रामप्रसाद पाण्डेले आग्रह गरे ।

जनताका गुनासा सुन्न वडा नं १४ छेरलुङको बोटे गाउँ पुगेका नगर प्रमुख शाहीले जनताले उठाएका गुनासाहरुको सम्बोधन हुने बताए । जनताले गरेका माग तथा गुनासाहरु कार्यान्वयन गरिने नगर प्रमुख शाहीले बताए ।

जनतासंग यो यो काम गरियो भनेर सुनाउन नभई गरेका कामहरुमा भएका कमीकमजोरी, जनताका आवाजअनुसारको काम भएको छ की छैन, गाउँका समस्या एकातिर बजेट अर्कोतिर पो भएको छ की भनेर जनताको आवाज सुन्न घरदैलोमा आएको नगर प्रमुख शाहीले बताए । नगरका जनतालाई उद्यमी बनाउन, स्वदेशमै रोजगारी दिन ग्रामीण आर्थिक विकास संघ रेडा, युनडीपी, नेपाल बैंक जस्ता संस्थासंग सहकार्य गरी बिना धितो सहुलियत दरमा ऋण प्रवाह गर्दै आएको नगर प्रमुख शाहीले बताए । 'काम गर्नुस्, गाउँघरमै कमाउनुस् पैसाको चिन्ता नगर्नुहोस्' नगर प्रमुख शाहीले युवाहरुलाई आग्रह गरे । आर्थिक अवस्था कमजोर भएका बोटे, माझी तथा दलित परिवारका नागरिकताको लागी घर-घरमै पुगेर मुचुल्का उठाउन र तानसेनसम्म आउन जानको लागि निःशुल्क रुपमा सवारी साधनको व्यवस्था मिलाउने नगर प्रमुख शाहीले प्रतिबद्धता जनाए ।

जनताको घरदैलोमा पुगेका तानसेन नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत डिल्लीराज बेल्वासेले नगरपालिकाले नगरका १४ वटै वडामा पुगेर विकास निर्माण तथा जनताका आवाजलाई सुन्ने र सम्बोधन गर्ने कार्यक्रमले जनताले सिंहदरबारको अधिकार घर-घरमै पाएको बताए । आगामी दिनमा पनि तानसेन नगरपालिकाले यो कार्यक्रमलाई निरन्तरता दिने बताए ।

नगरकार्यपालिका सदस्य दीपक विश्वकर्माले निर्वाचन भएपछि अर्को निर्वाचनमा मात्र नेताहरु गाउँपुग्ने चलनचल्तीलाई तानसेन नगरपालिकाले तोडेको बताए । नगर प्रमुख वडा-वडामा घरदैलो गरेजस्तै वडा अध्यक्ष सदस्यहरुले आ-आफ्नो वडामा घरदैलो कार्यक्रम गर्ने नीति नगरपालिकाले लिएको विश्वकर्माले बताए ।


वडा अध्यक्ष टुकप्रसाद भट्टराईले नगरपालिकाले वडा न १३ लाई प्राथमिकतामा राखेर काम गर्दै आएको बताए । रेडाका प्रमुख कार्यकारी अधिकृत लिलाबहादुर कार्कीले कृषि तथा पशुपालनमा युवाको आवश्यकता अनुसार सहयोग गर्ने बताए ।

तानसेन नगरपालिकाका प्रेस सल्लाहकार गोविन्द भट्टराईको सञ्चालन कार्यपालिका सदस्य कमला भण्डारीको स्वागत र वडा अध्यक्ष टुकप्रसाद भट्टराईको अध्यक्षतामा जनताका गुनासा सुन्ने काम भएको थियो ।

# पत्रपत्रिकामा तानसेन

बुटवल टुडे www.newsbutwaltoday.com समाचार ५ कार्तिक २०७६ मंगलबार | 22 October 2019 Tuesday 3

## 'कामको कार्यतालिका बनाएर अघि बढेका छौं'



नेपालको पुरानो नगरपालिकाहरू मध्ये तानसेन नगरपालिका पनि एक हो । २००७ सालको राजनैतिक परिवर्तनपछि नगरपालिकामा रूपान्तरित भएको हो । कुनै समयमा तानसेन पश्चिम नेपालको मुख्य व्यापारिक केन्द्रका रूपमा समेत परिचित थियो । स्थानीय तहको पुन संरचनाका क्रममा मदनपोखरा, अर्गली, बौघागुम्बा, बौघा पोखराथोक, तेल्घा र बराङ्दी गाविसकों ६ वटा वडाहरु समाहित गरि साविकको नगरपालिकालाई चौडा पारिएको छ । कृषि पशु पालन, पर्यटनको प्रचुर संभावना रहेको नगरपालिका हो । प्रस्तुत छ, नगर प्रमुख अशोककुमार शाहीसँग नगरको बिकास, योजना र उपलब्धीको विषयमा गरिएको कुराकानी ।

### अतिथि वार्ता ||

**अशोक कुमार शाही**
नगरप्रमुख, तानसेन नगरपालिका, पाल्पा

**तपाई निर्वाचित भएको दुई वर्ष पुरा भइ सक्यो यस अवधिमा जनता प्रत्यक्ष रूपमा अनभूत हुने काम के गर्नु भयो ?**

जनताका आशा र अपेक्षा धेरै छन् । श्रोत साधन कम छन् त्यस्तो त्यस्तो अवस्थामा हामीले काम गर्नु परेको छ। पहिलो त हामीले ग्रामिण बस्तीमा सडकको स्तर उन्नती गर्ने काम गऱ्यौ। ग्रामिण वडाका सबै ठाउँमा बाह्रै महिना यातायातका साधन सञ्चालन गर्ने गरि काम गऱ्यौ। युवा लक्षित कार्यक्रम पनि गऱ्यौ। सबैभन्दा बढी प्रभावकारी त स्वास्थ्य विमाको काम गऱ्यौ। त्यसको मापडण्ड बनाएर काम गऱ्यौ। त्यसैगरि जेष्ठ नागरिकहरूको घर-घरमा मै पुगेर स्वास्थ्य परिक्षण गऱ्यौ। नगरका सबै वडा सुगम छैनन्। त्यसैले जेष्ठ नागरिक अपाङ्गता भएकाहरूको घ्रमै पुगेर स्वास्थ्य परिक्षण गरि आवश्यक औषधीको उपलब्ध गरायौं। महिला सशक्तीकरण आय आर्जन जस्ता धेरै काम गऱ्यौ जनताले अनुभूत गर्ने भनेको स्वास्थ्य क्षेत्रमा हो।

**गत आर्थिक वर्षहरूमा पूर्वाधार निर्माणका कार्य के के भए ?**

सडक बाहेक हामीले तानसेनमा खानेपानी व्यवस्थापनका लागी बजेट खर्चिएका छौ। भारतीय राजदुत वासको सहयोगमा निर्माणाधीप कोल्डस्टोरेजको निर्माण व्यवसायीलाई अलपत्र पारेको थियो। त्यसलाई निर्माण निर्माणको प्रक्रिया थालनी उत्तर लक्षिणका कालीगण्डकी करिडोरसंग लिङ्क गर्न काम भएको छ। श्रीनगरमा सास्कृतिक डवलीको निर्माणको प्रक्रिया शुरु भयो। शिक्षा, स्वास्थ्य र विद्युतीकरण जस्ता विषयमा पनि हामी अघि बढेका छौं।

**विकास बजेटलाई कार्यान्वयनका लागी के कस्ता समस्या र चुनौती देख्नु भयो ?**

पहिलो त सिंहदरबारको अधिकार गाउँसम्म भन्नेमा म सहमत छैन। सबै कुरा त्यसमा अटाउँछ जस्तो लाक्दछ। ठेकेदारलाई काम दियो समयमा सक्दैन। अपभोक्तालाई दियो दक्ष जनशक्ती छैन त्यहा समस्या छ। समयमा बजेट आउँदैन। अर्को महत्त्वपूर्ण कुरा त प्राविधिक नै छैनन्। करारमा काममा लगाउनु पर्दछ। करार भन्नासाथ अस्थायी हो। जागीरको ग्यारेन्टी नहुदा योजना गुणस्तरीय हुँदैन। त्यो मेरो सिकाइ हो। समग्रमा स्थानिय सरकार संग दक्षजनशक्ती नै छैनन्। अर्को सरकारले बजेट पठाउने शैली पुरानै छ। जसले गर्दा प्राविधिक र बजेट नै मुख्य समस्या र चुनौती हुन। दुई वटा कुरामा व्यवस्थापन भए समस्या नै हुँदैन। अर्को तर्फ संघीयताका नाममा जिम्मेवारी आयो अधिकार आएन जिम्मेवारी आएपनि धेरै समस्याको सामाधान हुने थियो।

**तानसेनको संभावना कृषि, पर्यटनको संभावना रहेको नगर हो भनिन्छ त्यसलाई प्रवर्द्धन गर्न के के योजना बनाउनुभयो ?**

तानसेन भन्नासाथ बजार मात्र होइन ग्रामिण बस्ती पनि हो.। बजार भन्दा बाहिर तेल्घामा गणेश धाम बनाउदै छौ। रानीमहलको व्यवस्थापन गर्दै छौ। मदनपोखराको कोकलमा केवलकारको योजना बनाउँदै छौं। पर्यटन सम्बन्धी गुरुयोजना थिएन बनायौं। नेपाल भ्रमण वर्षलाई लक्षीत गरेर बनाएका हौ। लुम्बिनी भ्रमण वर्षलाई सार्थक बनाउन काम गरेका छौ। यस विषयमा निजी क्षेत्र संग साझेदारीमा काम गर्दै छौं। केहि दिनमै सम्झौता हुदै छ। कृषि तर्फ आधुनिकीकरण, यान्त्रीकरण, बजारीकरणलाई ध्यान दिएका छौं। यसै आवमा तीन वटा कृषि उपज संकलन केन्द्रको निर्माण गर्दै छौं।

कृषि उपजमा बिचौलियाको निकै हावी भएकोले त्यसलाई अन्त्य गर्दै छौं। फलफूल र तरकारी उत्पादन मा जोड दिदै छौ। पशुमा नश्ल सुधार, दुग्धजन्य बस्तुमा आत्मनिर्भर भएपनि निर्यात भएको थिएन। अब निर्यातमा जोड दिँदै छौं। कृषि र पशुपालनमा युवालाई आकर्षित गर्ने उद्देश्यले विना धितो ४ करोड रूपैयाँ यसै आर्थीक वर्ष भित्रमा लगानी गर्दै छौं। त्यसका लागि बैंक तथा वित्तिय संस्थासँग सम्झौता भइसकेको छ। कृषि र पशुपालनमा निर्वाहमुखी भन्दा व्यवसायिक मुखी कार्यलाई जोड दिएका छौ। कृषिमा नयाँ विषय पनि छनोट गरि यस आर्थिक वर्षदेखि पुष्प व्यवसाय (फूल खेती) लाई जोड दिँदै छौं।

**शहरी विकास तथा व्यवस्थापन कसरी गर्नुभएको छ ?**

स्थानीय सरकारलाई सबैभन्दा चुनौती र समस्याको विषय नै यहि हो। विकासको मेरुदण्ड भनेको सडक हो। ५० वर्ष अगाडि र आजलाई एउटै रूपमा तुलना गर्ने पुरातन सोंच छ। जबसम्म नगरभित्रका सडक चौडा हुँदैनन् तव सम्म केहि हुँदैन। तानसेनमा यहि समस्या छ। बजारका सडक साँघुरा छन्। चौडा गर्ने विषयमा निर्णय पनि भएको छ। तर कार्यान्वयन गर्न सकेको छैन। २०२७ सालमा तानसेनमा गाडी आएको हो। त्यति बेलाको सडक अहिलेसम्म कायम छ। सडक निकै साघुरो भयो भनेर के गर्ने चौडा गर्न स्थानिय जनताको अवरोधका कारण सकिएन। अर्को तर्फ नगरको प्राकृतिक सुन्दरतामाथी प्रतिदिन आच आउँदै छ। त्यसलाई कायम गर्न पनि सकिएको छैन। समस्या यहि नै हो।

**फोहोर मैलाको व्यवस्थापन भएन . खानेपानीको समस्याको समाधान भएन भनिन्छ कहिलेसम्म पुरा हुन्छ ?**

खानेपानी र फोहोरको हल्लामात्र हो। अन्य जिल्लाका नगरका तुलनामा सफा छ हाम्रो नगर फोहोर मैला व्यवस्थापनका लागी निजी क्षेत्रसँग हातेमालो गरेर अगाडि बढ्दै छौ ! केहि दिनमै संझौता हुदैछ। अर्को तर्फ खानेपानीको सवालमा समस्या नै छैन। अबको तीन महिना भित्र सबै घरमा आवश्यकता अनुसार पानी आउँदै छ यस विषयमा गलत प्रचार मात्र गरिएको हो। फोहोर व्यवस्थापनमा हामीले आम्दानीभन्दा बढी लगानी गरेका छौं।

**तोकिएको समयमा विकास निर्माणको लक्ष्य हासिल गर्न कसरी काम गर्दै हुनुहुन्छ ?**

हामीले सुरु देखिनै कार्यतालिका बनाएर काम गरेका छौ। बैशाख मसान्त सम्ममा योजना सम्पन्न गर्ने लक्ष्य लिएका थियौ। तर बजेट ढिलो आउँछ। त्यसैमाथी आवश्यक प्राविधिक जनशक्ती नै छैन। प्राविधिक भए समस्या नै छैन। प्राविधिक भए लक्ष्य पुरा गर्दछौं।

**स्थानीय सरकारप्रति कर मात्रै बढायो सुबिधा दिएन भन्ने गुनासो छ नी ?**

कर भन्ने विषयमा जनताले नबुझेर हो। स्थानीय तहका कर्मचारीको व्यवस्थापन करबाट नै गर्ने हों। तानसेन नगरपालिकाले कर नबढाएको तीन वर्ष भयो आउने आर्थिक वर्षदेखि बढाउनुपर्ने ठानेका छौं। करको विषयमा राज्यले तलैदेखि बुझाउँदै आउनु पर्दछ। कर भनेको के हो ? यसको महत्त्व के छ ? किन तिर्नु पर्दछ ? भन्ने विषयमा धेरैलाई जानकारी नै छैन। यस विषयमा गलत प्रचार गरिएको छ। राम्रो कामको प्रचार भएको छैन। समय अवधि मै आए डण्ड जरिमाना तिर्नु पर्दैन। समयपछि आउने जरिमाना तिर्नु पर्दा दुःख मानेर स्थानीय सरकारलाई गाली गर्ने प्रवृत्ती छ। त्यसले गर्दा यस विषयमा गलत प्रचार भए जस्तो मलाई लाग्दछ।

**अन्त्यमा**

संघीयता प्रति गलत व्याख्या गरिएको छ। त्यसलाई निरूपण गर्न जरूरी छ। संघीयता असफल भए प्रजातन्त्र नै असफल हुन्छ। त्यसका लागि सबैले आ-आफ्नो तर्फबाट सोंच्न जरूरी ठान्दछु।

*प्रस्तुती: प्रकाश नेपाल, पाल्पा*

# पत्रपत्रिकामा तानसेन

नवसंवाद साप्ताहिक, २०७६ कार्तिक २४

## तानसेन नपाले कार्यपालिकाको निर्णय प्रतिलिपी तत्काल पठाउने

नवसंवाद संवाददाता



पाल्पा/तानसेन नगरपालिकाले कार्यपालिका बैठकमा भएका निर्णय प्रमाणित प्रतिलिपि तत्कालै वडा र विभिन्न शाखामा पठाउने व्यवस्था गरेको छ । नगर कार्यपालिकाको निर्णयहरू शीघ्र कार्यान्वयन गर्ने निर्णय प्रतिलिपि शाखा र वडा तहमा पठाउने व्यवस्था गरिएको नगरपालिकाले जनाएको छ । कार्यपालिकाको बैठक सकिए लगत्तै वडाध्यक्ष र नगरपालिकाभित्र रहेका विभिन्न शाखालाई प्रदान गरी शीघ्र कार्यान्वयनको व्यवस्था मिलाइएको नगर प्रमुख अशोककुमार शाहीले बताउनुभयो । निर्णय प्रतिलिपि कार्यान्वयन गर्ने तहमा पठाउँदा, योजना र कार्यक्रम कार्यान्वयनमा सहजता आउने र सेवाग्राहीले छिटो सेवा पाउने उहाँले बताउनुभयो ।

कार्यपालिकाले गरेका निर्णय शाखा र वडा कार्यालयमा नपठाउँदा कार्यान्वयनमा अन्यौलता र ढिलासुस्ती भएको थियो । जनप्रतिनिधिले निर्णय भएको भन्ने विषय कार्यान्वयनमा ढिलासुस्ती भएको गुनासोका आधारमा निर्णय प्रतिलिपि कार्यान्वयन गर्ने तहमै पठाउन सुरु गरिएको प्रमुख प्रशासकीय अधिकृत हिरण्मी केस्वालीले बताउनुभयो । नगरपालिकाले दुई वर्षको कार्यपालिकाले गरेका निर्णयहरूको समीक्षा गर्दै प्रतिलिपि पठाउने निर्णय गरेको नगरका प्रवक्ता दामोदर घिमिरेले जानकारी दिनुभयो । निर्णय प्रतिलिपि शाखा र वडामा पठाएपछि कर्मचारी, जनप्रतिनिधिमा देखिएको अन्यौलता र ढिलासुस्ती हट्ने र सेवाग्राहीले छिटो सेवा पाउने विश्वास गरिएको छ ।

यसै नगर कार्यपालिकाको बैठकले पर्यटकीय पहिचान बोकेको तानसेन नगर सरसफाई कार्यलाई प्रभावकारी बनाउन कुकुर खरिद गर्ने निर्णय गरेको छ । यसै टुँडिखेल मैदानलाई स्तरउन्नति गर्ने, तानसेन-तम्घास सडकको अप्रुभिलेजसम्म पर्खाल लगाउने, 'तानसेन जाऔं प्रकृति र संस्कृतिसँग रमाऔं' अभियानका लागि प्रदेश सरकारसँग स्रोत माग गर्ने निर्णय गरेको छ । तानसेनको प्रभावमा रहेको कमलपोखरीलाई सिमसार क्षेत्रको रुपमा विकास गर्न डिभिजन वन कार्यालयसँग समन्वय गर्ने निर्णय गरिएको प्रवक्ता घिमिरेले जानकारी दिनुभयो । यसै नगरपालिकाले वडास्तरमा घुम्ति शिविर सञ्चालन गर्दै कर सप्ताहलाई प्रभावकारी बनाउने, बजार क्षेत्रबाट निकालिएको माटो वनदेवी बसपार्क क्षेत्रमा मात्र व्यवस्थापन गर्ने निर्णय भएको छ ।

करुवा अर्ध साप्ताहिक, २०७६ कार्तिक २८

## उत्कृष्ठ १० उद्यमी छनोट

सरस्वती ढंगाल

पाल्पा (करुवा)। दायित्व संस्थाले तानसेन नगरपालिकासितको सहकार्यमा संचालन गरेको तानसेन नगरपालिका स्तरीय उद्यम प्रतियोगिता अर्न्तगत उत्कृष्ट १० उद्यमीको छनौट गरेको छ । प्रतियोगिताका लागि तानसेन नगरपालिका भित्रका २ सय बढी उद्यमीहरुले सहभागिताका लागि फारम भरेका थिए । फारममा उल्लेख गरिएको विवरण र उनीहरुको व्यवसायिक योजनाको आधारमा उत्कृष्ट २० उद्यमीको छनौट गरिएको थियो । उत्कृष्ट २० मध्ये उनीहरुको व्यवसाय निरीक्षण सहित अर्न्तवार्ता र एसएमएस मत को आधारमा उत्कृष्ट १० उद्यमी छनौट गरिएको हो । तानसेनका १० उद्यमी मध्ये तानसेन बसन्तपुरकी होम स्टे व्यवसायी मधुमाया बस्याल, बौधापोखराथोकका बाख्रापालक किसान मीनबहादुर आले, तानसेनकै होमस्टे व्यवसायी मेघनाथ भण्डारी,मदनपोखराका तरकारी खेती, मौरी र कुखुरापालक किसान खेमराज न्यौपाने, बौधापोखराथोककै गाईपालक तथा तरकारी खेती गर्दै आएका किसान देवी बहादुर राना, अर्गलीका तरकारी खेती गर्दै आएका किसान निर्मल राना, बौधापोखराथोकमा बंगुरपालन, कुखुरापालन र तरकारी खेती गर्दै आएकी किसान मनिसरा राना,



अर्गलीकी गाईपालक पवित्रा गैरे, मदनपोखरामा तरकारी खेती गर्दै आएका रमेश पंगेनी, मदनपोखराकै गाईपालक सुमा बज्गाई रहेको दायित्वले जनाएको छ ।

उत्कृष्ट १० लाई सम्मानपत्र प्रदान गर्दै तानसेन नगरपालिकाका मेयर अशोक कुमार शाहीले यस प्रकारको कार्यक्रमबाट उत्कृष्ट उद्यमीको पहिचान हुने बताए । अरुलाई पनि उत्कृष्ट रुपमा काम गर्न प्रेरणा मिल्ने बताउँदै उनले नगरपालिकाको उन नती को आधार नै उद्यम भएको ले युवापुस्तालै यसतर्फ चासो दिएर लाग्न सक्नुपर्ने बताए । तानसेन नगरपालिका वडा नं. ६ का अध्यक्ष सागरमान महर्जनले नगरपालिका क्षेत्रभित्रका उद्यमीहरु बीचको यस प्रकारको प्रतियोगिता ले एकातिर सफल उद्यमीको पहिचान हुने र अर्कोतर्फ सफल हुनका लागि अरु उद्यमीहरु पनि अग्रसर हुने बताए । दायित्वले उत्कृष्ट १० उद्यमीहरुलाई व्यवसायिक साक्षरता कक्षा समेत संचालन गरेको छ । आगामी महिना उद्यमीहरुको व्यवसायिक स्थलको निरीक्षण र अर्न्तवार्ता पनि उत्कृष्ट ५ उद्यमी घोषणा गरि उत्कृष्ट ५ लाई ५० हजारका दरले उद्यम प्रवर्धनका लागि पुरस्कार स्वरुप रकम प्रदान गर्ने कार्यक्रम रहेको छ । त्यसपछि उत्कृष्ट १ उद्यमी छनौट गरि १ लाख रुपैया प्रदान गर्ने कार्यक्रम रहेको दायित्व उद्यम प्रतियोगिता कार्यक्रमका संयोजक स्नेहा शाक्यले बताइन् ।

नव जनचेतना दैनिक, २०७६ कार्तिक २१

## रानीमहल र इको पार्क


पाल्पा जिल्लाको रानीमहलमा इको पार्क निर्माण गरियो तर त्यो अहिले अलपत्र अवस्थामा छ । नगरपालिकाबाट पनि त्यसको संरक्षणका लागि खासै पहल हुन सकेको छैन । नदिको कटानलाई रोक्ने गरी ग्याबिन समेत निर्माण गरेर माटो बिछ्याएर बनाईएको इको पार्कलाई प्रदेश सरकारको उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय अन्तर्गत वन निर्देशनालयको ०७६ असार मसान्त मा कन्टिजेन्सी बाहेक १९ लाखको लागतमा ग्याबिन, माटो भर्ने, दुबो रोपण तथा सौन्दर्यमूलक बिरुवा रोपण र निर्माणको काम भएकोमा हाल सो पार्कको संरक्षण नभएका कारण दुबो मर्ने, बिरुवा भाँचिने, फोहारहरु धुम्रिने काम भएको छ । त्यहाँ स्थानीय सरकारको तर्फबाट हेरालु र सरसफाईका लागि एक जना कर्मचारी पनि राखिएको छैन ।

तानसेन नगर सरकारले यो स्थानमा पार्क निर्माण, निर्माण भएका संरचनाको संरक्षण र हेरविचारमा ध्यान दिनुपर्ने देखिन्छ । ऐतिहासिक दरबार हेर्न र त्यहाँको दृश्यावलोकनका लागि आउँने बाह्य तथा आन्तरिक पर्यटकको घुईंचो लाग्न थाले पनि त्यसको संरक्षणका साथै सरसफाईमा ध्यान जान नसक्दा रानीमहल अवलोकन भ्रमणमा जानेहरुले गुनासो गर्न थालेका छन् । प्रहरी छन्, दिनभर फोनमै व्यस्त हुन्छन्, दरबारभित्र जानेहरुले त्यहाँका भित्ताहरुमा जथाभावी कोरमेर गर्दा समेत उनीहरु हेर्दैनन् । नगरपालिकाले सरसफाई किस्तावन्दीमा गर्दै आएको छ । यतिले मात्र यहाँको संरक्षण हुनसक्दैन । दरबारको रङ्गरोगन नभएको पनि धेरै भयो । यस्ता समस्याहरुका विषयमा सम्बन्धित निकायले समयमै ध्यान दिन जरुरी छ ।

नव जनचेतना, कार्तिक १७

खेलकुद समाचार

## आजदेखि तानसेनमा भलिबल प्रतियोगिता



पाल्पा, कार्तिक १६/आजदेखि तानसेनमा भलिबल प्रतियोगिता सञ्चालन हुन लागेको छ ।

तानसेन नगरपालिकाद्वारा गठित तानसेन युवा परिषदले नगरपालिकास्तरीय भलिबल समूह बनाउने उद्देश्यले आजदेखि भलिबल प्रतियोगिता सञ्चालन गर्न लागेको हो । तानसेन नगरपालिकाका १४ वडा वडाका समूहहरु बीचमा हुने प्रतियोगिताबाट खेलाडीको छनौट गरी नगरपालिकास्तरीय समूह निर्माण गर्ने परिषदका अध्यक्ष [illegible] जानकारी दिए । प्रतियोगिताका प्रथम समूहलाई ७० हजार र दोस्रो हुने समूहलाई ४० हजार नगद पुरस्कार राखिएको छ । परिषदले प्रतियोगिता सफल पार्नका लागि नेपाली सेना, खेलकुद विकास समिति पाल्पा र जिल्ला भलिबल संघ पाल्पालाई प्राविधिक सहयोगका लागि आग्रह गरेको छ भने पत्रकार, बुद्धिजिवी, खेलप्रेमीलाई प्रतियोगितामा सहभागिता भई खेलाडीको हौसला बढाउन आग्रह गरेको छ ।

पाल्पा समाचारपत्र साप्ताहिक, २०७६ कार्तिक ६

## तानसेन नगरपालिकाले गर्‍यो बजार अनुगमन

पाल्पा/तानसेन नगरपालिकाले मंगलबार तानसेन बजार क्षेत्रमा अनुगमन गरेको छ ।

तानसेन नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत गोपाल प्रसाद बगालेको नेतृत्वमा गएको अनुगमन टोलीले तानसेन नगरपालिकाका विभिन्न क्षेत्रहरु टुँडिखेल,भीमसेनटोल, नारायण टोल,असन टोल,तैसी सडक, सिल्खल घार्टी, हुलाक चोक,बसन्तपुर, बसपार्क,आन्दोलन चोक,लहरे पिपल,टक्सार टोल, बताले डाँडा हुदै कैलाशनगर क्षेत्रका पसलहरुमा अनुगमन गरेको थियो ।

उक्त अनुगमनमा जनप्रतिनिधि, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि ,जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि, उद्योग वाणिज्य संघ पाल्पा, पाल्पा व्यापार संघका प्रतिनिधि,पत्रकार महासंघ लगायत पत्रकार, तानसेन नगरपालिकाका कर्मचारीहरुको उपस्थिति थियो । सो क्रममा नगर भित्रका १७ वटा पसलमा अनुगमन गरिएको थियो । उक्त अनुगमनमा क्रममा पसलहरुमा व्यापारका लागि राखिएका अखाद्य पेय पदार्थ, मसला पिया पत्ती, अचार, अचार, कुरकुरे माछा कलर, तिल, मैदा ,गुट्खा, फ्रोजो चकलेट, पास्ता बरामद् गरिएको छ । उक्त अखाद्य सामाग्रीहरुलाइ तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, जनप्रतिनिधि,जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि,जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि, उद्योग वाणिज्य संघ पाल्पा, व्यापार संघ पाल्पा प्रतिनिधि,नेपाल पत्रकार महासंघ लगायत पत्रकार तथा संचार कर्मी र तानसेन नगरपालिकाका कर्मचारीहरुको रोहोबरमा नस्ट गरिएको छ ।

नगरपालिकाबाट यस प्रकारको अनुगमनलाइ निरन्तरता दिदै सम्बन्धित सरोकारवाला हरुको सहभागितामा थप प्रभावकारी बनाउदै लगिने कार्यक्रम रहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बगालेले बताए । चाडपर्वको मौकामा अखाद्य वस्तुको बिक्री बढी हुने भएकोले अनुगमनले निरन्तरता पाउनु आवश्यक छ ।

# तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति

## तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नम्बर प्रदेश, नेपाल

Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

मिति ..............

२०७६ भदौ २४

### प्रेस विज्ञप्ति

छिमेकी मुलुक जन गणतन्त्र चीनको सिचुवान प्रान्तको लसान नगरपालिकाको निमन्त्रणामा तानसेन नगरप्रमुख श्री अशोककुमार शाही, वडा नं १४ का अध्यक्ष श्री कमल राना, कार्यपालिका सदस्य श्री शशी श्रेष्ठ, भ्रमण संयोजक डा श्री सागर न्यौपानेसहितको टोलीले २०७६ भदौ १९ देखि २३ गतेसम्म चीनको मैत्रीपूर्ण भ्रमण सम्पन्न गरेको छ ।

भ्रमणका क्रममा लसान नगरका गभर्नरसँग तानसेन नगरप्रमुखको नेतृत्वमा गएको टोलीले दुईपक्षीय वार्ता गरेको थियो । नेपाल सरकारका संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री माननीय धनबहादुर बुढाको उपस्थितिमा उक्त वार्ता भएको थियो । लसान नर्मल युनिभर्सिटीका रजिष्ट्रार लगायत पदाधिकारीहरूसँग शैक्षिक विकास खासगरी प्राविधिक शिक्षाको सम्भावनाबारे अन्तरंग कुराकानी भएको थियो । लसान नगरपालिकाको विदेश विभाग अन्तर्गत वैदेशिक लगानी शाखा प्रमुख तथा सम्बन्धित पदाधिकारीहरूसँग तानसेनको विकासका लागि सम्भावित लगानीका क्षेत्रबारे छलफल भएको थियो । विशेषत तानसेनको पर्यटकीय प्रवर्द्धनमा सहयोग पुऱ्याउने बिग बुद्ध पार्क निर्माणका सवालमा समेत चासो प्रकट गरिएको थियो । भ्रमणका क्रममा शिक्षा, पर्यटन लगायत बहुआयामिक विकासका सवालमा गम्भीर ढंगले अन्तक्रिया भएको थियो । उच्च शिक्षाका लागि विद्यार्थी आदानप्रदान गरिनेबारे समेत सहमति भयो । विकास साझेदारका रूपमा निजी क्षेत्रको सम्पर्क सूत्र तथा दुईपक्षीय सम्बन्ध विस्तारका लागि स्थायी संयन्त्र निर्माण गर्नेबारे समेत लसान र तानसेनको वार्ताटोलीबीच सहमति भएको थियो । भ्रमणको प्रतिफल प्राप्त हुन केही समय लाग्ला समग्रमा यस पटकको मैत्रीपूर्ण लसान नगर भ्रमण उपलब्धिपूर्ण रह्यो ।

नगर प्रमुख

श्री अशोककुमार शाही
नगरप्रमुख

## तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नम्बर प्रदेश, नेपाल

Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. : ६८०

मिति ..............

२०७६ असोज १४

### हार्दिक शुभकामना !

पाल्पा उद्योग वाणिज्य संघको ६४ औं साधारणसभा तथा १५ औं अधिवेशनको पूर्ण सफलताको कामना गर्दछु । यस अवसरमा विविध सामग्री तथा गतिविधि समेटेर स्मारिका प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ ।

पाल्पा तानसेनको व्यापार व्यवसायको प्रवर्द्धन तथा उद्योगी एवम् व्यवसायीहरुको हकहितका लागि पाल्पा उद्योग वाणिज्य संघले विगतदेखि यथासक्य पहल गर्दै आएको छ । मुलुक संघीय संरचनामा गएपछिका दिनमा पाल्पा तानसेनको व्यापारिक चहलपहल न्यून हुँदै गएको सन्दर्भमा स्वास्थ्य, शिक्षा र पर्यटन क्षेत्रको विकास मार्फत् बजारको साख जोगाउनेतर्फ हामी सबैको प्रयत्न केन्द्रित हुन आवश्यक छ । यस अवस्थामा व्यापारमा विविधिकरण तथा समयानुकूल परिवर्तनको खाँचो रहेको छ ।

स्वास्थ्य, शिक्षा र पर्यटन क्षेत्रको विकास मार्फत् पाल्पा तानसेनको समृद्धि सम्भव छ यसर्थ उद्योगी, व्यवसायी लगायत समस्त पाल्पा तानसेनवासीको साथ र सहयोगबाट तानसेन नगरपालिकाले आफ्ना विकास योजनाहरु कार्यान्वयन गर्ने जमर्को गरेको छ । निजी क्षेत्रको अगुवा संस्था पाल्पा उद्योग वाणिज्य संघले पाल्पा तानसेनको विकास निम्ति तानसेन नगरपालिकासँग सहकार्य गर्दै रचनात्मक काम गर्न सकोस् भन्ने कामनासहित स्मारिका यसका लागि उपयोगी बनोस भन्ने शुभेच्छा प्रकट गर्दछु । साथै विजया दशमी २०७६, शुभ दिपावली, नेपाल संवत र छठ पर्वको उपलक्ष्यमा तानसेन नगरवासी लगायत सम्पूर्ण नेपालीजनमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नगर प्रमुख

श्री अशोककुमार शाही
नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार

## तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नम्बर प्रदेश, नेपाल

Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

मिति ..............

२०७६ असोज १७

### हार्दिक शुभकामना !

आउँदै गरेको बडादशैं, तिहार, नेपाल संवत र छठ पर्वको अवसरमा तानसेनवासीलगायत सम्पूर्ण नेपालीजनमा हार्दिक शुभकामना प्रकट गर्दछौं ।

चाडपर्वको मौलिकता संरक्षणसँग सामाजिक सद्भाव, सहिष्णुता प्रवर्द्धन नेपाली समाजको सबल पक्ष हो भन्ने कुरा हेक्का राख्दै परिवार, छरछिमेकबीच सौहार्दपूर्ण वातावरणमा यथेच्छअनुसार पर्व मनाउनेतर्फ हामी सबैको ध्यान जान आवश्यक छ । फजुल खर्च नियन्त्रण गरौं बचत गर्ने बानीको विकास गरौं । तडकभडकलाई निरुत्साहित गरौं । बरु रचनात्मक काममा सक्दो योगदान गरौं । घर,आँगन र सडक सफा राखौं । हामीले पाहुनामैत्री बोलीव्यवहार गरौं ।

जुवातास, मदिरासेवन र अखाद्य सामग्री प्रयोग तथा बेचबिखन जस्ता अमानवीय र गैरकानूनी कामलाई निरुत्साहित गरौं । शान्ति सुरक्षा र सामाजिक सद्भाव अभिवृद्धिका लागि नगर सरकारलगायत सरोकारवाला निकायलाई सबैले सहयोग गरौं । सकारात्मक तथा रचनात्मक सोचको विकास गरौं । स्थानीय उत्पादन प्रयोग गरी उत्पादनलाई प्रोत्साहित गरौं । हाम्रो तानसेन राम्रो तानसेन बनाउन सबै लागौं ।

अन्त्यमा, विजयादशमी (बडा दशैं) २०७६, दिपावली (तिहार) २०७६ , नेपाल संवत् ११४० र छठ पर्व २०७६ को उपलक्ष्यमा जनप्रतिनिधि, बुद्धिजीवी, सञ्चारकर्मी, उद्यमीव्यवसायी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मीहरु लगायत सम्पूर्ण तानसेनवासी एवम् नेपालीजनमा सुस्वास्थ्य, दीर्घायु र सुखसमृद्धिका लागि पुनः हार्दिक मंगलमय शुभकामना प्रकट गर्दछौं ।

श्री अशोककुमार शाही
नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार



प्रदेश नं. ५ आन्तरिक मामिला तथा कानून मन्त्रालयमाबाट पुष्पलाल स्मृति राष्ट्रय पत्रकारिता पुरस्कार कोष दर्ताको प्रमाण–पत्र प्रदान गर्दै

# तानसेन नगरपालिकाद्वारा प्रकाशित हाम्रो तानसेन प्राप्ती पत्र

मदन पुरस्कार पुस्तकालय
MADAN PURASKAR PUSTAKALAYA

मिति २०७६/०८/२२

हाम्रो तानसेन,
श्री तानसेन नगरपालिका,
पाल्पा।

विषय: हाम्रो तानसेन अंकहरूका लागि धन्यवाद।

महोदय,

श्री तानसेन नगरपालिकाद्वारा प्रकाशित "हाम्रो तानसेन : Our Tansen", त्रैमासिक बुलेटिन सङ्ग्रहका निम्ति मदन पुरस्कार पुस्तकालय (मपुपु) लाई उपहार स्वरूप उपलब्ध गराइदिनु भएकोमा सहृदय धन्यवाद। मपुपुलाई *हाम्रो तानसेन* का वर्ष १ पूर्णाङ्क १ देखि वर्ष १ पूर्णाङ्क ६ सम्मका १/१ थान बुलेटिन प्रधान सम्पादक श्री गोविन्द भट्टराई मार्फत् पठाइदिनु भएकोमा तानसेन नगरपालिका, प्रधान सम्पादक र हाम्रो तानसेन बुलेटिन परिवारप्रति पुस्तकालय आभारी छ। नगरपालिकाका अन्य प्रकाशनहरू पनि संकलन र संरक्षणका लागि प्राप्त हुनेछन् भन्ने आशा गरेका छौं। यहाँहरूको सहयोगकालागि हार्दिक धन्यवाद।

Madan Puraskar Pustakalaya

भवदीय
राजीव सिंह
निर्देशक, सङ्ग्रह विभाग

---

कालिका मानवज्ञान माध्यमिक विद्यालय
KALIKA MANAVGYAN SECONDARY SCHOOL
Butwal-15 Rupandehi
Lumbini Zone [1961 A.D.]
School Code : 48024

पत्र संख्या Letter no.: ०७६/७७
च.नं. Ref. no.:

मिति : २०७६/०६/१५

श्री तानसेन नगरपालिका
पाल्पा।

विषय: पुस्तकालयका लागि हाम्रो तानसेन स्मारीका प्राप्त भएको बारे।

प्रस्तुत विषयमा तानसेन नगरपालिकाको प्रकाशन "हाम्रो तानसेन" त्रैमासिक पुस्तकालय प्रयोजनका लागि प्रधान सम्पादक गोविन्द भट्टराई मार्फत पूर्णाङ्क १ देखि ५ सम्म १ सेट सधन्यवाद प्राप्त भयो।

(पिताम्बर बन्जाडे)
निमित्त प्रधानाध्यापक

---

प्रदेश सरकार
प्रदेश नं. ५
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बुटवल, नेपाल

पत्र संख्या:- ०७६/७७
चलानी नं.:- ३५५

मिति : २०७६/०६/१५

श्री तानसेन नगरपालिका,
पाल्पा।

विषय : पुस्तकालयका लागि हाम्रो तानसेन पत्रिका प्राप्त भएको सम्बन्धमा।

प्रस्तुत विषयमा तानसेन नगरपालिकाको प्रकाशन हाम्रो तानसेन त्रैमासिक पुस्तकालय प्रयोजनका लागि प्रधान सम्पादक गोविन्द भट्टराई मार्फत पूर्णाङ्क १ देखि ५ सम्म १ सेट सधन्यवाद प्राप्त भयो।

(माधव शर्मा)
अधिकृत सातौं

E-mail: internalaffairsp5@gmail.com website: http://moial.p5.gov.np

---

## श्री धवल पुस्तकालय

मिति : २०७६।६।२८

श्री प्रधान सम्पादक ज्यू
हाम्रो तानसेन त्रैमासिक

विषय : पत्रिका प्राप्त भएको।

महोदय,

प्रस्तुत विषयमा तानसेन नगरपालिकाद्वारा प्रकाशित हाम्रो तानसेन त्रैमासिक पूर्णाङ्क १ देखि ६ सम्म नियमित उपलब्ध भएको जानकारी गराउँदै आगामी अंकहरू समेत प्राप्त हुने विश्वास गर्दछौं।

युवराज श्रेष्ठ (?)
अध्यक्ष
धवल पुस्तकालय, पाल्पा



त्रि.वि. क्याम्पस पाल्पाका प्रमुख जीवन थापालाई हाम्रो तानसेन प्रदान गर्दै प्रधान सम्पादक




तानसेन ब. क्याम्पस प्रमुख राधेश्याम ज्ञवालीलाई हाम्रो तानसेन प्रदान गर्दै नगर प्रमुख

# तस्बिरमा तानसेन



सार्वजनिक निजी साझेदारी कार्यक्रमबारे तानसेन नगरपालिकाद्वारा पाल्पा उद्योग बाणिज्य संघ, पाल्पा ब्यापार संघ, गैरसरकारी संस्था महासंघ, निर्माण व्यावसायी संघका प्रतिनिधिसंग छलफल (२०७६ कार्तिक २५)



चीन भ्रमणमा तानसेन नगरप्रमुख दम्पत्ती, वडा नं. १३ का वडाध्यक्ष कमल राना, कार्यपालिका सदस्य शशी श्रेष्ठ, लेखाअधिकृत दिवाकर अर्याल लगागत



वडास्तरीय पुरुष भलिवल प्रतियोगिता शुभारम्भ गर्दै तानसेन नगर प्रमुख



विजयादशमी, शुभ दीपावली, नेपाल संवत्, छठ पर्व २०७६ को अवसरमा शुभकामना प्रकट गर्दै तानसेन नगर प्रमुअ अशोककुमार शाही

पाल्पा जिल्ला हुलाक दर्ता नं.: १/२०७६-७७

# “सफा सुन्दर तानसेन शहर; हामी सबैंको रहर !”



तानसेन-१३, स्थित रानीघाट दरवार(रानीमहल)मा तानसेन नगरपालिका, बगनासकाली गाँउपालिका र कालीगण्डकी गाउँपालिकाका प्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत लगायत




तानसेन नगर युवा परिषद्को आयोजनामा सम्पन्न वडास्तरीय पुरुष भलिवल प्रतियोगिताका विजेतालाई पुरस्कार प्रदान गर्दै कार्यवाहक नगरप्रमुख दामोदरप्रसाद घिमिरे